# ˘बाÎ कथा’ का कथामा समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत

एम्.ए. चौथो सत्रको शोध (४८३) को

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

रमेशकुमार अधिकारी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०७३

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरका स्नातकोत्तर तह चौथो सत्रका विद्यार्थी रमेशकुमार अधिकारीले '**बाँकी कथा' का कथाको समाजशास्त्रीय अध्ययन** शीर्षकको प्रस्तुत शोध मेरो निर्देशनमा तयार गर्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७३/०९/१०

=========================

प्रा. रमेशप्रसाद भट्टराई

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको शैक्षिक सत्र २०७०/२०७१ का छात्र रमेशकुमार अधिकारीले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको चौथो पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको '**बाह्य कथा' का कथामा समाजशास्त्रीय अध्ययन** शीर्षकको शोध मूल्याङ्कन समितिद्वारा आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| **क्र.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | प्रा.डा. देवीप्रसाद गौतम<br>(विभागीय प्रमुख) | ………………… |
| २. | प्रा. रमेशप्रसाद भट्टराई<br>(शोध निर्देशक) | ………………… |
| ३. | भरतकुमार भट्टराई<br>(बाह्य परीक्षक) | ………………… |

# कृतज्ञताज्ञापन

**'बाँ कथा' का कथामा समाजशास्त्रीय अध्ययन** शीर्षकको प्रस्तुत शोध मैले स्नातकोत्तर तहको चौंथो पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा. रमेशप्रसाद भट्टराईको कुशल निर्देशनमा तयार पारेको हुा । यो शोध तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न कठिनाई, समस्याहरूसाग जुध्ने प्रेरणा दिादै सही मार्गनिर्देश गराएर अघि बढ्न उत्प्रेरित गरी **आफ्ना** कतिपय व्यावहारिक कार्यलाई थाती राखेर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहााप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु ।

शोध तयार गर्ने कार्यमा विविध कार्यव्यस्ततालाई पर्वाह नगरी **आफ्नो** अमूल्य समय निकालेर निर्देशन सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम एवम् सम्पूर्ण गुरुवर्गप्रति हार्दिक कृतज्ञताज्ञापन व्यक्त गर्दछु ।

प्रस्तुत शोध तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, काठमाडौंप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यवहारिक समस्यासाग सङ्घर्ष गर्दै **आफ्नो** अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यो अवस्थासम्म ल्याइपुऱ्याउनु हुने माता शारदा अधिकारी तथा पिता पृथ्वीबल्लभ अधिकारी लगायत दाजुहरु राजन र श्याम तथा भाउजू रोशनीप्रति म ऋणी छु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने साथीहरू लोक, पिताम्बर, नेत्र, सुरेन्द्रप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि. वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेशगर्दछु ।

.......................

मितिः २०७३/१०/२३

रमेशकुमार अधिकारी
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

विषयसूची


| | |
|---|---|
| सिफारिसपत्र | (क) |
| स्वीकृतिपत्र | (ख) |
| कृतज्ञताज्ञापन | (ग) |
| विषयसूची | (घ) |
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१-७** |
| १.१ विषय परिचय | १ |
| १.२ शोधसमस्या | २ |
| १.३ शोधकार्यको उद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधपत्रको सीमाङ्कन | ६ |
| १.६ अध्ययनको औचित्य र महत्त्व | ६ |
| १.७ शोधविधि | ७ |
| १.७.१ सामग्री सङ्कलन विधि | ७ |
| १.७.२ विश्लेषण विधि | ७ |
| १.८ शोधको रूपरेखा | ७ |
| **दोस्रो परिच्छेद : साहित्यको समाजशास्त्र : सैद्धान्तिक रूपरेखा** | **९ -४३** |
| २.१ समाजशास्त्रको परिचय | ९ |
| २.२ साहित्यको समाजशास्त्रीय अध्ययनको पृष्ठभूमि | ११ |
| २.३ साहित्यको समाजशास्त्र | १७ |
| २.४ साहित्यको समाजशास्त्रीय सिद्धान्त | २१ |
| २.४.१ प्रत्यक्षवादी वा विधेयवादी धारा | २२ |
| २.४.२ मीमांसावादी धारा | २५ |
| २.५ साहित्यको समाजशास्त्रीय अध्ययनका आधारहरू | ३० |
| २.५.१ प्रजाति | ३१ |

२.५.२ युग वा क्षण ३२
२.५.३ परिवेश/पर्यावरण ३३
२.५.४ कार्यकारण सम्बन्ध ३४
२.५.५ भाषा ३४
४.५.६ सामाजिक संस्कृति ३५
२.५.७ अनुभूतिको संरचना ३७
२.५.८ विश्वदृष्टि ३९
२.६ निष्कर्ष ४२

**तेस्रो पच्छिेद : ँबाी कथा'का कथामा प्रजाति, क्षण तथा परिवेश ४४ - ६९**

३.१ विषय प्रवेश ४४
३.२ **बाी कथा** का कथामा प्रजाति ४५
३.३ **बाी कथा** का कथामा क्षण ५५
३.४ **बाी कथा** का कथामा परिवेश ६१
३.५ निष्कर्ष ६८

**चौथो पच्छिेद : ँबाी कथा' का कथामा कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृति ७० - ९६**

४.१ विषय प्रवेश ७०
४.२ **बाी कथा** का कथामा कार्यकारण सम्बन्ध ७०
४.३ **बाी कथा** का कथामा भाषा ७९
४.४ **बाी कथा** का कथामा सामाजिक संस्कृति ८६
४.५ निष्कर्ष ९५

**पाचौं परिच्छेद : ‘बाी कथा’ का कथामा अनुभूतिको संरचना र विश्वदृष्टि   ९७ - ११५**

५.१ विषय परिचय ९७

५.२ **बाी कथा** का कथामा अनुभूतिको संरचना ९७

५.३ **बाी कथा** का कथामा विश्वदृष्टि १०६

५.४ निष्कर्ष ११५

**छैटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष   ११६ - १२२**

६.१ सारांश ११६

६.२ निष्कर्ष ११८

**सन्दर्भ सामग्रीसूची   १२३ -१२५**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

प्रस्तुत शोध **'बाह्र बाह्र कथा' का कथामा समाजशास्त्रीय अध्ययन** शीर्षकमा केन्द्रित रहेको छ । गोविन्द गोठाले (सं. १९७९) ले **त्यसको भाले** (सं. १९९७) बाट आफ्नो कथा यात्राको सुरुवात गरेका हुन् । उनका **कथा सङ्ग्रह** (२००४), **कथैकथा** (२०१६), **प्रेम र मृत्यु** (२०३९), **बाह्र कथा** (२०५२), **जङ्गबहादुर र हिरण्यगर्भकुमारी** (२०६१) जस्ता कथा प्रकाशित छन् । उनले आफ्ना कथाहरूमा पात्रहरूको समाजमनोविज्ञानलाई यथार्थ रूपमा प्रस्तुत गर्ने काम गरेका छन् । उनका **पल्लोघरको झ्याल** (२०१६), **अपर्णा** (२०५३) र **पियानानी** (२०५६) गरी जम्मा तीन वटा उपन्यास पनि प्रकाशनमा आएका छन् । यसका साथै उनका **भोको घर** (२०३४) एकाङ्की सङ्ग्रह, **भूसको आगो** (२०१३), **च्यातिएको पर्दा** (२०१६), **दोष कसैको छैन** (२०२७) जस्ता नाटकहरू पनि प्रकाशनमा आएका छन् । उनले विभिन्न विधाहरूमा विशेष योगदान पुऱ्याएका छन् । मनोवैज्ञानिक र सामाजिक यथार्थवादी दृष्टिकोणलाई उनले आफ्ना कथाहरुमा प्रस्तुत गरेका छन् । उनको **बाह्र कथा** (२०५२) का कथामा समसामयिक सामाजिक समस्या र मानवीय समस्यालाई विशेष रूपमा प्रस्तुत गरिएको छ । उनले आफ्ना कथाहरूमा नेपाली समाजको समाज मनोविज्ञान तथा समाजमा घट्ने विभिन्न कुराहरूलाई प्रतीकात्मक रूपमा देखाउने गर्दछन् । त्यसैले उनलाई प्रतीकवादी कथाकार पनि भनिन्छ । उनी समाजमा रहेका विभिन्न अवस्थाका मानिसहरूको मनोदशा र घटनाहरूलाई यथार्थरूपमा प्रस्तुत गर्दै सामाजिक संस्कार परम्परालाई प्रष्ट रूपमा देखाउने कथाकारका रूपमा पनि चिनिन्छन् । उनका कथाहरू अत्यन्तै प्रतीकात्मक, चाखलाग्दा, भाषा प्रयोगका हिसाबले केही जटिल पनि रहेका छन् । अतः गोठालेले आफ्ना कथाहरूमा सामाजिक, आर्थिक र राजनैतिक स्थितिमा सुधार ल्याउनु पर्छ भन्ने कुरालाई विशेष महत्त्व दिएका छन् । उनी नेपाली समाजको यथार्थको चित्राङ्कन गर्ने कथाकारका रूपमा चिनिन्छन् । मझौला आकारमा रहेका उनका कथाहरूमा सरल र जटिल दुवै थरीका भाषाको प्रयोग पाइन्छ । समाजमा प्रचलित उखान टुक्काको प्रयोगले उनका कथाहरू रोचक र मधुर खालका रहेका छन् । सामाजिक कुरीतिप्रति व्यङ्ग्य गर्ने गोठालेले आफ्ना कथाहरूमा सरल बिम्ब र प्रतीकका माध्यमबाट भाव

सम्प्रेषण गरेका छन् । उनका पाँचवटा कथासङ्ग्रहहरूमध्ये **बाँ कथा** (२०५२) कथासङ्ग्रह पनि एक हो । यस कथासङ्ग्रहमा **आँखा, गीता र मीना, छोरीको बाबु, सुशीला भाउज्यू, बाढी, आगलागी, बलात्कार, बुबू, यस्तो पनि भएको थियो, साधन, त्यस बखत भएको यो कुरा, इतिहासले बिर्सेको घटना** गरी जम्मा बाह्रवटा कथाहरू सङ्कलित रहेका छन् । उनका यी कथाहरूमा नेपाली ग्रामीण तथा सहरिया समाजको यथार्थ चित्रण पाइन्छ । साहित्य अध्ययनका विभिन्न पाटाहरूमध्ये समाजशास्त्रीय अध्ययन पद्धति पनि एक हो । समाजशास्त्रले मान्छेको र समाजको व्यवस्थित अध्ययन गर्ने गर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययनले समाज र साहित्यलाई एकआपसमा जोडेर हेर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययन जाति, युग वा क्षण, परिवेश, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना, विश्वदृष्टि जस्ता मापदण्डका आधारमा गरिन्छ । नेपाली समाजको समाजमनोविज्ञानलाई प्रतीकात्मक रूपमा चित्रण गरिएको **'बाँ कथा' का कथामा समाजशास्त्रीय अध्ययन** प्रस्तुत शोधको विषय हो ।

### १.२ समस्याकथन

**बाँ कथा** (२०५२) कथासङ्ग्रहमा प्रकाशित कथाहरूको भावभूमि नेपाली समाज हो । समाजमा विभिन्न सामाजिक क्रियाकलाप, सामाजिक प्रवृत्तिहरू, उपल्लो वर्गले तल्लो वर्गमाथि गरेको शोषण, दमन, आर्थिक विषमता जस्ता पक्षहरू पाइने भएकाले उनका कथाहरूमा समाजशास्त्रले स्थान पाएको छ । यसर्थ **बाँ कथा** का कथाहरू समाजशास्त्रीय सिद्धान्तका आधारहरू जाति, युग वा क्षण, परिवेश, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना, विश्वदृष्टिका दृष्टिले के कस्ता छन् भन्ने कुरा नै यस शोधको केन्द्रिय समस्या हो । प्रस्तुत शोधका समस्याहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) **बाँ कथा** का कथामा प्रजाति, क्षण तथा परिवेश के कसरी आएका छन् ?

(ख) **बाँ कथा** का कथामा कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृति के कसरी आएका छन् ?

(ग) **बाँ कथा** का कथामा अनुभूतिको संरचना र विश्वदृष्टि के कसरी आएका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

कथाकार गोविन्दबहादुर मल्ल गोठालेका हालसम्म प्रकाशित पाँचवटा कथा सङ्ग्रहहरूमध्ये **बाँ कथा** (२०५२) का कथाहरूलाई समाजशास्त्रीय आधारमा विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य उद्देश्य हो । प्रस्तुत शोधका उद्देश्यहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) **बाँ कथा** का कथामा पाइने प्रजाति, क्षण तथा परिवेशको विश्लेषण गर्नु ।

(ख) **बाँ कथा** का कथामा पाइने कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृतिको विश्लेषण गर्नु ।

(ग) **बाँ कथा** का कथामा पाइने अनुभूतिको संरचना र विश्वदृष्टिको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

गोविन्दबहादुर मल्ल गोठालेले नेपाली साहित्यका विभिन्न विधामा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले आफ्ना कथाहरूमा मुख्य रूपमा तत्कालीन काठमाडौं वरिपरिका सामाजिक परिवेशको चित्रणका साथै राणाकालीन दरबारिया परिवेशको पनि चित्रण गरेकाछन । तथापि गोठालेको जीवनी, व्यक्तित्त्व, कृतित्व कथात्मक प्रवृत्ति र तिनको मूल्याङ्कन सम्बन्धी अध्ययनका क्रममा सामाजिक पक्ष पनि आएको पाइन्छ । गोठालेद्वारा लिखित **बाँ कथा** का कथाहरूले नेपाली साहित्यमा फरक फरक खालका विशेषताहरु बोकेको छन् । यस कथासङ्ग्रहका बारेमा विशेष रूपमा चर्चा-परिचर्चा भएको पाइँदैन । विभिन्न पत्र-पत्रिकामा प्रकाशित समीक्षात्मक लेखहरूमा गोठालेका अन्य कथाहरूको चर्चा गर्ने क्रममा यस कथासङ्ग्रहका बारेमा पनि विभिन्न लेखक समालोचकहरूले चर्चा गरेका छन् । हालसम्म भएको पूर्वअध्ययनको उल्लेख निम्नानुसार गरिन्छ :

वासुदेव त्रिपाठीले **विचरण** (२०२८) मा 'गोविन्द गोठालेका कथामा रहेको सामाजिकता' को अध्ययन गरेका छन् । यसमा मानवीय जीवनको उत्पत्ति कथाको सामाजिक पक्ष र स्तरबाट नै सुरुवात हुन्छ भन्ने कुराको चर्चा गरेका छन् । अत: त्रिपाठीले गोठालेलाई समाजको यथार्थ पक्ष वा घटनालाई जस्ताको तस्तै रूपमा प्रस्तुत गर्ने कथाकारका रूपमा चिनाएका छन् ।

विजयबहादुर मल्लले 'गोठालेका कथामाथि एक विचार' (२०११) शीर्षकको लेखमा गोठालेलाई कथा क्षेत्रमा सामाजिक पक्षको वकालत गर्ने एक विशिष्ट व्यक्तिका रूपमा चिनाएका

छन् । त्यस्तैगरी उनले गोठालेका कथाहरूमाथि एक विचारमा परम्परागत दृष्टिकोणले गोठालेका कथाहरूमा रहेको सामाजिक पक्षको सामान्य कुराहरू उल्लेख गरेका छन् ।

उत्तम कुवँरले **स्रष्टा र साहित्य** (२०३७) नामक पुस्तकमा **गोविन्दबहादुर (मल्ल) गोठाले** उपशीर्षकमा गोविन्दबहादुर मल्ल गोठालेलाई वर्तमानको यथार्थ पक्षलाई जस्ताको तस्तै रूपमा देखाउने कथाकारका रूपमा प्रस्तुत गरेका छन् । यसका साथै उनले गोठालेलाई पुरानो व्यवस्थालाई हटाएर सामाजिक, आर्थिक र राजनीतिक व्यवस्थामा परिवर्तन ल्याउन चाहने कथाकारका रूपमा चिनाएका छन् ।

राजेन्द्र सुवेदीले **स्नाकोत्तर नेपाली कथा** (२०५१) मा उपत्यकाली परिवेश लिने, अधिकांश उपत्यकाली जातीय संस्कारका पात्रहरू प्रयोग गर्ने, व्यक्तित्व र जीवनस्तरको भौतिक र अहम्को उच्चता विघटन हुँदै गएका पात्रहरूको प्रयोग गर्ने, अभिव्यक्तिमा कुण्ठित आस्था प्रदर्शन गर्ने, भाषा र अमूर्त कथ्यले कथात्मकता प्राप्त गरेका कथाकारका रूपमा गोठालेलाई चिनाएका छन् । सुवेदीले गोठालेका कथामा प्रयुक्त प्रतीक र तिनको विषय क्षेत्रको बारेमा भने चर्चा गरेका छैनन् ।

मोहनराज शर्माले **समकालीन साहित्य,** (२०५७), ‘गोविन्द बहादुर मल्ल गोठाले’, शीर्षकको लेखमा गोठालेका कथाहरु मानवीय मन तुन्न र मन बुन्न औधि सिपालु भनेका छन् । त्यसका साथै उनी मानसिक द्वन्द्वको गहिरो र सशक्त विश्लेषण गर्न ज्यादै पोख्त छन् । त्यसैले उनका अधिकांस कथाहरुमा गहिरो मनको अन्धो कुवामा ओर्लने र त्यस अन्धकारको पिँधमा कुनै जानकारी लगाएर फर्कने दोहोरो यात्राका रुपमा देखापर्छन् भन्ने उल्लेख गरी गोठालेका कथाहरुको विषय क्षेत्र मनोविज्ञान हो भन्ने संकेत गरेका छन् ।

वासुदेव त्रिपाठीले **दोभान** पत्रिकामा ‘गोठालेको कथाकारिता’ (२०६१) शीर्षकको लेखमा व्यक्तिमनका सामान्य अवस्थाभित्रको असामान्य र असामान्य अवस्थाभित्रको सामान्यतालाई पनि कलात्मक रूपमा व्यक्त गर्नु नै गोविन्द गोठालेको कथा कलाको मुख्य उपलब्धि बन्न गएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।त्रिपाठीले गोठालेका कथामा प्रयुक्त मनोविज्ञानको सामान्य चर्चा गरेका छन् ।

पवित्रा कोइरालाले “गोठालेको कथा संग्रहको कृतिपरक अध्ययन” (२०६३) त्रि.वि. स्नाकोत्तरको अप्रकाशित शोधपत्रमा गोठालेलाई बालमनोविज्ञान, यौनमनोविज्ञन तथा

समाजमनोविज्ञानको प्रयोग गर्ने कथाकारका रूपमा चिनाएकी छिन् । यसका साथै उनले गोठालेलाई समाजमा रहेको वर्गीय विभेद, अन्याय, अत्याचार, दमन, शोषण, उचनीच लगायतका कुराहरूलाई आफ्ना कथाहरूमा प्रस्तुत गर्ने कथाकारको रूपमा पनि चिनाएकी छिन् ।

बिमल आचार्यले “गोविन्दबहादुर मल्ल गोठालेका कथामा सामाजिक पक्षको विश्लेषण र मूल्याङ्कन” (२०६३) त्रि.वि. स्नाकोत्तर अप्रकाशित शोधपत्रमा गोठालेका विविध पक्षहरूलाई देखाएका छन् । यसका साथै उनले गोठालेलाई सामाजिक, आर्थिक, सांस्कृतिक विषय, समाज मनोविज्ञान वा सामाजिक अवस्थालाई प्रस्तुत गर्ने कथाकारका रूपमा चिनाएका छन् । गोठालेले आफ्ना सुरुका कथाहरुमा सामाजिक पृष्ठभूमिलाई आधार बनाएर कथाको रचना गरेका छन् । साथै यिनले गोठालेका कथामा भेटिने यौननेत्तर र वर्गीय दृष्टिकोणलाई पनि केलाएका छन् ।

दयाराम श्रेष्ठद्वारा सम्पादित **नेपाली कथा भाग ४** (२०६८) को **कथाकार गोविन्द गोठाले** उपशीर्षकमा गोठालेलाई समाजमनोविज्ञानमा सक्रिय कथाकारका रुपमा चिनाइएको छ । उनले गोठालेलाई समाजिक, जटिल, आर्थिक एवम् मानवीय स्वरूपको पर्यवेक्षण गर्ने एक कथाकार भएको र सामाजिक मूल्यमा आस्था राख्ने कलापारखी भएको विचार व्यक्त गरेका छन् ।

यसरी माथि उल्लिखित विद्वान्हरूले गोठालेका विभिन्न कथाहरूको अध्ययन गर्ने क्रममा **बा**ि **कथा** का कथाहरुका बारेमा पनि सामान्य चर्चा गरेका छन् तर यस कृतिको समाजशास्त्रीय आधारमा गहिरो र प्राज्ञिक अध्ययन हुन नसकेकाले उक्त अभाव पूर्तिका लागि यो शोधकार्य गरिएको छ । माथि उल्लेख गरिएको पूर्वकार्यको अध्ययनबाट उनी समाजमनोवैज्ञानिक यथार्थवादी विचारधाराका सक्रिय कथाकार हुन् भन्ने कुरा प्रस्ट हुन्छ । मनोविज्ञान तथा समाजशास्त्रीय दृष्टिकोणबाट प्रभावित भई समाजमा देखिएको वास्तविक वर्ग विभेदलाई देखाउनु नै कथाकार गोठालेको कथागत विशेषता हो । नेपाली समाजमा रहेको असामान्य राजनैतिक, आर्थिक, सांस्कृतिक, व्यावहारिक पक्षमा देखिएका द्वन्द्वात्मक स्थितिलाई उनले आफ्ना कथाहरूमा स्पष्ट उल्लेख गरेका छन् ।

## १.५ अध्ययनको महत्त्व र औचित्य

गोविन्दबहादुर मल्ल गोठालेका जम्मा पाँचवटा कथासङ्ग्रहहरू प्रकाशित छन् । उनको चौथो प्रकाशित **बाँ कथा** का कथाहरुका बारेमा सामान्य समालोचनात्मक अभिव्यक्तिबाहेक गहिरो अध्ययन भएको छैन । त्यसैले **बाँ कथा** का कथाहरुको अध्ययन अवश्य नै सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ । साथै यस्तो अध्ययन अनुसन्धानकर्ता, समालोचक, विद्यार्थीहरू सबैको अध्ययनमा मद्दत पुऱ्याउने खालको हुने छ । **बाँ कथा** का कथाहरुमा सङ्कलित कथाहरूको बारेमा थप अध्ययन अनुसन्धान गर्नेहरूका निम्ति महत्त्वपूर्ण आधार सामग्रीका रूपमा यसको महत्त्व रहेको छ । यिनै कारणले गर्दा गोविन्दबहादुर मल्ल गोठालेको **'बाँ कथा' का कथाहरुको समाजशास्त्रीय अध्ययन** वर्तमान परिप्रेक्ष्यमा प्रासङ्गिक र औचित्यपूर्ण बन्न पुगेको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य **बाँ कथा** का कथाहरुको समाजशास्त्रीय अध्यनमा केन्द्रित छ । **बाँ कथा** का कथाहरुलाई समाजशास्त्रका अन्य आधारहरू जस्तो सामाजिक संरचना, सामाजिक इतिहास, सामाजिक आर्थिक अवस्था, सामाजिक मनोविज्ञान आदिका आधारमा विश्लेषण गर्न सकिने भए तापनि यस शोधमा साहित्यको समाजशास्त्रीय मापदण्डका जाति, युग वा क्षण, परिवेश, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना, विश्वदृष्टिका आधारमा सङ्गृहीत कथाहरूको विश्लेषण गर्नु नै यस शोधको सीमा रहेको छ ।

## १.७ शोधविधि

साहित्यको समाजशास्त्रीय अध्ययनका सैद्धान्तिक आधारबाट प्रस्तुत शोधकार्य गरिएको छ । यस शोधमा गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूको समाजशास्त्रीय अध्ययनका विभिन्न आधारहरूमध्ये प्रजाति, क्षण, परिवेश, कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक, संस्कृति, अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा अध्ययन तथा विश्लेषण निम्नलिखित विधिको प्रयोगबाट गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध साहित्यिक शोध भएको हुँदा यसमा सामग्री सङ्कलन विशेषत: विभिन्न पुस्तक र पत्र-पत्रिकाहरूबाट गरिएको छ । यस क्रममा नेपाली, हिन्दी र अङ्ग्रेजी भाषाका पुस्तक र पत्र-पत्रिकाहरूबाट सामग्रीहरू सङ्कलन गरिएको छ । यसमा साहित्यको समाजशास्त्रीय अध्ययनको सिद्धान्त-प्रतिपादनका लागि हिन्दी र अङ्ग्रेजी भाषाका पुस्तकहरूबाट सामग्री सङ्कलन गरिएको छ । यस शोधमा मुख्य गरेर गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ भने द्वितीयक स्रोत सामग्रीका रूपमा उनका बारेमा गरिएका समालोचनात्मक कृति एवम् समाजशास्त्रीय व्याख्या, विवेचनासँग सम्बद्ध पुस्तक तथा पत्रपत्रिका दुवै थरी स्रोत सामग्रीहरू रहेका छन् । उक्त स्रोत सामग्रीको सङ्कलन पुस्तकालय विधिबाट गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूमा प्रजाति क्षण र परिवेश, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनभूतिको संरचना र विश्वदृष्टिलाई आधार मानेर अध्ययन गर्ने क्रममा उपलब्ध सामग्रीको विश्लेषण तथा सामान्यीकरण गरी निष्कर्षसम्म पुग्नका लागि मुख्य रूपमा साहित्यको समाजशास्त्रीय सिद्धान्तलाई आधार बनाइएको छ । यस कथासङ्ग्रहको साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गर्दा शोध निगमनात्मक विधिमा आधारित रहेको छ । साहित्यको समाजशास्त्रीय अध्ययन-विश्लेषणका विभिन्न मान्यताहरू रहेका छन् । तिनै मान्यताहरूका आधारहरू प्रजाति, क्षण र परिवेश, कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृति, अनुभूतिको संरचना र विश्वदृष्टिलाई आधार बनाई यस कथासङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : साहित्यको समाजशास्त्र : सैद्धान्तिक रूपरेखा

तेस्रो परिच्छेद : **बाँ कथा** का कथामा प्रजाति, क्षण तथा परिवेश

चौथो परिच्छेद : **बाँ कथा** का कथामा कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृति

पाँचौं परिच्छेद : **बाी कथा** का कथामा अनुभूतिको संरचना र विश्वदृष्टि

छैटौँ परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# साहित्यको समाजशास्त्र : सैद्धान्तिक रूपरेखा

## २.१ समाजशास्त्रको परिचय

साहित्यको जन्म समाजबाट नै हुन्छ । साहित्य र समाजबिच गहिरो सम्बन्ध हुन्छ । समाजबाट नै भोगेका सुख दु:खका घटनाहरू साहित्यमार्फत झल्कने गर्दछन् । साहित्य मानिसको आन्तरिक स्वरूपको अध्ययन हो । व्यक्ति र व्यक्तिका व्यवहारको अध्ययन गर्ने शास्त्र नै समाजशास्त्र हो । साहित्यमा समाज प्रतिविम्बित हुन्छ वा साहित्यमा समाजको पुन: सिर्जन हुन्छ, कृतिका माध्यमबाट समाज पढ्न र बुझ्न सकिन्छ । साहित्य समाजसँग जोडिएको हुन्छ । कला साहित्य शून्यमा सिर्जित हुँदैन, साथै कला साहित्य केवल व्यक्ति कलाकारकै आत्मगत निजी अभिव्यक्ति मात्र होइन । प्रत्येक मानिस सामाजिक पर्यावरणबाट टाढा रहन सक्दैन । त्यसैले प्रत्येक साहित्यकार कुनै न कुनै देश र कालमा हुन्छ र समाज भनेको यही वातावरण हो । साहित्यकार त्यही समाजको एक अङ्ग हो र उसको आन्तरिक व्यक्तित्व सामाजिक सन्दर्भबाट नै प्रस्फुटन हुने गर्दछ । समाजशास्त्रले मानवीय आचार व्यवहारको समग्र अध्ययन गर्दछ । यसले समाज र साहित्यलाई एक अर्काको आधारशिला ठान्दछ ।

समाजशास्त्र अनिवार्य रूपमा समाज र सामाजिक मान्छेहरूको अध्ययन हो । यसले सामाजिक संस्था र त्यसका क्रियाकलापहरूको अध्ययन गर्दछ । यसले समाजमा कस्ता कस्ता धर्मका, कस्ता जातपातका, कस्तो वर्ण, प्रकृति, लिङ्ग र प्रजातिका मान्छेहरू छन् तिनको क्रमबद्ध अध्ययन गर्दछ (बराल, २०६७ : १००) । सामाजिक संरचनाभित्र पारिवारिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथा भौतिक आदि विषयहरू पर्दछन् । यी सम्पूर्ण कुराहरु मिलेपछि व्यवस्थित समाजको निमार्ण हुन्छ (जैन, सन् १९९२ : १) । यसरी समाजसितको मानिसको सम्बन्ध तथा विभिन्न सामाजिक क्रियाकलाप जस्तो आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक सम्बन्धको वैज्ञानिक तथा वस्तुगत अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । समाज र यसका संरचनाको सैद्धान्तिक अध्ययन गर्ने विधा अथवा मानव समाज र संस्कृतिको उत्पत्ति, विकास आदिको विवेचना गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । समाजशास्त्रले मानवीय समाजको मात्र अध्ययन गर्दछ । यसले अनिवार्य रूपमा समाजमा अवस्थित मान्छेको वैज्ञानिक, वस्तुगत अध्ययनका साथै सामाजिक संस्था

र प्रक्रियाको अध्ययन पनि गर्दछ (जैन, सन् १९९२ : १) । समाजको अध्ययन गर्ने कार्य निकै पहिलेदेखि भएको पाइए तापनि सन् १८३८ मा फ्रान्सेली चिन्तक अगस्त कोम्तेले समाजका घटनाहरूको अध्ययन गर्ने विज्ञानको आरम्भ गरेका हुन् र उनले यसलाई समाजशास्त्र भन्ने नाम पनि दिएका छन् । यही कारणले कोम्तेलाई समाजशास्त्रका प्रवर्तक मानिन्छ (बराल, २०६३ : ६५) । उनलाई समाजशास्त्रका पिता पनि भनिन्छ ।

समाजशास्त्र शब्द अङ्ग्रेजी भाषाको 'सोसियोलोजी' शब्दको नेपाली रूपान्तर हो । 'सोसियोलोजी' शब्दको निर्माण ल्याटिन भाषाको 'सोसाइटस' र 'लोगस' शब्द मिलेर बनेको हो । ल्याटिन शब्द 'सोसाइटस' को अर्थ समाज र 'लोगस' शब्दको अर्थ विज्ञान भन्ने हुन्छ । यसरी समाजको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ (गौतम, २०५९ : ३१) । मानिसको समाजसँगको सहचार्य, समाज विकासमा मानिसको सम्बन्धले सिर्जना गरेका परिणति एवम् त्यसबाट विकास भएको समाज विकास प्रक्रियाका सम्पूर्ण शाखाहरूको समन्वय गरी त्यसको अध्ययन अनुसन्धान समाजशास्त्रले गर्दछ (क्षेत्री, २०६४ : १५) । समाजशास्त्रले समाज र सामाजिक मान्छेहरूको अध्ययन गर्दछ । यसले सामाजिक संस्था र त्यसका कार्य प्रक्रियाहरूको पनि अध्ययन गर्दछ । यसमा समाजमा कस्ता कस्ता धर्मका तथा संस्कारका, कस्ता कस्ता जातपातका, कस्तो वर्ण प्रकृतिका, लिङ्ग र प्रजातिका मान्छेहरू छन् भन्ने कुराको अध्ययन हुन्छ । मानिसका विभिन्न क्रियाकलाप र सामाजिक संरचनाका विभिन्न शाखाहरूसँग समाजशास्त्रको घनिष्टसम्बन्ध रहेको हुन्छ । समाजशास्त्रको सामाजिक संरचनाको अध्ययन गर्ने क्रममा त्यस संरचनामा आर्थिक वर्ग नभई पारिवारिक, धार्मिक, सांस्कृतिक र भौगोलिक स्थितिलाई बढी ध्यान दिन्छ (बराल, २०६७ : १००) । तसर्थ उनले समाजशास्त्रको अध्ययनमा पारिवारिक, धार्मिक, सांस्कृतिक र भौगोलिक स्थितिलाई बढी महत्त्व दिएका छन् ।

पाश्चात्य चिन्तनको विकासको पृष्ठभूमिलाई हेर्दा प्लेटो तथा अरस्तुको चिन्तनसम्म पुगे जस्तै समाजशास्त्रको विकासको पृष्ठभूमिमा पनि त्यहींसम्म पुग्न सकिन्छ । प्लेटोले आफ्नो पुस्तक **गणतन्त्र** र अरस्तुले आफ्नो ग्रन्थ **नीतिशास्त्र** र **राजनीति शास्त्र**मा समाजसम्बन्धी अध्ययन गरेको पाइन्छ (सापकोटा, २०६६ : ८५) । यी दुई विद्वान्पछि यस कार्यलाई गति दिने काम ल्युक्रिसिअस्, सिसेरो, सेन्ट अगस्टाइन आदिले गरेका छन् । यसै क्रममा छैटौं शताब्दीदेखि चौधौं शताब्दीको बिचमा समाजको अध्ययन सुरुमा धर्म तथा दर्शनको आधारमा गरेको पाइन्छ भने १६ औं

शताब्दीतिर तर्कशास्त्रको आधारमा गरिएको पाइन्छ (सापकोटा, २०६६ : ८५)  पन्धौ शताब्दीतिर सामाजिक घटनाको अध्ययन गर्ने वैज्ञानिक विधि तथा प्रक्रियाको अध्ययन गर्न थालिएको छ । यसमा मोन्टेस्क्यु, जोन लक जस्ता विद्वानहरूले सामाजिक सम्झौताको सिद्धान्त प्रतिपादन गरी समाजशास्त्रको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यसरी विकास भएको समाजशास्त्र चिन्तनको परम्पराले आजसम्म आइपुग्दा स्वतन्त्र विज्ञानको अस्तित्व पुरानगरे तापनि पूर्वाधार भने तयार गरेको पाइन्छ । यही पूर्वाधारमा टेकेर फ्रान्सेली चिन्तक अगस्त कोम्तेले समाजशास्त्रलाई एक स्वतन्त्र विज्ञानका रूपमा अस्तित्वमा ल्याएका हुन् । यद्यपि कोम्तेका गुरु सेन्ट साइमनले उनीभन्दा अगाडि समाजशास्त्रलाई भौतिक विज्ञान जस्तै एक स्वतन्त्र विज्ञानका रूपमा प्रतिष्ठित गराउने प्रयत्न गरेका थिए तर केही समयमा नै उनको मृत्यु भएका कारणले सो काम पूरा हुन सकेन (सापकोटा, २०६६ : ८६) । साइमनको विचारलाई अनुसरण गर्दै कोम्तेले समाजको अध्ययनलाई सामाजिक, भौतिक विज्ञान भन्ने नाम दिए । यो नाम त्यति उचित नभएकाले सन् १८३८ मा उनले पुनः त्यसलाई समाजशास्त्र भन्ने नाम दिए । यही कारणले गर्दा कोम्तेलाई समाजशास्त्रका पिता भनिन्छ । यिनीपछि बेलायतका जे. एस. मिल, स्पेन्सर, फ्रान्सका इमाइल दुर्खिम र जर्मनीका म्याक्स वेबरले यसलाई अगाडि बढाउने काममा महत्त्वपूर्ण योगदान दिएका छन् ।

यसरी विकसित हुँदै आएर कोम्तेबाट वैज्ञानिक अस्तित्व प्राप्त गरेको समाजशास्त्रले एक पृथक् विषयका रूपमा विश्वभरि आफ्नो स्थान जमाएको छ । समाज र सामाजिक व्यवहारको अध्ययन गर्ने समाजशास्त्रलाई विकसित गराउँदै ल्याउने क्रममा फ्रायडवाददेखि मार्क्सवादसम्मका कतिपय पक्षलाई घुसाउने प्रयास पनि भएको छ । जे भए तापनि यसको सैद्धान्तिक आधारमा भने प्रत्यक्षवाद वा अनुभववाद निकै सक्रिय रहेको छ ।

## २.२ साहित्यको समाजशास्त्रीय अध्ययनको पृष्ठभूमि

साहित्यमा समाजशास्त्र वा साहित्यको समाजशास्त्र समाजशास्त्रकै एउटा अंश हो । साहित्यको समाजशास्त्रको विकासक्रमलाई हेर्ने क्रममा अर्थात् यसको पृष्ठभूमिलाई निर्क्यौल गर्ने क्रममा हामी प्लेटोसम्म पुग्न सक्छौ । प्लेटोको अनुकरण विषयक अवधारणामा साहित्यलाई समाजको प्रतिबिम्बका रूपमा देखाउने धारणा प्रचलित रहेको पाइन्छ (जैन, १९९२ : १२) । कुनै पनि साहित्य सिद्धान्तको प्रतिपादन एकै पटकमा भएको हुँदैन । सैद्धान्तिक रूपमा कुनै पनि कुराले

प्रतिपादन हुनुभन्दा अगाडि त्यसले आफूसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा प्रतिपादित सिद्धान्तबाट आवश्यक आधार ग्रहण गरेको हुन्छ । साहित्यको समाजशास्त्र पनि समाजशास्त्रकै एक अंश भएकाले यसको मूल आधारमा समाजशास्त्र रहेको छ । समाजशास्त्रको विकास एउटा शास्त्रको रूपमा पाश्चात्य चिन्तन परम्परामा विकसित भएको हो र साहित्यको समाजशास्त्रीय आलोचनाको अध्ययन परम्पराको आरम्भ र विकास पनि पाश्चात्य समालोचकबाट भएको पाइन्छ (क्षेत्री, २०६४ : १६-१७) । साहित्यको समाजशास्त्रको प्रवर्तन १९ औँ शताब्दीमा टेनले गरे पनि यसको पृष्ठभूमिलाई निक्र्यौल गर्ने क्रममा प्लेटोसम्म पुग्नु पर्ने हुन्छ । यस अवधारणामा केही मात्रामा साहित्यको समाजशास्त्रको बीज भेटिन्छ । तर टेनभन्दा पहिले साहित्यको विश्लेषणमा मुख्य रूपमा समाजशास्त्रीय विषयवस्तु क्षीण रहेको थियो । वैज्ञानिक नियमबद्धताको पनि यसमा अभाव रहेको थियो । १७ औँ शताब्दीको आरम्भसम्म पनि साहित्य विषयक चिन्तन पदार्थपरक शब्दावलीमा सीमित गरिएको थियो । समाजले साहित्यको स्वरूप निर्धारण गर्दछ भन्ने कुरा सत्रौँ अठारौँ शताब्दीतिर निर्धारित हुन पुग्यो (जैन, १९९२ : १३) । अठारौँ शताब्दीका प्रसिद्ध इटालेली विधिशास्त्री गियाम्बाटिस्टा विकोको **(द न्यु साइन्स)** लाई यस मान्यताको आरम्भिक र प्रामाणिक रचना मानिन्छ । यसमा उनले सामाजिक सन्दर्भबाट होमरका महाकाव्यको अध्ययन विश्लेषण गरी ग्रिसेली समाजको चित्रण प्रस्तुत गरेका छन् ।

विकोले विश्वको सामाजिक रूप कुनै अलौकिक सत्ताको नभई मान्छेको रचना भएकाले सामाजिक संस्था र त्यसका साथै कलाको विश्लेषण लौकिक शब्दावलीमा गर्न सकिने मान्यता अगाडि सारेका छन् (जैन, १९९२ : १४) । यसरी प्लेटोको अनुकरण सम्बन्धी धारणामा साहित्यको समाजशास्त्रीय बीज भेटिए तापनि विकोले होमरको कृतिको आधारमा ग्रिसेली समाजको विवेचना गरेदेखि नै पाश्चात्य समालोचनामा वास्तविक रूपमा सामाजिक अध्ययन परम्पराको दृष्टिकोण विकसित भएको मानिन्छ ।

गियाम्बाटिस्टा विको पछाडि साहित्यलाई समाजपरक दृष्टिकोणले अगाडि बढाउनेमा जर्मन दार्शनिक एवम् समालोचक जे.जी.हर्डर र फ्रान्सेली महिला विचारक मेडम डे स्टेल आदि पर्दछन् ( आचार्य, २०६७ : १३) । हर्डरले अठारौँ शताब्दीमा प्राचीन ग्रिसेली नाटककारहरू तथा पुनर्जागरणकालीन बेलायती नाटककार सेक्सपियरका कृतिहरूको समाजपरक अध्ययन गरेका छन् । उनले यस अध्ययनमा दुवै देशका नाटककारहरूका सामाजिक र जातीय स्थितिमा पाइने

भिन्नताका कारण दुवैथरी लेखकहरूमा पाइने भिन्नतालाई देखाएका छन् । यस आधारमा उनले साहित्यिक कृतिको स्रष्टा आफ्नो समाज, जाति एवम् समयको संचेतनाबाट प्रभावित हुन्छ र उसको लेखन कार्य त्यसैबाट प्रभावित भएर गरिएको हुन्छ भन्ने धारणा अघि सारेका छन् । यिनले साहित्यलाई जाति, युग र संस्कृतिको इतिहास मानेका छन् ।

हर्डनले आफ्ना साथी जर्मन दार्शनिक इम्यानुअल कान्टको प्राक् अनुभव सौन्दर्य चिन्तनको विरूद्ध आफ्नो विचार व्यक्त गर्दै साहित्यिक रचनाको जड विशेष सामाजिक र भौगोलिक वातावरण हुन्छ भनेका छन् (जैन, १९९२ : १४) । हर्डनले कुनै पनि साहित्यिक कृति कुनै विशेष क्षेत्रले किन स्वीकार्छ र किन त्यही साहित्यिक कृति कुनै अन्य समाजमा प्रतिष्ठित हुन सक्दैन भन्ने कुरा त्यहाँ को जलवायुको विविधता, प्राकृतिक दृश्य, जाति र रीतिरिवाजमा निर्भर रहन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । उनले साहित्यमा जलवायु, भूगोल तथा भौगोलिक तत्त्वलाई विशेष महत्त्व दिएका छन् । मेडम डे स्टेलले साहित्यमा मानवका उदार भावना एवम् हावापानीको प्रभाव पर्छ भन्ने कुरा उल्लेख गर्दै साहित्यमा वातावरणको भूमिका बारे चर्चा गरेकी छिन् । यिनले पनि हर्डरले जस्तै साहित्यको सम्बन्धलाई जलवायु, भूगोल र सामाजिक समस्यासँ ग जोडेकी छिन् । यिनी साहित्यमा समाजको धर्म, नैतिकता, कानुनी प्रभाव के कति परेको छ भनेर परीक्षण गर्नु साहित्य अध्ययनको उद्देश्य मान्दछिन् । तर यिनको उद्देश्यको सफलता कम मात्रामा हुनुका साथै उनको रचनामा प्रामाणिक समाजशास्त्रीय अन्तरदृष्टि एकदम कम मिलेको पाइन्छ (जैन, १९९२ : १४) । यसर्थ यिनले साहित्यमा मानवका उदार भावना एवम् हावापानीको प्रभाव पर्छ भन्ने कुरा बताएकी छिन् ।

१९ औँ शताब्दीको आरम्भसम्म पनि साहित्यको सामाजिक विश्लेषण १७ औँ शताब्दीमा देखा परेको भौतिकवादी स्थूल सूत्रभन्दा अगाडि बढ्न नसकी सचेत रूपमा विकसित भएको देखिँ दैन । साहित्यलाई यस समयसम्म जलवायु, जमिन र राष्ट्रिय चेतनाको परिणाम मानिन्छ (जैन, १९९२ : १७) । यसबाट साहित्यलाई १९ औँ शताब्दीसम्म पनि जलवायु, भूगोल, रीतिरिवाज जस्ता बा|िय पर्यावरणसँ ग जोडेर हेरेको पाइन्छ ।

माथि उल्लेख भएको साहित्यको अध्ययन परम्परामा साहित्यको समाजशास्त्रीय अध्ययनको बीज भए तापनि सामाजिक संरचना र कलाबिचको सम्बन्धको अध्ययन गर्ने कुनै पद्धति विकसित भएको थिएन । यसै पृष्ठभूमिको आधारमा १९ औँ शताब्दीमा आएर समाज र साहित्यको

सम्बन्धको व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन फ्रान्सका दार्शनिक इतिहासकार तथा निबन्धकार हिप्पोलाइट एडल्फ टेनबाट प्रारम्भ भएको हो । यिनको **अङ्ग्रेजी साहित्यको इतिहास** ( सन् १९०६) नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको प्रारम्भ भएको हो ( क्षेत्री, २०६४ : १७) । यसर्थ टेन नै साहित्यको समाजशास्त्रीय अध्ययनका प्रवर्तक मानिन्छन् (जैन, १९९२ : २०) । टेनले जाति, पर्यावरण र क्षणलाई साहित्य विश्लेषणको आधार मानेका छन् । यिनले कृति रचना भएको समय (युग) वा पर्यावरणलाई मुख्य आधार बनाएर साहित्यको मूल्याङ्कन गरिनु पर्ने धारणा अगाडि सारेका छन् । (आचार्य, २०६७ : १४) । यसो गरिएमा समाजशास्त्रका प्रवर्तक कोम्तेको झैं साहित्यको समाजशास्त्रीय अध्ययन पनि वैज्ञानिक हुन्छ भन्ने उनको मान्यता रहेको छ ।

साहित्यकारले आफ्नो सिर्जनाको विषय वा सामग्री समाजबाट प्राप्त गर्दछ । साहित्य व्यक्तिगत कल्पनाको उपज नभई समाजको अभिव्यक्ति पनि हो । साहित्यले समाजको सत्य तथा मानसिक सोचाइ पनि अभिव्यक्त गरेको हुन्छ । ऐनाले जुन काम गर्दछ साहित्यले पनि त्यस्तै काम गरेको हुन्छ भन्ने मान्यता टेनको रहेको छ (क्षेत्री, २०६४ : १७) । यो नै उनको साहित्य र समाज बिचको अन्तर्सम्बन्धको पहिलो स्पष्ट धारणा हो ।

टेनको साहित्य सम्बन्धी समाजशास्त्रीय सिद्धान्त प्रत्यक्षवादमा आधारित रहेको छ (बराल, २०६३ : ६५) । साहित्य समाजको दर्पण हो भन्ने मान्यता साहित्यको समाजशास्त्रको मूल मान्यता हो । यस किसिमको साहित्यिक चिन्तनलाई दर्पणवादी साहित्यिक चिन्तन पनि भनिन्छ । प्रत्यक्षवाद र दर्पणवादी यथार्थ साहित्यको समाजशास्त्रीय चिन्तनको अभिष्ठ हो । यसलाई दार्शनिक शब्दावलीमा विधेयवादी समाजशास्त्रीय साहित्य चिन्तन पनि भनिन्छ (बराल, २०६७ : १०१) । यसरी टेनले साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रत्यक्षवादी र विधेयवादी सिद्धान्तको स्थापना गरेका हुन् ।

टेनको साहित्यको समाजशास्त्रीय सिद्धान्तमा प्रत्यक्षवादी मान्यता आएपछि जसरी दर्पण वा ऐनामा देखिएको मानिसको आकृतिभन्दा उसको भित्री स्वरूप व्यापक हुन्छ त्यसैगरी सामाजिक रूपरङ्को झलक दिने कृतिभन्दा यथार्थमा समाजको स्वरूप व्यापक हुन्छ भन्ने मान्यता अघि आयो । यो धारणा अघि आउँदा टेनको मान्यताबाट मात्रै समाजको अध्ययन पुरा नहुने स्थिति देखियो । यस स्थितिमा साहित्यको समाजशास्त्रीय अध्ययन प्रत्यक्षवादी धारणाले मात्र पूरा नहुने देखिन्छ भन्ने

फ्रान्सेली चिन्तक पिएरे मासेरीले आफ्नो मत राखेका छन् (क्षेत्री, २०६४ : १८) । यसर्थ यहाँ ऐनामा देखिएको मानिसको आकृतिभन्दा उसको भित्री स्वरूप व्यापक हुन्छ भन्ने कुरालाई देखाउन खोजिएको छ ।

साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा प्रत्यक्षवादी वा विधेयवादी चिन्तनपछि अनुभववादी समालोचना देखा पर्दछ (क्षेत्री, २०६४ : १६) । यो टेनको प्रत्यक्षवाद वा विधेयवादको निरन्तरताको परिणाम हो (बराल, २०६७ : १०२) । स्कार्पिटले साहित्यलाई त्रिभुजाकारमा कृति, पाठक र लेखक गरी वर्गीकरण गरेर विश्लेषण गर्नु पर्ने मान्यताका साथ यस सिद्धान्तको स्थापना गरेका हुन् (क्षेत्री, २०६४ : १६) । यस सिद्धान्तले लेखकको प्रतिभाभन्दा पनि कृतिको बजार र पाठकको प्रतिक्रिया एवम् अनुभूतिको खोजी गर्ने कुरामा जोड दिएको छ । साथै साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति साहित्यिक कृति, लेखक, प्रकाशक र पाठकलाई अध्ययनको आधार मान्नुपर्दछ भन्ने यस सिद्धान्तको मान्यता रहेको छ । कृतिको उत्पादन पक्ष तथा लेखकको आर्थिक अवस्था, प्रकाशनमा आर्थिक सहयोग पुऱ्याउने पक्ष र पाठक वर्ग साहित्य सिर्जनाका महत्त्वपूर्ण विषय हुन् भन्ने स्कार्पिटको धारणा छ । साहित्यको समाजशास्त्रीय अध्ययनका सन्दर्भमा साहित्यिक रचनाको उत्पादन पक्षमा लेखकको सामाजिक स्थितिको जानकारी हुनु आवश्यक छ भन्ने मान्यता अनुभववादी सिद्धान्तको रहेको छ । यसरी लेखक, प्रकाशक र पाठकलाई महत्त्व दिँदा कृतिको अन्त: तत्त्व उपेक्षित भएकाले पछि यो सिद्धान्त आलोचनाको विषय पनि बनेको देखिन्छ (क्षेत्री, २०६४ : १९) । यसर्थ साहित्यिक रचनाको उत्पादन पक्षमा लेखकको सामाजिक स्थितिको जानकारी हुनु आवश्यक छ भन्ने मान्यता अनुभववादी सिद्धान्तको रहेको छ ।

अनुभववादी सिद्धान्तपछि साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा मीमांसावादी सिद्धान्तको स्थापना भएको पाइन्छ । सर्वप्रथम लियो लावेन्थले साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति मीमांसावादी धारणालाई अगाडि बढाएका हुन् । मीमांसावादी सिद्धान्त अन्तर्गत मार्क्सवाद, आलोचनात्मक समाजशास्त्र र संरचनावादका विभिन्न दृष्टिकोणहरू पर्दछन् (क्षेत्री, २०६४ : १९) । लावेन्थलको साहित्यिक समाजशास्त्रले आलोचनात्मक समाजशास्त्रको संज्ञा पाएको छ (बराल, २०६४ : १०२) । उनले साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा लेखकको सामाजिक अवस्था, मनोविज्ञान, लेखक बाँचेको समाजको इतिहास र समूहबारे अध्ययन गर्नु पर्दछ भन्ने मान्यता राखेका छन् । लावेन्थलपछि लुसिएँ गोल्डमानले 'मीमांसावादी

उत्पत्तिमूलक संरचनावादी' सिद्धान्तको प्रतिपादन गरेका छन् (क्षेत्री, २०६४ : १९) । उनले लेखकको विचार र समाजको विचारबाट औसत विचारको विकास हुने धारणा राख्दै यसलाई विश्वदृष्टिका रूपमा परिभाषित गरेका छन् । यसपछि रेमन्ड विलियम्सले साहित्यको समाजशास्त्रीय अध्ययनमा अनुभूतिको संरचनालाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा महत्त्वपूर्ण"सिद्धान्तका रूपमा स्थापित गरेका छन् (क्षेत्री, २०६४ : २०) । यसर्थ साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा लेखकको सामाजिक अवस्था, मनोविज्ञान, लेखक बाँचेको समाजको इतिहास र समूहबारे अध्ययन गर्नु पर्दछ ।

रेमन्ड विलियम्सपछि एलन सिङ्गउले साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनले दर्पणवादी साहित्य समालोचनाले मात्र साहित्यको समाजशास्त्रीय अध्ययन पूरा नहुने कुरा बताउँदै साहित्यमा व्यक्त भएको सांस्कृतिक पक्षको अध्ययनमा जोड दिएका छन् । यसै क्रममा यस अध्ययन परम्परामा क्रिस्टोफर कड्वेलले भाषा र सामाजिक आर्थिक अवस्थालाई महत्त्व दिएका छन् । भाषा समाजको उत्पादन भएकाले साहित्यमा प्रयुक्त भाषाको सहयोगमा साहित्यको समाजशास्त्रीय अध्ययन सम्भव छ भन्ने उनको मत रहेको छ । यिनका विचारमा समाजमा जस्तो आर्थिक अवस्था छ त्यस्तै प्रकारको साहित्य त्यस समाजबाट सिर्जना हुन्छ । यसकारण साहित्यको समाजशास्त्रीय अध्ययनमा भाषा जस्तै सामाजिक, आर्थिक अवस्थाको पनि महत्त्व रहेको छ ।

हाल साहित्यको समाजशास्त्रका प्रत्यक्षवादी, विधेयवादी र मीमांसावादी गरी मुख्य दुई धारा देखिएका छन् । साहित्यको समाजशास्त्रको वर्तमान सन्दर्भमा देखिएका यी दुई धारामध्ये स्कार्पिटले प्रत्यक्षवादी, विधेयवादी धाराको प्रतिनिधित्व गर्दछन् भने रेमन्ड विलियम्स, एडमन्ड विल्सन, लियो लावेन्थल, जेने उल्फ तथा गोल्डमानले मीमांसावादी समाजशास्त्रको प्रतिनिधित्व गर्दछन् (बराल, २०६३ : ६६) । यसर्थ साहित्यको समाजशास्त्रका प्रत्यक्षवादी वा विधेयवादी र मीमांसावादी धाराको विकास गर्ने कार्यमा स्कार्पिट, रेमन्ड विलियम्स, एडमन्ड विल्सन, लियो लावेन्थल, जेने उल्फ तथा गोल्डमानको विशिष्ट योगदान रहेको छ ।

साहित्यको समाजशास्त्रले विकसित भएर अगाडि बढ्ने क्रममा मार्क्सवादी साहित्य सिद्धान्तका साथै फ्रायडवाद, संरचनावाद आदिका कतिपय मान्यतालाई आफूभित्र समाहित गरेको छ । आफ्नो सिद्धान्तलाई फराकिलो बनाउने क्रममा अन्य साहित्य सिद्धान्तका कतिपय मान्यताहरू

यस सिद्धान्तमा आउनु स्वभाविक हो । एउटा सिद्धान्त विकसित हुने क्रममा अर्को सिद्धान्तका कतिपय मान्यतालाई समाहित गऱ्यो भन्दैमा ती दुईलाई विकल्पको रूपमा हेर्नु हुँदैन । तर पछिल्लो चरणमा मार्क्सवादी सौन्दर्यशास्त्र र साहित्यको समाजशास्त्रलाई एक अर्काको विकल्पको रूपमा हेर्ने गरेको पाइन्छ । खासगरी पाश्चात्य साहित्यका कतिपय समालोचकद्वारा समाजशास्त्रीय चिन्तन अन्तर्गत मार्क्सवादी सौन्दर्यशास्त्रलाई समाविष्ट गरी व्याख्या र विश्लेषण गरिएकाले पनि साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र एउटै कुरा हुन् भन्ने कुरामा भ्रम पनि रहेको हुन सक्छ भन्दै ऋषिराज बरालले यी दुई सिद्धान्त फरक फरक भएको तर्क प्रस्तुत गरेका छन् । मार्क्सवादी समालोचना र समाजशास्त्रीय समालोचनाको केन्द्रमा समाज भए तापनि यसका आधारमा यी दुवैलाई एउटै कोटीमा राखेर हेर्न मिल्दैन ।

प्लेटोको अनुकरणसम्बन्धी धारणामा देखा परेका साहित्यको समाजशास्त्रको बीज १९ औं शताब्दीमा आएर टेनबाट साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा प्रतिपादित भएको हो । समाजशास्त्र वर्तमान सन्दर्भमा अगाडि बढ्ने क्रममा विभिन्न धारामा विभाजित हुँदै साहित्य अध्ययनका अन्य सिद्धान्त मार्क्सवाद, फ्रायडवाद, संरचनावाद आदिका मान्यतालाई आफूमा समाहित गरेर आफ्नो मान्यतालाई फराकिलो पार्दै विकसित भइरहेको छ ।

## २.३ साहित्यको समाजशास्त्र

साहित्यको समाजशास्त्रको मूल आधार समाजशास्त्र हो । समाजशास्त्रका विविध शाखाहरूमध्ये साहित्यको समाजशास्त्र पनि एक शाखा हो । साहित्यको समाजशास्त्र समाजशास्त्रकै एक अंश हो (बराल, २०६७ : १०१) । यद्यपि साहित्यको समाजशास्त्र एक स्वतन्त्र विधा हो अर्थात् समाजशास्त्रको एक शाखा हो भन्ने कुरामा भने विवाद रहेको पाइन्छ । कतिपय समालोचक र दार्शनिक चिन्तकहरू साहित्यको समाजशास्त्रलाई समाजको एक अंशका रूपमा अस्वीकार गर्दै यसलाई स्वतन्त्र विद्याका रूपमा लिन्छन् । समाजशास्त्रीहरू यसलाई समाजशास्त्रको एउटा शाखा मान्दै ज्ञानको समाजशास्त्र अन्तर्गत राख्दछन् भने समालोचकहरू स्वतन्त्र साहित्य विधा मान्दछन् (पाण्डेय, २००६ : ४०) । साहित्यमा अङ्कित सामाजिक विषयलाई समाजशास्त्रीय आलोचनाले छर्लङ्ग्याएर देखाउँछ । साहित्य एक प्रकारको समाजशास्त्र हो । समाजशास्त्रले जसरी वैज्ञानिक तरिकाले समाजको अध्ययन गर्दछ त्यसैगरी साहित्यले कल्पनात्मक तरिकाले समाजको अध्ययन गर्दछ (गौतम, २०५९ : ३१) । समाजशास्त्रका मूल प्रवर्तक अगस्त कोम्ते भए तापनि साहित्यको

समाजशास्त्रलाई सैद्धान्तिक आधार दिने काम भने एच.ए. टेनले गरेका हुन् । उनले साहित्य र कलाको उद्भव र विकासमा प्रजाति, युग र परिवेशलाई बढी जोड दिएर यसको एउटा सुसङ्गत रूपरेखा प्रस्तुत गरेका छन् । हुन त साहित्यको समाजशास्त्रीय अध्ययनको कुरा गर्दा टेनभन्दा अगाडि गियाम्बाटिस्टा विको, हर्डर र मेडम डे स्टेलको नाम आउँछ तर पनि टेनबाट नै साहित्यको समाजशास्त्रको सुसङ्गत इतिहास आरम्भ भएको पाइन्छ (बराल, २०६७ : ६५) । साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु, त्यसको व्याख्या विश्लेषण र मूल्याङ्कन गर्नु हो । यसलाई स्पष्ट पार्ने क्रममा विभिन्न विद्वानहरूले आफ्ना धारणाहरु व्यक्त गरेका छन् । यहाँ केही मुख्य मुख्य धारणालाई अगाडि सारी साहित्यको समाजशास्त्रका बारेमा स्पष्ट पार्ने काम गरिएको छ । साहित्यको समाजशास्त्रका बारेमा विभिन्न विद्वानहरूले व्यक्त गरेका धारणाहरू यस प्रकार रहेका छन् ।

मैनेजर पाण्डेय (सन् २००६) का अनुसार साहित्यिक कृतिको सामाजिक अस्मिताको व्याख्या गर्ने शास्त्र साहित्यको समाजशास्त्र हो । साहित्यिक कृतिको सामाजिक अस्मिता रचनाको सामाजिक सन्दर्भ र सामाजिक अस्मिताबाट निर्मित हुन्छ (पृ. ६०) ।

मैथिली प्रसाद भारद्वाज (सन् १९८८) का विचारमा साहित्यको समाजशास्त्र बृहत्तर समाजशास्त्रको नव विकसित र विकासमान शाखा हो जसले साहित्य र समाजलाई वैज्ञानिक आधारमा सम्बद्ध गर्ने प्रयास गर्दछ (पृ. १२१) ।

ऋृषिराज बराल (२०६७) का विचारमा साहित्यको समाजशास्त्र बढीभन्दा बढी समाजको चित्रण मात्रै हो । यो आफ्नै किसिमको व्याख्या हो (पृ. १०५) ।

कृष्ण गौतम (२०५९) का विचारमा साहित्यमा व्यक्ति, सामाजिक सम्बन्ध, कार्यव्यापार, क्रिया प्रतिक्रिया, आदान प्रदान आदिलाई व्यवस्थित ढङ्गले देखाउनु समाजशास्त्रीय आलोचना वा साहित्यको समाजशास्त्रको काम हो (पृ. ३२-३३) ।

उदय क्षेत्री (२०६४) का अनुसार साहित्य समाजमा प्रविष्ट आङ्गिक संरचना र त्यसको उत्पत्ति, इतिहास र निर्माणको शृङ्खलामा आउने विशिष्ट क्रियाकलापको सन्दर्भमा साहित्य र समाजको दोहोरो सम्बन्धको वैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने विधि नै साहित्यको समाजशास्त्र हो (पृ. १६) ।

साहित्यको समाजशास्त्रका बारेमा कोशीय अर्थ प्राप्त नभए तापनि यो साहित्यमा अङ्कित समाजको समाजशास्त्रीय मान्यताका आधारमा अध्ययन विश्लेषण गर्ने शास्त्र हो भन्ने मान्यता विभिन्न व्यक्ति वा चिन्तकहरूको रहेको छ । साहित्यको समाजशास्त्रले साहित्यमा निहित सामाजिक विषयलाई स्पष्टसँग देखाउँछ । समाजको अध्ययन जसरी वैज्ञानिक ढङ्गले समाजशास्त्रले गर्दछ त्यसरी नै साहित्यले पनि कल्पनात्मक तरिकाले समाजको चित्रण गर्दछ तर त्यो कल्पना यथार्थमा आधारित हुन्छ । साहित्य एक प्रकारको समाजशास्त्र हो । जुन युगमा समाजशास्त्रीहरूको उदय भएको थिएन त्यस युगका समाजशास्त्री वास्तवमा साहित्यकार नै थिए (गौतम, २०५९ : ३१) । यसर्थ साहित्यको समाजशास्त्रले साहित्यमा निहित सामाजिक विषयलाई स्पष्टसँग देखाउँछ भन्ने कुरा प्रकट हुन आएको छ ।

साहित्य र समाजशास्त्र दुबैले समाजमा रहेका विविध विषयवस्तुहरूलाई यथार्थ रूपमा देखाउने काम गर्दछन् । साहित्यले पनि समाजशास्त्रले जस्तै सामाजिक समस्याको अध्ययन वा चित्रण गर्ने हुनाले साहित्यको समाजशास्त्रले त्यसैलाई खुलस्त पार्ने प्रयत्न गर्दछ । समाजमा रहेका सामूहिक क्रियाकलाप, व्यवहार, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक अवस्था साहित्यिक कृतिमा के कसरी अभिव्यक्त भएका छन् भनेर साहित्यलाई समाजको दर्पण मान्दै साहित्यिक कृतिको अध्ययन गर्ने शास्त्रका रूपमा साहित्यको समाजशास्त्र देखा पर्दछ (आचार्य, २०६७ : १३०) । साहित्यमा समाजका विविध प्रश्न, पक्ष, विषय तथा रूप आएका हुन्छन् । तिनीहरू मध्ये कुनै एकको वा अनेकको युक्ति सङ्गत अध्ययन साहित्यको समाजशास्त्रमा हुन्छ । यसले साहित्यमा लेखकको सामाजिक स्थितिलाई हेर्नुका साथै उसको प्रजाति, क्षण र पर्यावरणलाई खोजी गर्दछ । मान्छेकै विषय र कार्यको अध्ययन गर्ने भए तापनि एक्लो व्यक्तिको स्वतन्त्र अध्ययन साहित्यको समाजशास्त्रले गर्दैन । यसले समाजको एउटा अङ्को रूपमा मात्र व्यक्तिको अध्ययन गर्दछ ।

व्यक्तिव्यक्तिको मेलबाट परिवार र परिवार परिवारको मेलबाट समाजको निर्माण हुन्छ । त्यही समाजभित्र व्यक्ति, स्रष्टा वा सर्जक हुन्छन् । स्रष्टा वा सर्जक आफू जन्मिएको वा हुर्किएको समाज तथा वातावरणको विरोधी नै भए पनि उसमा रहेको विरोधको पराकाष्ठा खोज्नसमेत समाज बाहिर जानु पर्दैन । एकातिर समाजकै उत्पत्तिका रूपमा व्यक्ति स्रष्टा वा द्रष्टा हुन्छ भने अर्कातिर व्यक्ति समूहले निर्माण गरेको समाज हुन्छ । कला, साहित्य, ज्ञान, विज्ञान सम्पूर्ण मानवीय चिन्तनलाई अनुकूल वा प्रतिकूल गर्ने संस्था समाज हो ।

साहित्यिक रचना एक सामाजिक कर्म हो र कृति सामाजिक उत्पादन हो । तर साहित्यको सिर्जना व्यक्तिले गर्दछ । त्यसकारण समाजसँग साहित्यको सम्बन्ध बुझ्नका लागि समाजबाट रचनाकार व्यक्तिको ठोस वा उसको ऐतिहासिक सम्बन्धको ज्ञान हुनु आवश्यक हुन्छ जसलाई असामाजिक या व्यक्तिवादी साहित्य भनिन्छ । उसको पनि समाजसँग निकटको सम्बन्ध हुन्छ । यो पनि साहित्यको समाजशास्त्रको विषयभित्र पर्दछ ।

समाज र साहित्य एकअर्कामा अन्तरसम्बन्धित हुन्छन् । समाजलाई बुझ्ने सम्बन्धमा समाज र साहित्य एक अर्कामा परिपूरकको रूपमा रहेका हुन्छन् (जैन, १९९२ : ३) । जसरी पहिलेको समाजको अध्ययनमा साहित्यले समाजशास्त्रलाई मद्दत गर्दछ त्यसै गरी साहित्यमा अङ्कित समाजको अध्ययनमा समाजशास्त्रले आलोचनालाई मद्दत गर्दछ (गौतम, २०५९ : ३२) । साहित्य विनाको समाज हुन सक्ला तर समाज विनाको साहित्य हुन सक्दैन । कुनै पनि कृति शून्यमा रचना हुन सक्दैन । हरेक साहित्यिक कृतिको रचना हुनुको पछाडि समाज महत्त्वपूर्ण आधार वा कारण बनेर उभिएको हुन्छ । समाजबाट लेखकले कच्चा पदार्थ लिने र पुन: समाजलाई प्रशोधित गरी दिने काम साहित्य मार्फत गर्दछ । साहित्यको विषयवस्तु समाज हुन्छ भने समाजलाई दिशा प्रदान गर्ने काम पनि साहित्यले नै गर्दछ । यसका साथसाथै साहित्यले तत्कालीन समाजको अस्तित्वलाई जोगाइरहने काम पनि गर्दछ । समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक आदि पक्षहरू तथा समाजका विभिन्न जातजाति, धर्म, लिङ्ग, वर्ग आदिका क्रियाकलापहरू उनीहरूको आस्था तथा स्थितिलाई साहित्यिक कृतिमा खोजी गर्दै साहित्य र समाजको सम्बन्ध स्थापित गर्नु र साहित्यलाई उजागर गर्नु साहित्यको समाजशास्त्रीय अध्ययन हो । यसरी निष्कर्षमा भन्नु पर्दा कृतिबाट सामाजिक अवस्थाको अध्ययन गर्ने दोहोरो सम्बन्धलाई समाजशास्त्रीय अध्ययनको मूल कसी मानिन्छ ।

## २.४ साहित्यको समाजशास्त्रीय सिद्धान्त

साहित्यको समाजशास्त्रीय अध्ययनको पृष्ठभूमि हेर्डर (१७४४-१८०३), मेडम डे स्टेल (१७६६-१८१७) बाट तयार भएपछि साहित्यलाई दर्पणका रूपमा व्याख्या गर्दै हिप्पोलाइट एडल्फ टेन (१८२८-१८९३) ले प्रत्यक्षवादी-विधेयवादी सिद्धान्तको स्थापना गरेको देखिन्छ । यस सिद्धान्तले सामाजिक परिवेशले व्यक्तिको व्यक्तित्व निर्माण गर्दछ भन्ने मान्यता राखेको छ । कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार व्यक्तित्वभित्र उसको सामाजिक परिवेश विद्यमान हुन्छ भन्ने

कुरालाई यस सिद्धान्तले प्रतिपादन गरेको छ (क्षेत्री, २०६४ : १६) । यसरी टेनले साहित्यलाई समाजका बारेमा थाहा पाउने मूल स्रोतका रूपमा लिएको पाइन्छ । उनले साहित्यलाई दर्पणका रूपमा लिँदै दर्पणले जसरी वस्तुको यथार्थ प्रतिबिम्बन गर्दछ त्यसरी नै साहित्यले समाजको मानव जीवन र वातावरणको चित्रण गर्दछ भन्ने मान्यता राखेको पाइन्छ । यसपछि साहित्यका समाजशास्त्रीय चिन्तक रबर्ट स्कार्पिटले साहित्यलाई त्रिभुजाकारमा कृति, पाठक र लेखक गरी वर्गीकरण गरेर विश्लेषण गर्नुपर्ने मान्यता राख्दै अनुभववादी साहित्यिक सिद्धान्तको प्रतिपादन गरे । यस सिद्धान्तले साहित्यिक कृतिको विश्लेषण गर्दा लेखकको प्रतिभा भन्दा पनि कृतिको बजार र पाठकको प्रतिक्रियामा अनुभूति खोज गर्ने कुरामा जोड दिएको पाइन्छ । अनुभववादी साहित्य सिद्धान्तपछि मीमांसावादी सिद्धान्त समाजशास्त्रीय अध्ययन परम्परामा स्थापित हुन पुग्यो ।

मीमांसावादी सिद्धान्त अन्तर्गत मार्क्सवाद, आलोचनात्मक समाजशास्त्र र संरचनावादका विभिन्न दृष्टिकोणहरू पर्दछन् । मीमांसावादी सिद्धान्तको स्थापना र विकास लुसिएँ गोल्डमान (१९१३-१९७१), लियो लावेन्थल (१९००), रेमन्ड विलियम्स (१९२१-१९८८), एलेन स्विङ्गउड (१९२६) आदिले गरेका छन् । मीमांसावादी सम्प्रदायभित्र नै साहित्यको अध्ययन गर्दा अपनाइने पद्धतिमा मतमतान्तर छ, तापनि यस सम्प्रदायमा मूल रूपमा साहित्यिक कृतिको अध्ययन गर्दा मानवीय इच्छा, आकाङ्क्षा, विचार, इतिहास, संस्कृति, मनोविज्ञान, भाषा आदिका सापेक्षतामा विश्लेषण गर्ने कुरामा जोड दिइन्छ । यसरी साहित्यको समाजशास्त्रीय चिन्तन परम्परामा विभिन्न सम्प्रदायहरूको जन्म तथा विकास भइरहेको प्रस्ट हुन्छ । साहित्यको समाजशास्त्रीय चिन्तनमा देखापरेका यस्ता सैद्धान्तिक आधारहरूका बारेमा तल चर्चा गरिएको छ ।

### २.४.१ प्रत्यक्षवादी वा विधेयवादी धारा

साहित्यको समाजशास्त्रको प्रमुख आधार भनेको प्रत्यक्षवाद हो । कार्यकारण सम्बन्धको खोज, अनुसन्धान एवम् विश्लेषण गर्ने समाजशास्त्रलाई विधेयवादी सिद्धान्त भन्दछन् । हिन्दी साहित्यका लेखक, विचारक एवम् समालोचक मैनेजर पाण्डेयका विचारमा इपिली टेनले साहित्यलाई नै समाजका बारेमा थाहा पाउने मूल स्रोत मानेका छन् । टेनको युगलाई नै प्रत्यक्षवादी युग भन्ने गरिन्छ । कुनै समाजमा समाजलाई साहित्य सिर्जना गर्ने शक्तिका रूपमा र साहित्यलाई समाजका दर्पणका रूपमा हेरिन्थ्यो (पाण्डेय, २००६ : १३) । साहित्यिक कृतिको

अध्ययन गर्दा कार्यकारण सम्बन्धको खोजी गरिने लक्ष्य अनुसार साहित्यको अन्तरवस्तुको विश्लेषणबाट समाजबारे बोध गर्न साधारण वस्तुको उत्पत्ति र त्यसका स्रोतमा रहेका मुख्य आधारहरुको परीक्षण गरिन्छ । यस सिद्धान्तमा साहित्यको सौन्दर्य पक्ष गौण मानिन्छ । कृतिको सामाजिक, आर्थिक, नैतिक, बौद्धिक आदि पक्षको कार्यकारण सम्बन्धमा विशेष जोड दिइन्छ र यस्तो कार्यकारणको सूत्र अर्थपूर्ण हुन्छ भन्ने कुरामा बोनाल्डको पनि विश्वास रहेको पाइन्छ । यस सिद्धान्तलाई दर्पणवादी सिद्धान्त पनि भनिन्छ ।

दर्पणवादी सिद्धान्तको इतिहास निकै लामो भएको पाइन्छ । अठारौँ शताब्दीका फ्रान्सेली दार्शनिक बोनाल्डले कुनै पनि राष्ट्रको साहित्य ध्यानसँग पढेर त्यहाँका जनता कस्ता प्रकारका थिए भन्ने कुरा बताउन सकिन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (जैन, सन् १९९२ : ३) । यिनको यस प्रकारको धारणाबाट साहित्यलाई समाजको दर्पण भन्नेहरूमा अठारौं शताब्दीका चिन्तकहरू पनि थिए भन्ने कुरा स्पष्ट हुन्छ । यसै क्रममा मेडम दे स्टेल पनि आफ्नो एक प्रख्यात अनुच्छेदमा “उपन्यास राजमार्गमा गुडिरहेको गाडीको ऐनाले जो कहिले नीलो खुल्ला आकाश र कहिले पानीको प्रवाह गराउने कालो बादल देखाउँदै हिँड्दछ” भनेकी छन् (जैन, सन् १९९२ : ३) । यस्तै टेनले पनि उपन्यासको चर्चा गर्ने क्रममा “उपन्यास एउटा यस्तो ऐना हो जसलाई जता पनि लैजान सकिन्छ एवम् जसद्वारा जीवन तथा प्रकृतिका सबै पक्षलाई प्रतिबिम्बित गर्न सबैभन्दा बढी सुविधाजनक छ” भनेका छन् (बराल, २०६३ : ६६) । यस प्रकार समाजको बिम्ब साहित्यकारका मस्तिष्कमा र साहित्यकारको मस्तिष्कको छाया साहित्यमा पनि पर्ने भएकाले समाजको प्रतिछायाँका रूपमा साहित्यलाई व्याख्या गर्ने गरिन्छ ।

हिप्पोलाइट टेन समाजशास्त्रका प्रवर्तक अगस्तस कोम्तेको प्रत्यक्षवादी दर्शनबाट प्रभावित छन् । टेन साहित्यलाई अन्य सामाजिक घटनाहरू झैँ एक तथ्यका रूपमा स्वीकार गर्दछन् । उनी साहित्यलाई सामाजिक दस्तावेज मान्दछन् । टेन साहित्यिक कृतिलाई सामाजिक उत्पादन मान्दछन् । साहित्यिक कृतिलाई सामाजिक घटना मान्दै तेन त्यसको उत्पत्तिको कारणको खोजी गर्दछन् ।

साहित्यको समाजशास्त्रमा हिप्पोलाइट टेनको नाम जति प्रसिद्ध छ, सुरुका दिनको नियतिलाई हेर्दा त्यति प्रसिद्ध नहुनु पर्ने हो । कला र साहित्य दुबै विषयमा समान योगदान दिने टेनको मूल लक्ष्य समाजशास्त्रीय चिन्तन नभए तापनि उनी यस विधाका संस्थापक प्रतिभा देखिन्छन् । मैनेजर पाण्डेयका धारणाअनुसार अङ्ग्रेजी साहित्यको इतिहास (सन् १८६३),कलाको दर्शन,

...इटलीको यात्रा जस्ता पुस्तकबाट आफ्नो प्रतिभा देखाउन सक्षम भएका तेनको इतिहास लेखनमा विधेयवादी दृष्टि र आलोचनामा ऐतिहासिक पद्धति र साहित्यका समाजशास्त्रमा अनुभववादी दृष्टि रहेको छ (पाण्डेय, २००६ : ११९) ।

फ्रान्सेली लेखिका मेडम डे स्टेल र तेनले साहित्यको दर्पणवादी सिद्धान्तलाई अगाडि बढाउने काम गरेका छन् । स्टेलले आफ्नो साहित्यिक रचनाको उद्देश्य साहित्यमा धर्म, रीतिरिवाज जस्ता भौतिक आधारको परीक्षण गर्नु रहेको बताएकी छिन् (जैन, सन् १९९२ : १६) । उनको यस मान्यताले पनि साहित्यलाई एक दर्पणकै रूपमा स्विकारेको छ । यसरी साहित्यलाई एक दर्पण मान्ने स्टेलले जलवायु र भूगोलको प्रभावलाई पनि साहित्यको रचनाको आधार मानेकी छिन् । यिनका साथै टेनले पनि दर्पणवादी सिद्धान्तलाई नै अगाडि बढाउनमा महत्त्वपूर्ण योगदान गरेका छन् । साहित्यलाई प्रजाति, युग र पर्यावरणको परिप्रेक्ष्यमा हेरिनुपर्ने उनको मान्यता रहेको छ । यस मान्यताका साथै तेनले साहित्य अध्ययनको वैज्ञानिक एवम् सुसङ्गत रूपरेखा बसालेका छन् । उनले कला, साहित्य, सामाजिक घटनाहरू तथ्यहरू हुन् भन्दै घटना र तथ्यका बिच कार्यकारण सम्बन्ध हुन्छ भन्ने कुरा बताएका छन् । यसबाट के स्पष्ट हुन्छ भने साहित्यलाई सामाजिक घटना र तथ्यको सङ्कलन मानेको हुनाले साहित्यलाई सामाजिक दस्तावेजको रूपमा हेरिएको छ । अर्कोतर्फ घटना र तथ्यका बिच कार्यकारण सम्बन्धको खोजी गरिएको छ ।

टेनका विचारमा एउटा प्रजातिको इतिहासको महान् घटनाको विशिष्टता साहित्यको सौन्दर्य भूमिका प्रकट हुन्छ । प्रजातिगत चरित्र अनुसार नै सौन्दर्यको आदर्श विकसित हुन्छ । प्रजातिगत प्रभावबाट प्रतिभा तथा साहित्यकारहरूको जन्म समाजमा हुन्छ र उनीहरूले साहित्यमा आफ्नो प्रजातिगत विशेषताको अभिव्यक्ति गरेका हुन्छन् भन्ने मत टेनको हो । टेनको मतमा सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य मानव जाति प्रजातिबारे जान्नु हो । कृतिको सर्जक र कृतिमा व्यक्त भएका कुराहरूको बारेमा जान्न साहित्यको अध्ययनमा प्रजातिलाई उनले महत्त्वपूर्ण पक्षका रूपमा प्रस्तुत गरेका छन् । उनले प्रजातिगत अध्ययनको महत्त्वलाई दर्शाउँदै प्राचीन अवशेष र पुस्तक दुवै निर्जीव वस्तु हुन्, तर यिनीहरूको अध्ययनबाट कुनै समयमा जीवित मानव अस्तित्वको अध्ययन हुन सक्छ । टेनले साहित्यको समाजशास्त्रीय विश्लेषणमा प्रजातिका साथसाथै पर्यावरण तथा क्षणलाई पनि अध्ययनमा महत्त्वपूर्ण तत्त्वको रूपमा प्रस्तुत गरेका छन् ।

टेनको अर्को धारणा भनेको क्षण वा युग हो । क्षण सम्बन्धी टेनको धारणाको केन्द्रविन्दुमा युग चेतनाको विचार निहित रहेको छ । यद्यपि उनले क्षण शब्दलाई काल, युग विशेष र युग चेतनाको अर्थमा प्रयोग गरेका छन् । टेनका  अनुसार कुनै पनि युगमा कुनै विचार प्रधान हुन्छ जसले समाजको चिन्तनलाई प्रभावित गर्दछ । युगको प्रधान विचार जीवनको व्यवहार र चिन्तन सबै क्षेत्रमा व्याप्त रहेको हुन्छ । समयको लामो दूरीमा उक्त विचारमा क्रमश: घट्दै आउँछ र अन्य कुनै पनि नयाँ  विचार विकसित हुन्छ र मुख्य विचारको रूप लिन्छ । यसले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग सम्बन्ध जोड्दै नयाँ  चिन्तन र सिर्जनाका लागि प्रेरणा दिन्छ (पाण्डेय, २००६ : १२५- १२६) ।

टेनले साहित्यको समाजशास्त्रीय अध्ययनका सन्दर्भमा महत्त्व दिएको अर्को विषय वातावरण रहेको छ । टेनले प्रतिपादन गरेको सैद्धान्तिक मान्यता अनुसार वातावरणले भौगोलिक संरचना तथा हावापानीलाई जनाउँछ । भौगोलिक संरचना हावापानीबाट मानव जीवनमा निर्माण हुने जीवनका भोगाइ तथाजीवनशैलीहरूको प्रभाव साहित्यमा कुनै न कुनै रुपमा परेको हुन्छ । मानिसका आदिम र प्रजातिगत विशेषता भौगोलिक, सामाजिक परिस्थिति र घटना आदिबाट प्रभावित हुन्छन् । यस अन्तर्गत ती सम्पूर्ण बाीय शक्ति पर्दछन्, जसले मानिसको स्वभाव र व्यवहारलाई प्रभावित गर्दछ । उनले साहित्यिक कृति र परिवेशका बिच कार्यकारण सम्बन्ध स्थापित गर्ने प्रयास गरेका छन् र यसैका आधारमा साहित्यको व्याख्या र विश्लेषण गर्ने कार्य गरेका छन् (पाण्डेय, २००६ : १२५) । साहित्यकार बाँचेको समाजको भौगोलिक वातावरणको प्रभाव साहित्यमा पर्ने हुँदा कृतिको विश्लेषणको महत्त्वपूर्ण विषय वातावरण हो भन्ने कुरालाई टेनले स्पष्ट पारेका छन् ।

टेनले प्रतिपादन गरेको समाजशास्त्रीय अध्ययनलाई प्रत्यक्षवादी-विधेयवादी सिद्धान्त भनिन्छ । यसको साहित्य सम्बन्धी मान्यता प्रत्यक्ष कार्यकारण सम्बन्धमा आधारित रहेको छ । टेनद्वारा प्रतिपादित यो सिद्धान्त नै साहित्यका समाजशास्त्रीय सिद्धान्तका परम्परामा प्रथम सिद्धान्त हो । समाजका प्रजाति, क्षण र परिवेशको प्रतिबिम्ब साहित्यमा पाइन्छ भन्ने उनको मान्यता रहेको छ । यसरी लेखकको चेतना पक्षलाई त्यति महत्त्व नदिई समाज र साहित्य बिचको कार्यकारण सम्बन्धमा जोड दिने भएकाले उनको समाजशास्त्रीय चिन्तन प्रत्यक्षवादी विधेयवादी रहेको छ ।

कृतिको विश्लेषण गर्दा प्रजाति, क्षण र वातावरण जस्ता तत्त्वका आधारमा गरिनु पर्दछ भन्ने विचार अघि सारेको पाइन्छ ।

### २.४.२ मीमांसावादी धारा

मीमांसावादी सिद्धान्तलाई समीक्षा सिद्धान्त पनि भनिन्छ । दर्पणवादी सिद्धान्तलाई सूचनाको भण्डार मानेर साहित्यलाई केवल सूचनाको सङ्कलन गर्ने तत्त्वका रूपमा मात्र लिनु हुँदैन भन्ने मान्यताका साथ मीमांसावादी सिद्धान्तको विकास भएको हो । अझ प्रष्टसँग भन्नुपर्दा प्रत्यक्षवादी सिद्धान्तको आलोचनास्वरूप यस सिद्धान्तको जन्म भएको हो । साहित्यलाई तथ्यात्मक दस्तावेज मात्र मान्दा यसले समाजको बाि पक्षको मात्र अध्ययन गर्दछ त्यसकारण साहित्यमा समाजको आन्तरिक पक्षलाई पनि केलाउनु पर्दछ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ ।

दर्पणवादी सिद्धान्तमा साहित्यमा देखापरेको समाजको चित्रको अध्ययन हुन्छ भने यस समीक्षा सिद्धान्तमा साहित्यले समाजलाई पार्ने सकारात्मक नकारात्मक प्रभावको समीक्षासमेत गरिन्छ । साहित्य भनेको वैचारिक सघनताको केन्द्र पनि हो । यसमा केवल समाजका घटनालाई तथ्यका रूपमा मात्र स्वीकार नगरेर साहित्यकारको विचार अभिव्यक्त गर्ने ठाउँका रूपमा पनि साहित्यलाई स्वीकारिन्छ । साहित्यमा अभिव्यक्त भएको विचारलाई समाजमा परेको सकारात्मक वा नकारात्मक प्रभावका आधारमा हेरिन्छ । सामाजिक मान्छेको इच्छा, आकाङ्क्षा र विचारहरूलाई साहित्यले प्रतिनिधित्व गर्न सकेको छ या छैन भनेर समाजमा साहित्यको भूमिकाको खोजी गरिन्छ । मीमांसावादी सिद्धान्तले कृतिमा समाविष्ट संस्कृति, रीतिरिवाज, सामाजिक अवस्था एवम् जनजीवनको आर्थिक स्रोतको विश्लेषण गर्दा तटस्थ रहने नीतिको अवलम्बन गर्दछ भन्ने धारणा उदय क्षेत्रीले अगाडि सारेका छन् । (क्षेत्री, २०६४ : १९) ।

महान लेखक कहिले पनि सीधासाधा सामाजिक जीवनको वर्णनात्मक अध्ययनमा मात्र सीमित हुँदैनन् । मान्छेका इच्छा, आकाङ्क्षा र आवश्यकताहरू सामाजिक क्रियाकलापसँग अन्तर्सम्बन्धित हुन्छन् । यिनै अन्तर्सम्बन्धबाट समाजमा मूल्यको सिर्जना हुन्छ त्यसकारण समाजशास्त्रीको काम केवल साहित्यिक रचनामा ऐतिहासिक र सामाजिक प्रतिबिम्बको खोजी गर्नु मात्र नभएर विशिष्ट साहित्यिक रचनामा अन्तर्निहित मूल्यको प्रकृतिलाई स्पष्ट गर्नु पनि हो भन्ने धारणा निर्मला जैनको छ (जैन, १९९२ : ६) । यसैलाई रेमन्ड विलियम्सले भावको संरचना भनेका

छन् । साहित्यकारहरूले साहित्यमा सामाजिक मूल्यको निर्माण गर्नुपर्ने हुनाले कलाकारको कार्य वास्तवमै कठिन हुन्छ । कलाकारले काल्पनिक पात्रको माध्यमले वास्तविक संसार या समाजलाई गति दिन्छ साथै उसले आफ्नो निजी अनुभूति तथा विचारलाई समेत व्यक्त गर्दै सामाजिक परिवर्तनको अपेक्षामा व्यक्तिको तथा समाजको चाहनालाई मध्यनजर गर्दै मूल्यको सिर्जना गर्दछ । त्यसकारण साहित्यकारले आफ्नो कल्पना तथा सिर्जनशीलताको माध्यमले निर्माण गरेको सामाजिक मूल्यको खोजी पनि साहित्यमा हुनुपर्ने मान्यता मीमांसवादीहरुको रहेको छ ।

उदय क्षेत्रीले साहित्यको समाजशास्त्रीय सिद्धान्तको मीमांसावादी धाराको सुरुवात लियो लावेन्थलले गरेको मत अगाडि सार्दछन । मीमांसावादी सिद्धान्तलाई स्थापना गर्दै साहित्यको समाजशास्त्रीय अध्ययनमा प्राचीन साहित्यलाई लावेन्थलले महत्त्व दिएका छन् । उनले साहित्यमा मनोविज्ञानको अभिव्यक्ति हुन्छ र त्यसको ज्ञान नभई साहित्यको समाजशास्त्रीय अध्ययन सबल हुँदैन भन्ने मत व्यक्त गरेका छन् (क्षेत्री, २०६४ : १९) । साहित्यको समाजशास्त्रीय सिद्धान्तको मीमांसावादी धाराको विकास गर्नेहरूमा लियो लावेन्थल लगायत रेमन्ड विलियम्स र गोल्डमानको नाम पनि लिनुपर्ने देखिन्छ । यद्यपि साहित्यको समाजशास्त्रको अध्ययनको प्रयोग विशेष गरी उपन्यासको क्षेत्रमा भएको पाइन्छ ।

मीमांसावादी धाराका एक चिन्तक लियो लावेन्थल हुन् । यिनी प्रारम्भमा मार्क्सवादी मान्यतासँग निकट रहे तापनि पछि बिस्तारै आदर्शवादतर्फ उन्मुख भएको पाइन्छ । लावेन्थलले साहित्यको समाजशास्त्रमा मनोवैज्ञानिक पक्षलाई महत्त्व दिएका छन् । यिनका अनुसार कुनै पनि व्यावहारिक समाजशास्त्रको उद्देश्य भनेको कुनै पनि कृतिको केन्द्रमा रहेको विषयवस्तुको अर्थ या मर्म बुझ्नु हो । साहित्यको केन्द्रमा रहेको अर्थले नै समाज तथा व्यक्तिको विविध पक्षलाई अभिव्यक्त गरेको हुन्छ । त्यो पक्ष भनेको सामाजिक व्यवसाय, वर्ग, धर्म, प्रेम आदि हुन् । यदि विषयवस्तुको केन्द्रमा पुगेर त्यसको मर्म बुझ्न सकेमा नै विषयवस्तुको केन्द्रीय समस्याको उद्‌घाटन गर्न सकिन्छ ।

साहित्यमा काल्पनिक पात्रहरूको प्रयोग गरिएको हुन्छ । ती काल्पनिक पात्रहरूको माध्यमबाट नै समाजका वास्तविक पात्रहरूको बारेमा थाहा पाउन सकिन्छ । किनकि यी पात्रहरूले केवल आफ्नो वरिपरिको सामाजिक वातावरण या वस्तुस्थितिको वास्तविकता मात्र होइन व्यक्तिको इच्छा, आकाङ्क्षा, सपना तथा कल्पनाको समेत उद्‌घाटन गरेका हुन्छन् । साहित्यको केन्द्रीय

अर्थको मर्म बुझ्दा मूल्यको सिर्जना हुन जान्छ र व्यक्तिको मनोभाव पनि सिर्जना हुन्छ भन्ने लावेन्थलको धारणा छ । मूल्य र मनोभावको प्रतिबिम्बको रूपमा साहित्य विभिन्न समाजमा घटित हुनेवाला परिवर्तनको मात्रातर्फ सङ्केत गर्दछ (जैन, १९९२ : ६) । लावेन्थलले साहित्य विश्लेषणको क्रममा यर्थाथबादी दृष्टिकोणको समेत उपयोग गरेका छन् । तर उनका विचारमा यथार्थवाद केवल वस्तु या घटनाको यथार्थ चित्रण मात्र तथ्यको सङ्कलन होइन । यसले तथ्यभन्दा माथि उठेर मानवीय अन्तरचेतनाको पनि बयान गर्दछ भन्ने उनको धारणा छ । उनी लेखकका आफ्ना मान्यता तथा अनुभूतिहरूको अभिव्यक्तिको  यथार्थमा विश्वास राख्दछन् । लावेन्थलले समूह, जमात र भीडको  साहित्यमा आफ्नो रुचि प्रस्तुत गरेका छन् अर्थात् उनले समाज उत्पादन स्थिति र साहित्यको कुरा गर्दा भीड र भीडको मानसिकतामा विशेष ध्यान दिएका छन् ।

साहित्यमा मीमांसावादी धाराको प्रतिनिधित्व गर्ने अर्का चिन्तक रेमन्ड विलियम्स हुन् । यिनले उपन्यासको क्षेत्रमा यसको प्रयोग गरेका छन् । यिनले यस सिद्धान्तमा अनुभूतिको संरचनाको मान्यतालाई अगाडि सारेका छन् । विलियम्स यथार्थवादका पक्षधर देखिन्छन् अर्थात् उनी आफ्नो समाजशास्त्रलाई यथार्थवादी समाजशास्त्र भन्दछन् । तर उनको यथार्थवाद परम्परागत रूपमा मानिदै आएको यथार्थवाद भन्दा फरक छ भन्दै ऋषिराज बराल भन्दछन् “उनको भनाइमा यथार्थवादको अर्थ व्यक्तिहरूको गुणको माध्यमबाट सामाजिक जीवनको समग्र पद्धतिको गुण र विशेषताको सिर्जना र मूल्याङ्कन गर्नु हो” (बराल, २०६३ : ६७) । विलियम्सको समाजशास्त्रीय अवधारणा समूह र अनुभूतिमा केन्द्रित रहेको छ । समुदाय धारणा विलियम्सको केन्द्रीय धारणा हो । उपन्यासको क्षेत्रमा नै समाजशास्त्रीय अध्ययनलाई केन्द्रित गर्ने विलियम्सले उपन्यासको सारतत्त्व भाषा, पाठक र समाज सबैको अध्ययन गरेका छन् । विलियम्स साहित्यमा पाठक वर्गको बढी सहभागिताको अपेक्षा गर्दछन् । साहित्यप्रति जति पाठक वर्गको संख्यामा वृद्धि हुन्छ त्यति नै साहित्य विकसित हुन्छ भन्ने उनको धारणा छ । विलियम्सले मार्क्सवादी मान्यतामा केही अति देख्छन् । उनले प्रतिबद्धतासम्बन्धी माओको अवधारणा बढी नारावादी भएको भन्दै उनी यथार्थलाई उत्पादनसँ ग नजोडी समुदायको सामूहिक अनुभूतिसँ ग जोडछन । त्यसैगरी प्रतिबद्धताको अर्थ वर्गीय सम्बन्ध नभएर सचेत सामाजिक सम्बन्ध मात्र हो भनेका छन् । यिनले अनुभूतिमा जोड दिने हुनाले पाठकले गर्ने अनुभूति र लेखकले गर्ने अनुभूतिलाई साहित्यको समाजशास्त्रको विषय मानेका

छन् । समाजका व्यक्तिहरूमा रहेका समाज भोगाइका यथार्थ अनुभवलाई साहित्यकारले आफ्ना कृतिमा व्यक्त गर्ने हुनाले लेखकको रचनामा समाजको प्रतिबिम्ब कलात्मक रूपमा व्यक्त भएको हुन्छ भन्ने मत रेमन्ड विलियम्सको रहेको छ (क्षेत्री, २०६४ : २०) । लेखकले समाजको संस्कृति, धर्म, परम्परा र मान्यता सम्बन्धी आफ्नो अनुभूतिलाई नै कृतिमा व्यक्त गर्ने हुनाले उनले साहित्यलाई संस्कृतिको स्रोत पनि मानेका छन् । यसबाट के स्पष्ट हुन्छ भने साहित्यको समाजशास्त्रीय अध्ययनमा समाजको धर्म, संस्कृति वा रीतिरिवाजप्रतिको साहित्यकारको अनुभूतिलाई पनि प्राथमिकतामा राख्नुपर्दछ ।

मीमांसावादी धाराकै प्रतिनिधित्व गर्ने गोल्डमान पनि उपन्यासको सौन्दर्यशास्त्रलाई एउटा निश्चित गति र मोड दिने चिन्तक हुन् । गोल्डमानले साहित्यको समाजशास्त्रलाई उत्पत्तिमूलक संरचनावादको रूपमा विकास गरेका छन् (बराल, २०६३ : ६८) । गोल्डमानको उपन्यास चिन्तनमा लुकाचको प्रारम्भिक चिन्तनको प्रभाव पाइन्छ । त्यसैगरी यिनले साहित्यको समाजशास्त्रलाई उत्पत्तिमूलक संरचनावादको रूपमा विकास गरेको हुनाले संरचनावादीहरूले पनि यिनलाई आफ्नो कित्तामा राख्ने गरेका छन् तर गोल्डमानको संरचना सिद्धान्त साहित्यिक रचनामा पाइने भाषिक संरचना नभएर समूह दृष्टिकोणको संरचना सिद्धान्त हो । वर्ग दृष्टिकोणलाई भन्दा समूह दृष्टिकोणलाई महत्त्व दिने गोल्डमानको साहित्यमा देखिने समाज मार्क्सवादीहरूले मान्ने गरेको आर्थिक विषमताको कारणले बनेको वर्गीय समाज नभएर समान चेतना वा सजातीयताद्वारा निर्मित समाज हो । साहित्यमा विशेष गरी विश्वदृष्टिकोणको खोजी हुनुपर्ने उनको मान्यता छ । लेखकको विचार र समाजको विचारबाट औसत विचारको विकास हुने धारणा राख्दै उनले त्यसलाई विश्वदृष्टिको रूपमा परिभाषित गरेका छन् । लेखक समाजमा रहेका व्यक्ति तथा समूहहरूसँगको घुलमिलमा ती व्यक्तिहरूको चेतना, विचार तथा मान्यतासँग नजिक रहने मौका पाएको हुन्छ । लेखक समाजका अन्य व्यक्तिहरूसँगको सम्बन्धको कारणले उनीहरूका विचारसँग एकाकार भएर अगाडि बढेको हुन्छ । अझ स्पष्टसँग भन्नुपर्दा समाजका व्यक्तिहरूसँगको क्रियाकलापमा वा अन्तर्क्रियामा समाजका विभिन्न व्यक्ति तथा समुदायको मान्यता तथा विचारले लेखकलाई प्रभावित पारेको हुन्छ । लेखकका यिनै विचारहरू (कतिपय अन्य व्यक्तिहरूबाट प्रभावित भएका र कतिपय आफ्ना अनुभूतिले जन्माएका) कृतिमा अभिव्यक्त भएका हुन्छन् । समाजका वर्ग या समूहको विचार र भावनालाई एकाकार गराएर कृतिमा अभिव्यक्त गर्ने

हुनाले कृति वैयक्तिक नभएर वर्ग या समूहको सहभागिताको उपज हुन जान्छ । लेखकको समाज तथा समुदायका व्यक्तिहरूको विचार, मान्यता, भावना र कलाकारको विचार, भावना वा मान्यतासँग अन्वित हुन जाँदा नै विश्वदृष्टिको विकास हुन्छ । विश्वदृष्टि आफैमा अमूर्त हुन्छ किनभने यो व्यक्ति या समूहको विचारको योगफल हो । विश्वदृष्टि एक विचार हो तर यो साहित्यमा प्रकट हुँदा कतै धर्मको रूपमा, कतै संस्कृति तथा संस्कारको रूपमा त कतै दर्शनमा प्रकट हुन्छ । यसरी साहित्यमा उत्पत्तिमूलक संरचनावादको सिद्धान्त प्रस्तुत गर्ने गोल्डमानले साहित्यमा विश्वदृष्टिको खोजी हुनुपर्ने धारणा अगाडि सार्दछन् ।

समाज परिवर्तनशील छ । साहित्य रचनाको प्रमुख आधार भनेको समाज हो । त्यसकारण जति-जति समाजमा परिवर्तन हुन्छ त्यति-त्यति साहित्यको विषयवस्तुमा पनि परिवर्तन आउँछ । साहित्यलाई हेर्ने तथा समाजलाई हेर्ने मान्यतामा परिवर्तन आउँछ र यसै अनुसार साहित्यको सिद्धान्तमा पनि परिवर्तन आउँछ । जस्तै मार्क्सवादी सिद्धान्त, मनोवैज्ञानिक सिद्धान्त, समाजशास्त्रीय सिद्धान्त आदि । यसै अनुसार साहित्यको समाजशास्त्रमा पनि साहित्यलाई हेर्ने मान्यतामा कहिले विधेयवादले ठाउँ लिएको पाइन्छ भने कहिले मीमांसावादले ठाउँ लिएको पाइन्छ ।

साहित्य समाजको प्रतिबिम्ब हो भन्दै साहित्यलाई समाजको ऐना मान्ने प्रवृत्ति तथा प्रत्यक्षवादीको सिद्धान्त पनि कुनै बेला थियो जतिबेला साहित्यलाई सामाजिक दस्तावेज मानिन्थ्यो तर जब साहित्य भनेको दस्तावेजको सङ्कलन मात्र होइन भन्ने चिन्तन विकसित हुनथाल्यो त्यसपछि मीमांसावादी धाराको उदय भयो । प्रत्यक्षवाद वा दर्पणवादी धाराको विरोध वा आलोचना स्वरूप नै मीमांसावादी धाराको विकास भएको हो । साहित्यलाई सूचनाको सङ्कलन गर्ने एक दस्तावेज मात्र मान्न थालेपछि यसको विभिन्न विचारसहित आलोचना भए । जुन समालोचक तथा साहित्यका चिन्तकहरूसँग साहित्यलाई मूल्याङ्कन गर्नका लागि आवश्यक तत्त्व तथा उपकरणको अभाव हुन्छ तिनीहरूले नै साहित्यलाई दस्तावेजको रूपमा लिने गरेको आरोप निर्मला जैन लगाउँछिन् (जैन, १९९२ : ४) । समाजशास्त्रीहरूको कार्य भनेको साहित्यमा केवल सामाजिक प्रतिनिधित्व सही रूपमा भयो भएन ? साहित्यले समाजको वास्तविक स्वरूप उतार्न सक्यो या सकेन भनेर समाजको चित्र खोजी गर्नु मात्र होइन बरू महान् साहित्यिक रचनामा अन्तर्निहित मूल्यलाई स्पष्ट गर्नु पनि हो । यस्ता विविध खालका विचारहरूले मीमांसावादी धारालाई जन्म दियो । मीमांसावादी धाराको प्रवेशपछि साहित्यलाई केवल दस्तावेजको रूपमा मात्र हेर्ने मान्यतामा

परिवर्तन आएको पाइन्छ । त्यसपछि  साहित्यको अध्ययन गर्दा केवल साहित्यिक कृतिलाई मात्र नहेरेर साहित्यकार, पाठक, सामाजिक परिप्रेक्ष्य, मनोवैज्ञानिक पक्ष आदि समेतलाई पनि साहित्य अध्ययनमा स्थान दिइएको पाइन्छ ।

पछिल्लो समयमा आएर साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्रलाई एउटै रूपमा हेर्ने गरेको पनि पाइन्छ । मार्क्सवादी सिद्धान्तले पनि समाजलाई पहिलो प्राथमिकतामा राख्ने र समाजशास्त्रमा पनि साहित्य र समाजबिचको सम्बन्ध नियाल्न कोसिस गर्ने हुनाले यसो गरिएको हुनसक्छ तर मार्क्सवादी सौन्दर्यशास्त्र र साहित्यको समाजशास्त्रका आ-आफ्नै सिद्धान्त, मान्यता तथा दृष्टिकोणहरू छन् । यी दुबै सिद्धान्त फरक-फरक सिद्धान्त हुन् । यसलाई स्पष्ट पार्न मार्क्सवादी साहित्यिक चिन्तन र साहित्यको समाजशास्त्रलाई विस्तृत रूपमा तल विश्लेषण गरिएको छ ।

### २.५ साहित्यको समाजशास्त्रीय अध्ययनका आधारहरू

साहित्यको समाजशास्त्र साहित्य र समाजका बिचको सम्बन्धको अध्ययन गर्ने शास्त्र हो । साहित्य, लेखक र पाठक यसका आधारहरू हुन् । समाज र साहित्यका सम्बन्धका आधारमा प्रकट हुने मूलभूत दृष्टिकोणहरूमा लेखकको सामाजिकता, कृतिभित्रको सामाजिक विषयवस्तु, समाजमा साहित्यको प्रभाव जस्ता कुराहरू पर्दछन् । साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य भनेको साहित्यिक कृतिका आधारमा समाजको अध्ययन, समाजमा साहित्यको स्थिति र लेखकको अवस्थाको विश्लेषण गर्नु हो । यति मात्र नभएर साहित्य र पाठकको सम्बन्धको विवेचना गर्नु पनि हो । यसले समाजसँग साहित्यको सम्बन्धको खोज र त्यसको व्याख्या गर्दछ । साहित्यको उपयोगद्वारा समाजलाई बुझ्न सकिने हुँदा साहित्य बुझ्नका लागि समाजशास्त्रीय दृष्टिकोण आवश्यक हुन्छ । साहित्यको समाजशास्त्रले साहित्य र समाजको सम्बन्धको अध्ययन गर्दछ । साहित्यिक कृतिमा प्रयोग भएको समाजको विश्लेषण गर्दछ । साहित्यिक कृतिमा प्रयोग भएको विषयको कार्यकारण सम्बन्धको खोजी गर्दछ । साहित्यमा प्रयुक्त भाषा, संस्कृति आदिको खोजी गर्दछ । साहित्यमा समाजलाई प्रमुख महत्त्व दिने समाजशास्त्रीय अध्ययनमा जाति, क्षण, पर्यावरण जस्ता विविध पक्षलाई आधार बनाउन सकिन्छ । साहित्यकार एक सामाजिक प्राणी हो । ऊ समाजमा जन्मछ, हुर्कन्छ र समाजका मूल्य र मान्यतालाई अवलम्बन गर्दै उसले आफ्नो व्यक्तित्व निर्माण गर्दछ । त्यही समाज, संस्कृति र सामाजिक परिवेशले साहित्यकारलाई सकारात्मक

नकारात्मक प्रभाव पारिरहेको हुन्छ । तिनै सामाजिक प्रभावहरू नै साहित्यकारको कृतिमा कथा, कविता, नाटक निबन्ध आदिका रूपमा व्यक्त  हुन्छन् । साहित्यिक कृतिमा लेखकका विचार पोखिएका हुन्छन्, अनुभूति पोखिएका हुन्छन् र उसको समाज र समग्र विश्वप्रतिको दृष्टिकोण या भावना पोखिएका हुन्छन् । एउटा साहित्यकारको विचार वा भावना साहित्यिक कृतिमा पोखिनु भनेको लेखक वा कलाकारको समग्र समाजको विचार वा भावना पोखिनु हो । त्यसकारण लेखकको कृतिलाई समाजशास्त्रीय सिद्धान्त अनुसार अध्ययन गर्दा समाजशास्त्रीय अध्ययनमा विकास भएका सिद्धान्तहरूलाई आधार बनाउनुपर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययन गर्नु आफैमा जटिल कार्य हो किनभने कुनै एक पक्षलाई मात्र आधार बनाएर साहित्यको अध्ययन गर्दा साहित्यकारको समाज, सामाजिक क्रियाकलाप, सामाजिक संरचना आदिको जानकारी अधुरो हुनसक्छ । साहित्यमा समाजको बाह्य पक्ष या घटना र तथ्यको जानकारी बाहेक अन्य आन्तरिक पक्षको जानकारी प्राप्त नहुन सक्छ । साहित्यको काम केवल तथ्यको सङ्कलन गर्नु मात्र नभएर समाजमा परिवर्तनकारी भूमिका निर्वाह गर्नु पनि हो । त्यसकारण साहित्य अध्ययनमा कुनै एक पक्षलाई मात्र आधार बनाउँदा समाज परिवर्तनमा साहित्यको भूमिका के कस्तो र्‍यो भन्ने थाहा पाउन कठिन हुनसक्छ । साहित्यकारमा परेको सकारात्मक र नकारात्मक प्रभाव छुट्याउन गाह्रो पर्न सक्छ । त्यसकारण साहित्यको समाजशास्त्रीय अध्ययनमा जाति, पर्यावरण, युग, विश्वदृष्टि आदि जस्ता महत्त्वपूर्ण पक्षहरूलाई आधार बनाउनु पर्ने हुन्छ । तलका उपशीर्षकमा तिनै विभिन्न आधारहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

### २.५.१ प्रजाति

टेनले साहित्यको विश्लेषण गर्ने क्रममा प्रजातिको धारणालाई सर्वाधिक महत्त्व दिएका छन् । एउटा समाजको प्रतिनिधित्व गर्ने र उक्त समाजमा बस्ने मानिसहरूको जीवनमा परिवर्तन ल्याउने कुनै जात विशेषलाई प्रजातिको रूपमा लिइन्छ । मान्छेलाई कुनै समाजको मूल जाति मान्दा मूल जातिभित्र रहेका अन्य जातिहरूको विभाजन गर्ने प्रक्रियाको रूपमा प्रजातिलाई लिइन्छ । कुनै समाजमा रहेका प्रजातिमा आ-आफ्नै किसिमका प्रवृत्तिहरू रहेका हुन्छन् । प्रत्येक मानिसको छालाको रङ्ग शरीरमा देखा पर्ने रौं एवम् कपालको बनोट तथा शारीरिक आकार प्रकारले गर्दा प्रत्येक प्रजातिहरूको गुण तथा स्वभावमा भिन्नता ल्याउने गर्दछ । शारीरिक बनावटका अतिरिक्त विभिन्न खाले प्रजातिहरूमा भूगोल, संस्कृति र धर्मजस्ता कुराहरूले पनि भिन्नता ल्याएको पाइन्छ ।

प्रत्येक प्रजातिहरूमा आर्थिक, सामाजिक, राजनीतिक तथा ऐतिहासिक क्रियाकलापहरू एवम् वातावरणीय पक्षजस्ता कुराहरूले भिन्नता ल्याउँनका साथै एकआपसमा प्रभाव पार्ने गर्दछन् । यसरी टेनले प्रतिपादित गरेको सिद्धान्तलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तअन्तर्गत रहेको प्रजातिका सिद्धान्तको रूपमा अध्ययन गरिएको देखिन्छ ।

### २.५.२ युग वा क्षण

पाश्चात्य समाजशास्त्री हिप्पोलाइट टेनका दृष्टिमा साहित्यिक कृतिलाई विश्लेषण गर्न सकिने आधार क्षणको पहिचान हो । साहित्यकार वा कलाकारहरूले भोगेको जीवन साहित्यमा अभिव्यञ्जित भएको हुन्छ । युग वा क्षणलाई समाजशास्त्रीय अध्ययनको आधार बनाउने व्यक्ति पनि टेन नै हुन् । साहित्यकार बाँचेको युगको आफ्नै किसिमका सामाजिक, साँस्कृतिक मान्यताहरू हुन्छन् । जुनसुकै युगमा पनि एउटै किसिमको मान्यता रहिरहन्न । समय गतिशील छ र परिवर्तनशील छ त्यसकारण सबै साहित्यकारहरूको युग एकै किसिमको हुँदैन । उदाहरणको लागि गुरुप्रसाद मैनालीको साहित्य रचना गर्ने युग र आजको साहित्य रचना गर्ने युग पक्कै पनि फरक छ । साहित्यकार बाँचेको युगमा भएका सामाजिक समस्या, सामाजिक मान्यता तथा विश्वासलाई पहिचान गर्नका लागि साहित्यमा युग तथा क्षणको खोजी गरिन्छ । निश्चित युगमा भएका सामाजिक विश्वास, सामाजिक व्यक्तिहरूको वैचारिकता, सामाजिक मान्यता आदिको प्रभाव साहित्यिक कृतिमा पर्ने हुनाले युगलाई पनि साहित्य अध्ययनको आधार बनाइनुपर्दछ । क्षणलाई टेनले विशेष गरी काल, युग विशेष र युग चेतनाको अर्थमा प्रयोग गरेको पाइन्छ । टेनका विचारमा युग तथा कालमा त्यस समाजको आफ्नै किसिमको विशिष्ट विचार हुन्छ अर्थात् कुनैपनि युगमा प्रत्येक समाजले विभिन्न विचारमध्ये एउटा विशिष्ट विचार धारण गरेको हुन्छ त्यो विशिष्ट विचार त्यस समयमा प्रधान विचारको रूपमा उक्त समाजमा स्थापित भएको हुन्छ । त्यस्तो प्रधान विचारलाई टेनले सदिऔँसम्म जीवित रहन सक्ने बौद्धिक साँचो मानेका छन् । उनी भन्दछन् "हरेक युगमा कुनै आफ्नो प्रधान विचार रहेको हुन्छ र त्यसको कमसेकम यस्तो एउटा बौद्धिक साँचो (साँचा) हुन्छ जसमा सदिऔंसम्म जीवित रहने क्षमता रहन्छ (जैन, १९९२ : २५) । यस विचारलाई हेर्दा के देखिन्छ भने क्षणले एउटा निश्चित समयलाई सङ्केत गर्दछ जुन समयमा बनेको मुख्य विचार साहित्यिक कृतिमा प्रतिबिम्बित भएको हुन्छ ।

साहित्यकार स्रष्टा र द्रष्टा भएको कारण साहित्यकारले आफ्नो समयमा समाजमा देखेको भोगेको घटना, परिवेश, समस्या, मान्यता आदिलाई नै आफ्नो साहित्यिक कृतिमा व्यक्त गर्ने हुनाले त्यसलाई (युगलाई) पनि आफ्नो साहित्य अध्ययनको आधार बनाइनु पर्दछ । लेखकले पक्कै पनि आफ्नो कृतिमा राष्ट्र तथा आफ्नो युग जीवन या परिवेशको महत्त्वपूर्ण विचार या मान्यतालाई अभिव्यक्त गरेको हुन्छ । सामाजिक यथार्थलाई अभिव्यक्त गरेको हुन्छ । त्यसकारण साहित्यको समाजशास्त्रीय अध्ययन गर्दा सर्जक र सिर्जनामा प्रभाव पार्ने युग र उक्त युगमा प्रधान रूपमा रहेको विचारको अध्ययन गरिनुपर्दछ ।

### २.५.३ परिवेश/पर्यावरण

टेनले अगाडि सारेका प्रमुख तीन आधार प्रजाति, युग र पर्यावरण (परिवेश) मध्ये मुख्य सरोकार तेस्रो तत्त्व परिवेशमा थियो भन्दछिन् निर्मला जैन (जैन, १९९२ : २२) । प्रकृतिविज्ञान अन्तर्गत पर्ने परिवेश शब्दलाई विशेषगरी जलवायु, तथा भौगोलिक प्रभावसँग जोडेको पाइन्छ । टेनले परिवेश सम्बन्धी सिद्धान्त साहित्यको कार्यकारण सम्बन्धलाई पूर्ण व्याख्या गर्ने सिद्धान्त हो भन्ने मान्छन् (जैन, १९९२ : २६) । तेनले पर्यावरण अन्तर्गत हावापानी तथा जलवायुलाई प्रमुख महत्त्व दिन्छन् । साथै उनी साहित्यलाई सूक्ष्म विश्लेषण गर्न थाल्दा सामाजिक र राजनैतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्दछन् । निर्मला जैनले टेनको परिवेश सम्बन्धी मान्यता महत्त्वपूर्ण हुँदाहुँदै पनि साहित्य र पर्यावरणको बिचमा सीधा कार्यकारण सम्बन्धलाई खोजेर उनले अनावश्यक विश्लेषण गर्ने दिशातिर मोडेको आरोप लगाउँछिन । टेनले कृतिको अध्ययन गर्दा भौतिक वातावरणलाई बढी महत्त्व दिएको कारण समकालीन सामाजिक चिन्तन र मानसिक संरचना जस्ता आन्तरिक पर्यावरणलाई बेवास्ता गरेको देखिन्छ तर कृतिको अध्ययन गर्दा भौतिक वातावरण, सामाजिक, राजनैतिक अवस्थाको साथै आन्तरिक पर्यावरणलाई पनि साहित्य अध्ययनको आधार बनाइनुपर्दछ ।

### २.५.४ कार्यकारण सम्बन्ध

साहित्यको समाजशास्त्रका जन्मदाता टेनले कृतिमा कार्यकारणको खोजी हुनुपर्ने कुरा उल्लेख गरेका छन् । साहित्यकारले समाजका यथार्थ घटना तथा तथ्यलाई साहित्यमा अभिव्यक्त त गरेकै हुन्छ त्यसको साथसाथै समाजका घटना तथा तथ्यलाई आफ्नो कल्पना, प्रतिभा तथा सिर्जनशीलताको आधारमा त्यसलाई मानवीय यथार्थमा समेत परिणत गरेको हुन्छ । साहित्यकारले

समाजका सामाजिक यथार्थहरूलाई मानवीय यथार्थमा ढाल्ने क्रममा प्रत्यक्ष वा परोक्ष रूपमा आफ्ना तर्क तथा विचारहरू समेत प्रकट गरेको हुन्छ । साहित्यमा देखा परेका घटनाहरू घट्नुको पछाडिका कारणहरू पनि  अन्तर्निहित भएका हुन्छन् । कुनै पनि घटना घट्नुको पछाडि केही न केही कारण अवश्य हुन्छ । ती कारणहरू साहित्यमा घटित घटनासँगै अन्तर्सम्बन्धित भएर आएका हुन्छन् । तिनै कार्यकारणलाई साहित्य अध्ययनको मापदण्ड बनाइनु पर्दछ ।

साहित्यकारले केवल वस्तुतथ्यको यथार्थ चित्रण मात्र गर्दैन उसले यथार्थको तथ्यात्मकताबाट अघि बढेर मानवीय यथार्थको पनि चित्रण गर्नुपर्दछ । मानवीय यथार्थको चित्रण गर्दा साहित्यकारले आफ्नै विचार तथा अनुभूति र कल्पना समेत प्रयोग गरेर विभिन्न तर्कहरू प्रस्तुत गर्दछ । उसले प्रत्यक्ष रूपमा नै घटनासँग कुनै कारणहरू उल्लेख गर्दछ । यही कार्य र कारण साहित्यमा अनुबन्धित हुने हुनाले कार्यकारणलाई पनि साहित्य अध्ययनको मापदण्ड बनाइनु पर्दछ । मुकुन्द घिमिरेले "कृतिको रचना, विषयवस्तुको संयोजन र लेखकले दिने सन्देश एवम् भौतिक, सामाजिक आदि पर्यावरण एक आपसमा अन्विति र व्यतिरेकका आधारमा आउने भएकाले तिनीहरूको सङ्गठन या विघटनमा आउने नतिजालाई कार्यकारण अन्तर्गत खोज्न सकिन्छ" भनेका छन् (घिमिरे, २०५८ : ९९) । जे होस् साहित्यको समाजशास्त्रीय अध्ययनमा कार्यकारणलाई पनि अध्ययनको मापदण्ड बनाइनुपर्दछ ।

### २.५.५ भाषा

भाषा विचार विनिमयको माध्यम हो । चाहे त्यो लिखित रूपमा होस् या मौखिक रूपमा, मानिसले आफ्नो अनुभव, अनुभूति वा विचारको सम्प्रेषणको लागि प्रयोग गर्ने सशक्त माध्यम भाषा नै हो । भाषा समाजमा प्रयोग हुन्छ । समाजका मान्छेहरूबाट यसको प्रयोग तथा विकास हुन्छ । भाषा सामाजिक वस्तु हो । भाषाको माध्यमबाट नै व्यक्ति कुन देश, समाज या जातिको हो भन्ने कुरा समेत पहिचान हुन्छ । भाषा र समाजको बिचमा निकट सम्बन्ध हुन्छ । भाषाका अनेक सामाजिक तथा प्रयोजनपरक भेद हुन्छन् । भाषाका  भौगोलिक भेद पनि हुन्छन् । विभिन्न जाति, लिङ्ग, समूह, शिक्षा, संस्कृति अनुसार समाजमा भाषिक प्रयोग फरक फरक किसिमले प्रयोग हुन्छन् । एक सफल साहित्यकारले सामाजिक क्रियाकलापसँगसँगै आफ्नो रचनामा पात्र अनुसारको भाषाको प्रयोग गर्दछ । यसरी साहित्यकारको रचनामा प्रयोग भएको भाषालाई पनि कृति

अध्ययनको मापदण्ड बनाइनुपर्दछ भन्ने  विचार क्रिस्टोफर कड्वेलले अगाडि सारेका हुन् (क्षेत्री, २०६४ : १९) ।

साहित्यमा पनि विभिन्न वर्ग, जात, धर्म, लिङ्ग आदि पात्रहरूको प्रयोग हुने भएकाले एक सक्षम कलाकारले पात्रानुसार भाषिक दायित्व प्रदान गरेको हुन्छ अर्थात् कुनै पनि साहित्यमा पात्र अनुसारको भाषा प्रयोग गर्नु सफल कलाकारको दायित्व मानिन्छ । साहित्यमा कलाकारको आफ्नो निजी भाषाको मात्र प्रयोग हुदैन । ऊ आफ्नो वैयक्तिक भाषाबाट फैलिएर अनेक जात-जातिको भाषा, शिक्षित अशिक्षितको भाषा, भौगोलिक परिवेशको भाषा आदिसम्म पुग्दछ । वस्तुतः साहित्यका प्रत्येक पात्र आ-आफ्नै बोली बोल्दछन् र त्यस दृष्टिले साहित्यको भाषा लेखकको भाषाभन्दा फरक पात्रको भाषा बन्न जान्छ । यद्यपि लेखकले साहित्यमा मानक भाषा प्रयोग गर्ने प्रयास गर्दछ । सामान्यतया लेख्य भाषा मानक हुनुपर्दछ भन्ने मान्यता साहित्यमा यथार्थको साथसाथै कल्पनाले पनि प्रश्रय पाएभैँ कृतिमा मौलिक विशेषता दर्शाउन, पाठकमा रोचकता थपेर रस शुन्य पार्न र कुनै समाजलाई जीवन्तता प्रदान गर्न पात्र मार्फत अनौपचारिक भाषा समेत प्रयोग गरिन्छ । यसरी पात्रद्वारा प्रयोग गरिएको भाषा र लेखक स्वयम्को भाषालाई पनि साहित्य अध्ययनको मापदण्ड बनाइनुपर्दछ ।

### २.५.६ सामाजिक संस्कृति

मानिसले पैतृक तथा पूख्यौली सम्पत्तिको रूपमा प्राप्त गरेको ज्ञान, कला, नैतिकता, व्यवहार आदि नै संस्कृति हुन् (क्षेत्री, २०६४ : २८) । मानिसले पुर्खाहरूबाट उपहारका रूपमा प्राप्त गरेको संस्कृतिलाई अबलम्वन गरेर अगाडि बढ्ने क्रममा कतिपय अन्धविश्वास तथा गलत संस्कृतिलाई पनि समेटेको हुन्छ । व्यक्तिहरू कतिपय संस्कृतिलाई अबलम्वन गर्न पनि नसक्ने र छोड्न पनि नसक्ने सङ्क्रमणको अवस्थामा हुन्छन् । साहित्यकारका पनि आफ्नै संस्कृति हुन्छन् । त्यसैले उसमा पनि केही नियम लागु हुन्छ । साहित्यकारको आफ्नै संस्कृति र समाजका विभिन्न वर्ग तथा जनजातिको संस्कृतिको प्रभावलाई आत्मसात् गर्दछ । त्यसो हुनाले समाजका भिन्नभिन्न खालका संस्कृतिलाई पनि साहित्य अध्ययनको मापदण्ड बनाइनु पर्दछ ।

विलियम्सका मतमा संस्कृतिको महत्त्वलाई आत्मसाथगरेर सृजना गर्ने लेखक महान् हुन्छन् । उनीहरूको लेखन वर्तमानका निम्ति प्रासङ्गिक भए पनि भविष्यका निम्ति भने सार्थक र महत्त्वपूर्ण हुन्छ । उनी सम्पूर्ण सांस्कृतिक प्रक्रियालाई एउटा सम्प्रेषण व्यवस्था मान्दछन् (क्षेत्री, २०६४ : ३२)

। संस्कृति समाजबाट प्राप्त हुने विषय हो । यो एउटा पिँढीबाट हस्तान्तरित हुँदै आएको हुन्छ । भौतिक स्तरमा सबैभन्दा समृद्ध रहेका कला तथा साहित्यिक उपलब्धि संस्कृतिका उपज हुन् । संस्कृतिबाट नै मान्छेले कला साहित्यको सृजना गर्ने अभिप्रेरणा प्राप्त गर्दछ । संस्कृति मानव जातिको आन्तरिक गुणको समष्टि हो । मानवको भाषा, विचार र व्यावहार संस्कृतिका मूल आधार हुन् । जब संस्कृति शक्तिको रूपमा प्रकट हुन्छ तब त्यसले सृजनात्मक आनन्दको रूप ग्रहण गर्दछ र साहित्यको आनन्द पनि प्राप्त गर्न पुग्दछ । साहित्य र संस्कृतिबिच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । वस्तु, संस्कृति मानवको एक संस्कार हो । शब्द, स्वर, रेखा, रङ, प्रतीक आदिका सहायताबाट साहित्यकारले जुन कुरा व्यक्त गरेको हुन्छ, त्यो कुरा संस्कृतिको अङ्ग विशेष हो । यो सामाजिक परम्परा तथा लिखित वा मुद्रित शब्दका माध्यमबाट पनि हाम्रो सामुन्ने उपस्थित भएको हुन्छ । संस्कृतिको परिधि विशाल छ । साहित्य त्यसको एउटा मात्र अङ्ग हो । त्यसैले संस्कृति बािय प्रकट हुने विविध माध्यममध्ये साहित्य पनि एक विशिष्ट माध्यम हो ।

धर्म, परम्परा, आस्था र विश्वास नै संस्कृति हुन् । संस्कृति पर्यावरणबाट मानवले निर्माण गरेको वस्तु हो । मानव जीवन प्राकृतिक पर्यावरण र सामाजिक पर्यावरण गरी दुई पर्यावरणसँग सम्बन्धित हुन्छ (क्षेत्री, २०६४ : २९) । यसरी समाजमा मानिसले निर्माण र विकसित गरेका धर्म, नैतिकता, रीतिरिवाज, लोकाचार आदि नै मानिसका संस्कृति हुन् । कला साहित्यको अध्ययन पश्चात् कुनै पनि संस्कृतिको प्रतिबिम्ब प्राप्त हुन्छ । संस्कृतिको अध्ययनको स्रोतमा कला साहित्यको महत्त्व धेरै हुन्छ । समाजका संस्कृति साहित्यमा के कसरी आएका छन् र कुन समयमा कस्तो संस्कृति प्रचलित थियो भन्ने कुरा पहिचान गर्न कला साहित्यले सहयोग गर्दछ । त्यसैले संस्कृतिलाई पनि साहित्य अध्ययनको आधारका रूपमा स्वीकार गरिएको छ र यो समाजशास्त्रीय अध्ययनको एउटा आधार हो ।

### २.५.७ अनुभूतिको संरचना

अनुभूतिको संरचना बेलायती चिन्तक रेमन्ड विलियम्स (१९२१-१९८८) को समग्र सांस्कृतिक चिन्तनमा पाइने केन्द्रीय पदावली एवम् मान्यता हो । मैनेजर पाण्डेय लेख्दछन्: समाजमा संस्कृति आर्थिक या राजनीतिक जस्ता व्यवहार जस्तो आधारभूत व्यवहार हो ।

संस्कृतिबाट समाजको स्वरूप बन्दछ । सांस्कृतिक प्रक्रिया समाजका आर्थिक, राजनैतिक प्रक्रिया, व्यवहार साधन र परिस्थिबिाट प्रभावित हुन्छन् । यिनलाई प्रभावित पनि बनाउँ छन् भन्ने मान्यतालाई विलियम्सले पछि गोल्डमान र ग्राम्सी आदिको सम्पर्कमा आएपछि अघि सारे (पाण्डेय, सन् २००६ : १७३) । विलियम्सका अनुसार संस्कृत समग्र पद्धति हो र संस्कृतिको दस्तावेज रूप दार्शनिक र सिर्जनात्मक कृतिहरूमा पाइन्छ । त्यसमा मानवीय चिन्तन र अनुभवको अभिव्यक्ति हुन्छ । उनी अनुभूतिको संरचनालाई एक कालखण्डको संस्कृति पनि भन्न रूचाउँ छन् । उनी विचारभन्दा अनुभूतिलाई, वर्गभन्दा समुदायलाई र सामाजिक संरचनाभन्दा पिँ ढीलाई महत्त्व दिन्छन् । विलियम्सका विचारमा समाजमा प्रभुत्वशाली पिँ ढी, अधीनस्थ पिँ ढी र उदयमान् पिँ ढी गरी तिन पिँ ढीहरू कुनै न कुनै रूपमा समाज अस्तित्ववान् हुन्छन् । समाजमा पहिलो पिँ ढी यसको समाधान स्वरूप दोस्रो वा तेस्रो पिँ ढी वा समुदायले वैकल्पिक बाटो लिई नयाँ संरचना जन्माउँ छन् । यसरी प्रत्येक कालखण्डका समाजमा यी पिँ ढी वा समुदायका आफ्ना अनुभूतिहरू हुन्छन् र हरेक कलाकृति अनुभूतिको संरचनाको उपज हुन्छ ।

अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय चिन्तन परम्पराको महत्त्वपूर्ण अवधारणा हो । यस अवधारणाका प्रतिपादक बेलायती चिन्तक रेमन्ड विलियम्स हुन् । विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचना साहित्यलाई समाज र संस्कृतिसँ ग जोड्ने, समीक्षा गर्ने महत्त्वपूर्ण मान्यता हो ।

साहित्यकारले कृतिमा प्रस्तुत गरेको समाज एवम् पाठकले गर्ने त्यस समाजको यथार्थ अनुभवमा दृष्टिकोण विचारात्मक हुन्छ जसको विचार विमर्श अनुभूतिको संरचनामा हुन्छ । उनले यस्तो विचारलाई अनुभूतिको संरचना भनेका छन् । उनले संस्कृति, राजनीति एवम् साहित्यका क्षेत्रमा गम्भीर अध्ययन गरेर यस विचारलाई साहित्यिक कृतिको मूल्याङ्कनमा उपयोग गरेका छन् । विलियम्सले कृतिमा सामाजिक विचारको मूल्य खोजेका छन् । समाविष्ट विषयमा मूल्यको प्रकृति निरूपण पनि गरेका छन् । कुनै पनि साहित्यिक कृतिको अध्ययन पश्चात् पाठकले धारणाका स्वरूप निर्माण गर्दा अल्पसम्प्रेषित एवम् गलत सम्प्रेषित बिन्दुको पहिचान गर्दछ । लेखकबाट र कृतिमा प्रस्तुत गरिएको समाज एवम् पाठकबाट समाज एउटै हुँ दा दृष्टिकोणको विचारअन्तरले अनुभूतिमा अन्तर आउँ छ र पाठकबाट लेखकले समेट्न नसकेका विषयको पनि बोध हुन्छ ।

रेमन्ड विलियम्सले संस्कृतिलाई समग्र पद्धति मानेका छन् । कुनै कृति या संस्थाको अध्ययन अर्को कृति र संस्थासँ गै त्यसको सम्बन्धको विवेचनाको महत्त्व हुन्छ भन्ने धारणा राख्दै उनी

विभिन्न प्रकारका सांस्कृतिक ढाँचाका आपसी सम्बन्धको खोजीबाट पूरै संस्कृतिको स्वरूप अगाडि आउने धारणा राख्दछन् । विलियम्सका विचारमा संस्कृतिको जुन दस्तावेजी रूप दार्शनिक र सिर्जनात्मक कृतिहरूमा पाइन्छ, त्यसमा मानवीय चिन्तन र अनुभवको अभिव्यक्ति हुन्छ । संस्कृति लेखिएको दस्तावेजबाट ग्रहण गरिने विषय मात्र होइन यो समाजमा रहेको जीवन्त अनुभव हो । समाजमा मानव समुदाय र संस्कृतिको अभिव्यक्ति हुन्छ (पाण्डेय, सन् २००६ : १७३) । विलियम्सले प्रभुत्वशाली र वैकल्पिक परम्पराहरूका साथै परम्पराको पूरै प्रक्रियामा अवशिष्ट र उदीयमान परम्पराको चर्चा गरेका छन् । उनका अनुसार अवशिष्टको तात्पर्य भन्नाले त्यस्ता अनुभव, अर्थ र मूल्य हुन् जसको प्रमाणीकरण सम्भव हुँदैन, प्रधान संस्कृतिमा नै यो अभिव्यक्त हुने गर्दछ । उदीयमान संस्कृतिको परम्परालाई स्पष्ट पार्ने क्रममा समाजमा नयाँ अर्थ र मूल्य, नयाँ व्यवहारहरू, नयाँ अनुभव र नयाँ सार्थकताहरू निरन्तर निर्मित हुन्छन् । तिनलाई आफूभित्र समाहित गर्ने प्रयास प्रभुत्वशाली परम्पराका तर्फबाट पनि हुन्छ र विरोधको वैकल्पिक परम्पराका तर्फबाट पनि हुन्छ । विलियम्सले परम्पराका यी विभिन्न रूप र पक्षको व्याख्या गरेर साहित्यको समाजशास्त्रलाई एउटा नयाँ आयाम प्रदान गरेका छन् । टेरी इगल्टनले विलियम्सले अनुभूतिको संस्कृतिको व्याख्याका क्रममा व्यक्त गरेका विचार र वर्डस्वर्थको संवेदनशीलता लोक उन्मुखता सम्बन्धी संस्कृतिको व्याख्यामा धेरै हदसम्म साम्य भएको तथ्यलाई प्रष्ट्याएका छन् (पाण्डेय, सन् २००६ : १७७) । यसरी विलियम्सको अनुभूतिको संरचनालाई अर्को शब्दमा संवेदनाको संरचनाभन्दा पनि कुनै फरक नपर्ने देखिन्छ ।

पुँजीवाद वा साम्राज्यवाद केवल हतियारबाट मात्र होइन सांस्कृतिक ढङ्गले बुद्धिजीवी तयार पारी आफू अनुकूलको सांस्कृतिक ढाँचा तयार पार्दछ । सकेसम्म सम्झौताबाट नै प्रभुत्वशाली वर्गले आफ्नो प्रभुत्व कायम गर्दछ । अधिरचनालाई नभेटाउञ्जेल क्रान्ति परिवर्तन हुँदैन भन्ने ग्राम्सीको मान्यतालाई स्वीकार गर्दै विलियम्सले समाजमा तिन वटा पिँढीगत तह जसलाई प्रभुत्वशाली पिँढी, वैकल्पिक पिँढी र उदयमान पिँढी हुने कुरा अगाडि सारेका छन् अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीलाई विस्थापित गरेर आफ्नो अधिकार स्थापित गर्न चाहने गर्दछ । उदीयमान पिँढीलाई दुवैले आफूतिर तान्ने प्रयास गर्दछन् । उदीयमान र प्रभुत्वशाली पिँढीबिच जति भिन्नता देखिन्छ त्यति भिन्नता अधीनस्थ पिँढीबिच देखिँदैन । प्रभुत्वशाली र अधीनस्थ

पिँढीका बिच जति दबाव र तनावको सम्बन्ध हुन्छ र त्यसको समाधानको स्वरुप पुरानो सांस्कृतिक ढाँचाको अन्त्य र नयाँ सांस्कृतिक ढाँचाको उदय हुन्छ ।

यसरी अनुभूतिको संरचनाका अध्ययनका लागि कृतिमा विद्यमान समूह, पिँढी तथा त्यस्ता पिँढी वा सांस्कृतिक समुदायको सम्बन्धको अध्ययन आवश्यक छ भन्ने कुरा स्पष्ट छ । विभिन्न पिँढी-समुदायको अनुभूतिलाई बुझ्न समाजमा विद्यमान संस्कृति र दबाव तथा तनावको अन्तर्सम्बन्धको ज्ञान आवश्यक छ । उनका अनुसार पहिलो संस्कृति एउटा जीवन्त अनुभवको रूपमा रहेको हुन्छ र यसको दोस्रो रूप दस्तावेजी हुन्छ । जुन कलाकृतिदेखि लिएर वस्तुमा विद्यमान रहन्छ । संस्कृतिको तेस्रो रूप भनेको यिनै दुबै सम्बन्धद्वारा निर्माण हुन्छ जसलाई छानिएको परम्परा पनि भन्न सकिन्छ (पाण्डेय, २००६ : १७२) । उनको संस्कृति सम्बन्धी यस विचारधारालाई समुदायगत अनुभवको संस्कृति पनि भन्न सकिन्छ । यो समुदायगत रूपमा प्रभुत्वशाली समुदायद्वारा निर्माण हुने दमन वा दबाव तथा त्यसैका सापेक्षमा अधीनस्थ पिँढीले गर्ने जीवनानुभूति तथा कल्पनाका साथसाथै प्रतिरोधी चेतनाद्वारा उदय हुने समाधान उन्मुख संस्कृतिसँग सम्बन्धित छ । अत: अनुभूतिको संरचनाको व्याख्या गर्दा दबाव र तनावका सन्दर्भमा घटित हुने दोहोरो प्रक्रियाको अनुभवलाई कलाकृतिको व्याख्याको क्रममा अलग्याएर हेर्न सकिन्न किनभने सांस्कृतिक समूहको हैकम, अधीनस्थता तथा प्रतिरोधी चेतना नै अनुभूतिको संरचना निर्माणका मूल आधार हुन् । यसर्थ साहित्यकार र तत्कालीन समाजको समाजप्रतिको वा विश्वप्रतिको धारणा, मान्यता वा बुझाइलाई पहिचान गर्न अनुभूतिको संरचनालाई पनि कृति अध्ययनको आधारको रूपमा स्वीकार गरिएको छ ।

### २.५.८ विश्वदृष्टि

विश्वदृष्टिले समाजका कुनै वर्ग वा समूहमा रहेका सामाजिक मूल्य र मान्यता जस्ता सामाजिक संरचनाबिच समानधर्मिता ल्याउँछ । यसै हुनाले साहित्यको समाजशास्त्रीय अध्ययनले कुनै कृति र समूहको बिचको खोजी गर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति विश्वदृष्टिलाई सैद्धान्तिक मापदण्डका रूपमा विकसित गर्ने व्यक्ति लुसिएँ गोल्डमान हुन् । उनी मार्क्सवादबाट प्रभावित चिन्तकका रूपमा चिनिन्छन् । मार्क्सवादबाट प्रभावित भए पनि उनले मार्क्सवादको वर्ग सङ्घर्ष र वर्ग चेतना सम्बन्धी मान्यतामा फरक मान्यता राखेका छन् र आफ्नो साहित्य सम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् । समाजशास्त्र सम्बन्धी

उनको सिद्धान्तलाई उत्पत्तिमूलक संरचना भनिन्छ । यसभित्र साहित्य अध्ययनका विभिन्न आधारहरू पनि छन् । तीमध्ये विश्वदृष्टि उनको सबैभन्दा प्रमुख मान्यता हो (पाण्डेय, सन् २००६ : २०) । उनका अनुसार प्रत्येक कृति कुनै लेखकको रचना हो । त्यसैले यो लेखकको विचार तथा चेतना वा परावैयक्तिक चेतनालाई अभिव्यक्ति गर्दछ । ती विचार तथा चेतना लेखकको समाज तथा त्यस वर्गका व्यक्तिहरूको चिन्तन र व्यवहारबाट प्रभावित हुन्छन् । यसरी लेखककै समुदायका विचार, भावना, चेतना आदि कुराहरू लेखकको विचारसँग अन्वित हुन्छन् र विश्वदृष्टिको विकास हुन्छ (क्षेत्री, २०६४ : ४६) । गोल्डमान के भन्दछन् भने साहित्यिक कृतिले सामूहिक भावना वा परावैयक्तिक चेतनालाई अभिव्यक्त गर्दछ । त्यसैले यो लेखकको निजी निर्मित विषयका रूपमा रहेको हुन्छ । त्यसमा वर्ग वा समुदायका अन्य व्यक्ति पनि सहभागी हुन्छन् । पाण्डेले साहित्यमा अझ विचारको स्वरूपलाई लेखकको वर्ग वा समूह तथा लेखकको समाजका अन्य वक्ताहरूको विचार अनि भावनासँग जोडेर बुझ्नु पर्दछ भन्ने मान्दछ ।

साहित्यकार तथा कलाकारहरू पनि समाजका सदस्य भएकाले समाजको इतिहास तथा राजनीति घटनाबाट सदैव प्रभावित हुन्छन् । यसर्थ साहित्यकारले आफ्नो कृतिमा अभिव्यक्त गरेको विचारबाट समाजका वर्ग तथा समूहको विचार प्रकट गरेको हुन्छ । कुनै पनि लेखकको मानसिकतालाई प्रभावित पार्ने त्यहाँका वर्ग वा समूहको वैयक्तिक सम्बन्धबाट एउटा विशेष प्रकारको विचार तथा चेतनाको विकास भएको पाइन्छ । यसै कारण साहित्यकारले कृतिमा व्यक्त गरेको विश्वदृष्टिको संरचना लेखकको निजी कारण तथा सिर्जना मात्र होइन । त्यो लेखकका वर्गका अन्य व्यक्तिहरूबाट प्रभावित हुन्छ । लेखकले कृतिमा व्यक्त गरेको विश्वदृष्टिमा लेखकको समाजका वर्ग वा समूहको सहभागिता रहेको हुन्छ । गोल्डमानका मतमा समूहको चेतना नै विश्वदृष्टि हो । त्यसैले एउटा वर्ग वा समूहको सम्भावित चेतनाले नै निर्माण गर्ने काम गर्दछ । त्यसको अभिव्यक्ति धर्म, दर्शन र साहित्यमा भिन्न भिन्न रूपमा व्यक्त भएको हुन्छ ।

साहित्यमा व्यक्त विचारको स्वरूपलाई लेखकको वर्ग, समुदाय तथा लेखकको समाजका अन्य व्यक्तिहरूको विचार अनि भावनासँग जोडेर बुझ्नुपर्छ । कुनै पनि समाजमा त्यहाँका वर्ग वा समूहको अन्तर्वैयक्तिक सम्बन्धबाट एउटा विशेष प्रकारको विचार तथा चेतनाको विकास भएको हुन्छ । त्यस चेतनाले लेखकको मानसिकतालाई प्रभावित गरेको हुन्छ । यसै कारण साहित्यकारले कृतिमा व्यक्त गरेका विश्वदृष्टिको संरचना लेखकको निजी निर्माण तथा सिर्जना मात्र नभएर

लेखकका वर्गका अन्य सदस्यका विचारबाट विश्वदृष्टि प्रभावित पनि हुन्छ । तसर्थ एउटा वर्ग वा समूहको जीवनजगतका बारेमा साहित्यमा व्यक्त भएको लेखकको सुसङ्गत अन्तदृष्टि नै विश्वदृष्टि हो । यो रचनामा धारणा र कल्पनाका माध्यमबाट व्यक्त भएको हुन्छ । साहित्यमा व्यक्त भएको विश्वदृष्टिको खोजीबाट कुनै पनि समाजका मानिसहरूको वर्गीय वा सामूहिक भावनालाई समग्र रूपमा बोध गर्न सकिन्छ । साहित्यकारले आफ्नो कृतिमा आफूलाई मात्र नभएर समाजको व्यवहार तथा प्रवृत्तिलाई पनि व्यक्त गरेको हुन्छ । त्यसो हुँदा कुनै पनि कला वा कृतिको व्याख्या व्यक्तिगत भावनाका आधारमा गर्न सकिँदैन् । समाज तथा समूहको विषय व्यक्ति होइन यो त सामाजिक सम्पूर्णता हो । त्यसैले साहित्यलाई समूह चेतनाको संरचनाका सन्दर्भमा बुझ्नुपर्दछ । यो विश्वदृष्टि एउटा निश्चित काल खण्डमा एउटा वर्गको विचार, अनुभूति र व्यवहारको समग्रतामा प्रकट हुन्छ । विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित हुन्छ । त्यो दर्शन, कला र साहित्यमा व्यक्त भएको हुन्छ भन्ने मत गोल्डमानको रहेको छ ।

गोल्डमानको विश्वदृष्टिको धारणा समग्रताको धारणाबाट अनुशासित रहेको छ । समग्रताको आशय कृतिको बोधबाट व्यापक सामाजिक ऐतिहासिक प्रक्रियाको बोध गर्नु भन्ने हो । गोल्डमानले ऐतिहासिक प्रक्रियाबाट कृति र कृतिमा व्यक्त विश्वदृष्टिको सम्बन्धको व्याख्यामा महत्त्व दिएका छन् । समाजका वर्ग वा समूहको इतिहासको बोधबाट कृतिमा व्यक्त विश्वदृष्टिको बोध गर्न सकिन्छ भन्ने उनको आशय रहेको छ । गोल्डमान के भन्दछन् भने कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको समानधर्मिता सबभन्दा बढी हुन्छ । यसलाई संरचनाको समानधर्मिता पनि भनिन्छ । महानरचनामा यो समानधर्मिता सबभन्दा बढी हुन्छ । त्यसैले उनका विचारमा साहित्यको समाजशास्त्रीले यही समानधर्मिताको खोजी गर्नु पर्दछ । ( पाण्डेय, २०६८ : २१) । उनी लेखकको बिचार र लेखकमाथि परेको प्रभावलाई साध्यसम्म मान्दछन् र त्यसलाई कृति मूल्याङ्कनका लागि त्यति महत्त्व दिँदैनन् । उनी एक जना व्यक्तिको अनुभव ज्यादै सीमित र सङ्कुचित हुन्छ, त्यसैले यसबाट सार्थक मानसिक संरचना अथवा विश्वदृष्टिको विकास सम्भव हुँदैन । विश्वदृष्टिको रचना एउटा सामाजिक वर्गले लामो समयमा गर्दछ । यसर्थ रचनामा यसको अध्ययन आवश्यक हुन्छ भन्दछन् । समूहको चेतना नै विश्वदृष्टि हो । यो वर्गीय तथा जातीय रूपमा अभिव्यक्त भएको हुन्छ । यसलाई साहित्य विश्लेषणको आधारका रूपमा स्वीकार गरिएको हो ।

## २.६ निष्कर्ष

साहित्यको समाजशास्त्र साहित्यिक समालोचनाको एउटा पद्धति हो । यो समाजशास्त्रीय पद्धतिमा आधारित छ । यसले साहित्य र समाजको सम्बन्धको विश्लेषण गर्दछ । यसको विकाससँगसँगै विभिन्न दृष्टिकोण र मान्यताहरू पनि विकास हुँदै आएको पाइन्छ । यो सिद्धान्तमा प्रत्यक्षवादी र मीमांसावादी गरी मुख्यतः दुई धारा रहेका छन् । साहित्यलाई समाजको दर्पण मान्ने सिद्धान्त प्रत्यक्षवादी सिद्धान्त हो । यसले समाजको बा।य पक्षको मात्र अध्ययन गर्दछ । मीमांसावादी सिद्धान्तले भने समाजको आन्तरिक पक्षको विश्लेषण गर्दछ । यसका साथै यसले साहित्यमा अन्तरनिहित मूल्यको प्रकृतिलाई पनि स्पष्ट पार्दछ । साहित्यको समाजशास्त्रले साहित्यमा सामाजिक क्रियाकलाप, सामाजिक संरचना र सामाजिक संस्थाहरूको खोजी गर्दछ । यसले साहित्यमा प्रयुक्त चरित्रका आधारमा साहित्यको समाज पत्ता लगाउँछ । यतिमात्र नभएर यसले साहित्यिक समाजमा कुन जाति वा वर्गका मानिस छन् ? लेखक बाँचेको पर्यावरण कस्तो छ ? तत्कालीन सामाजिक वर्ग अवस्था कस्तो छ ? भन्ने जानकारी समेत गराउँछ । साहित्यमा प्रयुक्त विचार वा पात्रका भाषाको माध्यमबाट तत्कालीन भाषा र संस्कृतिको समेत ज्ञान हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनबाट साहित्य सिर्जना हुँदाको राजनीतिक, सामाजिक, आर्थिक क्रियाकलापको जानकारी प्राप्त हुन्छ । साहित्यकारको विचार, अनुभूतिको जानकारी समेत समाजशास्त्रीय अध्ययनबाट मिल्दछ । यसका साथै साहित्यमा प्रयुक्त विचारका आधारमा सामाजिक व्यक्तिहरूको विश्वदृष्टिको खोजी र पहिचान गर्ने काम पनि यस अध्ययनमा हुन्छ । यसले तत्कालीन सामाजिक भाषा तथा भाषिकाको खोजी समेत गर्दछ । साहित्यको समाजशास्त्र साहित्यमा समाजको खोजी गर्ने शास्त्र हो । त्यसकारण साहित्यको समाजशास्त्रीय अध्ययनले समाजको गति, वर्ग, समुदाय, विचार, चेतना, सामाजिक, राजनीतिक, आर्थिक आदि अवस्थाबारे थाहा पाउनु पर्दछ । यी कुरा थाहा पाउनको लागि जाति, युग वा क्षण, पर्यावरण, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूति संरचना र विश्वदृष्टिलाई साहित्य अध्ययनको मुख्य आधार बनाइएको छ । साहित्य सिर्जना तथा समालोचना आफैमा एउटा जटिल तथा विशिष्ट कार्य हो । यसर्थ उल्लिखित आधारहरू मात्रै साहित्य अध्ययनका लागि प्रयाप्त हुँदैनन् । त्यसो भएको हुँदा ती बाहेक साहित्यमा सामाजिक संरचना, मनोविज्ञान, सामाजिक इतिहास आदिलाई पनि मापदण्ड बनाउन सकिन्छ तर यसरी मापदण्ड बनाउँदा अध्ययनका आधारहरू अनगिन्ती हुन सक्छन् । त्यसैले

प्रजाति, क्षण वा युग, पर्यावरण, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूतिको संरचना र विश्वदृष्टिले सामान्यतया समाजका हरेक परिवेशलाई समेट्न सक्ने हुँदा यिनै कुरालाई समाजशास्त्रीय अध्ययनको आधार बनाइनु उपयुक्त हुन्छ ।

# तेस्रो परिच्छेद

# 'बाँ कथा' का कथामा प्रजाति, क्षण तथा परिवेश

## ३.१ विषय परिचय

साहित्यको समाजशास्त्र साहित्यिक समालोचनाको एउटा पद्धति हो । यो समाजशास्त्रीय पद्धतिमा आधारित छ । यसले साहित्य र समाजको सम्बन्धको विश्लेषण गर्दछ । यसको विकाससँगसँगै विभिन्न दृष्टिकोण र मान्यताहरू पनि विकास हुँदै आएको पाइन्छ । यो

सिद्धान्तमा प्रत्यक्षवादी र मीमांसावादी गरी मुख्यत: दुई धारा रहेका छन् । साहित्यलाई समाजको दर्पण मान्ने सिद्धान्त प्रत्यक्षवादी सिद्धान्त हो । यसले समाजको बा|य पक्षको मात्र अध्ययन गर्दछ । मीमांसावादी सिद्धान्तले भने समाजको आन्तरिक पक्षको विश्लेषण गर्दछ । यसका साथै यसले साहित्यमा अन्तरनिहित मूल्यको प्रकृतिलाई पनि स्पष्ट पार्दछ । साहित्यको समाजशास्त्रले साहित्यमा सामाजिक क्रियाकलाप, सामाजिक संरचना र सामाजिक संस्थाहरूको खोजी गर्दछ । यसले साहित्यमा प्रयुक्त चरित्रका आधारमा साहित्यको समाज पत्ता लगाउँछ । यतिमात्र नभएर यसले साहित्यिक समाजमा कुन जाति वा वर्गका मानिस छन् ? लेखक बाँचेको पर्यावरण कस्तो छ ? तत्कालीन सामाजिक वर्ग अवस्था कस्तो छ ? भन्ने जानकारी समेत गराउँछ । साहित्यमा प्रयुक्त विचार वा पात्रका भाषाको माध्यमबाट तत्कालीन भाषा र संस्कृतिको समेत ज्ञान हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनबाट साहित्य सिर्जना हुँदाको राजनीतिक, सामाजिक, आर्थिक क्रियाकलापको जानकारी प्राप्त हुन्छ । साहित्यकारको विचार, अनुभूतिको जानकारी समेत समाजशास्त्रीय अध्ययनबाट मिल्दछ । यसका साथै साहित्यमा प्रयुक्त विचारका आधारमा सामाजिक व्यक्तिहरूको विश्वदृष्टिको खोजी र पहिचान गर्ने काम पनि यस अध्ययनमा हुन्छ । यसले तत्कालीन सामाजिक भाषा तथा भाषिकाको खोजी समेत गर्दछ । साहित्यको समाजशास्त्र साहित्यमा समाजको खोजी गर्ने शास्त्र हो । त्यसकारण साहित्यको समाजशास्त्रीय अध्ययनले समाजको जाति, वर्ग, समुदाय, विचार, चेतना, सामाजिक, राजनीतिक, आर्थिक आदि अवस्थाबारे थाहा पाउनु पर्दछ । यी कुरा थाहा पाउनको लागि जाति, युग वा क्षण, पर्यावरण, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूतिको संरचना र विश्वदृष्टिलाई साहित्य अध्ययनको मुख्य आधार बनाइएको छ । साहित्य सिर्जना तथा समालोचना आफैमा जटिल तथा विशिष्ट कार्य हो । यसर्थ उल्लिखित आधारहरू मात्रै साहित्य अध्ययनका लागि प्रयाप्त हुँदैनन् । त्यसो भएको हुँदा ती बाहेक साहित्यमा सामाजिक संरचना, मनोविज्ञान, सामाजिक इतिहास आदिलाई पनि मापदण्ड बनाउन सकिन्छ तर यसरी मापदण्ड बनाउँदा अध्ययनका आधारहरू अनगिन्ती हुन सक्छन् । त्यसैले प्रजाति, क्षण वा युग, पर्यावरण, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूतिको संरचना र विश्वदृष्टिले सामान्यतया समाजका हरेक परिवेशलाई समेट्न सक्ने हुँदा यिनै कुरालाई समाजशास्त्रीय अध्ययनको आधार बनाइनु उपयुक्त हुन्छ ।

साहित्यको समाजशास्त्रीय समालोचनात्मक प्रणालीका साहित्य विश्लेषण गर्ने विविध आधारहरूमध्ये प्रजाति, क्षण वा परिवेश महत्त्वपूर्ण आधारहरू हुन् । साहित्यकार समाजको सदस्य भएको हुँदा उसले आफ्ना रचनामा समाजको प्रतिबिम्बलाई चित्रण गरेको हुन्छ । यस क्रममा उसले आफ्नो समाजका प्रजातिगत विशेषता भएका व्यक्ति वा समूहलाई भिन्न भिन्न तरिकाले प्रस्तुत गरेको हुन्छ । प्रजाति अन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट, शारीरिक संरचना आदि पर्दछन् । क्षण भनेको साहित्यकारले साहित्यमा अभिव्यक्त गरेको युगको प्रतिबिम्ब हो भने परिवेश अन्तर्गत जलवायु तथा अन्य सामाजिक, राजनीतिक, आर्थिक अवस्था र तिनले मानिसमा पारेको मानसिक प्रभाव पर्दछन् । साहित्यको समाजशास्त्रीय अध्ययनले साहित्यिक कृतिमा यी कुराको खोजी गर्दछ । प्रस्तुत शोधको यस परिच्छेदमा समाजमनोवैज्ञानिक कथाकार गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूलाई प्रजाति, क्षण वा परिवेशका आधारमा विश्लेषण गरिएको छ ।

## ३.२ बाँ कथा का कथामा प्रजाति

प्रजाति छुट्याउँदा कथामा कथाकारले स्पष्ट रूपमा जात उल्लेख भए जातका आधारमा यसो नभए पात्रको शारीरिक संरचना र वंशाणुगत स्वभाव, भाषा, सामाजिक संस्कार आदिका आधारमा पनि छुट्याउन सकिन्छ । गोविन्द गोठाले प्रतीकहरूको प्रयोग गर्ने समाजमनोवैज्ञानिक कथाकार हुन् । यस कथासङ्ग्रहमा यिनले समाजका यथार्थलाई प्रस्तुत गर्ने क्रममा विभिन्न प्रवृत्ति बोकेका, विभिन्न संस्कार एवम् भाषा प्रयोग गर्ने व्यक्तिलाई स्थान दिएका छन् ।

**आँखा** कथा गोविन्द गोठालेको **बाँ कथा** कथासङ्ग्रहमा सङ्कलित पहिलो कथा हो । **हीरालाल** यस कथाको प्रमुख पुरुष पात्र हो । यो कथा हीरालालकै केन्द्रीयतामा संरचित छ । ऊ यस कथामा निम्न प्रजातिको पात्रको रूपमा आएको छ । उपत्यकाको सामाजिक र दरबारिया परिवेशमा घटित विभिन्न कुराहरूलाई देखाइएको यस कथामा कथाकारले उच्च र निम्न प्रजातिगत विशेषता बोकेका पात्रहरूलाई कथामा प्रयोग गरेका छन् । यस कथाको सहायक पात्र हीरालालको बाबु मोतीलाल हो । ऊ पनि यस कथामा निम्न प्रजातिको पात्रको रूपमा देखिएको छ । यस कथामा आएका पात्रहरूमा जरसाहेब, रानीसाहेब, ठूलो राजा, मर्जिनानानी र हजुरज्याननानी, मैसाव उच्च तथा क्षेत्री प्रजातिका पात्र हुन् भने ब्राम्ण, पुजारी बाजे ब्राम्ण प्रजातिका पात्र हुन ।

यस कथामा अन्य पात्रहरू ढोके, डोले, सइस, गोठाला, केटी, सुसारे, द्वारे आमा, धाई बुबू लगायतका पात्रहरू निम्न प्रजातिका वा निम्न प्रजातिगत विशेषतालाई दर्शाउने पात्रहरू हुन् । यिनीहरूको यस कथामा कुनै पनि प्रजाति वा जात उल्लेख गरिएको छैन । यस कथामा प्रजातिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''उसले पटुकामा खुकुरी सिउरेका सारा आठपहरियाहरूलाई चिन्यो । नाक डल्लो डोलेलाई चिन्यो, त्यस्तै कोही मोटो, कोही दुब्लो, कोही चिम्से, डोले, भान्छे बाहुन, सइस, गोठाला, ड्राइभर सबैलाई चिन्यो (पृ. २) ।'' माथिको उद्धरणमा पटुकामा खुकुरी सिउरेका सारा आठपहरियाहरू क्षेत्री  प्रजातिका पात्र हुन् भने नाक डल्लो डोले, सइस, गोठाला, ड्राइभर जस्ता पात्रहरू निम्न वर्गको प्रतिनिधित्व गर्ने निम्न प्रजातिगत विशेषता बोकेका पात्रहरू हुन् । यस उद्धरणमा आएका भान्छे बाहुन ब्राोम्ण प्रजातिका तथा उच्च प्रजातिगत विशेषता बोकेका पात्र हुन् ।

''हरिमानको लवाइ, पूरा जीउ, सारा चालढाल र हिँ डाइले नै धनी मान्छे, एकदम धनी मान्छे  (पृ. ९) ।'' माथिको उद्धरणमा हरिमानको लवाइ, पूरा जीउ, सारा चालढाल र हिँ डाइले नै धनी मान्छे, एकदम धनी मान्छे भन्ने वाक्यले नै ऊ उच्च प्रजातिगत विशेषतालाई दर्शाएको छ ।

**बाी कथा** कथासङ्ग्रहमा सङ्ग्रहीत **गीता र मीना** कथा गोठालेको समलैङ्गिक यौन मनोविश्लेषणमा आधारित अरू भन्दा भिन्न शैलीमा लेखिएको कथा हो । यस कथामा कथाकार गोठालेले गीता र मीनाको प्रेम सम्बन्धलाई देखाएका छन् । यसका साथै यस कथामा कथाकार गोठालेले मान्छे विषम लिङ्गीसँ ग मात्र आकर्षित हुन्छ भन्ने कुरालाई हटाउँ दै समलिङ्गीहरूबिच पनि यौन सम्बन्ध हुन्छ भन्ने कुरा देखाएका छन् । यस कथाको प्रमुख पुरूष पात्र म पात्र हो । ऊ व्यापारी हो । ऊ यस कथामा उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएको छ । यस कथाका सहायक पात्र गीता र मीना हुन् । यिनीहरूका व्यवहार तथा सम्पूर्ण क्रियाकलापलाई हेर्दा उनीहरू क्षेत्री प्रजातिका हुन् । यिनीहरूको केद्रीयतामा नै यस कथाको घटनाक्रम अगाडि बढेको छ । यस कथाका अन्य पात्रहरूमा म पात्र, खरिदार, अधिकृत, मन्त्री उच्च प्रजातिगत विशेषता बोकेका पात्र हुन् । अत: यस कथामा आएका पात्रहरू उच्च तथा निम्न प्रजातिगत विशेषताका रहेका छन् । यस कथामा प्रजातिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''एउटी गहुँ गोरी छ, अर्की गोरी छ । एउटीको अनुहार केही गोल छ, अर्कीको केही लाम्चो । एउटी केही मोटीजस्ती देखिन्छे, अर्की केही दुब्ली । तर उनीहरू टुक्रिएको भिन्न भिन्न व्यक्तित्व नभएर एउटै ढिक्काजस्तै देखिन्छन् (पृ. ११) ।'' माथिको उद्धरणमा गहुँ गोरी, गोरी, गोल अनुहार, लाम्चो अनुहार, मोटी, दुब्ली जस्ता शब्दहरुले गीता र मीनाको शारीरिक बनावटको चर्चा संकेत गरेको छ । यिनै शारीरिक तथा मानसिक पक्ष नै प्रजातिबनेर आएका छन् ।

''मीना केही दुब्लाइसकेकी थिई र उसको लाम्चो नाक र लाम्चो अनुहार झन् लाम्चिएको लाग्यो (पृ. २४) ।'' माथिको उद्धरणमा मीनाको शारिरीक पक्षको चर्चा नै प्रजातिगत विशेषता बनेर आएको छ ।

**छोरीको बाबु** कथामा काठमाडौँ उपत्यकामा बसोवास गर्ने नेपाली मानव समुदाय र त्यसका प्रजातिको प्रयोग भएको पाइन्छ । लेखक स्वयम् पनि हिन्दू प्रजातिको भएका कारण हिन्दू प्रजातीय प्रभाव यस कथामा पनि परेको छ । यस कथामा प्रयोग भएका पात्रहरू सबै हिन्दू प्रजातिबाट टिपिएका छन् । यस कथाको मुख्य पुरूष पात्र ज्ञानमान हो । ऊ यस कथामा निम्न तथा नेवार प्रजातिको पात्रका रूपमा आएको छ । यस कथामा बाबुसाहेब गौण पात्रका रूपमा आएको छ । ऊ यस कथाको उच्च प्रजातिको पात्रका रूपमा आएको छ । यस कथामा आएका अन्य पात्रहरूमा ज्ञानमानकी स्वास्नी, उसका छोराछोरी पनि नेवार प्रजातिका पात्रका रूपमा आएका छन् भने खरदार मध्यम वर्ग वा प्रजाति बोकेको पात्र हो । ढोके लगायतका अन्य पात्रहरू निम्न वर्गका वा निम्न प्रजातिगत विशेषतालाई दर्शाउन आएका पात्रहरू हुन् । यस कथामा प्रजातिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''ऊ विचारलाई कार्यरूपमा परिणत गर्न हिँड्यो । भित्रको खरदारको घरमा पुग्यो । खरदार पूजा सिद्धयाएर भित्तामा अडेस लगाएर तमाखु खाइरहेको थियो (पृ. २६) ।'' माथिको उद्धरणमा पूजा गर्ने कार्य हिन्दू धर्म अन्तर्गत पर्ने हुनाले यस कथाको खरदार क्षेत्री प्रजातिको पात्र हो ।

''खरदारसाहेबले अलि झर्केको स्वरमा जवाफ दियो, "किन घडीघडी आउँछौ ? म आफै खबर पठाइहाल्छु नि ! (पृ. २७) ।'' माथिको उद्धरणमा खरदारको झर्कने स्वभावले उसको मानसिक प्रजातिगत विशेषतालाई दर्शाएको छ ।

**सुशीला भाउज्यू** कथामा पात्रहरूको बाहुल्यता रहेको छ । यस कथामा सुशीला भाउज्यू र उनको लोग्ने दीपबहादुर प्रमुख पात्रका रूपमा आएका छन् । यी दुवै उच्च प्रजातिगत विशेषता बोकेका क्षेत्री प्रजातिका पात्रहरू हुन् भने गौण पात्रका रूपमा भानुमती, सुन्तली, ज्यामीहरू र श्यामु जस्ता पात्रहरू आएका छन् । यिनीहरू सबै निम्न प्रजातिगत विशेषता भएका पात्र हुन् । यस कथामा आएका बाहुन बाहुनी भने ब्राम्ण जातिका पात्रहरू हुन् । चेतन रूपमा लोग्नेप्रति समर्पित रहेकी सुशीला भाउज्यू अचेतन अवस्थामा पुगेपछि उसले श्यामुलाई चुम्बन गरेकीले ऊ गतिशील पात्र हो । विधवा नारीको कुण्ठित यौन मानसिकतालाई सुशीला भाउज्यूको माध्यमबाट यस कथामा देखाउने काम गरिएको छ । सुशीला भाउजूलाई यस कथामा उच्चवर्गकी, अशिक्षित, परम्परावादी, द्वैत चरित्र, असंयम, स्वपीडन र यौन कुण्ठित एवम् पतिरतिग्रन्थिबाट निर्देशित भएकी नारी पात्रका रुपमा देखाइएको छ । यस कथामा कथाकार गोठालेले पितृसत्तात्मक चिन्तनका आधारमा सुशीला भाउज्यूको माध्यमबाट सम्पूर्ण नारीहरुको मानसिकतालाई विश्लेषण गर्ने काम गरेका छन् । पितृसत्तात्मक चिन्तनबाट प्रभावित रहेकाले लोग्ने मरेपछि लोग्नेको सत्मा रहनुपर्छ भन्ने मानसिकता सुशीला भाउजूमा रहेको पाइन्छ । त्यसैले यस कथामा सुशीला भाउज्यूलाई उच्च प्रजातिगत विशेषता भएकी, परम्परागत मूल्य मान्यताबाट पीडित, यौन कुण्ठालाई दमित गर्न बाध्य भएकी क्षेत्री प्रजातिकी पात्रका रूपमा देखाइएको छ । यस कथामा प्रजातिका आधारमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''एक दिन अचानक सुशीला भाउज्यूले भर्खर देखि उसको लोग्ने दीपबहादुरको कपालको रौँ सेताम्य भएको, उसले आफूलाई हेरी आफू पनि उमेर पुगेकी (पृ. ३६) ।'' माथिको उद्धरणमा दीपबहादुर र सुशीला भाउज्यूले आफूलाई बुढो भएको ठान्नु, कपाल सेतै फुलेको देख्नु, उमेर पुगेको देख्नुले उनीहरूको शारीरिक तथा मानसिक प्रजातिगत विशेषतालाई दर्शाएको छ ।

**बाढी** कथा तराईको परिवेश तथा वातावरणलाई आधार बनाएर रचना गरिएको कथा हो । धनिया चमार यस कथाको प्रमुख पात्र हो । ऊ यस कथामा तराईमा बस्ने थारू प्रजातिको पात्रका रूपमा देखिएको छ । कथाको आरम्भदेखि अन्त्यसम्म यस कथामा धनिया चमारको महत्त्वपूर्ण भूमिका रहेको छ । ऊ यस कथामा निम्न प्रजातिको पात्रको रूपमा आएको छ । रमा मालिक यस कथाको सहायक पात्र हो । ऊ यस कथामा सुरूमा निम्न वर्गका मान्छेहरूमाथि शोषण गर्ने उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखिए तापनि अन्त्यमा बाढीले सबै

धनसम्पति, जहान परिवार लगेपछि भने निम्न प्रजातिको पात्रका रूपमा देखिएको छ । यस कथामा आएका अन्य पात्रहरू धनिया चमारकी श्रीमती, उसका छोराछोरी, नथुनिया खतवे जस्ता पात्रहरू पनि थारू प्रजातिका पात्रका रूपमा आएका छन् । यिनीहरू सबै यस कथामा निम्न वर्गका वा निम्न प्रजातिगत विशेषतालाई दर्शाउने पात्रका रूपमा आएका छन् । यसका साथै रमा मालिककी श्रीमती, उसका छोराछोरी, रामपुरको मगनिया साहू आदि उच्च वर्ग वा उच्च प्रजातिगत विशेषतालाई दर्शाउने पात्रहरू हुन् । यस कथामा प्रजातिलाई दर्शाउने त्यस्ता कुनै उद्धरणहरू यस कथामा आएका छैनन् ।

**आगलागी** कथा नेपालको राजनीतिक घटनाक्रमलाई आधार बनाएर रचना गरिएको कथा हो । धन दाइ यस कथाको प्रमुख पात्र हो । उसैको केन्द्रीयतामा नै यस कथामा आएका घटनाहरू घुमिरहेका छन् । ऊ यस कथामा उच्च प्रजातिको पात्रका रूपमा आएको छ । यस कथाका बुढी आइमाई, तरुनी केटी, भाउजू, सानु, कालु, हितनारायण, धनबहादुरको छोरो गौण पात्रका रूपमा आएका छन् । यिनीहरू सबै निम्न वर्गको प्रतिनिधित्व गर्ने निम्न प्रजातिगत विशेषता भएका पात्रहरू हुन् । यस कथामा आएका अन्य पात्रहरू धन दाइकी श्रीमती, आमा, छोरा, धर्ममान, रामभक्त, मन्त्री, सचिव, कर्मचारी उच्च वर्गका वा उच्च प्रजातिगत विशेषता बोकेका पात्रहरू हुन् । लेखक स्वयम् हिन्दू प्रजातिका भएकाले यस कथामा आएका पात्रहरू पनि सबै हिन्दू प्रजातिकै हुन भन्न सकिन्छ । यस कथामा प्रजातिलाई दर्शाउने त्यस्ता कुनै पनि उद्धरणहरू आएका छैनन् ।

गोविन्द गोठालेको **बाँ कथा** कथासङ्ग्रहमा सङ्कलित **बलात्कार** कथा पहिलो बलात्कारबाट सुरु भई दोस्रो बलात्कारमा गएर अन्त्य भएको कथा हो । यस कथाको प्रमुख पुरुष पात्र रामेश्वरमान हो भने प्रमुख नारी पात्र लिली हो । यी दुई पात्रको केन्द्रीयतामा नै यस कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा समाप्त भएको छ । यिनीहरू दुबै यस कथामा निम्न वर्गको प्रतिनिधित्व गर्ने निम्न प्रजातिका पात्रका रूपमा आएका छन् । कथामा आएका शण्डमुशण्ड गुण्डाहरू सहायक पात्र हुन् । यिनीहरूको पनि यस कथामा कुनै जात उल्लेख छैन । त्यसैले यिनीहरूलाई पनि यस कथामा निम्न प्रजाति भएका पात्रका रूपमा राख्न सकिन्छ । मिठ्ठु, उसको श्रीमान् यस कथाका गौण पात्र हुन् । यिनीहरू उच्च प्रजातिका पात्र हुन् । यस कथामा आएका पात्रहरूको कार्यशैली, सामाजिक सांस्कृतिक चालचलन, भेषभूषा आदिलाई हेर्दा सबैलाई क्षेत्री

प्रजातिका पात्रका रूपमा राख्न सकिन्छ । यस कथामा प्रजातिलाई दर्शाउने त्यस्ता कुनै पनि उद्धरणहरू आएका छैनन् ।

**बुबू** कथामा कथाकार गोठालेले आर्थिक असमानताले ल्याएको विभेदलाई देखाउने काम गरेका छन् । यो कथा राणाकालीन समयमा नेपाली नारीहरूले भोगेका अमानवीय क्रियाकलापमा केन्द्रित भएर तयार पारिएको कथा हो । यस कथामा कथाकारले राणकालीन दरबारिया परिवेशको यथार्थतालाई देखाउने प्रयत्न गरेका छन् । यो कथा बुबूकै केन्द्रीयतामा संरचित छ । ऊ यस कथाकी प्रमुख पात्र पनि हो । उसको शारीरिक बनोट, हिँडाइ, डुलाइ तथा लवाइखुवाइले उसलाई क्षेत्री प्रजातिकी पात्रका रूपमा राख्न सकिन्छ । ठुलो राजा, रानी साहेब, दुलही मैसाहेब यस कथाका सहायक पात्र हुन । यिनीहरू पनि यस कथामा क्षेत्री प्रजातिका पात्रका रूपमा आएका छन् । भान्छे बाहुन यस कथामा ब्राम्हृण प्रजातिको पात्रका रूपमा आएको छ । बुबूकी सासू, बुबूको लोग्ने, जमुनी, बुबूको ससुरा, उसको छोरो, ड्राइभर जस्ता पात्रहरू निम्न वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएका छन् । यस कथामा आएका अन्य पात्रहरूमा बहिदार, ढोके, डोले, सइस, गोठाला, केटी, सुसारे आदि हुन । यिनीहरू पनि निम्न वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन । यस कथामा प्रजातिलाई दर्शाउने त्यस्ता कुनै पनि उद्धरणहरू आएका छैनन् ।

**यस्तो पनि भएको थियो** कथामा जङ्गबहादुरको शासन व्यवस्थाको चर्चा गरिएको छ । यस कथाको मुख्य पात्र जङ्गबहादुर स्वयम् नै हो । जङ्गबहादुरको वरिपरि रहेर नै यस कथाको कथानक आदि, मध्य र अन्त्यको घेरामा पुरा भएको छ । ऊ यस कथामा उच्च प्रजाति भएका पात्रका रूपमा आएका छन् । यस कथामा उनको वीरताको चर्चा गरिएकाले उनलाई क्षेत्री जातिका पात्रका रूपमा लिन सकिन्छ । यस कथामा आएका उनका भाइ भारदारहरू, धीरशमशेर, जगतजङ्ग, फत्तेजङ्ग, महारानीहरू पनि क्षेत्री प्रजातिका पात्रहरू हुन् । भिक्टोरिया उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् भने  सिद्धिमान नेवार प्रजातिको पात्र हो । यसका साथै यस कथामा आएका सैनिकहरू, मरन्च्यासे मान्छे, उसकी श्रीमती आदि गौण पात्रका रूपमा आएका छन् । यिनीहरूको कुनै प्रजाति वा जात उल्लेख गरिएको छैन । त्यसैले यिनीहरूलाई निम्न वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा राख्न सकिन्छ ।  यस कथामा प्रजातिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“अहिले श्री ३ जङ्गबहादुरले मेचको हत्थामा हात बजारे र उनको मुखारविन्दुबाट हुकुम निस्क्यो । त्यो हुकुम गरेको स्वर सारा पटाङ्गिनीमा लहरायो र हरेक भाइभारदारहरूका कानमा गुन्ज्यो । त्यस स्वरले कोतपर्वको चीत्कारलाई समेटेको थियो, त्यस स्वरले भण्डारखालको क्रमश: एकपछि अर्को गर्दै प्रहार गरिएको खुकुरीको छ्याकछ्याकपछिको मृत्युको नि:श्वासलाई पनि समेटेको थियो (पृ.७०) ।” माथिको उद्धरणमा जङ्गबहादुर र उसका भाइभारदारहरूको वीरताको चर्चा गरिएकाले उनीहरू क्षेत्री प्रजातिका थिए भन्न सकिन्छ ।

“चपटेहरूको खुट्टैखुट्टाको तालमा त्यो आवाज अघिल्तिर बढिरहेको थियो र ती खुट्टैखुट्टाको लहरबिच एउटा दुब्लो पातलो चयाँसे नाङ्गो खुट्टा थियो (पृ. ७१) ।” माथिको उद्धरणमा राणाकालीन समयमा निम्न वर्गका मान्छेहरुको अवस्था कतिसम्म दयनिय थियो भन्ने कुरालाई नै मुख्य रुपमा देखाउन खोजिएको छ ।

**साधन** कथामा जेदुनाथले एक दिन पशुपतिमा छोरी ज्वँाई र नातिलाई भेटे पनि छोरीले उसलाई बाबु नभनेर जन्म दिने साधनको रूपमा हेरेको कुरालाई कथाकारले उल्लेख गरेका छन् । त्यसपछि जेदुनाथले सबै मानव साधन भएको अनुभूति गर्न पुगेको छ । छोरीले जेदुनाथलाई माया गरेको देखिन्न । उसले जीवनप्रति शून्यवादी दृष्टिकोण अभिव्यक्त गरेकी छे । बाबु जेदुनाथको भूमिकासँग जोडिएर प्रयोग भएकी छोरीको भूमिका न्यून देखिन्छ । यस कथाको प्रमुख पुरुष पात्र जेदुनाथ हो । जेदुनाथको लुवाइ खुवाई, बोलीचाली, शारीरिक बनावटका हिसाबले ऊ यस कथामा ब्राम्हिण प्रजातिको पात्रका रूपमा आएको छ । यस कथामा आएका अन्य सहायक पात्रहरूमा जेदुनाथको आमाबाबु, उसकी श्रीमती र छोरी हुन् । यिनीहरू पनि यस कथामा ब्राम्हृण प्रजातिका पात्रका रूपमा आएका छन् भने गौण पात्रहरूमा भीखमङ्गा, लुलालङ्डा, बुढाबुढी, लास पोल्ने मान्छे आएका छन् । यिनीहरू यस कथामा निम्न प्रजातिका पात्रका रूपमा आएका छन् । यस कथामा प्रजातिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“उसले जीवन धान्न काठमाडौँमा एताउति गरेर भान्छे पनि भएको थियो । टहलुवा पनि भएको थियो (पृ. ८०) ।” माथिको उद्धरणमा जेदुनाथले जीवन धान्न भान्छेको काम पनि गरेको थियो भन्ने कुराले ऊ ब्राम्हिण प्रजातिको पात्र हो भन्न सकिन्छ ।

“जेदुनाथको झुसझुसे दाह्रीजुँगा भएको खस्रोपस्रो, मैलो अनुहारको बीचमा दुईवटा आँखा टल्केको थियो” (पृ. ८१) ।” माथिको उद्धरणमा झुसझुसे दाह्रीजुँगा, खस्रोपस्रो, मैलो अनुहार जस्ता शब्दले जेदुनाथको शारीरिक प्रजातिगत विशेषतालाई दर्शाएको छ ।

**त्यस बखत भएको यो कुरा** कथामा जङ्गबहादुरले बेलायत भ्रमणका बेलामा गरेका क्रियाकलाप, उनको शाष्सन व्यवस्थाको चर्चा गरिएको छ । यस कथाका मुख्य पात्र जङ्गबहादुर स्वयम् हुन् । यस कथामा उनको वीरताको चर्चा गरिएकाले उनलाई क्षेत्री प्रजातिका पात्रका रूपमा लिन सकिन्छ । यस कथामा आएका सहायक पात्रहरूका रूपमा भाइभारदार, मुसेकाजी, सानुचा, पण्डितबाजे, मुसेकाजीकी स्वास्नी, गुरुज्यू आदि आएका छन् भने गौण पात्रका रूपमा दरबारका सुसारेहरू, मुसेकाजीका छोराछोरी आएका छन् । यस कथामा प्रजातिगत रूपमा तीन किसिमका पात्रहरू आएका छन् । जङ्गबहादुर, उनका भाइभारदारहरू, मुसेकाजी, उसकी स्वास्नी, उसका छोराछोरी क्षेत्री प्रजातिका पात्रहरू हुन् । पण्डितबाजे, गुरुज्यू ब्राम्हिण प्रजातिका पात्र हुन् भने सुसारेहरू, गोठालो निम्न प्रजातिका पात्र हुन । यस कथामा प्रजातिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“मुसेकाजीले आफूले खाएको जुठो थाल आफैले माझ्नु परेको थियो । माझेको थालमा घरको भान्छेबाहुनले भात खन्याइदिन्थ्यो (पृ. ८६) ।” माथिको उद्धरणमा मुसेकाजीको जात गएको हुनाले निम्न प्रजातिको पात्र हो भने भान्छे बाहुन ब्राम्हिण प्रजातिको पात्र हो ।

“भोटो लगायो, लबेदासुरुवाल लगायो, पटुका बाँध्यो । पटुकामा दक्षिणा दिनुपर्ने पैसाको थैली घुसाऱ्यो । तगेको कालो टोपी लगायो । जान तम्तयार (पृ. ८८) ।” माथिको उद्धरणमा भोटो लगायो, लबेदासुरूवाल लगायो, पटुका बाँध्यो, पटुकामा दक्षिणा दिनुपर्ने पैसाको थैली घुसाऱ्यो, तगेको कालो टोपी लगायो भन्ने जस्ता वाक्यहरुले मुसेकाजी क्षेत्री प्रजातिको पात्र थियो भन्न सकिन्छ ।

**यस्तो पनि भएको थियो** कथामा दरबारिया समयमा नारीहरूमाथि हुने दमन तथा यौन शोषणलाई देखाइएको छ । यस कथाकी प्रमुख नारी पात्र षोडशी हो भने राजा प्रमुख पुरुष पात्र हो । प्रजातिगत विशेषताका आधारमा यी दुबै पात्र उच्च वर्गमा पर्दछन् । कथामा आएका अन्य सहायक पात्रहरूमा महारानी, पटरानी, रानी क्षेत्री प्रजातिका पात्र हुन् भने अरू पाँचजना

युवतीहरू निम्न प्रजातिगत विशेषता बोकेका पात्र हुन् । यसका साथै यस कथामा आएका ब्राम्णिहरु ब्राम्णि प्रजातिका पात्र हुन् । अत: यस कथाका लेखक स्वयम् नै हिन्दू प्रजातिको भएको हुनाले यस कथामा आएका सबै पात्रहरू हिन्दू प्रजातिका हुन् । यस कथामा प्रजातिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"आँखीभौँ समेत सेता भएको राजाको जर्जर शरीरमा हलचल पैदा भयो र उनको सेतो मुठ्ठे जुँगा भएको ओठ मुस्कुरायो (पृ. ९०) ।" माथिको उद्धरणमा आँखीभौँ समेत सेता भएको राजाको जर्जर शरीरमा हलचल पैदा भयो र उनको सेतो मुठ्ठे जुँगा भएको ओठ मुस्कुरायो भन्ने कुराले राजाको  शारीरिक तथा मानसिक प्रजातिगत विशेषतालाई दर्शाएको छ ।

कथाकार गोठाले नेपाली समाजक समाजमनोवैज्ञानिक तथा प्रतीकवादी कथाकार हुन् र उनको समाज चित्रण मनोवैज्ञानिकका साथै प्रतीकवादी ढाँचाको रहेको छ । यसर्थ उनको यो **'बाँी कथा'** कथासङ्ग्रहमा नेपाली समाजका उच्च, मध्यम र निम्न वर्गीय विविध प्रजातिका पात्रहरूको प्रयोग गरिएको पाइन्छ । उनले कथामा ग्रामीण तथा सहरिया समाजका पात्रलाई नै स्थान दिएका छन् । गोठालेका कथामा पात्र प्रयोगको अवस्था हेर्दा उनले नेपाली समाजमा रहेका आर्य र आर्येतर पात्रहरूको प्रयोग गरेका छन् । आर्य वर्गमा पनि कथित उपल्लो वर्गको प्रतिनिधित्व गर्ने पात्रको प्रयोग छ भने आर्येतरमा जनजाति तथा कथित निम्न वर्गका पात्रको प्रयोग गरेका छन् । गोठालेले कथामा खास सामाजिक सन्दर्भ वा परिवेशलाई व्यक्त गर्नका लागि खास प्रजातिगत विशेषता भएका पात्रको चयन गरेका छन् जसबाट कथा यथार्थमूलक बन्न पुगेको छ ।

## ३.३ बाँी कथा का कथामा क्षण

साहित्यमा घटित घटनाहरूको विश्लेषणबाट साहित्य रचना र साहित्यकारको प्रयुक्त युग वा समयको विश्लेषण र पहिचानबाट तत्कालीन घटना तथा सामाजिक वस्तुस्थिति थाहा पाउन सकिन्छ । कुनै कालखण्डमा सदिऔँसम्म जीवित रहन सक्ने प्रधान विचार रहेको हुन्छ । लेखकको रचनाले सधैँ  साहित्य रचना गरेको युगलाई मात्र समेटेको हुँदैन । त्यसले त पछिसम्मको युगलाई पनि आफूमा समेट्न सक्ने क्षमता राख्दछ । त्यस कारण कुनै पनि कालखण्ड, युग वा समयमा कुन

विचार प्रधान थियो त भनेर पहिचान गर्नका लागि पनि साहित्य रचनाको युग र क्षणलाई समाजशास्त्रीय अध्ययनमा साहित्य अध्ययनको आधार मानिएको छ ।

गोविन्द गोठालेको **बाँ कथा** कथासङ्ग्रहमा सङ्ग्रहीत **आँखा** कथामा राणाकालीन समय र त्यतिखेरको दरबारिया शासन सत्ताले नेपालीहरूमा गरेको अन्याय, अत्याचार, दमन, शोषण जस्ता विविध कुराहरूलाई नै क्षणका रूपमा देखाइएको छ । यस कथामा क्षणका रूपमा दरबारिया परिवेशमा घटित घटनाहरूलाई नै मुख्य रुपमा देखाइएको छ । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''राजाहरूले आफ्नै अघिल्तिर नानीसाहेबलाई च्यापेको देखे पनि उसको मानसिकतामा केही उद्वेलन हुँदैन्थ्यो । ऊ चलपल गर्ने मूर्तिजस्तै थियो (पृ. ५) ।'' माथिको उद्धरणमा राणाकालीन समयमा राणाहरूले नेपाली नारीहरू माथि गरेको यौन शोषण तथा नारीलाई केवल भोग्याको रूपमा मात्र लिने परम्पराले राणाकालीन समयलाई नै क्षणका रूपमा देखाएको छ ।

''यो उसको दोष थिएन समयको उलटपुलट । सपनामै नचिताएको राणाशाहीको अन्त्य भयो । क्रान्ति भयो (पृ. ५) ।'' माथिको उद्धरणमा क्षणका रूपमा विं.स २००७ सालतिर काङ्ग्रेसले गरेको आन्दोलन र राणाशासनको पतन भएको समयलाई नै मुख्य रूपमा देखाइएको छ । राणाहरूले नेपालीहरूमाथि गरेको दमन, शोषणको विरोध स्वरूप भएको आन्दोलनले नेपालीहरूमा ल्याएको स्वतन्तत्रा र राणाशाषनको अन्त्य भएको कुरा नै यस कथामा मुख्य विषय बनेर आएको छ ।

**गीता र मीना** कथाको कथानकको जालो दरबारिया परिवेशमा घटित विभिन्न घटनाहरूलाई जोडेर तयार गरिएको छ । यस कथामा राणाहरूको दमन र शोषणका विरुद्धमा विभिन्न किसिमका आन्दोलनहरू भए जसले गर्दा राणाशासनको नै अन्त्य भयो । २००७ सालको आन्दोलन स्वरूप मन्त्रालयमा नै आगो लागि भयो । राणाशाषनको अन्त्य गर्नका लागि भित्रभित्रै सल्किएको आन्दोलनको राँको र त्यसले राणाहरूमा पारेको प्रभावलाई हेर्दा यस कथामा २००४ देखि २०१७ सालसम्मको समय नै क्षण बनेर आएको छ । दरबारिया शाषकहरूले नेपाली जनताहरूमाथि गरेको शोषण र दमनका विभिन्न कुराहरूले राणाशासनकालीन समयलाई नै

क्षणका रूपमा देखाएको छ । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"घटना अन्धो हुन्छ । अकारण मनपर्दीसित घट्छ । सिंहदरबार सल्क्यो । प्रजातन्त्रको देनस्वरूप, दुई हजार सात सालको देनस्वरूप मन्त्रालय सल्क्यो । श्री ३ महाराज चन्द्रशमशेरले निर्माण गरेको सिंहदरबार रोलैपिच्छेका श्री ३ महाराज राजगर्ने सिंहदरबार । त्यो सल्क्यो (पृ. १६) ।" माथिको उद्धरणमा राणाशासनकालीन समयलाई नै मुख्य क्षणका रूपमा देखाइएको छ । यसका साथै राणाहरूले नेपालीहरूमाथि गरेको दमन र शोषणका कारण राणाविरोधी आन्दोलन हुनु, विभिन्न मन्त्रालयमा आगो सल्किनुले २००४ साल देखि २०१७ साल सम्मको समय वा क्षण यस कथामा देखिएको छ ।

गोविन्द गोठालेको **बाँ कथा** कथासङ्ग्रहमा सङ्ग्रहीत **छोरीको बाबु** कथामा राणाकालीन परिवेश र त्यतिखेरको दरबारिया शाषनसत्ताले नेपालीहरूमा गरेको अन्याय, अत्याचार, दमन, शोषण जस्ता विविध कुराहरूलाई नै क्षणका रूपमा देखाइएको छ । दरबारिया परिवेशमा घटित घटनाहरूले नै मुख्य रूपमा यस कथामा क्षणलाई सङ्केत गरेका छन् । यस कथामा क्षणका रूपमा राणाशासनकाल नै मुख्य रूपमा आएको छ । त्यस बेलाको समयमा राम्रा कुराहरू सबै राणाहरूलाई दिएर खुसी बनाउनुपर्ने, उनीहरूको खुसीको लागि दिनरात काममा खटिनुपर्ने, आफ्ना छोरी चेलीबेटीलाई समेत उनीहरूकै हातमा सुम्पनु पर्नेजस्ता कुराहरूले राणाशासनकालमा गरिब तथा निम्न वर्गका मान्छेहरूको जीवनशैली कस्तो थियो भन्ने कुरा बुझ्न सकिन्छ, यिनै विभिन्न कुराहरूले पनि यस कथा लेखनको समय तथा क्षणलाई दर्शाएको छ । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"ज्ञानमानले खाली हेरिरँयो । अहिले बाबुसाहेबको अँ गालो हालेको हातको हत्केला उसकी छोरीको स्तनमा पुगिसकेको थियो । तीन तहको बुट्टेचोलोको पुष्टिएको स्तनमा हत्केलाका औंलाहरू नाचिरहेको थियो (पृ. २९) ।" माथिको उद्धरणमा राणाकालीन समयमा राणाहरूले नारीहरूमाथि गरेको यौन शोषण, नारीलाई केवल भोग्याको साधनमात्र बनाउने परम्परा, गरिबहरूमाथि उनीहरुले गरेको अमानवीय व्यवहार जस्ता कुराले यस कथामा त्यति बेलाको क्षण वा समयलाई देखाएको छ ।

**बाँ कथा** कथासङ्ग्रहमा सङ्ग्रहीत **सुशीला भाउज्यू** कथा राणाकालीन समय तथा क्षणलाई आधार बनाएर लेखिएको कथा हो । यस कथामा घरमा श्रीमती हुँदाहुँदै पनि उनीहरूलाई बेवास्ता गर्दै रातैपिच्छे श्रीमती फेर्ने दरबारिया वा राणाकालीन समयका राणाहरूको प्रवृत्तिको चित्रण गरिएको छ भने उनीहरूका श्रीमतीको दमित यौन चाहनाको चित्रण पनि गरिएको छ । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"त्यो घरको छानामा घाम लाग्यो र घरको भित्तामा बसेको टाटैटाटा प्रष्ट देखियो । उप्केको इँटा र इँटाको बीचको झरेको माटो पनि स्पष्ट देखियो । पहिले बनेको बखतैमा पुरानै इँटा र पुरानै काठले जसोतसो बनेको थियो । बनेको धेरै वर्ष भयो, तीस वर्ष । (पृ. ३२) ।" माथिको उद्धरणमा भित्तामा बसेको टाटैटाटा, उप्केको इँटा र माटो, पुरानै इँटा र पुरानै काठ जस्ता कुराहरुले युगौं पुरानो क्षण वा समयलाई दर्शाएका छन् ।

"त्यसबीच नेपालमा ठूलो खल्लीबल्ली भयो । क्रान्ति भयो, प्रजातन्त्र आयो (पृ. ३६) ।" माथिको उद्धरणमा नेपालमा क्रान्ति हुनु, प्रजातन्त्र आउनुजस्ता कुराले नेपालमा राणाशासनको अन्त्य भएको समय २००७ सालतिरको  क्षणलाई नै मुख्य रुपमा देखाइएको छ ।

**बाढी** कथामा कथाकार गोठालेले प्राकृतिक प्रकोपको अगाडि धनी या गरिब कसैको पनि केही चल्दैन त्यसैले प्राकृतिक प्रकोपजस्ता विपत्तिबाट बच्नका लागि हामीले समयमा नै विचार पुऱ्याएर काम गर्नुपर्छ भन्ने जस्ता कुराहरू यस कथामा आएका छन् । तराईमा रहेको कमाराकमारी राख्ने प्रथा, हरूवा प्रथा, भूमि प्रथा, कमैया प्रथाका कारण बाबुबाजेका पालादेखि नै हरूवाको रूपमा बस्दै आएका धनिया चमार जस्ता धेरै चमारहरूको पीडालाई यस कथामा देखाउन खोजिएको छ । रमा साहूजस्ता समाजका शोषकहरूको पन्जामा परेका र आफ्ना धेरै पुस्ताले  हरूवा बसेरै दुःखपूर्ण जीवन बिताउनु परेको तत्कालीन क्षणको चित्रण यस कथामा गरिएको छ । तराईमा रहेको यस्तो परम्परा र प्रवृत्तिलाई कसैले पनि निर्मूल पार्न नसकीरहेको अवस्थामा एक दिन बाढी आएर सबैलाई समान बनाइदिएको, समाजमा रहेको उच्च वर्ग र निम्न वर्गबीचको अन्तरलाई अन्त्य गरिदिएको कुरालाई यस कथामा देखाउन खोजिएको छ । यस कथाको शीर्षक नै बाढी भएकाले यस कथामा वर्षातको समय वा असार साउनको महिनाले नै क्षणलाई दर्शाएका छन् । यस कथामा क्षणलाई जनाउने त्यस्ता कुनै पनि उद्धरणहरू आएका छैनन् ।

**आगलागी** नेपालको राजनीतिक परिवेश तथा घटनाक्रमलाई आधार बनाएर लेखिएको कथा हो । नगरपञ्चायत चुनावको कुरा आएकाले यस कथामा २००७ सालतिरको समयलाई नै क्षणका रूपमा उल्लेख गरिएको छ । कथाकार गोविन्द गोठालेले नेपालको २००७ सालमा प्रजातन्त्र आएदेखि हालसम्मको समयमा आएका परिवर्तन, राजनीतिले आमजनतामा पारेको नकारात्मक प्रभाव, नेताहरूको चुनावको बेलामा मात्र अनेकौँ बाहना बनाएर गाउँ गाउँमा भोट माग्न जाने प्रवृत्तिलाई नै क्षणका रूपमा देखाएका छन् । यिनै विविध विषयवस्तु तथा घटनाहरूलाई हेर्दा यस कथाले नेपालमा प्रजातन्त्र आएदेखि हालसम्मको समयलाई नै क्षणका रूपमा देखाएको छ । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''चुनावको मिति दिनपरदिन नजिकिँदै आइरहेको थियो । त्यस्तै दिनपरदिन सहरमा चुनावको चहलपहल मच्चिँदै आइरहेको थियो (पृ. ४९) ।'' माथिको उद्धरणमा नेपालमा विभिन्न समयमा भएका चुनाव तथा चुनावले समाजका मान्छेहरुमा पारेको प्रभावले नै युगीन तथा वर्तमानकालीन समयलाई क्षणका रुपमा दर्शाएका छन् ।

**बलात्कार** कथामा कथाकार गोठालेले हाम्रो समाज तथा संस्कृतिमा नारीहरूमाथि गरिने अमानवीय व्यवहार तथा क्रियाकलापलाई मुख्य रूपमा देखाएका छन् । यस कथामा आएका विभिन्न विषयवस्तु तथा घटनाहरूले समसामयिक समय वा क्षणलाई सङ्केत गरेका छन् । हाम्रो समाज तथा संस्कृतिमा अझैँ पनि नारीहरूमाथि बलात्कार जस्ता अमानवीय क्रियाकलापहरू भइरहनुले पनि वर्तमानकालीन समय वा क्षणलाई नै दर्शाएका छन् । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''धेरै दिनपहिले रामेश्वरमान मिट्ठूको सौन्दर्यप्रति आकर्षित भएको थियो र उसलाई त्यो अनुहार सधैँ हेरिरहूँ लाग्थ्यो (पृ. ५६) ।'' माथिको उद्धरणमा रामेश्वरमान मिट्ठूको सौन्दर्यप्रति धेरै पहिलेदेखि नै आकर्षित थियो भन्ने कुराले क्षणलाई दर्शाएको छ ।

यस कथासङ्ग्रहमा सङ्ग्रहीत **बुबू** कथामा राणाकालीन समय र त्यतिखेरको दरबारिया शासन सत्ताले नेपाली नारीहरूमा गरेको अन्याय, अत्याचार, दमन, शोषण जस्ता विविध कुराहरूलाई नै क्षणका रूपमा देखाइएको छ । यस कथामा दरबारमा धाई आमा राख्ने चलन, दरबारिया शासनको दबदबा, उच्च वर्गकाले निम्न वर्गका मान्छेमाथि गर्ने शोषण र दमन जस्ता कुराहरूले नै त्यति

बेलाको समय तथा क्षणलाई दर्शाएका छन् । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"बुबूको छातीभित्र अझै त्यो गाँठो भएर रहेको छ । त्यो गाँठो फुस्कन खोज्छ तर फेरि कसिन्छ । त्यो गाँठो उसले छातीभित्र रहेका रह्यै यस्तै चालीस पैतालीस वर्ष भइसक्यो (पृ. ५८) ।" माथिको उद्धरणमा बुबूको मनभित्र चालीस पैतालीस वर्ष अगाडिका कुरा स्मरण हुनुले यस कथामा राणकालीन समयमा हुने गरेका विभिन्न अमानवीय क्रियाकलापहरू नै क्षणका रूपमा आएका छन् ।

**यस्तो पनि भएको थियो** कथामा जङ्गबहादुरको शाषसकाल तथा त्यस बेलाको नीतिनियमले त्यति बेलाको समय वा क्षणलाई दर्शाएको छ । यस कथामा मुख्य रूपमा ऐतिहासिक कोतपर्वमा विरोधीहरूलाई मार्न सफल भएको, राजा राजेन्द्रलाई पल्टनले घेरेर तर्साएर पन्जापत्रद्वारा हुकुमको शक्ति हत्याउन सफल भएको कुरा, जङ्गबहादुर बेलायत भ्रमण गएको कुराले पनि राणाकालीन दरबारिया समयलाई नै क्षणका रूपमा देखाएको छ । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"यो जङ्गबहादुरको समयको कुरा हो । यो जङ्गबहादुर स्वयंको जीवनीको एक अंश हो । उनको कार्यकलापको अवधिको एउटा एउटा घटना हो (पृ. ६९) ।" माथिको उद्धरणमा क्षणका रूपमा जङ्गबहादुरको समयको कुरा आएको छ । यसका साथै जङ्गबहादुरको क्रियाकलापले पनि त्यतिबेलाको समयलाई दर्शाएको छ ।

"त्यो हुकुम गरेको स्वर सारा पटाङ्गिनीमा लहरायो र हरेक भाइभारदारहरूका कानमा गुन्ज्यो । त्यस स्वरले कोतपर्वको चीत्कारलाई समेटेको थियो, त्यस स्वरले भण्डारखालको क्रमश: एकपछि अर्को गर्दै प्रहार गरिएको खुकुरीको छ्याकछ्याकपछिको मृत्युको नि:श्वासलाई पनि समेटेको थियो (पृ. ७०) ।" माथिको उद्धरणमा कोतपर्व, भण्डारखालपर्वले नै जङ्गबहादुरको शाषनकाल वा समयलाई नै क्षणका रूपमा देखाएको छ ।

**साधन** कथामा कथाकारले क्षणलाई तोकेर नै सङ्केत गरेका छैनन् । त्यसैले यस कथाका घटनाक्रमहरू  समसामयिक समय वा क्षणसँग निकट देखिन्छन् । जेदुनाथको बाबुआमा मरेको, उसकी श्रीमती पनि बच्चा पाउनासाथ मरेकी, छोरीलाई मामलीबज्यैले लगेर पालेको कुराले पहिले घटेका घटनाहरूलाई देखाएका छन् । यी र यस्तै घटनाहरूले यस कथामा क्षणलाई दर्शाएका

छन् । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"आमाबाबु भएको भन्ने धेरै दिनअघिको कुरा हो । अब त्यससँग जेदुनाथको कुनै सम्पर्क छैन । आमा छैन । बाबु छैन । नभएको धेरै वर्ष बितिसक्यो र त्यो छैनको अन्तरालमा जेदुनाथले प्राण धान्न केके गर्‍यो (पृ. ७९) ।" माथिको उद्धरणमा धेरै दिनअघि, धेरै वर्ष, अन्तराल जस्ता शब्दहरूले नै क्षणलाई सङ्केत गरेका छन् ।

"जीवनको व्यतीत भागलाई जेदुनाथले सम्भनसमेत बिर्सिसकेको थियो । तर उसको आफ्नो व्यतीत जीवन पनि थियो । ऊ जन्मेको ठाउँ अहिले पनि ऊ सम्भन सक्छ । कहिलेकाहीँ आमाले मायाले मुसारेको पनि उसलाई भर्खर भएको जस्तो लाग्छ । कहिलेकाहीँ बाबुले पनि भर्खर काखमा बसाएको भैँ उसलाई लाग्छ (पृ. ८०) ।" माथिको उद्धरणमा जेदुनाथले आफ्नो जीवनमा घटेका घटनाहरूलाई सम्भनुले त्यति बेलाको समय वा क्षणलाई सङ्केत गरेको छ ।

**त्यस बखत भएको यो कुरा** कथामा जङ्गबहादुर बेलायत भ्रमण गएको समयलाई नै क्षणका रूपमा देखाइएको छ । यसका साथै जङ्गबहादुरको समयमा नेपालको शासन व्यवस्था, नीतिनियम के कस्ता थिए भन्ने कुराले पनि त्यति बेलाको समय वा क्षणलाई सङ्केत गरेका छन् । राणाकालीन समयमा जुनसुकै काम दरबारकै हुकुममा हुनु, निम्न वर्गका मान्छेहरूको केही नचल्नु, जसले राणाहरूको खुट्टा मोल्छ, पाउ मोल्छ, राणाहरूकै इशारामा चल्छ यो नै राणाहरूका नजरमा राम्रो मानिनु जस्ता कुराहरूले पनि त्यति बेलाको समय वा क्षणलाई देखाएको छ । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"ए ! त्यो मूत यसलाई छर्किदे ।" नहेर्दै साँच्चिकै सानुचाको काँपेको औला मुत भएको भाँडोमा चोपियो । "ए ! के हेर्छस्, छर्किदे यसलाई ।" सानुचा सुस्तरीसुस्तरी मुसेकाजीको सामुन्ने पुग्यो र त्यस्तै काँपेको औँलाले मुत छर्किदियो । "ए ! कहाँ गयो तेरो जात ? देखिस् अब तेरो जात ?" मुसेकाजीको जात हिँडिसकेको थियो । ऊ छोइछिटो लिनुपर्ने पानी नचल्ने भइसकेको थियो (पृ. ८४) ।" माथिको उद्धरणमा राणाकालीन समयमा जुनसुकै काम दरबारबाटै हुन्थ्यो भन्ने कुरा आएको छ । यस कुराले पनि त्यति बेलाको क्षणलाई देखाएको छ ।

"धेरैबेरपछि बल्ल स्वास्नीले कुरा बुझी । श्री ३ को हुकुमको अघिल्तिर कसको के लाग्छ ! ऊ रून पनि नसकेर त्यहीँ लोग्नेनिर थचक्क बसी (पृ. ८५) ।" माथिको उद्धरणमा मुसेकाजीको क्षिनकाक्षिनमा जात जानुर ऊ पानी नचल्ने हुनुले राणाहरूको अगाडि कसैको पनि केही नलाग्ने कुराले पनि त्यति बेलाको समय वा क्षणलाई देखाएको छ ।

**इतिहासले बिर्सेको घटना** कथाले ऐतिहासिक दरबारिया शासन व्यवस्था र त्यस समयमा दरबारियाहरूबाट नारीहरूमाथि हुने यौन शोषण, जातीय वर्गीय विभेद जस्ता कुरालाई देखाएको छ । यसका साथै दरबारिया समयमा राजा मरेपछि रानीहरू सती जानुपर्ने, जिउँदै जल्नुपर्ने जस्तो अमानवीय सामाजिक रूढिलाई पनि देखाइएको छ । नेपालमा सती प्रथाले चरम रुप लिएको समयले राणाकालीन समय तथा क्षणको प्रस्तुती यस कथामा भएको छ । सती प्रथाका नाममा नारीहरूलाई जिउँदै जलाउनुले त्यति बेलाको दर्दनाक अवस्थाको चित्रण यस कथामा भएको छ । यस कथामा क्षणका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल चर्चा गरिएको छ :

"राजाको पार्थिव देहलाई श्रीखण्डको चितामाथि राखियो । दागबतत्ती गर्नुअघि कर्मकाण्ड सिद्धियो । रानी, महारानी र अरू सती जाने सबैले आफ्नो आभूषण फुकालेर ब्1हमणहरूलाई दान गरे (पृ. ९२) ।" यस उद्धरणमा रानी, महारानी र अरू सती जाने सबैले आफ्नो आभूषण फुकालेर ब्राह्मणहरूलाई दान गरे भन्ने वाक्यले नेपालमा सती प्रथाको बिगबिगी भएको समय वा क्षणलाई सङ्केत गरेको छ ।

**बाँं कथा** का कथाहरूमा गोठालेले निम्न वर्गका व्यक्तिहरूले उच्च वर्गका व्यक्तिहरूबाट सहनु परेको अन्याय, अत्याचार, दमन, शोषण जस्ता पक्षलाई प्रस्तुत गरेका छन् । यतिमात्र नभई प्रजातन्त्र आए पनि निम्न वर्गका मानिसहरूले त्यसको कुनै फाइदा लिन नसकेको कुरालाई पनि यस कथामा देखाउन खोजिएको छ । यस कथामा वि.सं २००४ सालदेखि २०१७ साल, २०३६ साल, २०४७ साल, २०५२ सालसम्मको राजनीतिक अवस्था नै क्षणका रूपमा आएका छन् । अतीतको स्मृतिको रूपमा गोठालेले यसभन्दा अगाडिको क्षणलाई पनि यस कथा सङ्ग्रहमा स्थान दिएका छन् । लेखकको रचनाले साहित्य रचना गरेको युगलाई मात्र समेट्दैन, यसले पछिसम्मको युगलाई पनि समेट्ने गर्दछ । त्यसकारण यस कथा सङ्ग्रहमा भएका कतिपय तत्कालीन क्षणको प्रभाव अहिलेको क्षणमा पनि रहेको पाइन्छ । यसरी **बाँं कथा** का कथाहरू क्षणका दृष्टिले कथा

लेखनको समय तथा पात्रले भोगेका विभिन्न समयको चित्रणमा सफल रहेको छ । अत: **बाँ कथा** का कथाहरू क्षणका हिसाबले पनि उत्कृष्ट रहेका छन् ।

### ३.४ बाँ कथा का कथामा परिवेश

परिवेशलाई वातावरणका रुपमा चिनाउने काम टेनले गरेका छन् । प्रजाति, क्षण र परिवेश यी तिन मापदण्डहरूमध्ये परिवेशलाई पनि उनले मुख्य सरोकारका रूपमा लिएका छन् (जैन, १९९२ : २४) । टेनले विशेष गरी जलवायु तथा भूगोललाई पर्यावरण अन्तर्गत राखे पनि त्यसका साथै राजनीतिक र सामाजिक स्थितिलाई पनि साहित्य विशेषसँग जोड्ने प्रयत्न गरेका छन् । टेनले आफै प्रतिपादन गरेका तिन निर्धारक तत्त्वमा असन्तुष्ट भई त्यसमा एक मनोवैज्ञानिक आयाम दिएर आफ्ना तिन सूत्रलाई पुन: सुदृढ गरेका हुन् (जैन, १९९२ : २५) । यसबाट टेनको पर्यावरण अन्तर्गत जलवायु तथा भूगोलका साथै सामाजिक, राजनीतिक अवस्था र मनोवैज्ञानिक पक्ष अर्थात मानसिक पर्यावरणलाई पनि महत्त्व दिएका छन् भन्ने कुरा पुष्टि हुन्छ । साहित्यमा प्रयुक्त हावापानीको विश्लेषणभन्दा पनि सामाजिक घटना र व्यक्तिको आन्तरिक परिवेशको चिरफारबाट तत्कालीन वस्तुस्थिति राम्रोसँग बुझ्न सकिन्छ । त्यसकारण साहित्यको विश्लेषण गर्दा बाँय भौगोलिक परिवेशलाई मात्र आधार नबनाएर राजनीतिक, समाजिक र पात्रका मानसिक परिवेशलाई पनि कृति अध्ययनको आधार बनाइएको छ । तत्कालीन समाजिक व्यवस्था र त्यसले सामाजिक व्यक्तिहरूमा पारेको प्रभाव नै तत्कालीन सामाजिक र मानसिक परिवेश तथा पर्यावरण हुन् ।

गोविन्द गोठालेको **बाँ कथा** कथासङ्ग्रह (वि.सं २०५२) मा प्रकाशनमा आएको हो । **बाँ कथा** कथासङ्ग्रहभित्र वि.सं २००४ सालदेखि २०५२ सालसम्मको अवधिमा लेखिएका कथाहरू समावेश गरिएका छन् । त्यसकारण यी कथाहरूमा तत्कालीन सामाजिक, आर्थिक, सांस्कृतिक परिवेशका साथै तिनले त्यति बेलाको समाजका व्यक्तिहरूमा पारेको प्रभाव नै मानसिक परिवेशका रूपमा आएको छ ।

**आँखा** कथालाई परिवेशगत दृष्टिले हेर्दा काठमाडौँमा रहेको राणाकालीन दरबार र यसका आसपासमा रहेका गाउँहरू रहेका छन् । हीरालालको बाबु मोतीलाल र हीरालाल दरबारमा ढोगमा जानुले पनि यस कथामा काठमाडौँको दरबारिया परिवेशलाई सङ्केत गरेको छ

। यसका साथै यस कथामा दरबार बाहिरका केही स्थानहरू इन्द्रचोक, असन, नयाँ सडक, मिट्ठुनिवास, कलकत्ता, पहाड जस्ता ठाउँ हरू नै परिवेशका रूपमा आएका छन् । सातसालअघि र सातसालपछिको नेपालको राजनीतिक अवस्था र त्यस्तो अवस्थामा जनताले भोग्नुपरेको विसङ्गतिको चित्रण तथा मानिसमा आएको वितृष्णालाई पनि यस कथामा स्थान दिइएको पाइन्छ । हरिमानमा आएको परिवर्तन र राणाशाषनको अन्त्यपछि हीरालालले भोग्नुपरेको समस्याको वातावरण सिर्जना हुनुमा राजनैतिक वातावरण मुख्य कारण रहेको देखाइएको छ । यसरी २००५ सालदेखि २०१७ सालसम्मको नेपालको राजनैतिक अवस्था र त्यस समयमा नेपालीले भोग्नुपरेको विवशतालाई काठमाडौंको परिवेशमा ढालेर कथाकारले यस आँ खा कथालाई प्रस्तुत गरेका छन् । यस कथामा परिवेशका आधारमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"क्याम्पाभित्रको जग्गाजमिन आठ आना, चार आना, रोपनी गर्दै धमाधम बिक्री भयो । हीरालालको आँ खाको सामुन्ने टुक्राटुक्रा भयो र जताततै पर्खालैपर्खालको घेरा लाग्यो । इन्द्रचोक र असनका साहूहरूले तँ छाडमछाड गर्दै किने (पृ. ७) ।" यस उद्धरणमा परिवेशका रूपमा इन्द्रचोक, असन जस्ता ठाउँ हरू नै मुख्य रूपमा आएका छन् ।

"त्यो यही हरिमान हो मिट्ठुनिवास किन्ने, दरबारजस्तै सिङ्गै मिट्ठुनिवास किन्न, त्यसले चर्चेको जग्गासमेत किन्ने (पृ. ९) ।" यस उद्धरणमा काठमाडौँ को मुटुमा रहेको मिट्ठुनिवासको प्रसङ्ग आएको हुनाले काठमाडौं उपत्यकाको वातावरणको चित्रण नै मुख्य रुपमा परिवेशका रूपमा आएको छ ।

**गीता र मीना** कथामा परिवेशलाई जनाउने केही स्थान, समय र वातावरणको सूचक तथ्यहरू स्पष्ट रूपमा आएका छन् । यस कथामा २००७ सालअघिसम्म व्याप्त निरङ्कुश राणाहरूको शासन व्यवस्थाको अवधि रहेको छ । ...यस कथामा वर्णित अधिकांश परिवेश काठमाडौंमा अवस्थित सिंहदरबार, नयाँ सडक, रत्नपार्क, भद्रकाली, बबरमहल, ठमेल, केशरमहल, पाटन, इन्द्रचोक रहेका छन् । त्यसै गरी कथाको आरम्भमा म पात्रले सिंहदरबारभित्र सरकारी अफिसमा काम गर्ने गीता र मीनाले काम गर्ने कोठाको परिवेशको पनि वर्णन गरेको छ । समयका हिसाबले कथामा घटना घटेको समय २००४ सालदेखि २०१७ साल्सम्मको रहेको छ । स्थानका हिसाबले काठमाडौंका विभिन्न स्थानहरू रहेका छन् । वातावरणीय हिसाबले हेर्दा यस कथामा

सामान्य परिवारदेखि दरबारिया कुलीन समाजको प्रस्तुति पाइन्छ । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"कहिले नयाँ सडकमा हिँडेको देख्छु, कहिले रत्नपार्कमा सिमेन्टीको बेन्चमा बसेको देख्छु (पृ. ११) ।" यस उद्धरणमा काठमाडौंको नयाँ सडक र रत्नपार्क वरिपरिको वातावरण नै परिवेशका रूपमा आएका छन् ।

"अर्थ मन्त्रालय बबरमहलमा पुग्यो । शिक्षा मन्त्रालय ठमेल केशरमहलमा पुग्यो । त्यस्तै अरू मन्त्रालयहरू कताकता । विभागहरू कताकता कुनातिर कुच्चिन पुगे (पृ. १७) ।" माथिको उद्धरणमा बबरमहल, ठमेल र केशरमहल वरिपरिका ठाउँहरुले काठमाडौं वरिपरिको वातावरणलाई नै मुख्य परिवेशका रूपमा प्रकट हुन आएका छन् ।

**छोरीको बाबु** कथालाई परिवेशगत दृष्टिले हेर्दा काठमाडौंमा रहेको राणाकालीन दरबारमा वरिपरिको वातावरण र यसका आसपासमा रहेका गाउँहरू नै मुख्य रूपमा आएका छन् । ज्ञानमान आफ्नी छोरीलाई छुटाउन दरबारमा जानुले काठमाडौंको दरबारिया परिवेशलाई सङ्केत गरेको छ । सातसालअघि र सातसालपछिको नेपालको अवस्था र त्यस्तो अवस्थामा जनताले भोग्नु परेको विसङ्गतिको चित्रण तथा मानिसमा आएको वितृष्णालाई पनि यस कथामा स्थान दिइएको पाइन्छ । यसरी राणाकालीन नेपालको अवस्था र त्यस समयमा नेपालीले भोग्नु परेको विवशतालाई काठमाडौंको परिवेशमा ढालेर कथाकारले यस छोरीको बाबु कथालाई प्रस्तुत गरेका छन् । यस कथामा परिवेशका आधारमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"त्यहाँ पत्थर छापेको चोक थियो र त्यो चोकको बीचमा एउटा रूख एउटै मात्र ठिङ्ग उभिएको थियो (पृ. २८) ।" यस उद्धरणमा दरबारभित्रको पत्थरले छापेको चोक, चोकको बिचमा रहेको एउटा रूखले दरबारको सुनसान परिवेश तथा वातावरणको चित्रण गरेको छ ।

**सुशीला भाउज्यू** कथामा काठमाडौंमा रहेको राणाकालीन दरबारको संरक्षणमा रहेको उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्रको घर वरिपरिको वातावरणलाई नै परिवेशका रूपमा देखाइएको छ । यस कथामा सुशीला भाउज्यूको कोठा वरिपरिको वातावरण, त्यस घरमा रहेका बगैंचाहरू नै परिवेशका रूपमा आएका छन् । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"यो कोठा, यो कार्पेट, यो मेच, यससँ गसँ गै सुशीला भाउज्यूका दिनहरू मौन गुज्रिरहेका थिए (पृ. ३४) ।" यस उद्धरणमा सुशीलाभाउज्यूको कोठा, त्यहाँ बिच्छ्याइएको कार्पेट, त्यहाँ राखिएका मेचले नै त्यस कोठाको मौन तथा सुनसान वातावरण तथा परिवेशलाई दर्शाएको छ ।

"भोलिपल्ट बगैं चामा मानिसहरूको हूल जम्मा भयो । रूखहरू काटिन थाले, घाँ सहरू उखेलिन थाले, खाल्टाहरू खनिन थाले (पृ. ३६) ।" यस उद्धरणमा पनि परिवेशका रूपमा दीपबहादुरको घर वरिपरिको वातावरण आएको छ ।

**बाढी** कथामा कथाकार गोठालेले तराईको परिवेशलाई नै मुख्य रूपमा देखाउने काम गरेका छन् । यस कथामा तराईमा रहेको हरूवा प्रथा, भूमि प्रथा, कमैया प्रथाले उत्पन्न गराएको आर्थिक बिविधिकरणको अवस्थालाई देखाउन खोजिएको छ । तराईमा परम्परादेखि नै रहँ दै आएको जातीय विभेद, वर्गीय विभेदीकरण, निम्न वर्गका मान्छेले उच्च वर्गका मान्छेका घरमा हरूवाका रूपमा रहेर जीवनभरि नै कमभन्दा कम ज्याला लिएर काम गर्नुपर्ने अवस्था जस्ता कुराहरूले नै तराईको वातावरण तथा परिवेशलाई नै मुख्य रूपमा देखाएका छन् । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"रमा चौधरी केही पर पारिपट्टिको बाँ सको छेकबारमा टाउको अडाएर घुमिरहेको थियो ( पृ. ३९) ।" यस उद्धरणमा तराईमा प्राय: बाँ सले बनेका, बाहिरबाट माटोले पोतिएका घरहरू हुने कुराले नै त्यहाँ को परिवेशलाई दर्शाएको छ ।

**आगलागी** कथा नेपालको राजनीतिक परिवेशलाई चित्रण गरेर लेखिएको कथा हो । यस कथामा परिवेशका रूपमा काठमाडौं निकट रहेको कुनै गाउँ आएको छ । यस कथामा कथाकारले एकातिर आगलागीबाट पूर्ण रूपमा खरानी भएको घरको परिवेशको चर्चा गरेका छन् भने अर्कातिर देशमा चुनावको चहलपहल चलेको र चुनावको चहलपहलले त्यहाँ को गाउँ लाई पनि तताएको राजनीतिक परिवेशलाई देखाएका छन् । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"कोठा शून्य थियो । कोठाको शून्यता उसको मनभित्र पनि छायो । ऊ फेरि कौचमा बस्यो (पृ. ५१) ।" यस उद्धरणमा धन दाइको कोठाको शून्य वातावरण, कोठाको नजिकै रहेको कौचले नै शून्य वातावरण तथा परिवेशलाई दर्शाएको छ ।

**बलात्कार** कथा परिवेश प्रयोगका हिसाबले कमजोर मानिएको छ । रामेश्वरमान अफिसमा काम गर्न जानुले कतैकतै शहरिया परिवेशको छनक पनि यस कथामा पाइन्छ । यसका साथै यस कथामा परिवेशका रूपमा रामेश्वरमानको कोठा, साँझपख रामेश्वरमान र लिली घुम्न गएको एकान्त तथा सुनसान झाडी आएका छन् । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"साँझपख ऊ स्वास्नीसँग रूखको फेदमा अडेस लगाएर बसेको थियो । यताउति झाडी थियो र सुनसान थियो । ऊ स्वास्नीको चुरासँग खेलिरहेको थियो । साँझपख केही रमाइलो थियो ( पृ. ५४) ।" यस उद्धरणमा साँझपखको एकान्त, सुनसान समय, यताउति झाडी भएको कुराले त्यहाँको परिवेशलाई दर्शाएको छ ।

"ऊ रामेश्वरमान अहिले कोठामा छ , आफ्नो कोठामा । उसले चिम्लेको आँखा खोल्यो । यो उसको कोठा । त्यहाँ झ्याल छ, ढोका छ । त्यहाँ बाकस छ । त्यहाँ सानो दराज छ । त्यहाँ एउटा भाँचिन लागेको मेच पनि छ (पृ. ५४) ।" यस उद्धरणमा रामेश्वरमानको कोठाको परिवेशलाई देखाइएको छ ।

**बुबू** कथालाई परिवेशगत दृष्टिले हेर्दा काठमाडौँमा रहेको राणाकालीन दरबार र यसका आसपासमा रहेका गाउँहरू रहेका छन् । यस कथाकी मुख्य पात्र दरबारमा धाईआमा धाई बुबूको रूपमा काम गर्न जानुले पनि दरबारिया परिवेश तथा वातावरणलाई नै देखाएको छ । कथाकारले नेपालको राणाकालीन समयमा निम्न वर्गका मान्छेमाथि गरिने पशुसरहको व्यवहार र त्यसले उनीहरूको जीवनमा पारेको सकारात्मक तथा नकारात्मक प्रभावलाई पनि यस कथामा देखाइएको छ । यसका साथै राणाकालीन समयमा नेपालीले भोग्नु परेका विभिन्न कुराहरूलाई नै काठमाडौँको परिवेशमा ढालेर कथाकारले यस बुबू कथालाई प्रस्तुत गरेका छन् । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"ऊ आफूभन्दा परपर हेरिरहेकी हुन्थी, ऊ आफ्नो घर देख्थी । घर काठमाडौँ सहरको छेउछाउको एउटा गाउँमा छ । रातो माटोले पोतेको उसको फुसको घर । घरसँगै गोठ छ र दुइटा गाई बाँधेको छ (पृ. ६१) । यस उद्धरणमा काठमाडौँ सहरको छेउछाउमा रहेको गाउँ, त्यहाँको रहनसहन नै परिवेशका रूपमा आएका छन् ।

“मोटर सहरको बाहिरफेरा पुगिसकेको थियो र बाहिरफेराको त्यो रूख, त्यो झाडी, त्यो खेत, त्यो बगैँचाको बगरले आफन्त भएर बुबूलाई अँगाल्न खोजिरहेका थिए (पृ. ६४) ।” यस उद्धरणमा सहर बाहिरको गाउँ, त्यहाँका रूख, झाडी, खेत, बगैँचा नै परिवेशका रूपमा आएका छन् ।

**यस्तो पनि भएको थियो** नेपालको ऐतिहासिक परिवेशको चित्रण गरिएको कथा हो । यस कथामा कथाकारले मुख्य रूपमा जङ्गबहादुरको शासन अवधि, त्यति बेला उनले गरेका क्रियाकलाप, नीतिनियमका कुराले परिवेशलाई दर्शाएका छन् । जङ्गबहादुरले बेलायत भ्रमण गरेको कुरा, त्यहाँको रहनसहन, चालचलन, त्यहाँका मान्छेको स्वभावको बयान जस्ता कुराहरूले पनि परिवेशलाई सङ्केत गरेका छन् । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“पटाङ्गिनीको दायाँबायाँ थापाथली दरबारको सेतो भित्ता जडिभूत थिए र ती भित्तामा कोरिएर रहेका झ्यालझ्यालका पर्दाहरू काँपिरहेका थिए (पृ. ७०) ।” यस उद्धरणमा पटाङ्गिनीको दायाँबायाँ थापाथली दरबारको सेतो भित्ता, ती भित्तामा कोरिएर रहेका झ्यालझ्यालका पर्दाहरूले नै राणाकालीन दरबारिया परिवेशलाई दर्शाएका छन् ।

**साधन** कथामा परिवेशका रूपमा काठमाडौँ र त्यस वरिपरि रहेका गाउँहरू रहेका छन् । यसका साथै काठमाडौँ बाहिर गएर कलकत्ताको परिवेशलाई पनि क्षीण मात्रामा देखाइएको छ । यस कथाले मुख्य रूपमा काठमाडौँमा रहेको पशुपति र त्यस वरिपरि रहेका ठाउँहरूलाई नै मुख्य परिवेशका रूपमा देखाएको छ । परिवेशका हिसाबले यो कथा सफल नै रहेको छ । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“ऊ पशुपतिनाथको हाताबाट बाहिर गएन । यता मन्दिर, उता मन्दिर, चारैतिर मन्दिरै मन्दिर, मन्दिरभित्र देवीदेवताका मूर्ति, यताउति छरिएर रहेका पत्थर, पत्थरैपत्थरको सिँढीमा खुड्कीलाहरू (पृ. ७८) ।” यस उद्धरणमा परिवेशका रूपमा पशुपतिनाथ, त्यहाँ रहेका मन्दिरहरू, देवीदेवताका मूर्ति, छरिएर रहेका पत्थरहरू, सिँढीका खुडकीलाहरू नै मुख्य रूपमा आएका छन् ।

“कलकत्ता पुगेर मानिसै मानिसको स्याउँस्याउँतीको बीचमा ऊ एउटा प्राणी भएर बाँचेको थियो । नोकर भएको थियो । होटलमा ब्वाय भएको थियो र कारखानामा दरबान भएको

थियो । अब अहिले बिपनाझैं पशुपतिनाथको आर्यघाटमा उसले अडान पायो (पृ. ८१) ।" यस उद्धरणमा परिवेशका रूपमा कलकत्ता, काठमाडौंमा रहेको पशुपतिनाथ वरिपरिको वातावरण, आर्यघाट आएका छन् ।

**त्यस बखत भएको यो कुरा** कथा ऐतिहासिक परिवेशमा आधारित कथा हो । यस कथामा मुख्य गरेर परिवेशका रूपमा जङ्गबहादुरकालीन शासन व्यवस्था, बेलायत, मुसेकाजीको घर वरिपरिको वातावरण आएका छन् । जङ्गबहादुरले बेलायत भ्रमण गरेको कुरा, त्यहाँको रहनसहन, चालचलन, खानपान, दूधजस्ता सेता मेमहरूका कुराहरूले पनि बेलायतको परिवेश तथा वातावरणलाई सङ्केत गरेका छन् । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"जात चलाइपाउ भनेर बिन्तीपत्र चढाउनुपर्‍यो । पारि बागमतीको पण्डितबाजेले मुसेकाजीलाई अलि वरै आउने आँट गरेर भन्यो (पृ. ८७) ।" यस उद्धरणमा मुसेकाजीको घर, बागमती पारिको पण्डितबाजे जस्ता शब्दहरूले काठमाडौं वरिपरिको परिवेशलाई देखाएको छ ।

"हुन्छ म सकेको गर्छु । पण्डित बाजेले लामो सास फेरेर भन्यो । पण्डितबाजेको ससुरा थापाथली दरबारमा पूजाकोठे थियो (पृ. ८७) ।" यस उद्धरणमा परिवेशका रूपमा थापाथली दरबार आएको छ ।

**इतिहासले बिर्सेको घटना** कथामा नेपालको ऐतिहासिक परिवेशको चित्रण छ । यस कथामा मुख्य गरेर राणाकालीन दरबारिया परवेशलाई नै मुख्य रूपमा प्रस्तुत गरिएको छ । दरबारिया वातावरणमा राणाहरूले छानीछानी, खोजीखोजी नारीहरूमाथि यौन शोषण गर्ने प्रवृत्ति, राणाहरूको अगाडि निम्न वर्गका मान्छेहरूको केही नचल्ने कुरा, राणाहरू वा राजाहरू मरेपछि रानीहरू पनि सती जानुपर्ने चलन जस्ता विविध कुराहरूले त्यति बेलाको दरबारिया परिवेशलाई सङ्केत गरेको छ । यिनै माथि उल्लेख भएका विभिन्न कुराहरूले नै यस कथामा आएका परिवेशलाई देखाएका छन् । यस कथामा परिवेशका रूपमा नेपालमा सती प्रथाको बिगबिगी भएको समय नै आएको छ । यस कथामा परिवेशका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“सोहृश्रृङ्गारले युक्त षोडशी राजाको कक्षतिर पाइला सार्दै थिई (पृ. ९०) ।” यस उद्धरणमा राजाको कोठा र कक्ष नै त्यहाँ को परिवेशलाई देखाएको छ ।

“मसानघाटतिरको प्रस्थान रोकिँ दैन, त्यसले गति लिइ नै रहेको थियो (पृ. ९२) ।” यस उद्धरणमा परिवेशका रूपमा मसानघाट आएको छ ।

## ३.५ निष्कर्ष

गोविन्द गोठालेको **बा। कथा** का कथाहरूमा नेपाली समाजका उच्च, मध्यम र निम्न वर्गीय विविध प्रजातिका पात्रहरूको प्रयोग गरिएको छ । कथाकारले आफ्ना कथामा ग्रामीण तथा सहरिया समाजका विभिन्न वर्गीय चरित्र भएका, विभिन्न वंशाणुगत स्वभाव भएका, संस्कृति भएका नेपाली समाजका आर्य र आर्येतर पात्रको प्रयोग गरेका छन् । आर्य वर्गमा कथित उपल्लो वर्गको प्रतिनिधित्व गर्ने र आर्येतरमा जनजाति तथा कथित निम्न वर्गका प्रजातिगत पात्रको प्रतिनिधित्व गर्ने पात्रहरू पर्दछन् । कथाकार गोठालेले **बा। कथा** का कथाहरूमा खास सामाजिक सन्दर्भ र परिवेशलाई व्यक्त गर्नका लागि नेपाली समाजमा रहेका बाहुन, क्षेत्री तथा अन्य जात नखुलेका जातजाति र कथित तल्लो जातिलाई खास प्रजातिगत पात्रका रूपमा चयन गरेका छन् ।

शोषक सामन्तको कारण निम्न वर्गीय नेपाली जनताले सधैंभरि दु:खपूर्ण जीवन गुजार्नु परेको परिस्थितिमा यस कथा सङ्ग्रहका कथाहरू रचना भएका छन् । गोठालेले **बा। कथा** का कथाहरूमा २००७ सालभन्दा अघिदेखि २०५२ सालसम्मको नेपालको राजनीतिक परिवर्तन तथा अस्थिर सामाजिक, आर्थिक परिवेशका साथै विघटित सांस्कृतिक परिवेशको पनि चित्रण गरेका छन् । **बा। कथा** का कथाहरूमा उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरूलाई हेर्ने दृष्टिकोण, उच्च वर्गका मानिसले निम्न वर्गका मानिसहरूप्रति गरेको अन्याय, अत्याचार, दमन, शोषण लगायग अन्य विविध पक्षका साथसाथै निम्न वर्गका नेपालीहरूको कष्टकर जीवनको तत्कालीन परिवेशको सफल चित्रण गर्न कथाकार सफल भएका छन् ।

गोठालेले नेपाली समाजकै प्रजाति र तिनका संस्कारलाई प्रजातीय विशेषताका रूपमा कथामा उल्लेख गरेका छन् । यस कथासङ्ग्रहका कथाहरूले नेपाली समाजका विविध खाले विषयवस्तु, घटनालाई जस्ताको तस्तै रूपमा चित्रण गरेका छन् । यस अर्थमा उनको प्रजातीय चेतना **बा। कथा** का कथाहरूमा सबल रूपमा देखिएका छन् । नेपाली समाजमा विद्यमान रूपमा

रहेका जातजातिलाई आफ्ना कथामा प्रतिबिम्बित गरी नेपाली समाजको जातिगत विविधतालाई कथाकारले देखाएका छन् ।

लेखकले व्यक्तिगत र सामूहिक अस्मिताको खोजी गर्दै अतीत, वर्तमान र भविष्यको सङ्केत आफ्ना रचनामा गरेको हुन्छ । लेखकले कृति रचना गरेको युग नै उसको वर्तमान हो । गोठालेले **बाँ कथा** का कथाहरू निर्माण गर्दा विं.स २००७सालभन्दा अगाडिको राणाकालीन समयदेखि २०५२ सालसम्मको नेपाली सामाजिक परिस्थितिलाई समेटेका छन् । यसले तत्कालीन नेपाली समाजको आर्थिक, सामाजिक अवस्थाको बोधमा सहयोग पुऱ्याएको छ । यसबाट गोठाले **बाँ कथा** का कथाहरूमा तत्कालीन सामाजिक, आर्थिक अवस्था बोधमा सचेत रहेको देखिन्छ । वर्गीय शोषकका कारण पछाडि परेका र सामाजिक, सांस्कृतिक संरचनाका कारणले हेपिएका नेपाली जातिको कारूणिक पक्षमा बढी चासो राख्न पुगेकाले गोठालेका कथामा दयनीय र दु:खद वातावरण सिर्जना भई कारूणिक परिवेश निर्माण हुन पुगेको छ । सामाजिक विकृति, विसङ्गति सिर्जना गर्ने कारक तत्त्वका रूपमा तत्कालीन सामाजिक मूल्य, आर्थिक, सामाजिक, सांस्कृतिक परिवेश आदि प्रमुख रहेकाले सामाजिक, मानसिक र प्राकृतिक पर्यावरणसँग ती घटनाहरू र तिनले सिर्जना गर्ने परिणामविच तादाम्य सम्बन्ध हुन पुगेको छ । यसरी प्रजाति, क्षण तथा परिवेश चित्रणमा कथाकार गोठाले सचेत र सफल रहेका छन् ।

# चौथो परिच्छेद

# 'बाँ कथा' का कथामा कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृति

## ४.१ विषय परिचय

साहित्यलाई विश्लेषण गर्ने साहित्यको समाजशास्त्रका विभिन्न मापदण्डहरूमध्ये कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृति पनि पर्दछन् । साहित्यकारले साहित्यिक कृतिको सिर्जना

गर्दा काल्पनिक  रूपमा भए पनि समाजको यथार्थलाई प्रस्तुत गरेको हुन्छ । समाजका कुनै पनि कार्य हुनुका पछाडि कारणहरू भए जस्तै साहित्यमा घट्ने घटनाका पछाडि पनि कारणहरू रहेका हुन्छन् । यस कुराको अध्ययन साहित्यको समाजशास्त्रभित्र कार्यकारण सम्बन्धले गर्दछ । यसै गरी भाषा विचार विनिमयको माध्यम हो । साहित्यकारले साहित्यिक कृतिमा भाषाको प्रयोग लेखक स्वयम्ले तथा पात्रका माध्यमबाट गरेको हुन्छ । समाजशास्त्रीय सिद्धान्तमा साहित्यिक कृतिमा प्रयुक्त भाषाको अध्ययनबाट सामाजिक अवस्था र पात्रको स्तर निर्धारण गर्न सकिन्छ । समाजमा रहेका प्रचलित धर्म, संस्कृति, परम्परा, आस्था, विश्वास, ज्ञान, कला, नैतिकता आदि सामाजिक संस्कृति हुन् । प्रस्तुत शोधको यस परिच्छेदमा कथाकार गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूलाई कार्यकारण सम्बन्ध, भाषा र संस्कृतिका आधारमा विश्लेषण गरिएको छ ।

## ४.२ बाँ कथा का कथामा कार्यकारण सम्बन्ध

साहित्यकारले साहित्य मार्फत समाजमा भएका अन्याय, अत्याचार, दमन, शोषण आदिको विरोध गरेको हुन्छ । साहित्यकार समाजको सदस्य भएकाले उसका कृतिमा समाजमा हुने गरेका अथवा भएका घटनाहरूको चित्रण गरिएको हुन्छ । साहित्यकारले सामाजिक वस्तु तथा घटनालाई जस्ताको तस्तै रूपमा अभिव्यक्त नगरी वस्तु यथार्थसँग मानवीय यथार्थ समेत समायोजन गरेको हुन्छ । साहित्यकारले समाजका वस्तु र यथार्थको प्रत्यक्ष घटनालाई मात्र आफ्नो रचनामा उतार्दैन । उसले त्यसका अतिरिक्त मानिसका चेतन पक्षका भावहरूलाई साधारणीकृत गराएर सार्वभौम मूल्य दिने काम गर्दछ । यस क्रममा उसले आफ्ना तर्क, सुझाव तथा विचारहरू प्रत्यक्ष वा परोक्ष रूपमा राखेको हुन्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा साहित्यकारले आफ्ना रचनामा समाजमा भएका घटना मात्र उल्लेख नगरी घटना घट्नुका पछाडि हुने कारणलाई समेत प्रस्तुत गरेको हुन्छ । साहित्यमा घटित घटनाहरूमा के कस्ता घटनाहरू छन् ? समाजमा कस्तो कारणले कस्तो प्रकारको घटना घटाउन सहयोग पुऱ्याएको छ ? जस्ता कुराहरू थाहा पाउन साहित्य अध्ययनमा कार्यकारण सम्बन्ध पनि खोज्नु पर्ने हुन्छ, त्यसैले साहित्यको समाजशास्त्रीय अध्ययनमा कार्यकारण सम्बन्धलाई पनि आधार मानिएको छ ।

कार्यकारण सम्बन्धलाई समाजशास्त्रीय अध्ययनको आधार मान्नेहरुमा टेन, फ्रान्सेली लेखिका मेडम डे स्टेल तथा अर्का समाजशास्त्री रवर्ट स्कार्पिट पर्दछन् । उनले कार्यकारण सम्बन्धलाई अनिवार्य तत्त्व मान्दै कृतिभित्र कार्यकारण सम्बन्धलाई खोजेका छन् (घिमिरे, २०५८ :

९९) । साहित्यिक कृतिमा घटित घटनाको कारण पत्ता लगाउन कार्यकारण सम्बन्धको अध्ययनले मद्दत पुग्दछ । कुनै पनि कार्यबिना कारण भएको हुँदैन त्यसमा कुनै न कुनै कार्य अवश्य रहेको हुन्छ । त्यो कारण प्रत्यक्ष वा अप्रत्यक्ष भए पनि घटनासँग जोडिएको हुन्छ, तसर्थ साहित्य अध्ययनमा कार्यकारण सम्बन्धलाई आधार बनाइनुपर्ने कुरा औचित्यपूर्ण हुन्छ । टेनले कार्यकारण सम्बन्धलाई परिवेशसँग जोड्ने काम पनि गरेका छन् । जलवायु र भौतिक (भौगोलिक) कारणले साहित्यमा सीधा सम्बन्ध राख्दछ भन्ने उनको मान्यता रहेको छ । यस मान्यतामा निर्मला जैनले असहमति प्रकट गर्दै वातावरणीय तत्त्व र साहित्यका बिच सिधा कार्यकारण सम्बन्धको खोजी गर्नुले टेनलाई अनावश्यक विश्लेषणतिर गएको आरोप लगाउँछिन् (जैन, १९९२ : २४) । साहित्यमा घटित घटनाहरू भौगोलिक कारणसँग मात्र सम्बन्धित नभएर सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक जस्ता विभिन्न कारणसँग सम्बन्धित हुन्छन् । त्यसैले कार्यकारण सम्बन्धलाई केवल हावापानीसँग मात्र जोडेर हेर्नु हुँदैन ।

कथाकार गोविन्द गोठालेको **बाँकी कथा** का कथाहरूमा घटित घटनाहरूको मुख्य कारणमा आर्थिक, बिपन्न तथा गरिबी नै रहेका छन् । यस्तो भए तापनि अशिक्षा, उच्च वर्गकाले निम्न वर्गका मानिसहरूलाई गर्ने अन्याय, अत्याचार, दमन, शोषण, सामाजिक सांस्कृतिक कुसंस्कार आदि जस्ता अन्य कारणहरू पनि पाइन्छन् । यसका साथै नगन्य मात्रामा भौगोलिक तथा राजनीतिक अस्थिरताको कारणले पनि कतिपय घटनाहरू घटेको पाइन्छ ।

**आँखा** कथामा राणाहरूबाट नेपाली नारीहरूमाथि भएको यौन शोषण कार्य हो भने गरिबीका कारण आफ्ना आवश्यकताहरू पुरा गर्ने ध्येयले नारीहरूले जस्तो सुकैकाम गर्न बाध्य हुनु गरिबी हो । समाजमा रहेको जातीय, सामाजिक सांस्कृतिक विभेद कारण हो भने गरिबीकै कारण आफ्नो सारा जीवन अरूलाई नै सुम्पन तयार हुनु गरिबीको कारण हो । अत: यस कथामा कथाकार गोठालेले मुख्य गरेर राणाकालीन दरबारिया शासन व्यवस्थामा नेपाली नारी तथा पुरूषले भोग्नु परेका विभिन्न समस्या, समाजमा रहेको आर्थिक असमानता, राणाशासनको अन्त्य जस्ता कुराहरूको माध्यमबाट नै कार्यकारण सम्बन्धलाई जोडेका छन् । यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"तर हेर्दाहेर्दै त्यस्ता बढेका मान्छे झन्झन् ठूलाबडा हुँदै गए र त्यस्तै हेर्दाहेर्दै जरसाहेबको अनुहार निस्तेज हुँदै गयो, जरसाहेबको दाँत फुक्लिएको देखियो । रानीसाहेबको अनुहार चाहुरिएको

देखियो । हेर्दाहेर्दै मालिकहरू पैदलैसमेत बाटोमा सवारी हुन लागे (पृ. ६) ।'' यस उद्धरणमा नेपालमा समय बदलिनु, काङ्ग्रेसले आन्दोलन गर्नु, राणाशासनको अन्त्य हुनु, दरबारका मालिकहरू दरबार त्यागेर बाहिर जान बाध्य हुनु जस्ता विभिन्न कुराहरू कार्य हुन् भने दरबारिया राणाहरूले नेपाली जनताहरूमाथि गरेको श्रम शोषणको कारण राणाशासनको अन्त्य हुनु, राणाहरूले दरबार त्यागेर सामान्य जीवन चलाउन बाध्य हुनु कारण हो । यिनै विविध कुराहरू नै यस उद्धरणमा कार्यकारण सम्बन्धको रूपमा आएका छन् ।

''नेपालमा समय बदलिनु, राणाजीलाई दशा लाग्नु, मालिकको त्यो हविगत हुनु उसको दोष होइन (पृ. ८) ।'' माथिको उद्धरणमा नेपालमा समय बदलिनु, काङ्ग्रेसले आन्दोलन गर्नु, राणाशाषनको अन्त्य हुनु, दरबारका मालिकहरू दरबार त्यागेर बाहिर जान बाध्य हुनु जस्ता विभिन्न कुराहरू कार्य हुन् भने दरबारिया राणाहरूले नेपाली जनताहरूमाथि गरेको श्रम शोषण, नारीहरूमाथि गरेको यौन शोषण, सामाजिक सांस्कृतिक विभेद नै कारण हुन् । यिनै विभिन्न घटनाहरूले नै यस उद्धरणमा कार्यकारण सम्बन्धलाई जोडेका छन् ।

**गीता र मीना** कथामा म पात्रको गीता र मीनाप्रतिको आकर्षण, गीता र मीनाबिचमा भएको प्रेम भावना, दरबारिया शासन व्यवस्थाको थिचोमिचोले निम्त्याएको आन्दोलन, सिंहदरबारको आगोलागी, म पात्रसँगको गीता र मीनाको पटक पटकको भेट, मीनाको इच्छाबिपरित घरबाट बिहे गरिदिनु, मीनाको अभावमा गीता तड्पिरहनु, मीना घरबार छाडेर गीतासँगै बस्न आउनु, गीता र मीना कोठा लिएर बस्नुजस्ता कुराहरूले नै यस कथामा कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेका छन् । यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''साँच्चिकै मीनाको इच्छाविरूद्ध बिहे भएको हो त ? खालि यो गीताको धारणा मात्र हो ? (पृ. २२) ।'' यस उद्धरणमा मीनाको इच्छाविरूद्ध बिहे हुनु कार्य हो भने समाजमा रहेका विभिन्न परम्परागत नीति नियमका कारण महिलाहरूले आफूले रोजेर वा स्वतन्त्र भएर बिहे गर्न नपाउनु सामाजिक बन्धन हो । यही बन्धन नै यस उद्धरणमा कारणका रूपमा आएको छ ।

''ह्वो, बस्ने ठाउँ एउटै । मैले सुस्केरा हालेर सोचेँ । गीता छ मीना छ, मीना छ गीता छ । अँगालेर बसेको जोडी जस्तै (पृ. २४) ।'' यस उद्धरणमा गीता र मीना बिचको सम्बन्ध नै

कार्यकारण बनेर आएको छ । यस उद्धरणमा गीता कार्य हो भने मीना कारण, मीना कार्य हो भने गीता कारण । यी दुई साथीबिच भएको प्रेम भावनाले नै कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेको छ ।

"सिंहदरबार सल्क्यो । प्रजातन्त्रको देनस्वरूप, दुई हजार सात सालको देनस्वरूप मन्त्रालय सल्क्यो । श्री ३ महाराज चन्द्रशमशेरले निर्माण गरेको सिंहदरबार रोलैपिच्छेका श्री ३ महाराज राज गर्ने सिंहदरबार । त्यो सल्क्यो (पृ. १६) ।" यस उद्धरणमा राणाहरूले नेपाली जनताहरूलाई गरेको शोषण तथा दमन कार्य हो भने त्यसैको विरोधमा ठाउँ ठाउँ बाट आन्दोलनका लहरहरू फैलिनु कारण हो । अत: यस उद्धरणमा दमन, शोषण, अन्याय, अत्याचार कार्य हो भने त्यसैको विरोधमा आन्दोलन हुनु, जनताले राणाशासनको अन्त्य चाहनु कारण हो ।

**छोरीको बाबु** कथामा राणाहरूबाट नेपाली नारीहरूमाथि भएको यौन शोषण कार्य हो भने गरिबीका कारण आफ्ना छोराछोरीलाई दरबारमा सुसारेका रूपमा पठाउनु गरिबी हो । समाजमा रहेको जातीय, सामाजिक सांस्कृतिक विभेद कारण हो भने गरिबीकै कारण दरबारको भरोसामा विभिन्न थिचोमिचो सहेर जीवन बिताउन बाध्य हुनु कार्य हो । अत: यस कथामा कथाकार गोठालेले मुख्य गरेर राणकालीन दरबारिया शासन व्यवस्थामा नेपाली नारी तथा पुरूषले भोग्नु परेका विभिन्न समस्या, समाजमा रहेको आर्थिक असमानता, राणाशासनको अन्त्य जस्ता कुराहरूको माध्यमबाट नै कार्यकारण सम्बन्धलाई जोडेका छन् । यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"उसले, उसकी स्वास्नीले कत्रो आशा लिएर छोरीलाई बाबुसाहेबकहाँ भि'याएका थिए । ठूलो पावरसँ ग सम्पर्क भएकोमा टोलमा छाती फर्काएका थिए (पृ. २५) ।" यस उद्धरणमा ज्ञानमान र उसकी स्वास्नीले छोरीलाई दरबारमा पठाउनु कार्य हो भने कारण उनीहरूमा रहेको गरिबी हो ।

"उसका आँ खा रसाउँ थे, तर छोरी, ठूलाबढाकहाँ सुसारेकेटी छ । यो गर्वको कुरा थियो ( पृ. २६) ।" यस उद्धरणमा छोरीलाई सम्झेर ज्ञानमानको आँ खा रसाउनु उसमा आफ्नी छोरीप्रति रहेको माया कार्य हो भने छोरीलाई आफ्नै हातले दरबारमा सुसारेका रूपमा काम गर्न पठाउनु निम्न आर्थिक अवस्था वा गरिबी नै कारणका रूपमा आएको छ ।

**सुशीला भाउज्यू** कथामा राणाहरूले वा उनीहरूका आसेपासेहरूले घरमा श्रीमती हुँदा पनि सुसारेका रूपमा काम गर्न बसेका नारीहरूमाथि यौनशोषण गर्नु, उनीहरूका श्रीमतीहरूले आफ्ना इच्छा, चाहनालाई दबाएर गरेर बस्न बाध्य हुनु कार्य हो भने राणाहरू तथा उनीहरूका आसेपासेहरूले जे गरे पनि हुने हैकमवादी प्रवृत्ति कारण हो । समाजमा रहेको जातीय, वर्गीय, सामाजिक सांस्कृतिक विभेद कारण हो भने त्यही सामाजिक बन्धनमा बाँधिएर आफ्नो पुरा जीवन बिताउनुपर्ने बाध्यता सामाजिक सांस्कृतिक तथा पुरूषप्रधान समाज कारण हो । यस कथामा यी र यस्तै घटनाहरूले कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेका छन् । यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“यो घरमा कुनै विशेष घटना घट्दैन, बाँधिएको समय थियो, बाँधिएको क्रम थियो (पृ. ३३) ।” यस उद्धरणमा दीपबहादुरले घरमा कुनै पनि घटना घट्न नसक्ने वातावरणको सिर्जना गर्नु, सबैलाई निश्चित नियम र क्रममा बाँधेर राख्नु कार्य हो भने उसमा आफ्नी श्रीमती सुशिलाप्रति जागेको शंङका कारण हो ।

“एकै तूफानमा सुशीला भाउज्यूले श्यामुलाई अँगालो हाली । भएभरको बलले समातेर म्वाई खाई र खाँदै गई मानौँ अनन्त - अनन्त समयदेखिन् यही कुरा पर्खिरहेकी हो, उसले म्वाइँ खाँदै गई (पृ. ३८) ।” यस उद्धरणमा सुशीला भाउज्यूले श्यामुलाई अँगालो हालेर म्वाइँ खानु कार्य हो भने उसभित्र अतृप्त रूपमा पुरा हुन नसकेको कामवासना कारण हो ।

**बाढी** कथा तराईको परिवेशलाई लिएर तयार पारिएको छ । यस कथामा कथाकार गोठालेले तराईमा रहेको जातीय, वर्गीय, लिङ्गीय दमन तथा शोषणलाई यथार्थ रूपमा देखाउने काम गरेका छन् । यस कथामा धनिया चमार रमा साहूको घरमा हरूवाका रूपमा रहनु कार्य हो भने समाजमा रहेको सामाजिक, सांस्कृतिक चालचलन तथा रीतिरिवाजले निम्न वर्गका मानिसहरूमाथि गरेको शोषणको कारण गरिबी हो । गाउँलाई बाढीले सखाप पार्नु, रमा साहू पनि धनिया चमारको औकातमा पुग्नु कार्य हो भने प्राकृतिक विपत्तिका रूपमा आएको बाढी कारण हो । त्यस्तै गरेर समाजमा रमा साहू जस्ता साहूहरूले धनिया चमार जस्ता निम्न वर्गका मानिसहरूमाथि गरेको शोषण कार्य हो भने समाजमा रहेको त्यही शोषण, जातीय, वर्गीय विभेदको अन्त्यका लागि बाढी आउनु कारण हो । यस कथामा कार्यकारण सम्बन्धलाई जनाउने त्यस्ता कुनै पनि उद्धरणहरू आएका छैनन् ।

**आगलागी** कथामा राजनीतिक विषयवस्तु र त्यसले जनतामा पारेको नकारात्मक असरलाई नै मुख्य रूपमा देखाइएको छ । यस कथामा आएका विभिन्न कुराहरूले नै कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेका छन् । गाउँ मा आगलागी हुनु, धन दाइले वासुलाई बचाउनु, धन दाइको जताततै नाम फैलनु कार्य हो भने धन दाइमा मानवताको भावना हुनु, समाज तथा समुदायमा आफूलाई अरू भन्दा फरक देखाउन खोज्नु आदि कारणका रूपमा आएका छन् । त्यस्तै गरेर गाउँ मा चुनावको प्रचारप्रसार चल्नु कार्य हो भने जसरीतसरी भए तापनि चुनाव जित्ने कार्यमा लाग्नु कारण हो । धन दाइले भित्रभित्रै लागेर पैसा कमाउनु, नयाँ घर हाल्नु, घर परिवारको रूपरङ्ग नै फेर्नु कार्य हो भने आफूले भित्रभित्रै गरेको नराम्रो कामको प्रभावले आफू कतै चुनावमा हारिने होकी भन्ने भान हुनु कारण हो । यस कथामा यी र यस्तै खालका विषयवस्तु तथा घटनाहरूले नै कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेका छन् । यस कथामा कार्यकारण सम्बन्धलाई दर्शाउने त्यस्ता कुनै पनि उद्धरणहरू आएका छैनन् ।

**बलात्कार** कथामा कथाकारले नारीहरूमा विभिन्न समयमा हुने बलात्कार जस्ता घटनाले उनीहरूको मानसिकतामा पार्ने नकारात्मक असरलाई देखाएका छन् । यस कथामा आएका विभिन्न घटनाहरूले नै कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेका छन् । शुण्डमुसुन्ड गुण्डाहरूबाट बलात्कार भएकी लिलीले कसैलाई पनि छुनु हुँ दैन, बिटुलो भएर बस्नुपर्छ भन्ने सोच राख्नु कार्य हो भने समाजमा परम्परादेखि चल्दै आएको सामाजिक मूल्यमान्यता, सांस्कृतिक चालचलन कारण हुन् । त्यस्तै गरेर रामेश्वरमानले आफूले पहिले मन पराएकी मिट्ठूलाई देख्नु, बोलचाल हुनु कार्य हो भने मिट्ठूसँ गको भेटपछि उसमा एक प्रकारको कामवासना सिर्जना हुनु, सधैँ जस्तो घरमा लिलीलाई सिधा आँ खाले नहेर्ने रामेश्वरमानले लिलीलाई छुन पुग्नु, रात परेपछि समात्न पुग्नु रामेश्वरमानको अचेतनमा दमित भएर रहेको कामवासनाको कारण हो । यस कथामा कार्यकारण सम्बन्धलाई दर्शाउने त्यस्ता कुनै पनि उद्धरणहरू आएका छैनन् ।

**बुबू** कथामा राणाहरूबाट नेपाली नारीहरूमाथि भएको शोषण कार्य हो भने गरिबीका कारण आफ्ना आवश्यकताहरू पुरा गर्ने ध्येयले नारीहरूले जस्तोसुकै काम गर्न बाध्य हुनु गरिबी हो । समाजमा रहेको जातीय, वर्गीय विभेद सामाजिक सांस्कृतिक कारण हो भने गरिबीकै कारण आफ्नो नाबालक बच्चालाई छाडेर दरबारमा धाई बुबूको काम गर्न जान तयार हुनु गरिबीको कारण हो । अत: यस कथामा कथाकार गोठालेले मुख्य गरेर राणाकालीन दरबारिया शासन

व्यवस्थामा नेपाली नारी तथा पुरूषले भोग्नु परेका विभिन्न समस्या, समाजमा रहेको आर्थिक असमानता जस्ता कुराहरूको माध्यमबाट नै कार्यकारण सम्बन्धलाई जोडेका छन् । यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''अब बुबू फर्किरहेकी थिई, मोटर गुडिरहेको थियो यो बाटो, त्यो बाटो पार गर्दै (पृ. ६७) ।'' माथिको उद्धरणमा बुबू आफ्नो छोराको मुख हेरेर दरबारमा फर्कनु कार्य हो भने गरिबी कारण हो ।

''पछिपछि, धेरै वर्षपछिसम्म पनि बुबू  टोलाइरहन्छे, न ऊ माया दिन सक्छे न ऊ माया पाउन सक्छे, न ऊ आफ्नो छोराकी आमा हुन सकी, न सानो राजालाई मालिकबाहेक आफ्नो छोरो सम्झन सकी (पृ. ६८) ।'' यस उद्धरणमा बुबूले न छोरालाई, न सानो राजालाई माया दिन नसक्नु कार्य हो भने यी सबै कुरा हुनुमा गरिबी कारण हो ।

**यस्तो पनि भएको थियो** कथामा जङ्गबहादुरको शासनकाल, त्यति बेलाको नीतिनियम, मुलुकी ऐन, आर्थिक क्रियाकलाप, त्यति बेला भएका कोतपर्व, भण्डारखाल पर्व जस्ता विभिन्न घटनाहरूले नै यस कथामा कार्यकारण सम्बन्ध स्थापना गर्ने काम गरेका छन् । यस कथामा राणाकालीन समयमा राज्य राज्यबीच लडाई हुनु कार्य हो भने आफू र आफ्नो राज्यलाई अरू राज्यहरू भन्दा शक्तिशाली राज्य बनाउने काममा त्यति बेलाका राजाहरू लाग्नु कारण हो । त्यस्तै गरेर राणहरूले निम्न वर्गका मान्छेले अपराधै नगरे पनि मृत्युदण्डको सजाय दिनु कार्य हो भने दरबारिया रवाफ, निम्न वर्गका मान्छेलाई मान्छे नठान्ने अहंङकारवादी प्रवृत्ति कारण हो । यिनै विविध कुराहरूले नै यस कथामा कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेका छन् । यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''ती काँपेका पर्दाहरूको आडबाट श्री ३ की पहिलेकी विवाहिता महारानी र अहिलेकी विवाहिता महारानीका आँखाहरू तथा रानीसाहेबका आँखाहरू, त्यस्तै नानीगन्जमा  थुपारिएका नानीहरूका आँखाहरूले निहारिरहेका थिए (पृ. ७०) ।'' यस उद्धरणमा श्री ३ का तीन तीनवटी रानी हुनु कार्य हो भने राणाकालीन भोगविलास, नारीमाथिको दमन, सामाजिक सांस्कृतिक वातावरण कारण हुन् ।

“प्रत्येक लातको प्रहारसँगसँगै त्यो घोप्टो पछारिएर पल्टेको मान्छेको स्वर निस्किरहेको थियो,होइन, होइन, होइन (पृ. ७६) ।” माथिको उद्धरणमा जङ्गबहादुरले मरन्च्याँसे मान्छेलाई भुईमा पछारेर लात्तै लात्तले हिर्काउनु कार्य हो भने मरन्च्याँसे मान्छेले आफूले मान्छे मारेकै होइन भनेर गल्ती स्वीकार नर्गनु जङ्गबहादुरप्रति दिएको चुनौती हो । यस उद्धरणमा यही कुरा नै कारणका रूपमा आएको छ ।

**साधन** कथामा आएका विभिन्न घटनाक्रमहरूले कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेका छन् । यस कथामा जेदुनाथले आफ्ना परिवारका सम्पूर्ण सदस्यहरूलाई गुमाएर घरबार त्यागेर हिँड्नु कार्य हो भने मानसिक पीडा कारण हो । त्यस्तै गरेर जेदुनाथले एक छाक खानाको लागि कहिले कलकत्ता, कहिले काठमाडौँमा रहेको पशुपतिनाथ वरिपरि रहेर मुर्दा पोल्ने काम गर्नु कार्य हो भने यी सबै कार्य गर्नुको कारण भनेको उसमा रहेको गरिबी हो । यी र यस्तै विभिन्न खालका घटनाहरूले नै यस कथामा कार्यकारण सम्बन्धलाई जोड्ने काम गरेका छन् । यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“दर्शन गर्न आउनेको भीड पातलिँदै गएको थियो (पृ. ८१) ।” यस उद्धरणमा मन्दिरमा दर्शन गर्नु कार्य हो भने भगवान प्रतिको आस्था, विश्वास चाहिँ कारण हो ।

“उसले थैलीबाट पैसा झिक्ने निहुँ गर्दागर्दै जेदुनाथलाई हेरी । एकछिन त्यसरी नै हेरिरही । उसले आफूभित्र उमडिएर आएको ममतालाई थिचेर रोकी (पृ. ८२) ।” यस उद्धरणमा आइमाईले थैलीबाट पैसा झिक्ने निहुँमा जेदुनाथलाई हेर्नु कार्य हो भने त्यस आइमाईमा पहिलो पटक बाबुको मुख देख्दा भित्रदेखि नै उमडिएर ममता जाग्नु नै कारण हो ।

**त्यस बखत भएको यो कुरा** कथामा जङ्गबहादुरको शासनकाल, उनको बेलायत भ्रमण, त्यति बेलाको नीतिनियम, मुलुकी ऐन, आर्थिक क्रियाकलाप जस्ता विभिन्न घटनाहरूले नै यस कथामा कार्यकारण सम्बन्ध स्थापना गर्ने काम गरेका छन् । मुसेकाजीले अरूसँग गफ छाँटेकै भरमा उसको जात जानु कार्य हो भने राणाहरूकै हातमा सम्पूर्ण अधिकार हुनु कारण हो । मुसेकाजीको जात गएकै कारण उसले आफ्नो परिवारसँग बस्न नपाउनु, गोठमा गएर छुट्टै बस्नु, आफ्नी श्रीमतीसँग यौन क्रियाकलाप गर्न नपाउनु कार्य हुन् भने त्यति बेलाको समाजमा रहेका सामाजिकसांस्कृतिक चालचलन, नीतिनियम, दरबारको एकलौटी शासन व्यवस्था नै कारण हुन् ।

यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“ए ! कहाँ गयो तेरो जात ? देखिस् अब तेरो जात ? मुसेकाजीको जात हिँ डीसकेको थियो । ऊ छोइछिटो लिनुपर्ने पानी नचल्ने भइसकेको थियो (पृ. ८४) ।'' यस उद्धरणमा मुसेकाजीको जात जानु कार्य हो भने त्यस बेलाको एकलौटी जहानीया दरबारिया शासन व्यवस्था कारण हो ।

“ए, दक्षिणा चढाउनुस् । पूजासामान बोकेर ल्याउनेले भन्यो । पातको दुना मुसेकाजीको सामुन्ने राखियो । त्यसमा चढाउने । पूजासामान बोकेर ल्याउनेले भन्यो । पटुकामा घुसारेको थैली मुसेकाजीले बिस्तारै झिक्यो र गनेर आठ पैसा लियो, त्यो तेर्सिएको दुनामा राखिदियो (पृ. ८८) ।'' यस उद्धरणमा मुसेकाजीले दक्षिणा चढाउनु कार्य हो भने हाम्रो समाज तथा संस्कार अनुसार पूजाआजा गरिसकेपछि दक्षिणास्वरूप पैसा चढाउनु कारण हो ।

**इतिहासले बिर्सेको घटना** कथामा कथाकार गोठालेले कार्यकारण सम्बन्धका रूपमा नेपालमा दरबारियाहरूले निम्न वर्गका मान्छे वा नारीहरूमाथि गरेको दमन, शोषण, जातीय, वर्गीय विभेद जस्ता कुराहरूलाई देखाएका छन् । नारीहरूमाथिको यौन शोषण, जातीय, वर्गीय विभेद, सती प्रथा, निम्न वर्गका मान्छेहरूमाथि दमन गर्ने राणाहरूको प्रवृत्ति जस्ता विभिन्न कुराहरूले नै यस कथामा कार्यकारण सम्बन्ध स्थापना गर्ने काम गरेका छन् । यस कथामा कार्यकारण सम्बन्धका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''अब राजाको देहलाई मसानघाटतिर लगिँदै थियो (पृ. ९१) ।'' यस उद्धरणमा राजाको मरेको देहलाई मसानघाटतर्फ लैजानु कार्य हो भने हाम्रो समाज तथा संस्कृतिमा आधारित सामाजिक मूल्यमान्यताका रूपमा रहेको संस्कार अनुसार मान्छे मरेपछि मसानघाटमा लैजाने र दाहसंस्कार गर्ने चलन कारण हो ।

''राजाको पार्थिव देहलाई श्रीखण्डको चितामाथि राखियो । दागबत्ती गर्नुअघिको कर्मकाण्ड सकियो (पृ. ९२) ।'' यस उद्धरणमा राजाको पार्थिव देहलाई श्रीखण्डको चितामाथि राखिनु कार्य हो भने हाम्रो समाजमा रहेको सामाजिक सांस्कृतिक मूल्यमान्यता नै कारण हुन् ।

## ४.३ बाँ कथा का कथामा भाषा

भाषा व्यक्ति, समाज र राष्ट्रको पहिचान हो । यसले समाज तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका मानिसहरूलाई एकअर्कासँ ग सम्बन्धित गराउने काम गर्दछ । लिखित वा मौखिक जुन सुकै भए पनि भाषाको महत्त्व रहेको हुन्छ । लिखित भाषा मानक र औपचारिक हुन्छ भने मौखिक भाषामा भाषिकाहरू मिसिने हुनाले अनौपचारिक पनि हुने गर्दछ । सामान्यतया लिखित भाषा मानक हुन्छ भने पनि कुनै बेला साहित्यको लिखित भाषा अनौपचारिक पनि हुन पुग्छ । पात्रको सामाजिक, सांस्कृतिक, शैक्षिक, ग्रामीण, सहरिया जस्ता विविध पक्षहरूलाई जीवन्त चित्रण गर्नका लागि पात्रद्वारा बोलिएको भाषामा अनौपचारिकता झल्काउन वा भाषिका मिसाउन सकिन्छ ।

भाषाको अध्ययन वा विश्लेषणबाट तत्कालीन समाजका व्यक्तिहरूको स्थिति थाहा पाउन सकिन्छ । साहित्यमा प्रयुक्त भाषाको अध्ययनबाट तत्कालीन समाजमा शिक्षित तथा अशिक्षित कुन जाति, कुन संस्कृतिका मानिसहरू बढी थिए भन्ने कुरा थाहा पाउन सकिन्छ । त्यसैले साहित्य विश्लेषणमा आर्थिक अवस्थाका साथै भाषालाई पनि महत्त्व दिनुपर्छ भन्ने मान्यता क्रिस्टोफर कड्वेलको रहेको छ (क्षेत्री, २०६४ : २०) । भाषाद्वारा नै मान्छे आफ्ना भावना, अनुभूति, विचार जस्ता पक्षलाई मूर्त रूप दिने काम गर्दछ । भाषाद्वारा नै साहित्यकारको समग्र अनुभूति शब्दमा रूपान्तरित हुन्छ । तसर्थ भाषा पनि साहित्यको समाजशास्त्रीय विश्लेषणको एउटा आधार हो ।

गोठालेले यस **बाँ कथा** कथासङ्ग्रहका कथाहरूमा तत्सम, तद्भव र आगन्तुक तीनै किसिमका शब्दहरूको प्रयोग गरेको भए पनि तत्सम र तद्भव शब्दको प्रयोग बढी मात्रामा भएको छ  जसले गर्दा गोठालेका कथाहरूको भाषाशैली उच्च किसिमको बन्न पुगेको छ । कथाका वाक्य गठन सरल र जटिल दुवै किसिमका रहेका छन् । परिस्थितिको जटिलता र पात्रका मनस्थितिको विश्लेषण गर्न जटिल वाक्यहरूको प्रयोग भएको छ । यसका साथै कथाकार गोठालेले संवाद, प्राकृतिक परिवेशको वर्णन र सामाजिक परिवेशको चित्रण गर्न सरल वाक्यहरूको प्रयोग गरेका छन् भने केही मात्रामा लामा तथा जटिल वाक्यहरूको पनि प्रयोग गरेका छन् ।

**आँखा** कथाको भाषा सरल रहेको छ । कथाकारले यस कथामा तत्सम शब्दको प्रयोगका साथै ठेट नेपाली शब्दको प्रयोग धेरै गरेको पाइन्छ । प्रस्तुत कथामा कथाकारले वर्णनात्मक शैली अवलम्बन गरेका छन् भने बिचबिचमा संवादहरूको प्रयोग पनि गरेको पाइन्छ । यस कथामा राणाकालीन समयमा प्रयोगमा रहेका ढोका जानु, बक्सियो, ज्यूनार, गाथगादीजस्ता  केही विशिष्ट शब्दको पनि प्रयोग गरेको पाइन्छ । यसका साथै यस कथामा बब हेयर, क्याम्प, मोटर ग्यारेज,

स्प्रिङ जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । समग्रमा अभिधात्मक अर्थ बोकेको यस कथामा भाषा सरल रहेको छ जसले गर्दा सामान्य पाठकका लागि बोधगम्य रहेको छ । यस कथामा प्रयोग भएका केही भाषिक उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गर्न सकिन्छ :

"अहिलेसम्म टलबल आँसुको बीचबाट रानी साहेब र मर्जिना नानीको आकार ढलमल - ढलमल भएको हीरालालले हेरिरहेको थियो (पृ. ३) ।" यस उद्धरणमा ढ, ल, म, ल जस्ता शब्द दोहोरिएकाले वृत्यानुप्रासको प्रयोग भएको छ ।

"बर्खी सिद्धिनासाथ रानीसाहेबमा अचानक परिवर्तन आयो । कपाल काटिबक्स्यो, बब हेयर राखिबक्स्यो । सेतो रौँलाई चिम्टाले टिपिबक्स्यो । पाउडर लगाउन सुरू गरिबक्स्यो । एक दिन टाढाको जेठाज्यू नाता पर्नेकहाँ राज हुन सवारी भइबक्स्यो र फर्किबक्सेन (पृ. ८) ।" माथिको उद्धरणमा टिपिबक्स्यो, गरिबक्स्यो, भइबक्स्यो, फर्किबक्सेन जस्ता अत्युत्त्च आदरार्थी शब्दको प्रयोग गरिएको छ । त्यसैले भाषा प्रयोगका हिसाबले यस उद्धरणमा उच्च कुलीन परिवारमा बोलिने भाषाको प्रयोग भएको छ । यसका साथै बब हेयर जस्ता केही आगन्तुक अङ्ग्रेजी शब्दको पनि प्रयोग भएको छ ।

**गीता र मीना** कथाको भाषा पनि सरल नै रहेको छ । यस कथामा हाम्रो समाज तथा संस्कृतिमा प्रयोग हुने सरल तथा सहज भाषाशैलीको प्रयोग भएको छ जसले गर्दा यो कथा सामान्य पाठकहरूका लागि पनि बोधगम्य रहेको छ । यसका साथै यस कथामा कथाकारले वर्णनात्मक शैली अवलम्बन गरेका छन् भने बिचबिचमा संवादहरूको प्रयोग पनि गरेको पाइन्छ । नेपाली जनजीवनमा प्रयोग हुने "अनुहार न दनुवार" जस्ता उखानको प्रयोगले कथालाई रोचक र भनाइलाई चोटिलो बनाएको छ । यस कथामा राणाकालीन समयमा प्रयोगमा रहेका सवारी, बक्सियो, ज्यूनार, जस्ता केही विशिष्ट शब्दहरूको पनि प्रयोग गरेको पाइन्छ । यसका साथै यस कथामा टाइपराइटर, स्टार्ट, प्राइभेट कार, टयाक्सी, हेर्ने जस्ता आगन्तुक अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । समग्रमा अभिधात्मक अर्थ बोकेको यस कथाको भाषा सरल रहेको छ जसले गर्दा सामान्य पाठकका लागि बोधगम्य रहेको छ । यस कथामा प्रयोग भएका केही भाषिक उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गर्न सकिन्छ :

''सिंहदरबारको भऱ्याङ चढ्दा चप्पलबाहिर निस्केका कुर्कुच्चाको भागलाई समेत चिनिसकेको थिए । भेट्दा उनीहरूले परिचयको मुस्कान मात्र छोड्दैनथे । नमस्तेसमेत गर्न लागे ( पृ. १४) ।'' यस उद्धरणमा हाम्रो समाजमा चलनचल्तिमा रहेको मानसम्मान तथा आदर सत्कारस्वरूप गरिने नमस्ते जस्ता शब्दको प्रयोग पनि भाषाका रूपमा अभिव्यञ्जित भएको छ ।

''बस अझैँ स्टार्ट हुन सकेको थिएन । तीन चारवटा बसहरू आपसमा बाटो छेकेर अलमलिरहेका थिए । प्राइभेट कार र ट्याक्सीहरूको बाटोमा लाम लाग्यो (पृ. २१) ।'' यस उद्धरणमा भाषाका रूपमा बस, प्राइभेट कार, ट्याक्सी जस्ता आगन्तुक अङ्ग्रेजी शब्दहरूको प्रयोग भएका छन् ।

**छोरीको बाबु** कथाको भाषा सरल रहेको छ । प्रस्तुत कथामा कथाकारले वर्णनात्मक शैली अवलम्बन गरेका छन् भने बिच-बिचमा संवादहरूको प्रयोग पनि गरेको पाइन्छ । यस कथामा राणाकालीन समयमा प्रयोगमा रहेका ढोका जानु, बक्सियो, ज्यूनार, बिन्ती, मर्जी, बाबुसाहेब, दर्शन, बक्सन्छ, रोजेटजस्ता केही विशिष्ट शब्दको पनि प्रयोग गरेको पाइन्छ । समग्रमा अभिधात्मक अर्थ बोकेको यस कथाको भाषा सरल रहेको छ । यस कथामा प्रयोग भएका केही भाषिक उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गर्न सकिन्छ :

''एक दिन अचानक खरदारसाहेबले भन्यो "आज बाबुसाहेबको दर्शन बक्सन्छ, आउनू ( पृ.२८) ।'' यस उद्धरणमा बाबुसाहेब, दर्शन, बक्सन्छ जस्ता उच्च वर्गका मान्छेले प्रयोग गर्ने भाषाको प्रयोग भएको छ ।

''बाबुसाहेबले ज्ञानमानलाई शिरले अघिल्तिर आउन इसारा गरिबक्स्यो । ढोकेले भन्यो, "मर्जी भएको देखेनौँ ? ज्ञानमान अघिल्तिर बढ्यो, बढ्दै गयो र दर्शन गऱ्यो (पृ.२९) ।'' यस उद्धरणमा पनि बाबुसाहेब, गरिबक्स्यो, दर्शनजस्ता उच्च वर्गकाहरूले प्रयोग गर्ने भाषाको प्रयोग भएको छ ।

**सुशीला भाउज्यू** कथाको भाषा प्रतीकात्मक रहेको छ । प्रस्तुत कथामा कथाकारले वर्णनात्मक शैली तथा बिच-बिचमा संवादहरूको पनि प्रयोग गरेका छन् । यस कथामा उच्च वर्गका पात्रले प्रयोग गर्ने बक्सियो, ज्यूनार, बिन्ती, मर्जी, बाबुसाहेब, दर्शन, बक्सन्छ जस्ता केही विशिष्ट शब्दको पनि प्रयोग गरेको पाइन्छ । यस कथामा परिस्थितिको जटिलता र पात्रका

मनस्थितिको विश्लेषण गर्न जटिल वाक्यहरूको प्रयोग गरिएको छ भने संवाद, प्राकृतिक परिवेशको वर्णन र सामाजिक परिवेशको चित्रण गर्न सरल वाक्यहरूको प्रयोग गरिएको छ । समग्रमा यस कथामा भाषा सरल रहेको छ जसले गर्दा सामान्य पाठकका लागि बोधगम्य रहेको छ । यस कथामा भाषिक प्रयोग भएका त्यस्ता भाषिक उद्धरणहरू आएका छैनन् ।

**बाढी** कथामा सरल तथा सहज भाषाको प्रयोग गरिएको छ । केही मात्रामा तराईमा बोलिने गोरू, बरद, जल, बैल, हरूवा, कन्डा, फगुवा जस्ता शब्दहरूको प्रयोगले कथालाई सामान्य पाठकका लागि कथा दुर्बोध्य बन्न पुगे पनि अन्य पाठकका लागि भने भाषाशैली सरल तथा सहज नै रहेको छ । यस कथामा भाषाका रूपमा प्रयोग हुन आएका केही उद्धरणहरूलाई उदाहरणका रुपमा तल उल्लेख गरिएका छन :

"निस्पट्ट अँध्यारो रात । घरभित्र पानी, कोठाभित्र पानी, पानी नै पानी, जताततै पानी । धनिया चमार चिच्च्यायो र चिच्चयाएको चिच्चयायै फुसको घर ढल्यो (पृ. ३९) ।" यस उद्धरणमा प र च वर्णको आवृत्ति भएकाले यहाँ वृत्यनुप्रासको प्रयोग भएको छ ।

**आगलागी** कथाको भाषा सरल छ । यस कथामा प्रयोग भएको भाषा उच्च वर्गका पाठक देखि लिएर सामान्य पाठकलागि पनि बोधगम्य छन् । प्रस्तुत कथामा कथाकारले वर्णनात्मक शैली अवलम्बन गरेका छन् भने बिच-बिचमा संवादहरूको प्रयोग पनि गरेको पाइन्छ । कथामा कतैकतै उखान टुक्काको पनि प्रयोग भएको पाइन्छ । उखान टुक्काको प्रयोगले भाषामा मिठास थपेको छ । यस कथामा भाषाका रूपमा प्रयोग हुन आएका केही उद्धरणहरूलाई उदाहरणका रुपमा तल उल्लेख गरिएका छन :

"हितनारायणले भन्यो, "धन्दा मान्नुपर्दैन धन दाइ, तिनीहरूले जित्ने ? आकाशको फल आँखातरी मर् । छेड्की हान्न आएको बिनासित्ति । पैसा खर्च गर्दैमा हुन्छ र ? खानेले तिनीहरूको पैसा हाम गर्छन् । भोट त्यसै दिन्छन् र जनताले ? के सेवा गऱ्या छ र तिनीहरूले ? खालि फुर्ती र धक्कु लगाएर हुन्छ र ? (पृ .५०) ।" यस उद्धरणमा "आकाशको फल आँखातरी मर्" उखानको प्रयोगले कथामा नै मिठास उत्पन्न गराएको छ ।

**बलात्कार** कथामा प्रयोग भएको भाषा सरल छ । यस कथामा हाम्रो समाज तथा संस्कृतिमा प्रयोग हुने सरल तथा सहज भाषाशैलीको प्रयोग हुन आएको छ जसले यो कथा सामान्य पाठकका

लागि पनि ग्राीय छ । यसका साथै यस कथामा कथाकारले वर्णनात्मक शैली अवलम्बन गरेका छन् भने बिच-बिचमा संवादहरूको प्रयोग पनि गरेको पाइन्छ । समग्रमा प्रतीकात्मक अर्थ बोकेको यस कथामा भाषा सरल रहेको छ जसले गर्दा सामान्य पाठकका लागि बोधगम्य रहेको छ । यस कथामा भाषिक प्रयोग भएका त्यस्ता भाषिक उद्धरणहरू आएका छैनन् ।

**बुबू** कथाको भाषा सरल रहेको छ । प्रस्तुत कथामा कथाकारले वर्णनात्मक शैली अवलम्बन गरेका छन् भने बिच-बिचमा संवादहरूको प्रयोग पनि गरेका छन् । यस कथामा राणाकालीन समयमा दरबारमा प्रयोगमा रहेका ढोका जानु, बक्सियो, ज्यूनार, गाथगादीजस्ता केही विशिष्ट शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । यसका साथै यस कथामा रोज, मोटर ग्यारेज, जस्ता अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग हुन आएको छ । समग्रमा अभिधात्मक अर्थ बोकेको यस कथामा भाषा सरल रहेको छ जसले गर्दा सामान्य पाठकका लागि बोधगम्य रहेको छ । यस कथामा प्रयोग भएका केही भाषिक उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गर्न सकिन्छ :

''बुबू कति डराई डराई, कति हच्की हच्की रानीसाहेबको सामुन्ने परेकी थिई (पृ. ५८) ।'' माथिको उद्धरणमा ड, रा, ई, ह, क जस्ता वर्णहरूको प्रयोग भएकाले वृत्यानुप्रासको प्रयोग भएको छ ।

''उसले रानीसाहेबलाई हेरि मात्र रहेकी थिई । "के हेरेकी ?'' रानीसाहेबले मुस्काएर मर्जी भएको थियो (पृ. ५९) ।'' यस उद्धरणमा रानीसाहेब, मर्जी जस्ता दरबारमा वा उच्च वर्गका पात्रले बोल्ने भाषाको प्रयोग भएको छ ।

**यस्तो पनि भएको थियो** कथाको भाषा यस कथासङ्ग्रहका अन्य कथाहरूको भन्दा केही जटिल रहेको छ । यस कथामा अड्डा अदालतमा प्रयोग गरिने न्यायकर्ता, मुद्दामामिला, सुनुवाइ, निर्णय, फैसला, तर्जुमा, ऐन सवालबमोजिम, बन्डासवाल, प्रमाणसाक्षी, मुचुल्का, प्रमाण, निवेदन, जस्ता आगन्तुक तत्सम शब्दहरूको पनि प्रयोग हुन आएका छन् । यिनै शब्दहरूको प्रयोगले नै यस कथाको भाषा केही मात्रामा जटिल बन्न गएको छ । वर्णनात्मक शैली अवलम्बन गरिएको यस कथाको बिच-बिचमा संवादहरूको प्रयोग पनि पाइन्छ । यस कथामा राणाकालीन समयमा प्रयोगमा रहेका हुकुम, गाथ, साम्राज्ञी, महाराज, विराजमान, विचारी, सरकार, राय, मिसिल,

बक्सियो, ज्यूनार, गाथगादीजस्ता केही विशिष्ट शब्दको पनि प्रयोग गरेको पाइन्छ । यस कथामा प्रयोग भएका केही भाषिक उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गर्न सकिन्छ :

''जङ्गबहादुर अहिले सजिलोसँग बसे र झुकेको हातलाई मेचको हत्थामा अडाए, अनि सोच्न थाले । एकछिन सोचेर उनले हुकुम दिए, मिसिल पढेर सुना (पृ.७२) ।'' यस उद्धरणमा भाषाका रूपमा हुकुम, मिसिल जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको छ ।

''जङ्गबहादुर मुलुकमा सर्वेसर्वा, हर्ताकर्ता, मुख्त्यार, प्रधानमन्त्री, प्रधानसेनापति र श्री ३ को महाराज (पृ. ७३) ।'' यस उद्धरणमा भाषाका रूपमा मुलुक, सर्वेसर्वा, हर्ताकर्ता, प्रधानमन्त्री, प्रधानसेनापति, श्री ३, महाराज जस्ता आगन्तुक तथा विशिष्ट शब्दहरूको प्रयोग भएको छ ।

**साधन** कथाको भाषा सरल रहेको छ । यस कथामा हाम्रो समाज तथा संस्कृतिमा प्रयोग हुने सरल तथा सहज भाषाशैलीको प्रयोग हुन आएको छ जसले यो कथा सामान्य पाठकका लागि पनि ग्राÿय र बोधगम्य बन्न गएको छ । प्रस्तुत कथामा कथाकारले वर्णनात्मक शैली अवलम्बन गरेका छन् भने बिच-बिचमा संवादहरूको प्रयोग पनि गरेको पाइन्छ । समग्रमा अभिधात्मक अर्थ बोकेको यस कथामा भाषा सरल रहेको छ जसले गर्दा सामान्य पाठकका लागि बोधगम्य रहेको छ । यस कथामा भाषिक प्रयोग भएका त्यस्ता भाषिक उद्धरणहरू आएका छैनन् ।

**त्यस बखत भएको यो कुरा** कथामा तत्सम शब्दको प्रयोगका साथै ठेट नेपाली शब्दको प्रयोग धेरै गरेको पाइन्छ । वर्णनात्मक शैली अवलम्बन गरिएको यस कथाको बिच-बिचमा संवादहरूको प्रयोग पनि पाइन्छ । यस कथामा राणाकालीन समयमा प्रयोगमा रहेका हुकुम, गाथ, सवारी, हुकुम, भाइभारदार, श्री ३ जस्ता केही विशिष्ट शब्दको पनि प्रयोग गरेको पाइन्छ । बिचबिचमा उखान टुक्काको प्रयोगले यस कथाको भाषा रोचक र मधुर खालको बन्न पुगेको छ । यस कथामा प्रयोग भएका केही भाषिक उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गर्न सकिन्छ :

''फेरि श्री ३ को बारेमा कुरा उठ्दा उसले सायद भनेको थियो, "त्यस्तो प्रतापी महाराजबाट जे गरिबक्से पनि हुन्छ । ईश्वरले वरदान दिएको ईश्वरै समान हुन् । जे गरे पनि पाप लाग्दैन (पृ. ८६) ।'' यस उद्धरणमा *ईश्वरले वरदान दिएको ईश्वरै समान हुन्छ* भन्ने उखानले भाषालाई रोचक र मधुर बनाएको छ ।

“भइहाल्यो त्यसलाई जात दिनू । ए, गुरूज्यूलाई बिन्ति गर्नू, त्यसलाई पतिया बक्स्योस् भनेर (पृ. ८७) ।'' यस उद्धरणमा भाषाका रूपमा बक्स्योस्, गुरुज्यू, पतिया जस्ता उच्च वर्गका मान्छेले बोल्ने शब्दहरू आएका छन् ।

**इतिहासले बिर्सेको घटना** कथामा राणाकालीन दरबारमा बोलिने उच्च वर्गले प्रयोग गर्ने भाषाको प्रयोग गरिएको छ । यस कथाको घटनाक्रम दरबारकै भएकाले त्यस समयमा राणाहरू वा राजाहरूले प्रयोग गर्ने सोँशृङ्गार, महारानी, पटरानी, रानी, षोडशी, कक्ष, बक्सियो, ज्यूनार, बिन्ती, मर्जी, राजासाहेब, दर्शन, बक्सन्छ जस्ता उच्च शब्दको प्रयोग हुन आएको छ । यस कथामा वर्णनात्मक शैली अवलम्बन गरिएको छ भने यस कथाको बिच-बिचमा संवादहरूको प्रयोग पनि पाइन्छ । यस कथामा भाषिक प्रयोग भएका त्यस्ता भाषिक उद्धरणहरू आएका छैनन् ।

समाजमनोवैज्ञानिक कथाकार गोविन्द गोठालेको यस कथासङ्ग्रहमा सरल, सहज भाषाको प्रयोग भएको छ । पात्र अनुकूल कथ्य भाषाको प्रयोग तथा उखान, टुक्का, निपात र अनुकरणात्मक शब्दको यथेष्ट प्रयोग भएको देखिन्छ । सरल र सहज तथा स्पष्ट पद, पदावली, वाक्यको प्रयोग पनि प्रस्तुत कथासङ्ग्रहमा भएको पाइन्छ । लेखकले वर्णनात्मक शैली प्रयोग गरेको भाषामा कही कतै साहित्यिकता तथा बौद्धिकता पाइए पनि बोधगम्यता नै रहेको छ । अशिक्षित ग्रामीण समाजका पात्रले बोल्ने भाषामा यदाकदा कथ्य भाषाको प्रयोग भए पनि प्राय: मानक भाषा बोलेको पाइन्छ । आवश्यकता अनुसार मनोवाद तथा संवादको प्रयोग कथामा भएको छ । संवादयुक्त भाषाको प्रयोगले कथामा नाटकीयताको झल्को समेत दिलाएको छ । कथामा प्रयुक्त भाषा तथा संवादले परिवेशको यथार्थ चित्रण गरेको पाइन्छ । यसरी यस कथासङ्ग्रहका कथाहरूमा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । भाषा प्रयोगका हिसाबले पनि यस कथासङ्ग्रहका कथाहरू उत्कृष्ट एवम् सफल बन्न पुगेका छन् ।

## ४.४ बाँ कथा का कथामा सामाजिक संस्कृति

संस्कृतिलाई अर्को शब्दमा प्रथा, परम्परा, प्रचलन, संस्कार आदि पनि भनिन्छ । पुस्तौदेखि चल्दै आएका तथा समय क्रमसँ गै आविर्भाव भएका मान्यता, धारणा, विचार, रीतिरिवाज आदि नै संस्कृति हुन् । धर्म, जात, चाडबाड जस्ता विभिन्न पक्षहरू हाम्रा पुस्तादेखि हामीसँ ग सर्दै आएका छन् । ती संस्कृतिका विविध पक्षहरू हुन् । समाजमा अनादि कालदेखि प्रचलित रहेका तथा

समयक्रमले आविर्भाव गरेका सामाजिक व्यवस्थाहरू त्यो समाजका संस्कृति बनेर रहेका हुन्छन् ( क्षेत्री, २०६४ : ९४) । संस्कृति एक पुस्तादेखि अर्को पुस्तामा सर्दै आउँदा सबै जस्ताको तस्तै रूपमा नआउन पनि सक्छन् । समय क्रमसँगै कतिपय संस्कृति लोप भएर पनि जान्छन् भने कतिपय संस्कृति केही परिवर्तन भएर आएका हुन्छन् । राम्रा संस्कृति समाजका सम्पदा हुन् । तिनले समाजको पहिचानलाई झल्काएका हुन्छन् । परम्परा धान्ने नाउँमा कतिपय खराब संस्कृतिले मानिसको जीवनमा दुर्घटना पनि निम्त्याएको हुन्छ । समाजमा राम्रा नराम्रा दुबै खालका संस्कृति रहेका हुन्छन् । साहित्यकार सामाजिक प्राणी भएको र साहित्य समाजबाट प्रभावित हुने हुँदा समाजमा प्रचलित संस्कृतिको प्रभाव साहित्यमा पर्दछ । साहित्यमा समाजसँगसँगै संस्कृतिको चिनो पनि आउने हुँदा तत्कालीन समाजको संस्कृति पहिचान गर्न, उक्त संस्कृतिले साहित्यकार र तत्कालीन समाजलाई पारेको प्रभाव बुझ्न साहित्यमा संस्कृतिको पनि खोजी हुनु पर्दछ । त्यसैले साहित्यको समाजशास्त्रीय अध्ययनमा संस्कृतिलाई पनि अध्ययनको एउटा आधार मानिएको छ ।

कथाकार गोविन्द गोठाले समाजमनोवैज्ञानिक तथा समाजका यथार्थवादी चित्रकार भएकाले उनका कथाहरूमा नेपाली समाजमा प्रचलित संस्कृतिको यथार्थ अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत **बाँ कथा** का कथाहरू विं.सं २००४ देखि २०५२ सालसम्मको अवधिमा लेखिएका हुनाले यी कथाहरूमा तत्कालीन संस्कृतिको प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परेको छ । तत्कालीन अवस्थाका कतिपय संस्कृतिहरू अहिलेको समाजमा पनि प्रचलनमा रहेको पाइन्छ ।

**आँखा** कथामा तत्कालीन ग्रामीण नेपाली समाजमा अशिक्षाका कारण माथिल्लो वर्गमा रहेका ठुला भनाउँदाहरूबाट निम्न वर्गका मानिसहरू हेपिने तथा उच्च वर्गकाहरूको पाउ मोल्नु पर्ने खराब संस्कृति भएको कुरा उद्घाटित भएको छ । प्रस्तुत कथामा हीरालालको बाबु तथा हीरालाल स्वयम् ढोका अर्थात दरबारको चाकडी गर्न जानुले पनि निम्न वर्गका मान्छेहरू उच्च वर्गका मान्छेहरूका घरमा गएर काम गर्नुपर्ने खराब संस्कृतिलाई देखाइएको छ । त्यसै गरी नेपाली समाजमा मान्यजनलाई धर्म संस्कार अनुसार नमस्कार गर्ने प्रचलन रहेको छ । यस्तो प्रचलनको अभिव्यक्ति प्रस्तुत कथामा हीरालालको बाबु मोतीलाल र हीरालाल स्वयम्ले जरसाहेबलाई नमस्कार गरेको कुराबाट प्रष्ठ हुन्छ । यसका साथै यस कथामा परम्परागत मूल्य मान्यताप्रति विश्वास गर्ने, मान्छे मरेपछि श्राद्ध गर्ने, बर्खी बस्ने जस्ता विभिन्न कुराहरू पनि सामाजिक संस्कृतिका रूपमा

आएका छन् । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"घोडामा राज भएको ठूलो राजा अलि पर देखियो र एकछिनपछि दुल्कीको चालमा दौडिरहेको घोडा बाबुछोराको सामुन्ने आएर टक्क अड्यो । उसको बाबुले छोराको हातलाई झड्कारेर छुटाएर हडबढाएर दर्शन गऱ्यो (पृ. २) ।" यस उद्धरणमा सामाजिक संस्कृतिका रूपमा हाम्रो समाजमा परम्परादेखि चल्दै आएको आफूभन्दा ठूलो व्यक्तिलाई आदरस्वरूप नमस्कार गर्ने प्रचलन नै मुख्य रूपमा आएको छ ।

"बाबु परलोक भएपछि तेह्रौँ दिनको श्राद्ध सिद्धयायको भोलिपल्ट ऊ दरबारमा गयो (पृ. २) ।" यस उद्धरणमा सामाजिक संस्कृतिका रूपमा आफ्ना आफन्त वा परिवारभित्रका कुनै पनि सदस्य मर्दा पर्दा विभिन्न किसिमका सामाजिक नियमहरू मान्नु पर्ने, श्राद्ध गर्नुपर्ने, बर्खी बस्नुपर्ने, बर्खीको समयमा सेतो लुगा मात्र लाउनुपर्ने जस्ता कुराहरू नै मुख्य रूपमा आएका छन् ।

**गीता र मीना** कथामा हाम्रो समाज तथा संस्कृतिमा प्रयोग भएका विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक विषयवस्तुहरूलाई यथार्थ रूपमा देखाइएको छ । यस कथामा सामाजिक संस्कृतिका रूपमा देवीदेवताको दर्शन गर्न जाने नेपाली समाजको चलनचल्ती, छोरी भएपछि बिहे गरेर अर्काको घरमा जानुपर्ने सामाजिक मान्यता, बिहे गरेपछि महिलाले शिरमा सिन्दूर लाउनुपर्ने सामाजिक चलन, दसैँ जस्ता नेपाली समाजमा चलेका विभिन्न चाडपर्वहरू जस्ता कुराहरू आएका छन् । त्यसै गरी नेपाली समाजमा मान्यजनलाई हिन्दू धर्म संस्कार अनुसार नमस्कार गर्ने प्रचलन रहेको छ । यस्तो प्रचलनको अभिव्यक्ति प्रस्तुत कथामा गीता र मीनाले म पात्रलाई नमस्कार गरेको कुराबाट प्रष्ठ हुन्छ । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"दुवैको कपालमा सिन्दूर थिएन । बिहे हुँदैमा कपालमा सिन्दूर लाउनैपर्छ भन्ने कर त छैन तर उनीहरूको बोलाई चलाइबाटै थाहा हुन्थ्यो बिहे भएको छैन (पृ. १४) ।" यस उद्धरणमा हाम्रो समाज तथा संस्कृतिमा रहेको बिहे गरेपछि सिन्दूर लाउनुपर्छ भन्ने चलनचल्ती सामाजिक संस्कृतिका रूपमा आएको छ ।

“एक दिनको कुरा, म कपडापसलमा बसिरहेको थिएँ । भोलिपर्सि दसैं । सडकमा दसैं आउन लागेको चहलपहल । त्यस्तै पसलहरूमा हूल थियो विशेष गरेर आइमाईको (पृ. १५) ।” माथिको उद्धरणमा सामाजिक संस्कृतिका रूपमा हाम्रो समाजमा परम्परादेखि नै चलनचल्तीमा रहँदै आएका चाडपर्वहरू (दसैं, तिहार) आएका छन् ।

**छोरीको बाबु** कथामा सामाजिक संस्कृतिका रूपमा तत्कालीन ग्रामीण नेपाली समाजमा अशिक्षाका कारण माथिल्लो वर्गमा रहेका ठुला भनाउँदाहरूबाट निम्न वर्गका मानिसहरू हेपिने तथा उच्च वर्गकाहरूको पाउ मोल्नुपर्ने खराब संस्कृति भएको कुरा उद्घाटित भएको छ । प्रस्तुत कथामा ज्ञानमानले आफ्नी छोरीलाई घरमा ल्याएर राम्रो केटो खोजेर बिहे गरिदिने र एक्लो भएको घरमा नै उनीहरूलाई बसाउने सपना देख्नु तर छोरीलाई भेट्नलाई समेत बाबुसाहेबलाई खुसी बनाउनुपर्ने तथा दरबारका अन्य खरदार तथा बहिदारले खबर सुनाएपछि बाबुसाहेबको मर्जी भएमा मात्र आफ्नो कुरामात्र राख्न पाउनुले राणाकालीन समाज तथा संस्कृतिमा निम्न वर्गका मान्छेहरूको जीवन पशुसरह रहेको कुरा पुष्टि हुन आएको छ । यसका साथै राणाकालीन समयमा नारीहरूमाथि हुने गरेका यौन शोषण तथा नारीलाई खाली भोग्याको साधनका रूपमा लिनुले पनि निम्न वर्गका नारीहरू उच्च वर्गका राणाहरूका घरमा गएर काम गर्नुपर्ने खराब संस्कृतिलाई देखाइएको छ । त्यसै गरी नेपाली समाजमा मान्यजनलाई धर्म संस्कार अनुसार नमस्कार वा दर्शन गर्ने प्रचलन रहेको छ । यस्तो प्रचलनको अभिव्यक्ति प्रस्तुत कथामा ज्ञानमानले बाबुसाहेबलाई दर्शन गरेको कुराबाट प्रष्ठ हुन्छ । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

“खरदार पूजा सिद्धयाएर भित्तामा अडेस लगाएर तमाखु खाइरहेको थियो (पृ. २६) ।” यस उद्धरणमा बिहान बेलुका भगवानलाई सम्झेर पूजा गर्नुले हाम्रो समाज तथा सस्कृतिमा भगवानप्रति भएको आस्थालाई दर्शाएको छ ।

**सुशीला भाउज्यू** कथामा सामाजिक संस्कृतिका रूपमा तत्कालीन ग्रामीण नेपाली समाजमा अशिक्षाका कारण माथिल्लो वर्गमा रहेका ठुला भनाउँदाहरूबाट निम्न वर्गका मानिसहरू हेपिने तथा उच्च वर्गकाहरूको पाउ मोल्नु पर्ने कुराहरू नै आएका छन् । यसका साथै परम्परागत मूल्य मान्यताप्रति विश्वास गर्ने, आफ्नो पति मरेपछि चुरा फोर्नुपर्ने, क्रिया बस्नुपर्ने, विधवाको नामले चिनिनुपर्ने, विधवाले सेतै कपडा लगानुपर्ने, श्राद्ध गर्नुपर्ने, बर्खी बस्नुपर्ने, पासा खेल्ने, जुवा खेल्ने

जस्ता विभिन्न कुराहरू नै यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका छन् । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''उसले आफ्नो साडीलाई हेरी त्यो सफा सेतो थियो । उसले बरखी बारेकी छ । उसको पति मरेको, हिजो पैँतालीस दिनको श्राद्ध सिद्धियो (पृ. ३१) ।'' यस उद्धरणमा आफ्नो पति मरेपछि सेतो कपडा लगाउनुपर्ने, बरखी बार्नुपर्ने, श्राद्ध गर्नुपर्नेजस्ता हाम्रा समाजमा रहेका सामाजिक संस्कृतिका कुराहरू आएका छन् ।

''सुशीला भाउज्यू यो घरमा आएको पैँतीस वर्ष भयो । पन्ध्र वर्षको उमेरमा घुम्टो ओढेर गहनै गहनाले लादिएको बग्गीमा बसेर आएकी थिई (पृ. ३२) ।'' यस उद्धरणमा हाम्रो समाज तथा संस्कृतिमा रहेको बालविवाहका कुरा तथा विवाहका बेला गहनै गहना लगाउनुपर्ने कुरा नै सामाजिक संस्कृतिका रूपमा आएका छन् ।

**बाढी** कथा तराईको सामाजिक तथा सांस्कृतिक पक्षलाई समेटेर तयार पारिएको कथा हो । यस कथामा कथाकार गोठालेले तराईमा हरेका विभिन्न किसिमका सामाजिक प्रथाहरू र तिनै सामाजिक प्रथाहरूले निम्न वर्गका मानिसहरूमाथि गरेको अन्याय, अत्याचार, दमन, शोषण जस्ता कुराहरूलाई नै सामाजिक संस्कृतिका रूपमा देखाएका छन् । समाजमा रहेको अैँचोपैँचोका कुरा, हरूवा भएर जीवनभरि नै साहूको घरमा काम गर्नुपर्ने अवस्था पनि यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका छन् । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएका छन :

''उसको बाबु रमा चौधरीको घरमा हरूवा थियो । ऊ पनि उसैकहाँको हरूवा । उसको बाबुले रमा चौधरीको बाबुसँग कर्जा लिएको थियो । जीवनभरि हरूवाइ गरेर पनि कहिल्यै त्यो कर्जा फर्किएन (पृ. ४०) ।'' माथिको उद्धरणमा सामाजिक संस्कृतिका रूपमा तराईमा पहिलेदेखि नै रहँदै आएको हरूवा बस्ने चलन आएको छ । एकपटक कर्जा वा ॠण लिएपछि बाबुबाजे र नातिपनातिले समेत जीवनभरि हरूवाइ भएर काम गर्नुपर्ने सामन्ती समाजको यथार्थतालाई पनि यस उद्धरणले दर्शाएको छ ।

''उसका स्वास्नी, केटाकेटीले रमा मालिकको घरमा परिआएको काम गर्छन् । ज्याला पाउँछन् र कहिलेकाही बचेखुचेको कुरा खान पाउँछन् (पृ. ४०) ।'' यस उद्धरणमा निम्न वर्गका

मान्छेहरूले साहूमहाजनको घरमा परिआएका कामहरू गरिदिने, काम गरिदिए बाफत ज्याला पाउने, बचेखुचेका खानेकुरा खाने जस्ता कुराहरूले नै सामाजिक संस्कृतिलाई चित्रण गरेका छन् ।

**आगलागी** कथामा सामाजिक संस्कृतिका विभिन्न पक्षहरूको प्रयोग भएकाछन । यस कथामा हाम्रो समाज तथा संस्कृतिमा परम्परादेखि नै चलनचल्तीमा रहेका विभिन्न किसिमका जात्रा, पर्व, बिहे, व्रतबन्ध, भोजभतेर जस्ता कुराहरू आएका छन् । यस्तै गरेर हाम्रो समाज तथा संस्कृतिमा रहेका मेलमिलाप, सहयोग सद्भावको भावना, दुःख परेको बेलामा जस्तोसुकै अवस्थामा पनि सहयोग गर्ने जस्ता कुराहरू पनि आएका छन् । यिनै विविध कुराहरूलाई हेर्दा समाज तथा संस्कृतिको प्रयोगका हिसाबले यो कथा उत्कृष्ट नै रहेको छ । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा उल्लेख गरिएका छन :

"ऊ हिँडिरहेको थियो । सारा टोल, सारा वडा सधैँ भैँ झन् सजग भएको उसलाई लाग्यो (पृ. ४५) ।" यस उद्धरणमा टोल, वडा जस्ता विभिन्न वर्गमा विभाजित समाजका सानासाना अङ्गहरू नै सामाजिक संस्कृतिका रूपमा आएका छन् ।

"टोलमा जात्रा पर्व भइरहन्थ्यो । धन दाइले त्यसमा प्रमुख भूमिका खेलेको हुन्थ्यो । टोलमा बिहे हुन्थ्यो, व्रतबन्ध हुन्थ्यो, भोजभतेर भइरहन्थ्यो (पृ. ४७) ।" यस उद्धरणमा समाजमा पहिलेदेखि नै मानिदै आएका विभिन्न किसिमका जात्रा, मेलापर्व, बिहे, व्रतबन्ध, भोजभतेर जस्ता कुराहरू नै सामाजिक संस्कृतिका रूपमा आएका छन् ।

**बलात्कार** कथामा हाम्रो समाज तथा संस्कृतिमा प्रयोग भएका विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक विषयवस्तुहरूलाई यथार्थ रूपमा देखाइएको छ । हाम्रो समाजमा कुनै नारी जबरर्जस्ती बलात्कृत हुँदा पनि समाजबाट टाढा भएर बस्नुपर्ने, कसैसँग पनि छोइन नहुने जस्ता कुराहरूले परम्परित सामाजिक संस्कृतिका कुरालाई दर्शाएको छ । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"रामेश्वरमान खटियामा सुत्थ्यो । लिली अलि पर ढोकानिर सुत्थी । दुवै आपसमा छोइएला भनेर हच्कीहच्की हिँड्थ्ये र हच्कीहच्की बस्थ्ये (पृ. ५५) ।" यस उद्धरणमा कुनै पनि अनैतिक क्रियाकलाप भएका नारीहरूले बिटुलो भएर बस्नुपर्ने, आफ्नै लोग्नेसँग पनि छोइन नहुने, छोइएमा

पाप लाग्ने, मरेपछि स्वर्गमा नपुगिने सामाजिक सांस्कृतिक धारणा नै सामाजिक संस्कृतिका रूपमा आएका छन् ।

**बुबू** कथामा तत्कालीन ग्रामीण नेपाली समाजमा अशिक्षाका कारण माथिल्लो वर्गमा रहेका ठुला भनाउँदाहरूबाट निम्न वर्गका मानिसहरू हेपिने तथा आफ्ना सानासाना बालबच्चालाई छाडेर दरबारमा धाई बुबूको काम गर्न जानुपर्ने, राणाहरूलाई खुसी पार्नका लागि उनीहरूको पाउ मोल्नु पर्ने जस्ता कुराहरूले त्यति बेलाको खराब संस्कृतिलाई नै सामाजिक संस्कृतिका रूपमा देखाइएको छ । प्रस्तुत कथामा बुबू, गाउँका अन्य नारीहरू दरबारमा धाई बुबूको रूपमा चाकडी गर्न जानुले पनि निम्न वर्गका मान्छेहरू उच्च वर्गका मान्छेहरूका घरमा गएर काम गर्नुपर्ने खराब संस्कृतिलाई देखाइएको छ । त्यसै गरी नेपाली समाजमा मान्यजनलाई हिन्दू धर्म संस्कार अनुसार नमस्कार गर्ने प्रचलन रहेको छ । यस्तो प्रचलनको अभिव्यक्ति प्रस्तुत कथामा बुबूले दुलही मैयासाहेबलाई दर्शन गरेको कुराबाट प्रष्ठ हुन्छ । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''कस्तो उसले दर्शन गर्नै बिर्सिएकी, हतारिएर दर्शन गरेकी थिई । दुलही मैसाबले खालि च्युँडो हल्लाएर दर्शन फर्काइबक्सेको थियो (पृ. ६०) ।'' यस उद्धरणमा हाम्रो समाज तथा संस्कृतिमा रहेको आफूभन्दा ठूला मान्छेलाई सम्मानस्वरूप गरिने नमस्कार, दर्शन जस्ता शब्दहरू नै सामाजिक संस्कृतिका रूपमा आएका छन् ।

''ससुरालाई दुवै हात जोडेर ढोग दिई । सासूलाई गोडामा ढोगी, लोग्ने पनि त्यही थियो । लोग्नेको आँखासँग उसको आँखा जुध्यो । लोग्नेले आँखा अर्कैतिर फर्कायो । बुबू अहिले झुकी र लोग्नेको गोडा ढोगी (पृ. ६५) ।'' यस उद्धरणमा पनि  हाम्रो समाज तथा संस्कृतिमा रहेको आफू भन्दा ठूला मान्छेलाई सम्मानस्वरूप नमस्कार गर्ने, ढोग गर्ने संस्कारगत मान्यता नै सामाजिक संस्कृतिका रूपमा आएका छन् ।

**यस्तो पनि भएको थियो** कथामा कथाकार गोविन्द्र गोठालेले दरबारिया परिबेशमा रहेका विभिन्न कुराहरूलाई नै सामाजिक संस्कृतिका रूपमा देखाएका छन् । यस कथामा मुख्य गरेर जङ्गबहादुरको समयमा रहेको सामाजिक नीतिनियम, सामाजिक चालचलन, रहनसहनलाई नै सामाजिक संस्कृतिका रूपमा देखाएकाछन । राणाकालीन दरबारिया शासन व्यवस्थामा रहेका सामाजिक सांस्कृतिक मान्यता र त्यसले निम्न वर्गका मान्छेहरूको जीवनशैलीमा पारेको प्रभावलाई

पनि यस कथामा यथार्थ रूपमा देखाइएको छ । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''ती काँपेका पर्दाहरूको आडबाट श्री ३ की पहिलेकी विवाहिता महारानी र अहिलेकी विवाहिता महारानीका आँखाहरू तथा रानीसाहेबका आँखाहरू, त्यस्तै नानीगन्जमा थुपारिएका नानीहरूका आँखाहरूले निहारिरहेका थिए (पृ. ७०) ।'' यस उद्धरणमा एउटै पुरूषलाई तीन तीन वटी बिहे गर्ने अधिकार, नारीलाई केवल यौन तृप्तिको साधन मान्ने, नारीहरू घरका गहना हुन् भन्ने मान्यताले त्यति बेलाको सामाजिक तथा सांस्कृतिक कुरालाई दर्शाएका छन् ।

''त्यहाँ खेत छ । त्यहाँ बारी छ । त्यहाँ गाई छ, त्यहाँ बाख्रा छ । अँध्यारो रात, निस्पट्ट अँध्यारो रात । घर सुनसान छ । त्यहाँ एउटा मान्छे सुतिरहेछ । त्यहाँ छिँडीमा मस्त सुतेर घुरिरहेछ (पृ. ७३) ।'' यस उद्धरणमा खेत, बारी, गाई, बाख्रा, सुन्सान घर, छिँडी जस्ता कुराहरूले नै सामाजिक सांस्कृतिक कुरालाई दर्शाएका छन् ।

**साधन** कथा निम्न वर्गीय मानिसहरूको जीवनशैलीको यथार्थतालाई प्रस्तुत गर्न सफल कथा हो । यस कथामा कथाकार गोठालेले हाम्रो समाज तथा संस्कृतिमा चलनचल्तीमा रहेका विभिन्न सामाजिक संस्कृतिका कुराहरूलाई यथार्थ रूपमा देखाएका छन् । हाम्रो समाज तथा संस्कृतिमा परम्परादेखि चलनचल्तीमा रहँदै आएका पूजाआजा गर्ने चलन, धर्मप्रतिको आस्था र विश्वास, बिहेका कुरा, नातासम्बन्धका कुरा, मान्छे मरेपछि सेतो कपडाको प्रयोग गर्ने चलनचल्ती जस्ता विभिन्न कुराहरू नै सामाजिक संस्कृतिका रूपमा आएका छन् । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

''यता मन्दिर, उता मन्दिर, चारैतिर मन्दिरै मन्दिर, मन्दिरभित्र देवीदेवताका मूर्ति, यताउति छरिएर रहेका पत्थर, पत्थरैपत्थरको सिँढीमा खुड्कीलाहरू (पृ. ७८) ।'' यस उद्धरणमा सामाजिक संस्कृतिका रूपमा मठमन्दिरमा गएर पूजाआजा गर्ने चलन, देवीदेवताप्रतिको आस्था र विश्वास जस्ता कुराहरू आएका छन् ।

''होटलमा ब्वाय भएको थियो र कारखानामा दरबान भएको थियो । अब अहिले बिपनाझैँ पशुपतिनाथको आर्यघाटमा उसले अडान पायो (पृ. ८१) ।'' यस उद्धरणमा सामाजिक संस्कृतिका

रूपमा मान्छे मरेपछि आर्यघाटमा लानुपर्ने कुरा, पशुपतिनाथप्रतिको आम मान्छेहरूको आस्था र विश्वास नै आएका छन् ।

**त्यस बखत भएको यो कुरा** कथामा कथाकार गोविन्द गोठालेले दरबारभित्रका सामाजिक सांस्कृतिक चालचलन, संस्कार र संस्कृति, पूजाआजा जस्ता विभिन्न कुराहरूलाई नै सामाजिक संस्कृतिका रूपमा देखाएका छन् । यस कथामा मुख्य गरेर जङ्गबहादुरको समयमा रहेको सामाजिक नीतिनियम, सामाजिक चालचलन, रहनसहनलाई नै सामाजिक संस्कृतिका रूपमा देखाएको छ । राणाकालीन दरबारिया शासन व्यवस्थामा रहेका सामाजिक सांस्कृतिक मान्यता र त्यसले निम्न वर्गका मान्छेहरूको जीवनशैलीमा पारेको प्रभावलाई पनि यस कथामा यथार्थ रूपमा देखाइएको छ । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"ए ! कहाँ गयो तेरो जात ? देखिस् अब तेरो जात ? मुसेकाजीको जात हिँ डिसकेको थियो । ऊ छोइछिटो लिनुपर्ने पानी नचल्ने भइसकेको थियो (पृ. ८४) ।" यस उद्धरणमा समाजमा रहेको जातीय वर्गीय विभेदका कारण कसैले तेरो जात गयो भन्दैमा जात जाने चलन र जात आयो भन्दैमा पहिलेकै जातको हुने कुराले नै त्यति बेलाको सामाजिक संस्कृतिक पक्षलाई दर्शाएको छ ।

"ए, दक्षिणा चढाउनुस् ।" पूजासामान बोकेर ल्याउनेले भन्यो । पातको दुना मुसेकाजीको सामुन्ने राखियो । "त्यसमा चढाउने ।" पूजासामान बोकेर ल्याउनेले भन्यो । पटुकामा घुसारेको थैली मुसेकाजीले बिस्तारै झिक्यो र गनेर आठ पैसा लियो, त्यो तेर्सिएको दुनामा राखिदियो (पृ. ८८) ।" यस उद्धरणमा हाम्रो समाज तथा संस्कृतिमा रहेको पूजाआजा गर्ने चलनचल्ती, पूजाआजा गरिसकेपछि दक्षिणा चढाउनुपर्ने मान्यता नै सामाजिक संस्कृतिका रूपमा आएका छन् ।

**इतिहासले बिर्सेको घटना** कथा ऐतिहासिक परिवेश तथा घटनामा आधारित कथा हो । यस कथामा आएका ऐतिहासिक घटनाक्रमले त्यति बेलाको सामाजिक सांस्कृतिक कुराहरूलाई पनि यथार्थताका साथ देखाएको छ । त्यति बेलाको समाज तथा संस्कृतिमा जरो गाडेर बसेको सती प्रथा र त्यसले आम नेपाली नारीहरूमाथि गरेको अमानवीय क्रियाकलापलाई यस कथामा देखाउने काम भएको छ । राणाकालीन दरबारिया समयमा सती प्रथाका नाममा नारीहरूलाई जिउँदै जलाउने राजा तथा राणाहरूको राक्षसी प्रवृत्तिलाई यथार्थ रूपमा देखाउने काम गरिएको छ । यस कथामा सती प्रथा, जातीय वर्गीय विभेद, कर्मकाण्ड, दागबत्ती, पूजाआजा जस्ता विविध कुराहरूले सामाजिक

संस्कृतिलाई दर्शाएका छन् । यस कथामा सामाजिक संस्कृतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"सती जानेका पछिपछि ब्राह्मणहरूको स्वधा, स्वस्तिको गायन यथावत थियो । बाटोभरि मिश्रित कोलाहल जस्ताको तस्तै व्याप्त थियो (पृ. ९१) ।" यस उद्धरणमा सती प्रथाका कुरा, ब्राह्मणहरूको स्वधा, स्वस्तिको गान, बाटोभरिको मिश्रित कोलाहल जस्ता कुराहरूले नै सामाजिक संस्कृतिलाई दर्शाएका छन् ।

"राजाको पार्थिव देहलाई श्रीखण्डको चितामाथि राखियो । दागबत्ती गर्नुअघिको कर्मकाण्ड सकियो । रानी, महारानी र अरू सती जाने सबैले आफ्नो आभूषण फुकालेर सबै ब्राम्ह्णलाई दान गरे (पृ. ९२) ।" यस उद्धरणमा देहलाई श्रीखण्डको चितामाथि राख्नु, दागबत्ती, कर्मकाण्ड, आभूषण फुकालेर ब्राह्मणलाई दान गर्नु, सती जानु जस्ता विभिन्न कुराहरूले त्यति बेलाको सामाजिक संस्कृतिका कुसंस्कारजन्य कुराहरूलाई नै मुख्य रूपमा देखाएका छन् ।

## ४.५ निष्कर्ष

गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूमा निम्न तथा उच्च वर्गका पात्रहरूको जीवन चर्याका बारेमा उल्लेख गरिएको छ । उच्च वर्गका व्यक्तिहरूले निम्न वर्गका व्यक्तिहरूमाथि गरेको अन्याय, अत्याचार, दमन, शोषणलाई यस कथासङ्ग्रहका कथाहरूमा यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहका कथाहरूमा निम्न वर्गका व्यक्तिहरूले भोग्नुपरेका समस्याहरूको मूल कारणका रूपमा अशिक्षा, आर्थिक अभाव तथा गरिबी मुख्य कारणका रूपमा आएका छन् । फलस्वरूप कथाका पात्रहरूले जीवनयापनका लागि अनेकौँ समस्या तथा कार्यहरू गर्नु परेको कुरालाई पनि देखाइएको छ । कुनै पनि कार्यका पछाडि कारण हुन्छ । सबै कार्यसित कारण खोज्न नसकिने भए पनि गोठालेका कथाहरूका मूलभावसँग कार्यकारण सम्बन्ध खोज्नु उपर्युक्त हुन्छ । नेपाली समाजमा पनि अशिक्षा, अज्ञानता, सामाजिक रूढि र अन्धविश्वास रहेकाले यिनका कारणले नेपालीहरूले भोग्नु परेका समस्यासँग कथाकार परिचित रहेका देखिन्छन् । गोठालेका कथामा घटित कार्य वा घटनाको कुनै न कुनै सामाजिक, आर्थिक र सांस्कृतिक कारण रहेको देखिन्छ । यसबाट कथाकारले आफ्ना कथामा कार्यकारण सम्बन्धको बलियो आधार प्रस्तुत गरेका छन् ।

गोठालेको **बाँ कथा** का कथाहरूमा सरल, सहज तथा स्पष्ट भाषाको प्रयोग भएको छ । पात्र अनुसार कथ्य भाषाको प्रयोग, उखान, टुक्का, निपात र अनुकरणात्मक शब्दको यथेष्ट प्रयोग तथा व्यक्तिभाषा र भाषिकाको प्रयोग पनि यस कथासङ्ग्रहका कथाहरूमा पाइन्छ । बिम्बात्मक र प्रतीकात्मक भाषाको प्रयोग भए तापनि यसले भाषालाई जटिल नबनाई बोधगम्य र विशिष्ट बनाउन मद्दत गरेको छ । आवश्यकता अनुसार मनोवाद तथा संवादको प्रयोगले कथामा नाटकीयताको सिर्जना हुनपुगेको छ । समग्रमा भाषाले लेखकको उद्देश्यलाई वहन गरेको छ । यस कथासङ्ग्रहका कथाहरू सरल भाषामा आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेका छन् भने कथानक ढाँचा रैखिक तथा वृत्ताकारीय गरी मिश्रित प्रकारको रहेको छ ।

**बाँ कथा** का कथाहरूमा हिन्दू धर्म अनुसार नेपाली समाजमा प्रचलित धार्मिक, सामाजिकका साथै मौलिक संस्कृतिलाई पनि स्थान दिइएको छ । सहरीया तथा ग्रामीण संस्कृति, लोकविश्वास जस्ता कुरा यस कथासङ्ग्रहमा मूल संस्कृति बनेर आएका छन् । नेपाली समाजको सांस्कृतिक प्रतिबिम्ब गोठालेका कथामा प्रतीकात्मक रूपमा प्रस्तुत भएको छ ।

समग्रमा गोठालेले आफ्ना कथामा नेपाली समाजका वर्ग, जाति, संस्कार चिनाउने गरी भाषाको प्रयोग गरेका छन् र त्यसको सरल शैलीमा प्रस्तुति दिने कौशल कथाकारमा रहेको छ । भाषिक प्रयोगका दृष्टिले पात्र अनुकूल भाषाको प्रयोगमा कथाकार गोठाले सचेत रहेका छन् । नेपाली समाजमा प्रचलित धार्मिक, सामाजिक तथा मौलिक सांस्कृतिक विविधताको चित्रण कथाहरूको विशेषता हो । कार्यकारण सम्बन्ध, भाषा र सामाजिक संस्कृतिका दृष्टिले गोठालेको **बाँ कथा** का कथाहरू मध्यम स्तरका नै रहेका छन् ।

# पाँचौँ परिच्छेद

# 'बाि कथा' का कथामा अनुभूतिको संरचना र विश्वदृष्टि

## ५.१ विषय प्रवेश

साहित्यको समाजशास्त्रले साहित्यिक कृतिका आधारमा समाजको अध्ययन, समाजमा साहित्यको स्थिति, लेखकको अवस्थाको विश्लेषणका साथै साहित्य र पाठककाबिचको सम्बन्धको विवेचना गर्दछ । अनुभूतिको संरचना र विश्वदृष्टि साहित्यको समाजशास्त्रीय सिद्धान्तका साहित्यिक कृति विश्लेषणका विविध मापदण्डहरूमध्ये महत्त्वपूर्ण मापदण्ड हुन् । साहित्यिक लेखनमा समाजसँग संस्कृतिको जीवन्त अनि सिर्जनात्मक सम्बन्धको व्याख्यामा मद्दत गर्ने केन्द्रीय धारणा नै अनुभूतिको संरचना हो । सामाजिक व्यक्तिहरूको अनुभूति र साहित्यकारको अनुभूति एकाकार भएपछि पात्र र भाषाको माध्यमबाट अनुभूतिको संरचना रचनामा व्यक्त हुन्छ । त्यसै गरी समाजमा रहने विभिन्न खालका व्यक्तिहरूको विचार, चाहना, इच्छा, आकाङ्क्षा तथा भावनाको सामूहिक अभिव्यक्तिलाई विश्वदृष्टि भनिन्छ । लेखकको विचार र समाजको विचारबाट विकास हुने औसत विचार नै विश्वदृष्टि हो । साहित्यको समाजशास्त्रीय सिद्धान्तले साहित्यिक कृतिमा यी

कुराको खोजी गरेको हुन्छ । प्रस्तुत शोधको यस परिच्छेदमा अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा **बाा कथा** का कथाहरूको विश्लेषण गरिएको छ ।

## ५.२ अनुभूतिको संरचनाका आधारमा बाा कथा कथासङ्ग्रहका कथाहरू

साहित्यकार समाजको असाधारण प्रतिभा भएको व्यक्ति हो । उसले विविध कारणले समाजमा घटेका घटनाहरूलाई अनुभूत गरी साहित्यमा अभिव्यक्त गरेको हुन्छ । कुनै पनि घटनालाई तुरुन्त अनुभूत गर्ने शक्ति साहित्यकारमा हुन्छ (क्षेत्री, २०६४ : ४३) । साहित्य रचना गर्दा साहित्यकार समाजका घटना र सत्यलाई मात्र रचनामा उतार्दैन । उसले समाजका संस्कृति, संस्कार, सामाजिक क्रियाकलाप आदिप्रति आफ्ना अनुभूति तथा दृष्टिकोणहरू के कस्ता रहेका छन् भन्ने सकरात्मक तथा नकारात्मक धारणा पनि व्यक्त गरेको हुन्छ । साहित्यकारको अनुभूतिले मात्र अनुभूतिको संरचना बन्दैन । समाजमा विभिन्न क्रियाकलाय र ती क्रियाकलापको अनुभूति गर्ने सामाजिक व्यक्तिहरूबाट अनुभूतिको निर्माण भएको हुन्छ ।

साहित्यकारले सामाजिक संस्कार, संस्कृति तथा विविध घटनालाई आफूले समेटेको अनुभूतिलाई काल्पनिक पात्रमार्फत आफ्ना रचनामा अभिव्यक्त गरेको हुन्छ । सामाजिक व्यक्तिहरूको अनुभूति र साहित्यकारको अनुभूति एकाकार भएपछि पात्र र भाषाको माध्यमबाट रचनामा व्यक्त हुन्छ । यस्तो रचनामा व्यक्त भएको अनुभूतिलाई सामाजिक व्यक्तिहरू तथा पाठकहरू पुन: ग्रहण गर्दछन् । यसरी बनेको अनुभूतिको संरचनालाई कृति अध्ययनको मापदण्ड बनाउँदा तत्कालीन सामाजिक व्यवस्थाप्रति रचनाकार र सामाजिक व्यक्तिहरूको धारणा, दृष्टिकोण वा अनुभूति के कस्ता रहेका छन् ? उनीहरू तत्कालीन समाज, संस्कृति र व्यवस्थाप्रति सन्तुष्ट थिए वा थिएनन् ? उनीहरू परिवर्तन चाहन्थे वा यथास्थितिमै रमाउन चाहन्थे ? भन्ने कुराको पहिचान हुन्छ । सामाजिक व्यक्तिहरूमा भएको अनुभूतिलाई सूक्ष्म रूपमा अनुभव गर्न सक्ने विशिष्ट क्षमता साहित्यकारमा हुने हुँदा उसले आफ्ना रचनामा त्यस्तै पात्रहरू सिर्जना गरेर ती सामाजिक व्यक्तिहरूको अनुभूतिलाई मूर्त रूप दिने काम गरेको हुन्छ । त्यसकारण साहित्यमा रचनाकारको अनुभूतिको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । यसर्थ साहित्यको समाजशास्त्रीय अध्ययनमा अनुभूतिको संरचनालाई पनि आधार मानिएको छ ।

कथाकार गोविन्द गोठाले समाजमनोवैज्ञानिक कथाकार हुन् । त्यसैले उनले **बाँ कथा** का कथाहरूमा धेरैजसो नेपाली समाजमा बसोबास गर्ने निम्न वर्गीय मानिसहरूले आर्थिक अभावका कारण भोग्नु परेका समस्या र पीडाको अनुभूतिलाई अभिव्यक्त गरेका छन् । प्रस्तुत कथासङ्ग्रहमा आर्थिक अभावका कारण कसैले कलिलै उमेरमा दरबारमा गएर धन कमाउने, परिवार पाल्ने आशामा राणाहरूको गुलामी हुन बाध्य भएको र कसैले गरिबीकै कारण आफ्ना छोराछोरी दरबारमा सुम्पनुपर्ने, कसैले आफ्नो इच्छा बिपरितको केटासँग बाध्यताका साथ विवाह गर्नुपर्ने, सामाजिक नियमको दायरामा चल्नु पर्ने, कसैले इच्छा बिपरित दुई दुई पटक बलात्कार हुनुपरेको अवस्था, कसैले गरिबीकै कारण आफ्नो दूध खाने बच्चालाई त्यागेर दरबारमा धाइआमा बस्नुपरेको अवस्था, कसैले परिबन्धको जालमा परी ज्यानै गुमाउनपरेको अवस्था जस्ता कुराहरू नै यस कथामा अनुभूतिका रूपमा आएका छन् । समग्रमा देशमा भएको वर्गीय विविधतालाई नाश गरी समतामूलक समाज निर्माण गर्ने चाहना यस कथासङ्ग्रहका कथाहरूमा अनुभूति बनेर आएका छन् ।

**आँखा** कथाले समाजमा रहेको अन्यायअत्याचार, दम, शोषण जस्ता कुराहरू दिगो रूपमा रहदैन, त्यस्ता कुराहरू कुनै न कुनै दिन नाश भएर जान्छन समयको परिवर्तनसँगै हरेक कुराहरू आफै परिवर्तन भएर जान्छन त्यसको लागि धैर्यता हुनुपर्छ भन्ने कुरा नै यस कथामा कथाकारको अनुभूति बनेर आएको छ । यस कथामा कथाकार गोठालेले आफूले देखेका वा भोगेका विविध विषयवस्तुहरूलाई अनुभूतिका रूपमा व्यक्त गरेका छन् । जसरी समयको परिवर्तनसँगै लामो समयसम्म सत्तामा रहेर नेपाली जनताहरूको रगत र पसिनामा खेलेका राणाहरूको नाश भएर गयो, त्यसैगरी अहिलेको सत्तामा बसेर जनताको श्रम र पसिनामा मोजमस्ती गर्ने शोषक सामन्तहरूको अन्त्य भएर जान्छ भन्ने लेखकको अनुभूति पनि यस कथामा आएको छ । यस कथामा कथाकारले राणाकालीन जीवन भोगाइलाई नै आफ्नो अनुभूतिका रूपमा व्यक्त गरेका छन् । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख छन :

''नेपालमा समय बदलिनु, राणाजीलाई दशा लाग्नु, मालिकको त्यो हविगत हुनु उसको दोष होइन (पृ. ८) ।'' माथिको उद्धरणमा राणाहरूको दबदबा तथा राणाहरूले नेपाली जनताहरूमाथि गरेको अन्याय, अत्याचार, दमन, शोषणकै कारण नेपालीहरूको मानसिकतामा आएको परिवर्तनले आन्दोलनको रूप लिनु र राणा शासनको अन्त्य हुनु जस्ता विभिन्न घटनाहरू घट्नु समयको खेल

हो भन्ने अनुभूति हीरालालका माध्यमबाट कथाकारले व्यक्त गरेका छन् । असत्  बाटोमा लाग्नेको कुनै न कुनै दिन हार र सत् बाटोमा लाग्नेको जित अवश्य हुन्छ भन्ने अनुभूति यस कथामा कथाकार गोठालेले प्रस्तुत गरेका छन् ।

**गीता र मीना** कथा समलैङ्गिक यौनमनोविश्लेषणमा आधारित भएर लेखिएको कथा हो । यस कथामा गीता र मीनाको प्रेम सम्बन्धलाई देखाइएको छ । मान्छे फरक लिङ्गिसँग मात्र होइन, समान लिङ्गीसँग पनि आकर्षित हुन्छ भन्ने लेखकको अनुभूतिलाई यस कथामा व्यक्त गरिएको छ । यस कथामा म पात्रको गीता र मीनाप्रति देखिएको आकर्षणले नारीहरूमाथि पुरूषको हेराइ तथा नारीलाई भोग्याको साधन मात्र ठान्ने पुरूष प्रवृत्तिलाई देखाएको छ । बिहे गरिसकेपछि पनि पुरूषहरू एक ठाउँमा अटल भएर रहन सक्दैनन् भन्ने लेखकको अनुभूति यस कथामा म पात्रले गीता र मीनालाई कताकता चाहनुले दर्शाएको छ । यसका साथै नेपाली समाजमा पनि समलिङ्गीप्रतिको आकर्षण दिनप्रतिदिन बढ्दै गएको लेखकको अनुभूति पनि कथामा प्रकट भएको छ । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएका छन् :

"मलाई कतै गएर आरामसँग चुपचाप बसूँजस्तो लाग्यो । म रत्नपार्कभित्र पसेँ । सिमन्टीको खाली बेन्चलाई एकछिन अलमलिएर हेरिरहेँ । सँगैको फूलको बिरूवाको पातमा अन्यास हात पऱ्यो । पातलाई बिस्तारै मुसारेँ र बेन्चमा बस्दै नबसी घरतिर हिँडेँ" (पृ. २२) ।" माथिको उद्धरणमा म पात्रले गीता र मीनाप्रति अचेतनमा दबेर रहेको माया रत्नपार्कका गीता र मीना सधैँ बस्ने सिमेन्टीका बेन्चहरूलाई छोएर आफ्नो चाहनालाई पुरा गर्नु नै अचेतनमा दबेर रहेका कामवासनालाई पुरा गर्नु हो भन्ने अनुभूति कथामा व्यक्त हुन आएको छ । अत: मानिसका अचेतन मनभित्र दबेर रहेका कामवासनालाई उसले कुनै न कुनै माध्यमबाट पनि पुरा गर्न सक्छ भन्ने अनुभूति कथाकार गोठालेले यस कथामा म पात्रले गीता र मीना बसेको सिमेन्टका बेन्चलाई छोएर आफ्नो चाहनालाई पुरा गरेबाट थाहा हुन आउँछ ।

"साँच्चिकै मीनाको इच्छाविरूद्ध बिहे भएको हो त ? खालि यो गीताको धारणा मात्र हो¸? (पृ. २२) ।" माथिको उद्धरणमा आफूले मन पराएको मान्छेको बिहे भएको खबर सुन्दा जो पनि अचम्ममा पर्न सक्छ भन्ने अनुभूति कथाकारले म पात्र मीनाको बिहे भएको कुरा सुनेर झस्केबाट थाहा हुन्छ ।

**छोरीको बाबु** कथामा कथाकारले राणाकालीन समयमा निम्न वर्गका मान्छेले भोगेका अन्यायअत्याचार, दमशोषण जस्ता कुराहरूलाई नै मुख्य रूपमा देखाएका छन् । यसका साथै राणाकालीन समयमा राणाहरूले नेपाली नारीहरूमाथि गरेको यौन शोषण, नारीलाई केवल भोग्याको रूपमा लिनेजस्ता कुराहरूलाई नै यस कथामा देखाइएको छ । समयको परिवर्तनसँगै हरेक कुराहरू आफै परिवर्तन भएर जान्छन् त्यसको लागि धैर्यता हुनुपर्छ भन्ने कथाकारको अनुभूति नै यस कथामा समग्र कथाको अनुभूति बनेर आएको छ । जसरी समयको परिवर्तनसँगै लामो समयसम्म सत्तामा रहेर नेपाली जनताहरूको रगत र पसिनामा खेलेका राणाहरूको नाश भएर गयो, त्यसैगरी अहिलेको वर्तमान समयमा देखापरेका समाज तथा राष्ट्रका किराहरूको एक न एक दिन अन्त्य हुनेछ भन्ने भाव तथा अनुभूति पनि यस कथामा आएको छ । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"शरीर धान्न भात पकाउने ठाउँमा कहिलेकाही मात्रै ऊ भात पकाउँछ, कुनै इच्छाले धकेल्यो भने । नत्र ऊ च्यूरा खान्छ नत्र केही किनेर ल्याएर खान्छ । भात पकाउँदापकाउँदै उसलाई आश्चर्य लाग्छ ऊ किन भात पकाइरहेछ ? खाँदा उसलाई त्यस्तै आश्चर्य लाग्छ ऊ किन मुख चलाइरहेछ, के चपाइरहेछ ! (पृ. २७) ।" माथिको उद्धरणमा मान्छे सबै कुरा गुमाइसके पनि मर्न सक्दैन् ऊ नचहदा नचहदै पनि बाँच्न विवश भएको हुन्छ भन्ने अनुभूति व्यक्त भएको छ ।

**सुशीला भाउज्यू** कथाले मानिसको अचेतनमा अपूर्ण भएर रहेका कुराहरू कुनै न कुनै समय बाहिर प्रकट भएर छाड्छन् भन्ने कथाकारको विचार नै अनुभूतिका रूपमा आएको छ । यसका साथै राणाकालीन समयमा नारीलाई केवल यौन सन्तुष्टि गर्ने भाँडो सम्झनु, भोग्याको साधन मात्र ठान्नु पुरूषवादी समाज तथा संस्कृतिले नारीहरूमाथि गर्ने शोषण हो भन्ने कुरालाई नै लेखकले आफ्नो अनुभूतिका रूपमा व्यक्त गरेका छन् । समाजमा रहेको अन्यायअत्याचार, दमनशोषण जस्ता कुराहरू दिगो रूपमा रहदैन । त्यस्ता कुराहरू कुनै न कुनै दिन नाश भएर जान्छन् । समयको परिवर्तनसँगै हरेक कुराहरू आफै परिवर्तन भएर जान्छन् त्यसको लागि धैर्यता हुनुपर्छ भन्ने कथाकारको अनुभूति यस कथामा आएको छ । जसरी समयको परिवर्तनसँगै लामो समयसम्म सत्तामा रहेर नेपाली जनताहरूको रगत र पसिनामा खेलेका राणाहरूको नाश भएर गयो, त्यसैगरी अहिलेको वर्तमान समयमा देखा परेका समाज तथा राष्ट्रका शोषक तथा सामन्तीहरूको पनि एक न एक दिन अन्त्य हुनेछ भन्ने भाव तथा अनुभूति पनि यस कथामा प्रस्तुत

भएको छ । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएका छन् :

"त्यहाँ वरिपरि अर्को कुनै घर छैन । आफैं मा सीमित त्यो घर त्यहाँ छ । सुशीला भाउज्यू हेरिरहन्थी (पृ. ३३) ।" माथिको उद्धरणमा आफ्नो पति दीप बहादुरबाट यौन सन्तुष्टि लिन नसकेकी सुशीला भाउज्यूले एकान्तमा रहेको सुकुचाको घरलाई हेरिहन्छे र त्यस घरभित्र बेलाबेलामा देखिने छायाँ ले नै आफूमा दबिएर रहेका यौन चाहनालाई पूरा गर्ने छ भन्ने सुशीला भाउज्यूको अनुभूति प्रकट भएको छ ।

"कोठा शून्य थियो । त्यहाँ अहिले कुनै स्वर थिएन, नि:शब्द । भानुमतीको केहीबेरको अस्तित्व पनि कोठामा हरायो । आफ्नै अस्तित्व पनि आफैं भित्र दब्यो । त्यो परको घरको अस्तित्व पनि मानौं आफैं भित्र सीमित भयो । उसमा कुनै किसिमको ईर्ष्या जागेन मानौं यो पनि जीवनको क्रम हो" (पृ. ३४) ।" माथिको उद्धरणमा आफ्नो पति दीपबहादुरले अरू कसैप्रति यौन सम्बन्ध राखेको र आफूले पनि त्यो परको सुकुचाको घरमा देखिने छायाँ लाई हेरेर आफ्नो अपूर्ण यौनकुण्ठालाई पुरा गर्ने समय कुरेर बसिरहेकी सुशीला भाउज्यूको अनुभूति नै लेखकको अनुभूति बनेर आएको छ ।

**बाढी** कथामा कथाकारले समाजमा मान्छेले मान्छेलाई अमानवीय व्यवहार गर्न थाल्यो, मान्छे मान्छेमा पनि विभेदको खाडल देखा पर्‍यो भने त्यस्ता अमानवीय व्यवहार तथा खाडललाई प्रकृति स्यमले नै समान बनाइदिन्छ भन्ने अनुभूति व्यक्त गरेका छन् । मुख्य गरेर तराईमा रहेका विभिन्न प्रथा तथा त्यही प्रथालाई आफ्नो आम्दानीको साधन मान्नेहरूलाई नाश गर्नका लागि बाढी नै आउनुपर्ने रहेछ भन्ने लेखकको अनुभूति यस कथामा प्रकट हुन आएको छ । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका रूपमा तल देखाइएको छ ।

"अनायास धनिया चमारको आँ खा रमा मालिकमा पर्‍यो । अर्को आश्चर्य ! रमा मालिकले उसले लिएजस्तै त्यस्तै पाकेट हात थापेर लियो र काखमा राख्यो (पृ. ४२) ।" यस उद्धरणमा धनिया चमारले रमा साहूले पनि आफूले जस्तै पाकेर हात थापेर लिएको हेर्नुले उसमा रमा साहू पनि आफू समान भएको अनुभूति प्रकट भएको छ ।

"दुईचारवटा गाई र बाच्छा छन् । एउटा ब्याएको भैँसी छ र सधैँ रातो आँखाले घुरेर हेरिरहेको हुन्छ । अहिले खोइ त्यो ? धनिया चमार झसङ्ग झस्क्यो र सजग भयो । खोइ रमा मालिकको त्यो घरद्वार, खेत, खनिहाल (पृ. ४१) ।" यस उद्धरणमा केही समय अगाडि आफ्नै आँखा अगाडि भएका गाई, बाख्रा, बयल, रमा साहूको घर वरिपरिको वातावरणलाई धनिया चमारले सोच्न मात्र सकेको कुरालाई लेखकको अनुभूतिका रूपमा व्यक्त गरिएको छ ।

**आगलागी** कथामा नेपालमा पहिलेदेखि नै चल्दै आएको खराब राजनीतिक परिपाटीलाई देखाइएको छ । यस कथामा कथाकार गोठालेले जतिसुकै राम्रो र इमान्दार व्यक्ति पनि राजनीतिमा लागेपछि उसको आचरणमा परिवर्तन हुन्छ । ऊ आफ्नो पुरानो इमानलाई बिर्सेर पैसा र पावरको पछाडि कुद्न थाल्दछ भन्ने अनुभूति व्यक्त गरेका छन् । यस कथामा एकातिर राजनीतिमा लागेको जुनसुकै मान्छेले पैसा र पावरलाई आफ्नो विजयको साधन सम्झने परम्परा तथा प्रवृत्तिलाई अनुभूतिका रूपमा प्रस्तुत गरिएको छ भने अर्कातिर पैसा र पावरको घमन्डले नै मान्छेले आफ्नो इमानलाई तल तल गिराएको हुन्छ भन्ने अनुभूतिलाई पनि देखाइएको छ । यस कथामा अनुभूतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :

"तैपनि धन दाइको मानमा चिसो पसेको मेटिएको थिएन । धर्ममानको पहुँच प्रधानमन्त्रीकहाँ भइसकेको थियो । केही गरी प्रधानमन्त्रीले उसलाई धाप दियो भने (पृ. ५०) ।" यस उद्धरणमा राजनीतिमा सच्चा इमान्दारिता भएर मात्र हुँदैन । त्यसका साथसाथै पावर र पैसा पनि अनिवार्य छ भन्ने अनुभूतिलाई व्यक्त गरिएको छ ।

**बलात्कार** कथामा कथाकारले यौनले मानव जीवनमा पार्ने सकारात्मक र नकारात्मक प्रभावलाई देखाउन खोजेका छन् । समाजमा नारीहरूमाथि हुने विभिन्न खालका अमानवीय व्यवहार र त्यस्ता अमानवीय व्यवहारहरूलाई हाम्रा सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताले समाजबाट हटाउनुका सट्टा झन पीडकलाई पीडा दिने काम गरिरहेको अनुभूति व्यक्त गरेका छन् । नारीहरूमाथि घट्ने यस्ता घटनाहरूको अन्त्यका लागि हामी सबै एकजुट भएर लाग्नुपर्ने लेखकको अनुभूति पनि कथामा आएको छ । यस कथामा अनुभूतिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"उसले लोग्नेको हात टोकी, नाडी टोकी र त्यही वेगमा आफ्नो कपाल आफैँ लुछी । ऊ मानौँ लोग्नेको कब्जाबाट फेरि फुत्की (पृ. ५७) ।" यस उद्धरणमा पटकपटक हुने नारीमाथिको

दमनको प्रतिकार गर्नमा नारी स्वयम् नै लाग्नुपर्छ भन्ने कुरालाई लिली स्वयम्ले आफ्नो पतिले आफूप्रति गरेको दमनको विरोध गरी स्वतन्त्र भएको कुराबाट थाहा हुन्छ । यसै कुरालाई नै लेखकले आफ्नो अनुभूति बनाएका छन् ।

''उसले आफ्नो झाँक्रो फिँजाई, भैँमा खुट्टा बजारी र दुबै हातको मुड्कीले लोग्नेको छातीमा चिच्च्याई चिच्च्याई ठोकी (पृ. ५७) ।'' यस उद्धरणमा अन्तिम अवस्था आएपछि नारीहरूले आफूमाथि भएको दमन र शोषणलाई खुलेरै प्रतिकार गर्छन भन्ने अनुभूति प्रकट हुन आएको छ ।

**बुबू** कथामा कथाकार गोविन्द गोठालेले राणाकालीन दरबारिया समयमा नेपाली नारीहरू तथा समाजमा रहेका निम्न वर्गका मान्छेहरूले भोगेका विभिन्न समस्याहरूलाई यथार्थ रूपमा देखाउने काम गरेका छन् । निम्न वर्गकै भएका कारणले गर्दा दरबारियाहरूको खुट्टा मोल्नुपर्ने, पाउ पर्नुपर्ने, विभिन्न किसिमका शोषणजन्य क्रियाकलापलाई पनि सहनुपर्ने जस्ता राणाकालीन समयमा हुने गरेका शोषणलाई नै यस कथामा अनुभूतिका रूपमा व्यक्त गरिएको छ । यसका साथै यस कथामा नेपाली समाज तथा संस्कृतिमा रहेको जातीय, वर्गीय विभेदका कारण निम्न वर्गका मान्छे सधैँ गरिब भएर बाँच्नुपर्ने र उच्च वर्गका मान्छेहरू सधैँ शान र रवाफमा हिँड्ने कुरालाई देखाइएको छ । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरू उदाहरणका रूपमा तल उल्लेख गरिएका छन :

''घरमा दूध खाने नाबालक छोरो र सासूको हातमा राखेर लोग्नेको खुट्टा ढोगेर सचेत अचेत ठम्याउन नसक्ने गरी एकदम अकेला, एकदम निर्वस्त्र नाङ्गोझैँ भएर बहिदारको पछिपछि लागेकी थिई र त्यो विशाल महलको आँ मुख बाएको ढोकाभित्र ऊ पसेकी थिई (पृ. ६०) ।'' यस उद्धरणमा गरिब भएकै कारण दूध खाने नाबालक छोरालाई छाडेर, घरपरिवार त्यागेर जानुपर्ने धाइ आमाको रुपमा काम गर्न दरबार जानुपर्ने त्यतिबेलाका निम्न वर्गका मान्छेहरुको कारूणिकताको चित्रण नै यस कथाको अनुभूतिको बनेर आएको छ ।

''बुबूलाई अचानक लोग्नेसँग एकान्त एकान्त हुन मन लाग्यो । तर त्यहाँ ड्राइभर थियो ( पृ. ६४) ।'' यस उद्धरणमा राणाकालीन दरबारियाहरूले निम्न वर्गका मान्छेहरूलाई खुलेर उनीहरूका इच्छा चाहना पुरा गर्न पनि दिदैनथ्ये भन्ने अनुभूति प्रकट हुन आएको छ । यस कुराको पुष्टि बुबूले आफ्नो लोग्नेसँग एकान्त ठाउँमा बसेर आफ्ना चाहनाहरू पुरा गर्न नपाउनुले गरेको छ ।

**यस्तो पनि भएको थियो** कथा ऐतिहासिक घटनाक्रममा आधारित कथा हो । यस कथामा जङ्गबहादुरको समय तथा उनको शासन गर्ने शैलीलाई नै मुख्य रूपमा देखाइएको छ । यति मात्र नभएर जङ्गबहादुरले बेलायत भ्रमण गरेको कुरा, त्यस बेला उनले लागु गरेका नीतिनियम, त्यस बेलाका सैनिकहरूको बहादुरी जस्ता विभिन्न कुराहरूलाई पनि यस कथामा देखाउने काम गरिएको छ । यस कथामा एक मरन्च्याँसे निर्दोष मान्छे मान्छे मारेको नाममा मारिनुले त्यस बेलाको समयमा निम्न वर्गका मान्छेको मूल्य कतिसम्म थियो भन्ने कुरालाई कथाकार गोठालेले अनुभूतिका रूपमा व्यक्त गरेका छन् । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरु उदाहरणका रूपमा तल उल्लेख गरिएका छन् :

"तर उसको आँखाले हेरेर पनि हेरेको थिएन । उसको आँखामा त्रास थिएन । उसको आँखामा निवेदन थिएन । उसको आँखामा केही पनि थिएन । उसका आँखा निर्लिप्त थिए, मानौँ ती सबै असार संसारका प्राणी हुन् (पृ. ७२) ।" माथिको उद्धरणमा अपराध गरेका मान्छेका आँखामा त्रास हुँदैन, निवेदन हुँदैन, निर्लिप्त हुन्छन् भन्ने लेखकको अनुभूति प्रकट हुन आएको छ ।

"उसका आँखाले जङ्गबहादुरलाई हेरिरहेका थिए । उसको आँखा निरभिक, एकदम त्यस्तै निरभिक । मृत्युदेखि पनि निर्भिक (पृ. ७५) ।" माथिको उद्धरणमा अपराध नगर्ने मान्छेहरू कुनै पनि अवस्थामा कसैसँग पनि झुटो बोल्न सक्दैनन्, चाहे त्यो जीवनको अन्तिम क्षण नै किन नहोस् भन्ने कुरा नै अनुभूतिका रूपमा आएको छ ।

**साधन** कथामा कथाकारले मान्छेलाई पनि साधनकै रूपमा प्रस्तुत गरेका छन् । मान्छे र अन्य साधनहरूमा कुनै पनि फरक छैन । मान्छे सामाजिक बन्धनमा बाँधिएर रहेकाले नै ऊ मेसिन वा साधनभन्दा केही मात्रामा फरक भएको हो भन्ने अनुभूति व्यक्त गरेका छन् । जेदुनाथले आफ्नी छोरीलाई जन्म दिने कामबाहेक केही गर्न नसकेकाले उसकी छोरीले उसलाई जन्म दिने साधन मानेको अनुभूति यस कथामा आएको छ । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरू उदाहरणका रूपमा तल उल्लेख गरिएका छन् :

"पर ढोकामा देखा पर्दा जेदुनाथलाई लाग्यो त्यो आफ्नै स्वास्नीको अर्को रूप हो मानौँ आफ्नी स्वास्नीको पुनर्जन्म हो (पृ. ८१) ।" यस उद्धरणमा जेदुनाथले त्यस आइमाईलाई देखेपछि

आफ्नी स्वास्नीलाई स्मरण गर्नुले मान्छे जस्तोसुकै अवस्थामा रहे तापनि मनले भने आफ्नो मान्छेलाई नै चाहीं रहेकै हुन्छ भन्ने लेखकको अनुभूति प्रकट हुन आएको छ ।

**त्यस बखत भएको त्यो कुरा** कथामा कथाकार गोठालेले समाजमा परम्परादेखि नै रहेको जातीय तथा वर्गीय विभेदलाई हटाउनुपर्छ भन्ने अनुभूति व्यक्त गरेका छन् । यसका साथै उच्च जातकै भएकै कारण उसले समाजमा रहेर जे गर्न पनि पाउने र निम्न वर्गकै भएका कारण सधैँ उच्च वर्गको दमन शोणष सहेर बस्नुपर्ने स्थितिको अन्त्य हुनुपर्छ भन्ने अनुभूति लेखकको रहेको छ । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरू उदाहरणका रूपमा तल उल्लेख गरिएका छन् :

"आफूले त अरू त्यस्तो कुनै कुरा गरिएन, शुद्ध भएर हिँडियो, बसियो र जात बचाएर आइयो (पृ. ८५) ।" यस उद्धरणमा राणाकालीन समयमा आफ्नो इच्छा र चाहनाले केही पनि गर्न नपाइने यदि गरिहाल्यो भने कुन बेला के हुन्छ भन्ने कुरा थाहै नहुने अनुभूति व्यक्त हुन आएको छ ।

"शास्त्रमा पानी नचल्नेले लेखपढ गर्न हुन्छ भनेको छ र मुसेकाजीले सोध्यो (पृ. ८७) ।" माथिको उद्धरणमा राणाकालीन समयमा निम्न वर्गका मान्छेहरू कतिसम्म अशिक्षित र अज्ञानी थिए भन्ने कुरा मुसेकाजीमा पानी नचल्नेले लेखपढ गर्नु हुँदेन भन्ने भनाइबाट थाहा हुन्छ भन्ने अनुभूति प्रकट हुन आएको छ ।

**इतिहासले बिर्सेको घटना** कथामा कथाकार गोठालेले राणाकालीन समयमा निम्न वर्गका मान्छेहरूमाथि हुने दमनका कुरा, नारीहरूमाथि हुने यौन शोषणका कुरा, दरबारियाहरूको एकछत्र शासन व्यवस्था, सती प्रथाका नाममा नारीहरूले जिउँदै जल्नुपर्ने अमानवीयता जस्ता विभिन्न कुराहरूलाई नै यथार्थ रूपमा देखाउने काम गरेका छन् । यिनै विविध कुराहरूलाई समेटेर नै यस कथामा कथाकार गोठालेले आफ्ना अनुभूतिहरूलाई व्यक्त गरेका छन् । यस कथामा अनुभूतिका रूपमा आएका केही उद्धरणहरू उदाहरणका रूपमा तल उल्लेख गरिएका छन् :

"ब्राह्मणहरूले झम्टेर त्यो पुरूषलाई चिताबाट झार्न खोज्नुअघि नै त्यो पुरूष षोडशीलाई समाएको समायै अनुहार डढेर मरिसकेको थियो (पृ. ९२) ।" यस उद्धरणमा सच्चा प्रेमको निम्ति मान्छेले आफ्नो ज्यानै पनि दिन सक्छ भन्ने लेखकको अनुभूति प्रकट भएको छ ।

“एकै क्षणमा, एकै पलकमा सारा ब्रह्माण्ड ती दुवैको दृष्टिको मिलनमा समावेश भयो (पृ. ९२) ।” यस उद्धरणमा मान्छे हरेक क्षण, हरेक बखत आफूले मन पराएकै मान्छेको खोजीमा रहेको हुन्छ । आफूले मन पराएको मान्छेलाई कसैले खोसेर लग्यो भने त्यो मान्छे पलपलमा उसैको यादमा मरिरहेको हुन्छ भन्ने अनुभूति प्रकट हुन आएको छ ।

## ५.४ विश्वदृष्टिका आधारमा बाँ कथा कथासङ्ग्रहका कथाहरू

समाजमा रहने विभिन्न खालका व्यक्तिहरूको विचार, इच्छा, चाहना, आकाङ्क्षा तथा भावनाको सामूहिक अभिव्यक्तिलाई विश्वदृष्टिको रूपमा व्याख्या गर्न सकिन्छ । विश्वदृष्टिले निश्चित वर्ग वा समुदायको प्रतिनिधित्व गर्दछ । यसमा कुनै जाति विशेष, वर्ग विशेष तथा समूह विशेषको धारणा खोजिन्छ । विश्दृष्टिलाई साहित्य विश्लेषणको आधार मान्ने व्यक्ति गोल्डमानले लेखकको विचार र समाजको विचारबाट विकास हुने औसत विचारलाई विश्वदृष्टिका रूपमा परिभाषित गरेका छन् (क्षेत्री, २०६४ : २०) । विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित भए पनि त्यो दर्शन, कला र साहित्यमा व्यक्त हुन्छ । साहित्यकारले समाजप्रतिका मान्यता, विचार तथा इच्छा आकाङ्क्षालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना कृतिमा अभिव्यक्त गरेको हुन्छ । कलाकारको कल्पना र यथार्थको सङ्ग्रहबाट अभिव्यक्त भएको विश्वदृष्टिले समाजका साझा मान्यता राख्ने व्यक्तिहरूको भावनालाई प्रतिनिधित्व गर्दछ । कृतिमा व्यक्त विचारबाट समाजका मानिसको के चाहना वा इच्छा छ ? उनीहरूको देश वा विश्वप्रति कस्तो धारणा रहेको छ ? समाजमा रूपान्तरण चाहन्छन् कि चाहदैनन् भन्ने जस्ता कुराहरू जान्न सकिन्छ । यसकारण साहित्यको समाजशास्त्रीय अध्ययनमा विश्वदृष्टि पनि अध्ययनको मापदण्ड बनेको छ ।

कथाकार गोविन्द गोठाले गतिशील सामाजिक मूल्यमा आस्था राख्ने कथाकार हुन् । त्यसैले उनको **बाँ कथा** कथासङ्ग्रहमा उच्च वर्गकाहरूको अन्याय, अत्याचारबाट शोषित, पीडित हुनु परेका निम्न वर्गका, आर्थिक अभावमा परेका, यौन शोषणमा परेका, सामाजिक सांस्कृतिक कुसंस्कारले ग्रसित भएका तथा कथित उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरूमाथि गर्ने व्यवहारले पीडित खालका पात्रहरूको प्रयोग गरिएको छ । यस्ता पात्रहरूप्रति सहानुभूति प्रकट गर्दै कथाकार गोठालेले शोषणमा आधारित समाज व्यवस्थाको घोर विरोध गरेका छन् । उनले समाजका उपेक्षित वर्ग, नारी एवम् बालबालिकाहरूमा हुने दमन, अन्याय, अत्याचार तथा सङ्कीर्ण रूढिवादी संस्कारको विरोध गर्दै समाजमा सबैले सम्मान जनक रूपमा बाँच्न पाउनुपर्ने

समतामूलक समाजको चाहना राखेका छन् । यिनै कुराहरू नै **बाँ कथा** कथाङ्ग्रह भित्रका कथाहरूको विश्वदृष्टिको रूपमा आएका छन् । कथा सिर्जनामा विश्वदृष्टिको अभिव्यक्ति लेखकका माध्यमबाट भए पनि त्यो नितान्त लेखकको मात्र हुँदैन भनी गोल्डमानले भने झैँ यस प्रकारको चाहना पनि लेखकको मात्र नभई उनी जस्तै प्रगतिशील विचार भएका तथा शोषणरहित स्वतन्त्र न्यायमूलक समाजको चाहना राख्ने आम नेपालीहरूको धारणा हो । यस कथासङ्ग्रहमा प्रयुक्त निम्न आर्थिक अवस्था भएका तथा उत्पीडित पात्रहरूले पनि प्रत्यक्ष वा परोक्ष रूपमा यस्तै चाहना राखेका छन् ।

**आँखा** कथाको मुख्य विश्वदृष्टि भनेको २००४ सालभन्दा अघिको समयमा राणाहरूले नेपाली जनतामाथि गरेको शोषण र त्यसपछिको राजनैतिक तरलताको अवस्थामा चैते नेताहरूको हालीमुहालीले गर्दा नेपाली जनता राणाशासनको अन्त्य भएको अवस्थामा पनि भष्टचारी, घुसखोरी नेताहरूकै कारण शोषणमा परिरहेका छन् भन्ने रहेको छ । २००७ सालपछि राणाबाट शासनसत्ता खोसिए पनि त्यसको प्रतिफल नेपाली जनताहरूले भोग्न पाएका छैनन् । राणा वा काङ्ग्रेस सरकारमा जो आए पनि नेपाली जनताहरूले आफ्ना हकअधिकार पाएका छैनन् । नातावाद, कृपावाद जस्ता कुराहरू देशमा दिनप्रतिदिन मौलाउँदै गएका छन् । जसको कारण हुने झन्झन् धनी र नहुने झन्झन् गरिब हुँदै गएको छ भन्ने विश्वदृष्टिलाई पनि कथामा कथाकार गोठालेले व्यक्त गरेका छन् । यस कथामा विश्वदृष्टिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"तर हेर्दाहेर्दै त्यस्ता बढेका मान्छे झन्झन् ठूलाबडा हुँदै गए र त्यस्तै हेर्दाहेर्दै जरसाहेबको अनुहार निस्तेज हुँदै गयो, जरसाहेबको दाँत फुक्लिएको देखियो । रानीसाहेबको अनुहार चाहुरिएको देखियो । हेर्दाहेर्दै मालिकहरू पैदलैसमेत बाटोमा सवारी हुन लागे (पृ. ६) ।" यस उद्धरणमा समयको परिवर्तनसँगै नराम्रो काम गर्नेहरु कुनै न कुनै दिन नाश भएर जान्छन् त्यसैले हामीले कुनै पनि चिज प्राप्त गर्नका लागि समयलाई पर्खनुपर्छ भन्ने विश्वदृष्टि प्रकट हुन आएको छ ।

"एक दिन त्यो मुख्य विराट् रूपको सिङ्गै दरबार पनि बिक्यो । ठेकेदारले जगैसमेत भत्कायो र इँटा र काठपात सबै ट्रकभरीभरी लादेर लग्यो । त्यो ठूलो दरबार रहेको जमिन खाली जमिनमा जगको टाटैटाटा मात्र रह्यो र त्यस्तै हीरालालको आँखामा दरबारको स्वप्निल आकृति मात्र बाँकी रह्यो (पृ. ७) ।" यस उद्धरणमा अरुमाथि आफ्नो अधिकार र शाषन लाद्नेहरुलाई

समयले कुनै न कुनै दिन पाखा लगाएरै छाड्दछ भन्ने विश्वदृष्टि प्रस्तुत हुन आएको छ । गरिब र निम्न वर्गका नेपाली जनताहरुले पाखा लगाएर छाड्नेछन भन्ने भाव नै दृष्टिविन्दु बनेर आएको छ ।

**गीता र मीना** कथा गीता र मीनामा नै केन्द्रित छ । यस कथामा कथाकार गोठालेले गीता र मीनाबिचको सम्बन्धलाई नै मुख्य रूपमा देखाएका छन् । यस कथामा मान्छे विषम लिङ्गीसँग मात्र आकर्षित नभएर समलिङ्गीसँग पनि आकर्षित हुन्छ भन्ने कुरालाई नै विश्वदृष्टि व्यक्त गरिएको छ । यसका साथै यस कथामा आफूले मन पराएको मान्छे आफूभन्दा टाढा रहँदा मान्छे कतिसम्म तड्पिन्छ भन्ने कुरालाई पनि व्यक्त गरिएको छ । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरू उदाहरणका रूपमा तल उल्लेख गरिएका छन :

"मलाई कतै गएर आरामसँग चुपचाप बसूँजस्तो लाग्यो । म रत्नपार्कभित्र पसेँ । सिमन्टीको खाली बेन्चलाई एकछिन अलमलिएर हेरिरहेँ । सँगैको फूलको बिरूवाको पातमा अनायास हात पऱ्यो । पातलाई बिस्तारै मुसारेँ र बेन्चमा बस्दै नबसी घरतिर हिँडेँ (पृ. २२) ।" यस उद्धरणमा मान्छेले आफ्नो अचेतनमा दबिएर रहेको माया वा कामवासनालाई जुनसुकै माध्यमबाट भए तापनि पुरा गर्न सक्छ भन्ने भाव नै विश्वदृष्टिका रुपमा प्रकट हुन आएको छ ।

**छोरीको बाबु** कथामा राणाकालीन शासन व्यवस्थामा नारीहरूको अवस्था र र राणाहरूले त्यति बेलाको समयमा नारीहरूलाई एउटा खेलौना वा भोग्याको साधनको रूपमा लिने कुरालाई देखाइएको छ । कथाकारले ज्ञानमानकी छोरीलाई ज्ञानमानकै अगाडि बाबुसाहेबले खुलेआम गरेको दुरब्यवहारका माध्यमबाट राणाहरूको नारीप्रतिको दृष्टिकोण र तिनीहरूप्रति गरिने व्यवहारलाई देखाएका छन् । अत: यस कथामा तत्कालीन समयमा नारीहरूमाथिको अन्याय, अत्याचार, दमन, शोषण नै मुख्य रूपमा आएको छ । नारीहरूमाथिको अन्याय, अत्याचार, दमन, शोषणको अन्त्य गर्नमा सबै लाग्नुपर्छ भन्ने भाव नै विश्वदृष्टि बनेर आएको छ । यस कथामा विश्वदृष्टिलाई दर्शाउने त्यस्ता कुनै पनि उद्धरणहरू आएका छैनन् ।

**सुशीला भाउज्यू** कथाको मुख्य विश्वदृष्टि भनेको पुरूषहरूमा मात्र होइन नारीमा पनि पुरूषका जस्तै इच्छाहरू रहेका हुन्छन् । ती इच्छा, चाहानाहरूलाई नारीले पनि पुरूषसमान पुरा गर्न पाउनुपर्छ भन्ने नै हो । नारी पुरुष समान हुन् । नारीमाथि पुरूषले गर्ने दमन, शोषणको अन्त्य हुनुपर्छ भन्ने भाव तथा विश्वदृष्टि पनि यस कथामा आएको छ । यसका साथै कथाकार गोठालेले

नारीहरूलाई सामाजिक बन्धनमा बाँध्ने होइन स्वतन्त्र हुन दिनुपर्छ तब मात्र सबै स्वतन्त्र हुन सक्छन् भन्ने कुरालाई पनि विश्वदृष्टिका रूपमा प्रस्तुत गरेका छन् । यस कथामा विश्वदृष्टिका रूपमा आएका उद्धरणहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

"भोलपल्ट दिउँसो दीपबहादुरले सुशीला भाउज्यूलाई समातेर उठायो र सानो बच्चालाई बोकेझैं बोक्यो । मानौं भर्खर पाएको कुरा चिप्लिएर हराउँछ, मानौं पाएको कुरालाई मानौं कहीँ उसले तर्सेर, झस्केर छोड्छ, उसले सुशीला भाउज्यूलाई छोडेन (पृ. ३२) ।" यस कथामा नारीहरूमाथि हाम्रो समाज तथा संस्कृतिमा गरिने नराम्रो व्यवहार तथा नारीलाई केवल यौन सन्तुष्टिको साधनमात्र सम्झने कुराको अन्त्य गर्नुपर्छ भन्ने सन्देश नै विश्वदृष्टिका रुपमा प्रकट हुन आएको छ ।

**बाढी** कथामा तराईको परिवेश तथा वातावरणलाई नै मुख्य कार्य क्षेत्र बनाइएको छ । यस कथामा कथाकार गोठालेले तराईका सामाजिक चालचलन, रहनसहन तथा प्रथाका रूपमा रहेका विभिन्न कुराहरूले सिर्जना गरेका घटना र तिनै घटनाको अन्त्यको लागि प्रकृतिले पनि साथ दिएको कुरालाई विश्वदृष्टिका रूपमा देखाइका छन् । यसका साथै दैविक प्रकोपका अगाडि कसैको पनि केही चल्दैन भन्ने कुरालाई नै यस कथामा विश्वदृष्टिका रूपमा प्रस्तुत गरिएको छ । जबजब समाजमा मानवले मानवता भन्ने कुरो बिर्सन्छ तव त्यसको प्रतिकार प्रकृतिले पनि गर्दछ । प्रकृतिले पनि समाजमा सबै समान रूपमा मिलेर बसेको हेर्न चाहन्छ । कसैले कसैमाथि गरेको दमन शोषणलाई सहन सक्दैन भन्ने कुरालाई नै यस कथामा लेखकले विश्वदृष्टिका रूपमा प्रस्तुत गरेका छन् । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका तल उल्लेख गरिएका छन :

"दैविकप्रकोपको अघिल्तिर नतमस्तक शिविरमा मानिसको श्वासप्रश्वाससमेत सुस्ताइ रहेको थियो । एउटा मानिसको व्यथा अर्को मानिसको व्यथामा मिसिएर एकाकार भएको थियो (पृ. ४२) ।" यस कथामा दैवीप्रकोपका अगाडि कसैको पनि केही चल्दैन अर्थात दैवीप्रकोपलाई कसैले पनि रोक्न वा छेक्न सक्दैन् भन्ने सन्देश नै विश्वदृष्टि बनेर आएको छ ।

"ऊ पनि शिविरजस्तै नतमस्तक छ, नियतिको अघिल्तिर मानौं उसले यी सबै स्विकारेको छ । शिविरका अरू मानिसझैं ऊ पनि आँखा चिम्लेर बसिरह्यो (पृ. ४३) ।" यस कथामा

मान्छेले नियतिलाई स्वीकार्नुपर्छ । जतिसुकै पीडा र व्यथा आइपरे पनि सहनुपर्छ भन्ने भाव नै विश्वदृष्टिका बनेर आएको छ ।

**आगलागी** कथाले नेपालको राजनीतिमा देखिएका विभिन्न किसिमका नकारात्मक कुराहरूलाई उद्देश्य लिएर तयार पारिएको कथा हो । यस कथामा कथाकार गोठालेले नेपालको राजनीतिमा देखिएका विभिन्न किसिमका विकृतिहरूको पर्दाफास गर्ने काम गरेका छन् । धन दाइ जस्ता समाजका सोझासाझा व्यक्ति राजनीतिमा लागेपछि कहाँसम्मका स्वार्थी र शोषक बन्न सक्छन् भन्ने कुरालाई नै यस कथामा विश्वदृष्टिका रूपमा देखाइएको छ । नेपालमा जुनसुकै ठाउँमा देखिएका विकृति र विसङ्गति खराब राजनीतिकै कारण हो भन्ने कुरालाई पनि विश्वदृष्टिका रूपमा देखाइएको छ । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरू उदाहरणका तल उल्लेख गरिएका छन :

"हितनारायणले ठूलो स्वरले हौसला त बढ्छ । तर ? तैपनि ढुक्क भएर बस्नु हुँदैन । भनसुन त छँदैछ घर घरमा । भनसुनले मात्र पुग्दैन । हरेकको हातमा पर्चा पुऱ्याउनुपर्छ (पृ. ५०) ।" माथिको उद्धरणमा राजनीतिमा लागेका मान्छेले आफ्नो स्वार्थपूर्तिका लागि जस्तोसुकै काम गर्न पनि तयार हुन्छन् । त्यसैले राजनीतिक प्रचारप्रसारमा लागेका मान्छेहरूका विश्वासमा कहिल्यै पनि पर्नु हुँदैन भन्ने सन्देश नै विश्वदृष्टिका रूपमा आएको छ ।

"उसले आफैँले लेखेको आत्मबलिदानको कुरा पनि जन जनको भएर कागजमा अङ्कित भएको उसलाई लाग्यो । पर्चाको धनबहादुर ऊ साँच्चिकै धनबहादुर हो ? उसले पर्चाका अक्षरहरू फेरि पढ्यो । धेरै चोटी पढ्यो र मानौँ आफैँले आफैँलाई भर्खर विश्वास गरेको (पृ. ५१) ।" यस कथामा आफैमा एक किसिमको विश्वास नभएका चैते नेताहरूले चुनाव जितेर गएपछि विकास होइन बिनास गर्दछन । एक कुशल राजनीतिज्ञ हुनका लागि त विश्वास, साहस, लगनशीलता र धैर्यता हुनुपर्छ भन्ने भाव नै विश्वदृष्टिका रूपमा प्रस्तुत गरिएको छ ।

**बलात्कार** कथामा पुरूषहरूबाट नारीहरूमा हुने विभिन्न किसिमका अमानवीय व्यवहारको अन्त्यका लागि नारी र पुरूष दुबै मिलेर जानुपर्छ । हाम्रो जस्तो परम्परावादी सोचले ग्रसित समाजमा भएका पुराना मूल्यमान्यताहरू हटाउनुपर्छ, तब मात्र हिँसारहित समाजको निर्माण गर्न सकिन्छ भन्ने विश्वदृष्टि वा सन्देश यस कथाले दिन खोजेको छ । नारीलाई केवल यौनको प्यास मेटाउने साधन मान्ने, जुनसुकै रूपमा कमजोर मान्ने र अगाडि बढ्न नदिने पुरूषवादी

दमनलाई अन्त्य गर्नुपर्छ भन्ने सन्देश पनि यस कथाले दिएको छ । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका तल उल्लेख गरिएका छन :

"युगौं युगदेखि सञ्चित पुरूषको पौरखप्रतिको निरीह नारीको घृणा र आक्रोश एकैचोटी फुटेर बाहिर निस्क्यो (पृ. ५७) ।" यस कथामा नारीहरूमाथि पुरूषले युगौं देखि आफ्नो अधिकार लड्दै आएको छ । परूषहरूले नारीलाई केवल भोग्याको साधनको रूपमा लिने परम्पराको अन्त्यका लागि पुरूषले गरेको दमनको प्रतिकार गर्नुपर्छ तब मात्र नारी स्वतन्त्र हुन्छन् भन्ने विश्वदृष्टि प्रकट हुन आएको छ ।

**बुबू** कथामा कथाकार गोठालेले दरबारिया समयमा राणाहरूले निम्न वर्गकाहरूमाथि कतिसम्म दमन र शोषण गर्थे भन्ने कुरालाई नै मुख्य रूपमा देखाएका छन् । बुबू जस्ता हाम्रा समाजमा रहेका धेरै नारीहरू गरिबीकै कारण आफ्ना नाबालक छोराछोरीलाई छाडेर धाई बुबूका रूपमा दरबारमा काम गर्न जानुपर्ने, गरिब भएकै कारण घरपरिवारसँ ग पनि मन लागेको बेलामा भेट्न नपाउने, गरिब भएकै कारण दरबारियाहरूको खुट्टा ढोग्नुपर्ने, गरिबीकै कारण आफ्ना यौन चाहनाहरूलाई दमित गर्नुपर्ने जस्ता विविध कुरा यस कथामा आएका छन् । समाजमा रहेको जातीय, वर्गीय विभेदको अन्त्यका लागि हामी सबैले एकजुट भएर लाग्नुपर्छ भन्ने सन्देश नै यस कथामा विश्वदृष्टिका रूपमा आएको छ । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका तल उल्लेख गरिएका छन :

"यो नेपालमा ठूलाबडाको छत्रछायामा बस्नैपर्छ । हेर त्यो पल्लो गाउँ की गौरी दरबारमा सुसारे बस्न गएर कस्ती भई (पृ. ६२) ।" माथिको उद्धरणमा पहिलेदेखि नै ठुलाबडाको छत्रछायामा रहेर निम्न वर्गका मान्छेहरूले जीवन जीउनुपर्ने कुरालाई देखाइएको छ । गरिब हुँ दैमा समाजका ठुलाबढाको छत्रछायामा बस्नुपर्ने कुराको अन्त्य हुनुपर्छ भन्ने विश्वदृष्टि प्रकट भएको छ ।

"पछिपछि, धेरै वर्षपछिसम्म पनि बुबू टोलाइरहन्छे, न ऊ माया दिन सक्छे न ऊ माया पाउन सक्छे, न ऊ आफ्नो छोराकी आमा हुन सकी न ऊ सानो राजालाई मालिकबाहेक आफ्नो छोरो सम्झन सकी (पृ. ६८) ।" माथिको उद्धरणमा शारीरिक यातनाका कारण वा शोषण र दमनका कारण मानिसको मानसिकतामा नराम्रो असर पर्न सक्छ । त्यसैले मान्छे गरिब भएकै कारण यस्ता यानता जन्य क्रियाकलाप कसैले कसैलाई गर्नु हुँ दैन भन्ने कुरा नै यस कथामा विश्वदृष्टि बनेर आएको छ ।

**यस्तो पनि भएको थियो** कथामा विनाअपराध कसैको कुरैकुराको भरमा कसैको ज्यान दिने काम गर्नु हुँदैन भन्ने सन्देश नै विश्वदृष्टिका रूपमा आएको छ । यस कथामा मरन्च्याँसे मान्छेलाई बिना प्रमाण सिपाहीहरूले दिएको झुटो प्रमाणका आधारमा जबरर्जस्ती केरकार गर्नु, उसले आफूले कुनै पनि हालमा मान्छे मारेकै होइन भन्ने बयान दिँदादिँदै पनि जङ्गबहादुरले आफ्नो अहंङकारका नाममा उसको ज्यान लिनु जस्ता क्रियाकलापले त्यस बेलाको शासन व्यवस्थालाई देखाएको छ । समाजमा हुने यस्ता नकारात्मक क्रियाकलापहरूको अन्त्यका लागि सबै सचेत र जागरुप हुनुपर्छ भन्ने सन्देश नै यस कथामा विश्वदृष्टि बनेर आएको छ । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरूलाई तल उल्लेख गरिएको छ :

"उनको जल्दोबल्दो ललाटको अघिल्तिर त्यो मान्छे झुकेन । अपराध सकारेन । उनको पुरूषत्वलाई चुनौती हो । उनको पौरूषलाई चुनौती हो (पृ. ७६) ।" यस कथामा मान्छे कहिल्यै सत्यलाई लुकाएर असत्यको पछाडि लाग्न सक्दैन् भन्ने भाव नै विश्वदृष्टिका रुपमा प्रकट हुन आएको छ ।

"जङ्गबहादुरले पनि असाहय भएर आकाशलाई एकफेर हेरे । अहिले उनले खडा भएका कुनै भाइभारदारलाई पनि हेर्न सकेनन् । यो जङ्गबहादुरको हार थियो (पृ. ७७) ।" माथिको उद्धरणमा समय र परिस्थितिलाई चिनेर बल होइन बुद्धि लगाएर काम गर्न सकेन भने मान्छेले आफ्नो हार स्वीकार गर्नु पर्दछ भन्ने कुरालाई नै विश्वदृष्टिका रुपमा प्रस्तुत गरिएको छ ।

**साधन** कथामा मान्छे साधनभन्दा अरू केही होइन । सामाजिकसांस्कृतिक बन्धन, नीतिनियमले नै मान्छेलाई बाँध्ने काम गरेको हुन्छ र ऊ साधनभन्दा केही फरक मात्र भएको हुन्छ भन्ने भाव नै यस कथामा विश्वदृष्टिका रुपमा प्रकट भएको छ । यस कथामा जेदुनाथले आफ्नी छोरीलाई जन्म मात्र दिएकाले ऊ यस कथामा साधनमात्र बन्न पुगेको छ । त्यस्तै हामी मानव जातिहरू साधन मात्र हौँ भन्ने विश्वदृष्टि कथामा लेखकले प्रस्तुत गरेका छन् । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका तल उल्लेख गरिएका छन :

"केहीबेरअघिसम्म मानिसको सदेह आकार विलीन भएर खरानीमा आकार लिन खाजेको हुन्थ्यो । जेदुनाथ एकछिन उभिएर हेरिरहन्थ्यो (पृ. ८०) ।" माथिको उद्धरणमा मान्छे कुन बेला, कतिखेर संसार छाडेर जानुपर्ने हो भन्ने कुरा थाहा पाउँदापाउँदै पनि तेरो मेरो भन्ने भावमा फसेको छ भन्ने कुरा विश्वदृष्टिका रूपमा आएको छ ।

"मानौं सत्य, एक मात्र सत्य भएर फेरि उद्भाषित भयो, "हो, हामी साधन मात्रै ।" तैपनि आँसुले भिजेको थियो (पृ. ८३) ।" यस उद्धरणमा मान्छे अरू केही नभएर एउटा साधनमात्र हो । मान्छे कुनै बाय शक्तिबाट सञ्चालित छ भन्ने कुरा नै विश्वदृष्टि बनेर आएको छ ।

**त्यस बखत भएको यो कुरा** कथामा समाजमा हुने नकारात्मक क्रियाकलापहरूको अन्त्यका लागि सबै सचेत र जागरुप हुनुपर्छ भन्ने विश्वदृष्टि प्रस्तुत भएको छ । दरबारिया शासन व्यवस्था र त्यसले निम्न वर्गका मान्छेहरूमाथि गरेको दमनलाई यस कथामा यथार्थ रूपमा देखाउने काम गरिएको छ । यस कथामा मुसेकाजीले बेलायबाट जात बचाएर आएको भनेकै भरमा उसको जात जानु र गोठको बास हुनुले राणाकालीन समयमा सम्पूर्ण कुराको सर्वेसर्वा राणाहरूमा नै हुन्थ्यो । उनीहरूले जे गरे पनि गरिब तथा निम्न वर्गका मान्छेले सहेरै बस्नुपर्थ्यो भन्ने भाव यस कथामा प्रकट हुन आएको छ । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरू उदाहरणका तल उल्लेख गरिएका छन :

"ईश्वरले वरदान दिएको ईश्वरै समान हुन् । जे गरे पनि पाप लाग्दैन (पृ. ८६) ।" यस उद्धरणमा उच्च वर्गकै भएकै कारण समाजमा रहेर जस्तो सुकै काम गर्न पनि हुने, उनीहरूले जे गरे पनि पाप नलाग्ने जस्ता दमनकारी ब्यवस्थाको अन्त्य हुनुपर्छ भन्ने विश्वदृष्टि नै यस कथाको सन्देश बनेर आएको छ ।

"मुसेकाजी केही गरे पनि भऱ्याङ उक्लेर घरमाथि जान मानेन । स्वास्नी छोराछोरी रोए कराए, गोठमै सुत्यो, पहिले जस्तै त्यसै गरी भात खायो । त्यसै गरी थाल माझ्यो र त्यसै गरी टुसुक्क बस्यो (पृ. ८९) ।" यस उद्धरणमा मान्छेको मानसिकतामा परेको असरले उसको जीवनभरी नै एक किसिमको नकारात्मक असर पार्न सक्छ त्यसैले समाजमा रहेर कसैले पनि कसैमाथि यस्ता नराम्रा क्रियाकलाप गर्नु र गराउनु हुँदैन भन्ने सन्देश विश्वदृष्टिका रूपमा आएको छ ।

**इतिहासले बिर्सेको घटना** कथा ऐतिहासिक विषयवस्तुमा आधारित भएर लेखिएको कथा हो । यस कथामा राणाकालीन समयमा रहेको सती प्रथा, नारीहरूमाथि हुने यौन शोषणका क्रियाकलाप, नारीलाई केवल भोग्याको साधन मात्र  ठान्ने त्यति बेलाका राणाहरूको नारीप्रतिको हेराइलाई देखाइएको छ । सती प्रथा र त्यसले नारीमाथि गरेको अमानवीय व्यवहारलाई नै यस कथामा देखाउन खोजिएको छ । समाजमा नारीहरूमाथि विभिन्न प्रथाका नाममा हुने यस्ता गलत

व्यवस्थाको निर्मूल गर्नका लागि हामी सबै लाग्नुपर्छ भन्ने सन्देश नै यस कथामा विश्वदृष्टि बनेर आएको छ । राणाहरूले त्यति बेलाका निम्न वर्गका मान्छेहरूमाथि गरेको अमानवीय क्रियाकलापले नै राणाशासनको अन्त्य भएको हो भन्ने विश्वदृष्टि पनि कथामा आएको छ । यस कथामा विश्वदृष्टिका रूपमा आएका केही उद्धरणहरूलाई उदाहरणका तल उल्लेख गरिएका छन :

"त्यो पुरूषको हातले षोडशीको डढेको शरीरलाई अँगाल्न पुग्यो । त्यही बेगमा राजाको आधा सल्केको देह उछिट्टिएर चिताबाट झर्न पुग्यो । ब्राह्मणहरूले झम्टेर त्यो पुरूषलाई चिताबाट झार्न खोज्नुअघि नै त्यो पुरूष षोडशीलाई समाएको समायै अनुहार डढेर मरिसकेको थियो (पृ. ९२) ।" यस उद्धरणमा सच्चा प्रेम गर्नेहरूलाई कसैले पनि रोक्न सक्दैन भन्ने सन्देश नै विश्वदृष्टिका रूपमा आएको छ ।

"एकै क्षणमा, एकै पलकमा  सारा ब्रामाण्ड ती दुवैको दृष्टिको मिलनमा समावेश भयो (पृ. ९२) ।" यस उद्धरणमा मायाको बन्धनमा परेर एक भएको मुटुलाई कसैले छुटाउन सक्दैन् भन्ने भाव प्रकट हुन आएको छ । मान्छे हरेक क्षण, हरेक बखत आफूले मन पराएकै मान्छेको खोजीमा रहेको हुन्छ । आफूले मन पराएको मान्छेलाई कसैले खोसेर लग्यो भने त्यो मान्छे पलपलमा उसैको यादमा मरिरहेको हुन्छ । त्यसैले मायाको बन्धनमा बाँधिएकाहरूलाई छुटाउनु महापाप हो भन्ने विश्वदृष्टि तथा सन्देश यस कथामा प्रकट हुन आएको छ ।

## ५.५ निष्कर्ष

कथाकार गोविन्द गोठालेले **बाँ कथा** का कथाहरूमा गरिबी, अशिक्षा र अभावमा जीवन बिताउन बाध्य निम्न वर्गीय व्यक्ति र वर्गलाई सधैं शोषण गर्ने उच्च वर्गका व्यक्तिगत तथा सामूहिक अभिव्यक्तिलाई व्यक्त गरेका छन् । आर्थिक अभावले दु:खपूर्ण जीवन बिताएका उच्च वर्गको षड्यन्त्रबाट आर्थिक शोषणमा परी कष्टपूर्ण जीवन जीउन बाध्य भएका तत्कालीन सामाजिक,सांस्कृतिक कारण बालविवाह जस्ता रूढिवादी प्रथाले गर्दा कारूणिक जीवन बिताउन बाध्य भएका नेपाली समाजको पात्रको अनुभूति र लेखकले आफ्ना व्यक्तिगत अनुभूतिलाई समेत एकाकार गरी कृतिमा अनुभूतिको संरचना तयार गरेका छन् । वर्गीय विभेदका कारण निम्न वर्गका मानिसको जीवन स्तर निकै कठिन अवस्थामा गुज्रिरहेको छ । सामाजिक जीवनको भोक्ता र सर्जक व्यक्तित्वको रूपमा कथाकार गोविन्द गोठालेले जुन कुरा अनुभूत गरेका छन्, त्यो अनुभूति नै

सामाजिक सांस्कृतिक, आर्थिक र वर्गीय अन्त्यको आधार बनेर आएको छ । **बाँ कथा** का कथाहरूमा आएका पात्रहरूको अनुभव र अनुभूति, लेखकीय अनुभव र अनुभूतिमा एकाकार भएर व्यक्त भएका छन् । कथाकार गोठाले नेपाली समाजका यथार्थपक्षको चित्रण गर्ने कथाकार भएकाले नेपाली समाजको वास्तविकतालाई दर्शाउन उनी सफल भएका छन् । आफूले देखेका, भोगेका, अनुभव गरेका र सुनेका कुरालाई समाजमनोविज्ञान तथा प्रतीकका माध्यमबाट साहित्यमा देखाउनु नै उनको मूल विशेषता"हो ।

# छैटौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूको समाजशास्त्रीय अध्ययन शीर्षकमा तयार गरिएको प्रस्तुत शोधमा छ परिच्छेद रहेका छन् । प्रस्तुत शोधको पहिलो परिच्छेद शोध परिचय हो भने अन्तिम परिच्छेदका रूपमा आएको उपसंहार तथा निष्कर्ष हो । छैटौं परिच्छेदमा एकदेखि छसम्म रहेका विषयका सारांश प्रस्तुत गरिएको छ । प्रस्तुत शोधको पहिलो, दोस्रो, तेस्रो, चौथौं, पाँचौं र छैटौं परिच्छेदमा क्रमशः शोध परिचय, साहित्यको समाजशास्त्र : सैद्धान्तिक रूपरेखा, प्रजाति, क्षण तथा परिवेशका आधारमा **बाँ कथा** का कथाहरूको विश्लेषण कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक, संस्कृतिका आधारमा **बाँ कथा** का कथाहरूको विश्लेषण, अनुभूतिको संरचना र विश्दृष्टिका आधारमा **बाँ कथा** का कथाहरूको विश्लेषण शीर्षकका विषयहरू रहेका छन् ।

यस शोधको पहिलो परिच्छेद अन्तर्गत शोधको रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा विषय परिचय, शोधसमस्या, शोधकार्यको उद्देश्य पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोधको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ । विषय परिचयमा कथाकारको सामान्य परिचय तथा साहित्यको समाजशास्त्रको बारेमा सङ्क्षिप्त परिचय दिइएको छ । गोविन्द गोठालेको **बा। कथा** का कथाहरूलाई प्रजाति, क्षण वा परिवेश, कार्यकारण सम्बन्ध, भाषा, अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा के कसरी विश्लेषण गर्न सकिन्छ भन्ने मूल समस्या नै यस शोधको समस्याकथन हो । यस समस्याको समाधान प्रस्तुत शोधको उद्देश्यका  रूपमा आएको छ । **बा। कथा** का कथाहरूका बारेमा भएका समालोचनात्मक समीक्षाहरूलाई पूर्वकार्यमा समेटिएको छ । प्रस्तुत शोधकार्यले **बा। कथा** का कथाहरूलाई समाजशास्त्रीय दृष्टिकोणबाट बुझ्न सहयोग पुऱ्याउने छ । साहित्य अध्ययनका विविध पक्षहरूमध्ये **बा। कथा** का कथाहरूलाई समाजशास्त्रीय मापदण्ड मध्ये प्रजाति, युग वा क्षण, पर्यावरण, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा मात्र विश्लेषण गरी सीमा निर्धारण गरिएको छ । सामाग्री सङ्कलनमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने प्रस्तुत शोधको अध्ययन विधि सैद्धान्तिक रहेको छ । यस शोधमा जम्मा छ वटा परिच्छेद रहेका छन् ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा साहित्यको समाजशास्त्रीय अध्ययनको: सैद्धान्तिक रूपरेखा प्रस्तुत गरिएको छ । साहित्यको समाजशास्त्रीय अध्ययनको चर्चा गरी यसका विकसित दर्पणवादी सिद्धान्त र मीमांसावादी सिद्धान्तका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । प्रस्तुत परिच्छेदमा साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्रले समाजलाई अध्ययनको केन्द्रमा राख्दछन् । यी दुबै साहित्यको समाज सापेक्ष अध्ययन गर्ने समालोचना पद्धति हुन् तर पनि यी दुईका बिचमा सैद्धान्तिक भिन्नता छ । मार्क्सवादी सौन्दर्यशास्त्रले साहित्यको अध्ययन गर्दा अर्थ व्यवस्था, राजनीतिक विचार र वर्गीय पक्षधरतालाई साहित्य अध्ययनको सीमा मान्छ । वर्गीय पक्षधरताले साहित्यको स्वतन्त्र प्रकृतिलाई बाधित गर्छ भन्दै समाजको यथास्थितिको अध्ययन गर्दछ ।

यस परिच्छेदमा साहित्यको समाजशास्त्र र यसको विकासक्रम, मार्क्सवादसँग यसको सम्बन्ध देखाउँदै टेन, मेडम डे स्टेल, स्कार्पिट, विको जस्ता समाजशास्त्रीले स्थापना गरेको साहित्यको समाजशास्त्रले पछिल्लो चरणमा मार्क्सवाद, फ्रायडवादसँग गाँसेको सम्बन्धका बारेमा

चर्चा गरिएको छ । टेनले साहित्यको समाजशास्त्रीय सिद्धान्तको स्थापना गरी साहित्यलाई प्रजाति, युग वा क्षण र पर्यावरणका आधारमा विश्लेषण गर्ने मान्यताको स्थापना गरेका छन् । साहित्यको समाजशास्त्रीय अध्ययनमा विकास भएको दर्पणवादी सिद्धान्तले साहित्यमा समाजका घटनाहरू हुबहु चित्रण हुन्छन् भन्दै साहित्यलाई समाजको ऐना मान्दछ । दर्पणवादी सिद्धान्तको आलोचनाको रूपमा मीमांसावादी सिद्धान्तको विकास भएको हो । यसले दर्पणवादले विश्लेषण गर्ने समाजको बाहिरी पक्षको चर्चा गर्दै आन्तरिक पक्षको पनि विश्लेषण गर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययनमा मीमांसावादी सिद्धान्तमा रेमन्ड विलियम्सको अनुभूतिको संरचना, गोल्डमानको विश्वदृष्टि जस्ता आधारहरू थपिएका छन् भने क्रिस्टोफर कड्वेलले भाषालाई थप गरेका छन् । प्रस्तुत शोधको यस परिच्छेदमा विभिन्न विद्वानहरूका समाजशास्त्रीय मान्यताको चर्चा गरी प्रजाति, युग वा क्षण, पर्यावरण, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना र विश्वदृष्टिलाई समाजशास्त्रीय अध्ययनको मापदण्डका रूपमा स्वीकार गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा कथाकार गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूको स्थापित साहित्यको समाजशास्त्रीय सिद्धान्तका प्रजाति, क्षण वा परिवेशका आधारमा विश्लेषण गर्ने काम गरिएको छ । चौथो परिच्छेदमा कार्यकारण सम्बन्ध, सामाजिक संस्कृतिका आधारमा **बाँ कथा** का कथाहरूको विश्लेषण गरिएको छ भने पाँचौँ परिच्छेदमा अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा कथाहरूको विश्लेषण गरिएको छ र छैटौँ परिच्छेदमा शोध निष्कर्ष उल्लेख गरिएको छ । यसरी निर्धारित मापदण्डको प्रयोग गरी गोठालेको **बाँ कथा** का कथाहरूको विश्लेषण गर्दा उनका केही कथाहरूबाहेक सबै कथाहरूमा समाजको यथार्थता पाउन सकिन्छ ।

## ६.२ निष्कर्ष

गोविन्द गोठालेका प्रारम्भदेखि अन्त्यसम्मका कथामा समाजमनोविज्ञानको प्रयोग पाइन्छ । यिनका अन्य कथागत प्रवृत्तिहरू पनि समाजमनोविज्ञानको परिपूरक भई देखापरेका छन् । समाज र साहित्यसँगसँगै हिड्नुपर्छ भन्ने यिनको मान्यता रहेको छ । यसै अनुरूप आफ्नो युगको नेपाली जनजीवनलाई कथाका माध्यमबाट चित्रण गर्न उनी सफल देखिन्छन् । ग्रामीण जनजीवनको चित्रणभन्दा तुलनात्मक रूपमा यिनले उपत्यकाको जनजीवनलाई व्यापक र विस्तृत रूपमा चित्रण

गर्न रुचि देखाएका छन् । उनका समग्र कथामा दरबारिया सामन्ती संस्कार र परम्पराले नै सामाजिक एवम् सांस्कृतिक विकृतिलाई निम्त्याएको छ भनी पुष्टि गर्न खोजिएको छ । गोठालेले आफ्ना कथाहरूमा अन्य समाजको चित्रणभन्दा नेवारी समाज र राणाकालीन समाजको चित्रण गर्न बढी रुचि देखाएका छन् । यसका साथै यिनका कथाहरूमा अन्य सामाजिक परम्पराभन्दा नेवारी र हिन्दू सामाजिक परम्पराको यथार्थ चित्रण बढी पाइन्छ । उनले आफ्ना कथामा नेपाली समाजको समग्र विशेषतालाई कलात्मक रूपमा चित्रण गरेका छन् । सामाजिक विकृति, विसङ्गति एवम् ऐतिहासिक घटनालाई समाजमनोविज्ञानका माध्यमबाट यथार्थ रूपमा देखाउने काम गरेका छन् । सामाजिक परम्परा, धारणा, मान्यता र ऐतिहासिक घटनाका बारेमा पर्याप्त जानकारी हासिल गर्न गोठालेका कथाहरू सफल नै रहेका छन् । उनका कथामा सामाजिक विकृति एवम् विसङ्गतिको आलोचना गर्दै समाज परिवर्तन र सुधार गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

उनका कथाहरूमा समाजमा हुने र भए गरेका अनेक सामूहिक क्रियाकलाप र तिनका सम्बन्धबाटै मानिसले साहित्य लगायतका मानवीय व्यवहारहरू सिकेको हुन्छ । संस्कारका सम्पदाहरू, राजनीतिको उपभोग, धर्म र धार्मिकतामा विश्वास व्यक्तिका लागि समाजबाटै प्राप्त हुने कुरा हुन् । साहित्य र समाज सँगसँगै हिँड्नुपर्छ भन्ने मान्यता राख्ने गोठालेका कथाहरूमा गाउँले भन्दा पनि सहरीया परिवेश तथा जीवनशैलीको बढीभन्दा बढी प्रयोग पाइन्छ । सहरिया जीवनशैलीमा पनि विशेष गरेर काठमाडौँ भित्र र केही मात्रामा काठमाडौँ वरिपरिका ठाउँहरू नै गोठालेका कथाहरूको घटना घट्ने ठाउँ तथा परिवेश बनेर आएका छन् । नेवारी समुदायका पात्र तथा नेवारी समुदायकै चालचलन, रीतिरिवाज, संस्कृतिलाई उनले आफ्ना कथाहरूमा बढीभन्दा बढी प्रयोग गरेको पाइन्छ । गोठालेका कथाहरूमा मुख्य रूपमा काठमाडौँ उपत्यकाको सेरोफेरो, चालचलन संस्कृति र त्यहाँका पात्रहरूको सहभागिता बढी मात्रामा पाइन्छ । कृष्णमान, हरिमान, सुकुचा, सानुचा, ज्ञानमानजस्ता नेवार समुदायका पात्रहरू उनका कथाहरूमा बढी मात्रामा प्रयोग भएको पाइन्छ ।

समाजका उच्च वर्गले निम्न वर्गमाथि गरेको अन्याय, अत्याचार, दमन, शोषणदेखि लिएर घरमा धाई, सुसारे, बुबू, नोकरचाकर राखेर मोजमस्ती गर्ने सामन्ती संस्कारको विलासी समाज पनि गोठालेका कथाको विषयवस्तुभित्र पर्दछन् । त्यसैगरी सामाजिक अन्धविश्वास, कुरीति,

कुसंस्कार र जातीय प्रथाले पारेको नकारात्मक प्रभाव, सामाजिक कलङ्कको रूपमा रहेको दाइजो, बोक्सी, सती, छुवाछुतजस्ता प्रथाका कुरा पनि उनका कथामा समेटिएका छन् ।

यसरी गोठालेले समाजमा निम्न वर्गदेखि लिएर सम्भ्रान्त तथा उच्च खानदानी वर्गलाई आफ्ना कथामा समेटेको देखिन्छ । समाजका विभिन्न पक्षहरूमा देखिएका समस्याहरु एवम् मान्यताहरूलाई उनले आफ्ना कथाहरूमा यथार्थ रूपमा प्रस्तुत गर्ने काम गरेका छन् । मनोविज्ञान तथा समाजमनोवैज्ञानिक कथाकारको पहिचान बनाइ सकेका कथाकार गोविन्द गोठालेको **बाँ कथा** कथासङ्ग्रह वि.सं २०५२ सालमा प्रकाशनमा आएको हो । गोठाले समाजका विविध कुराहरूलाई बिम्ब तथा प्रतीकको माध्यमबाट देखाउने सिद्धहस्त प्रतिभा हुन् । उनले **बाँ कथा** का कथाहरूमा नेपाली समाजका भिन्न स्वभाव, शारीरिक, मानसिक भेषभूषागत विशेषता भएका उच्च, मध्यम र निम्न वर्गीय नेपाली समाजमा रहेका बाहुन, क्षेत्री तथा अन्य जात नखुलेका जातजाति र कथित तल्लो जातिलाई पात्रहरूको रुपमा प्रयोग गरेका छन् । कथाकार गोठालेले आफ्ना कथामा ग्रामीण तथा सहरिया समाजका विभिन्न वर्गीय चरित्र भएका विभिन्न वंशानुगत स्वभाव, संस्कृति भएका नेपाली समाजका आर्य र आर्येतर जनजाति तथा निम्न वर्गका पात्रहरूको प्रयोग गरेका छन् । पात्रको शारीरिक, मानसिक तथा पेसाका आधारमा जातिको पहिचान गर्न कठिन हुन्छ तर उनीहरूका स्वभाव, व्यवहार, दृष्टिकोण, सामाजिक, सांस्कृतिक मान्यता आदिका आधारमा जातिगत मौलिक संस्कृति बोकेका प्रजातिका पात्र पाउन सकिन्छ । यस कथामा आएका पात्रहरू परम्परित समाज व्यवस्थाप्रति विद्रोह गर्न नसक्ने निरीह खालका छन् । प्रजाति चयनका दृष्टिले **बाँ कथा** का कथाहरू नेपाली समाज अनुकूल रहेका छन् ।

**बाँ कथा** का कथाहरूमा राजनीतिक परिवर्तन तथा अस्थिर सामाजिक, आर्थिक, सांस्कृतिक विघटित परिवेश भएको राणाशासनकालदेखि हालसम्मको निम्न वर्गीय नेपालीहरूको कष्टकर जीवनको तत्कालीन क्षणलाई समेटिएको छ । शोषक सामन्तको कारण निम्न वर्गीय नेपाली जनताले सधैँ भरि दु:खपूर्ण र निम्न स्तरको जीवन भोग्नु परेको ग्रामीण तथा सहरिया परिवेश नै कथाको पर्यावरण बनेर आएको छ । प्रस्तुत कथासङ्ग्रहका कथाहरूको पर्यावरण अशिक्षा, अभाव, गरिबी, षड्यन्त्र आदिमा केन्द्रित छ जसले गर्दा कथाका निम्न वर्गीय पात्रको जीवन अत्यन्तै कष्टपूर्ण छ । यस कथासङ्ग्रहका कथामा सरल, सहज एवम् स्पष्ट भाषाको प्रयोग भएको छ ।

पात्रअनुकूल कथ्य भाषाको प्रयोग, उखान, टुक्का, निपात र अनुकरणात्मक शब्दको यथेष्ट प्रयोग तथा व्यक्ति भाषा र भाषिकाको प्रयोगले यथार्थमूलक बनाएका छन् । मानक भाषाको प्रयोग बढी रहे तापनि पात्र अनुसारको भाषा र भाषिकाको प्रयोग पनि यस कथासङ्ग्रहमा गरिएको छ । आवश्यकता अनुसार संवाद तथा मनोवादको प्रयोगले कथामा नाटकीयताको सिर्जना हुन पुगेको छ । नेपाली समाजमा प्रयोग हुने भाषालाई कृतिमा जस्ताको तस्तै प्रस्तुत गरेकाले भाषा प्रयोगका दृष्टिले पनि कथाकार गोविन्द गोठाले सिद्धहस्त देखिएका छन् ।

**बाी कथा** का कथामा आएका पात्रहरू आफ्नो जीवन चलाउनका लागि रातदिन अर्काको काममा पिल्सिरहनुपर्ने, राणाहरूलाई खुसी पार्नका लागि आफ्ना कलिला छोराछोरी सुम्पनुपर्ने, गरिबीकै कारण आफ्नो नाबालक छोरालाई छोडेर धाई आमाको काम गर्न दरबारमा जानुपर्ने, आफ्ना छोरी बहिनीलाई आफ्नै अगाडि राणाहरूले अँगालोमा पारेर चुम्दा पनि सहेर बस्नुपर्नेजस्ता कार्यको मूल कारण गरिबी, अशिक्षा, आर्थिक अभाव हुन् । गोठाले समाजमनोवैज्ञानिक कथाकार भएकाले नेपाली समाजको यस्तो प्रतिबिम्बलाई उनले आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् । **बाी कथा** का कथाहरूमा हिन्दू धर्म अनुसार नेपाली समाजमा प्रचलित धार्मिक, सामाजिकका साथै मौलिक संस्कृतिलाई पनि स्थान दिइएको छ । सहरिया तथा ग्रामीण संस्कृति, लोक विश्वासजस्ता कुरा यस कथासङ्ग्रहका कथामा मूल संस्कृति बनेर आएका छन् । गरिबी, अशिक्षा र कमजोर आर्थिक अवस्थाका बिच रहेर जीवन बिताउन बाध्य निम्न वर्गीय व्यक्ति र निम्न वर्गलाई सधैँ शोषण गर्ने कथित उच्च वर्गका व्यक्तिगत तथा सामूहिक अनुभूतिलाई समेटेर कथाको संरचना निर्माण भएको छ । आर्थिक अवस्थाले गर्दा दु:खद जीवन बिताएका, उच्च वर्गको षड्यन्त्रबाट आर्थिक शोषणमा परेका, तत्कालीन सामाजिक, सांस्कृतिक कारण बालबिवाह जस्ता रुढीवादी प्रथाले गर्दा कारुणिक जीवन बिताउनु परेका नेपाली समाजका पात्रको संवेदनालाई लिएर कथाकारले अनुभूतिको संरचना निर्माण गरेका छन् ।

वर्गीय विभेदका कारण निम्न वर्गका मानिसले समाजमा निकै कष्टपूर्ण जिन्दगी जिउनु परेको छ । सामाजिक परिवर्तनका लागि वर्गीय विभेद अन्त्य हुन् आवश्यक छ र समतामूलक समाजको निर्माण हुनुपर्छ । अशिक्षा, सामाजिक कुसंस्कार, गरिबीका कारण जीवन विघटित हुनु हुँदैन भन्ने विचारलाई प्रस्तुत कथामा कथाकारले विश्वदृष्टि बनाएका छन् । विश्वदृष्टि लेखको निजी धारणा मात्र नभएर उनी जस्तै प्रगतिशील विचार रहेका तथा शोषणरहित स्वतन्त्र

न्यायमूलक समाजको चाहना राख्ने आम व्यक्तिका विचारसँग सम्बन्धित हुन्छ । **बाँ कथा** का कथाहरूमा पनि यस्तै खालका विश्वदृष्टिको प्रयोग गरेका छन ।

समग्रमा प्रतीकवादी तथा समाजमनोवैज्ञानिक कथाकार गोविन्द गोठालेको **बाँ कथा** का कथाहरूको समाजशास्त्रीय अध्ययन गर्दा सबैजसो कथामा नेपालको गाउँ र सहरमा बस्ने आर्य र अनार्य प्रजातिका पात्रको प्रयोग भएको देखिन्छ । कथामा आर्य अन्तर्गत कथित उपल्लो जात वा उच्च वर्ग र अनार्य अन्तर्गत कथित तल्लो जात वा निम्न वर्ग तथा जनजातिको उपस्थिति छ । प्रस्तुत कथासङ्ग्रहका कथामा परम्परागत संस्कार तथा संस्कृतिको चित्रण, ग्रामीण तथा सहरिया परिवेश, सामाजिक, आर्थिक कारणले कष्टपूर्ण जीवन भोगाइका दु:खद् अनुभूति अभिव्यक्त भएका छन् । यस कथासङ्ग्रहका कथामा पात्रहरूको स्तर अनुसारका भाषाको प्रयोग छ । कथामा घटित घटनाको कार्यकारण सम्बन्ध र अन्याय, अत्याचार, दमन, शोषण, सामाजिक कुरीति, कुसंस्कारको अन्त्य भई वर्गहीन समतामूलक समाज निर्माणको चाहनायुक्त विश्वदृष्टि उपस्थित छ । समाजशास्त्रीय सिद्धान्तका आधारभूत मापदण्डको उचित संयोजन गरिएको प्रस्तुत कथासङ्ग्रहका कथाहरू नेपाली समाजको वास्तविक प्रतिबिम्ब चित्रणका दृष्टिले सबल र सक्षम रहेका छन् ।

**सम्भावित शोध शीर्षकहरू**

गोविन्द गोठालेको **बाँ कथा** कथासङ्ग्रहका कथाहरूको सूक्ष्म रूपमा थप अनुसन्धान गर्दा निम्नलिखित शोध शीर्षकहरूमा शोध कार्य गर्न सकिन्छ -

१. **बाँ कथा** कथासङ्ग्रहमा यौनमनोविज्ञानको अध्ययन ।

२. विश्वदृष्टिका आधारमा **बाँ कथा** कथासङ्ग्रहका कथाहरूको अध्ययन ।

३. पर्यावरण वा परिवेशका दृष्टिले **बाँ कथा** कथासङ्ग्रहका कथाहरूको अध्ययन ।

४. **बाँ कथा** कथासङ्ग्रहका कथाहरूको सांस्कृतिक पक्षको अध्ययन ।

५. कार्यकारण सम्बन्ध तथा भाषाका आधारमा **बाँ कथा** कथा सङ्ग्रहका कथाहरूको अध्ययन ।

# सन्दर्भसामग्रीसूची

## पुस्तकसूची

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६३) **प्रयोगात्मक नेपाली शब्दकोश**, दोस्रो संस्क., काठमाडौं : विद्यार्थी प्रकाशन ।

आचार्य, बिमल (२०६३), **"गोविन्दबहादुर मल्ल गोठालेका कथामा सामाजिक पक्षको विश्लेषण र मुल्याङ्कन"**, अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र संकाय. त्रि.वि. कीर्तिपुर ।

आचार्य, नरहरि र अन्य (२०५०), **नेपाली कथा भाग २**, ललितपुर : साझा प्रकाशन, ।

...,..., युवती (२०६७), **"छापामारको छोरो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन"** अप्रकाशित स्नातकोत्तर शोधपत्र. मानविकी तथा सामाजिक शास्त्र संङ्काय, त्रि.वि. कीर्तिपुर ।

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाश,** पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन ।

कुँवर, उत्तम (२०३७), **स्रष्टा र साहित्य,** तेस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

क्षेत्री, उदय (२०६४), **"समाजशास्त्रीय दृष्टिमा इन्द्र बहादुर राईका आख्यानको अध्ययन"** अप्रकाशित स्नातकोत्तर शोधपत्र. मानविकी तथा सामाजिक शास्त्र संङ्काय, त्रि.वि. कीर्तिपुर ।

गोठाले, गोविन्द (२०६५), **बाँ कथा.** दोस्रो.संस्क., ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५९), **आधुनिक आलोचना अनेक रूप अनेक पठन**. दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५४), **नेपाली कथा**, काठमाडौं : के. पी. पुस्तक भण्डार ।

घिमिरे कृष्णप्रसाद र बराल, ऋषिराज , सम्पा. (२०५५), **नेपाली कथा भाग ३,** ललितपुर : साझा प्रकाशन ।

घिमिरे, मुकुन्द **(२०५८), "नासो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन"** अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

चापागाई, मोहनप्रसाद (२०६०), **"एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा कथासङ्ग्रहको विश्लेषण",** अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

जैन, निर्मला (अनु. सन् १९९२), **साहित्यका समाज शास्त्रीय चिन्तन**. दोस्रो संस्क., दिल्ली : मोर्डन टाउन ।

त्रिपाठी, वासुदेव (२०४८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १,** तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय,** चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

दाहाल, खेमनाथ (२०५८), "आधुनिक नेपाली उपन्यासको समाजशास्त्र'', अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध. मानविकी तथा सामाजिक शास्त्रसंकाय, त्रि.वि. कीर्तिपुर ।

पाण्डेय, मेनेजर (सन् २००६), **साहित्य के समाज शास्त्रीय भूमिका**. तेस्रो संस्क., हरियाणा : साहित्य अकादमी पंचकूला ।

पौड्याल, रामहरि (२०४९),**समालोचनाः भानुभक्त आचार्यदेखि मोदनाथ प्रश्रितसम्म**, काठमाडौं : एकता प्रकाशन ।

बन्धु, चूडामणि (२०५०), **भाषाविज्ञान,** छैटौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर, सम्पा. (२०५३), **झ्यालबाट,** छैटौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

..., ..., सम्पा. (२०५५), **साहित्यकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

...,..., ऋषिराज, (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र,** पहिलो संस्क., ललितपुर : साझा प्रकाशन ।

...,..., (२०६७), **मार्क्सवाद र उत्तरआधुनिककतावाद**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

...,..., (२०६४), **साहित्य र समाज**, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

...,..., (२०६९), **कथा सिद्धान्त,** काठमाडौं : एकता बुक्स ।

भट्टराई, रमेशकुमार (२०६३), **"गोविन्द बहादुर गोठालेका कथामा पाइने सामाजिकता"**, अप्रकाशित शोधप्रबन्ध, विद्यावारिधि त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

शर्मा, तारानाथ (ई. १९६४), **घोत्ल्याइँ हरू**, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

..., मोहनराज (२०४८), **कथाको विकास प्रक्रिया,** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, सम्पा. (२०३९), **पच्चिस वर्षका नेपाली कथा,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठिान ।

...,..., (२०३८), **"नेपाली कथा र यथार्थवाद"** अप्रकाशित शोधप्रबन्ध, विद्यावारिधि त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

...,..., (२०६७), **नेपाली कथा भाग ४,** चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

सापकोटा, माधवप्रसाद (२०६६), **लोक साहित्यको परिचय र लोक कथाको समाजशास्त्रीय अध्ययन,** काठमाडौँ : सुजाता प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५१), **स्नातकोत्तर नेपाली कथा,** ललितपुर : साझा प्रकाशन ।

...,..., (२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** दो.संस्क., ललितपुर : साझा प्रकाशन